CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीन धारा संस्कृत छात्रावासको

ऐतिहासिक सामाग्री

ग्रन्थकर्ता

भूपहरि पौडेल

प्रकाशक

पूर्ण प्रकाश नेपाल "यात्री"

फैकाटार - ल्पन

काठमाण्डौ (नेपाल)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीनधारा संस्कृत छात्रावासको ऐतिहासिक सामग्री

आदरणीय गुरु श्री चेतानाथ शर्मामा
भूपहरि पौडेल
०५०।१।२८

•

ग्रन्थकर्ता
भूपहरि पौडेल

•

प्रकाशक
पूर्णप्रकाश नेपाल 'यात्री'
फैंकाठार-क्पन
काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक
पूर्णप्रकाशन नेपाल 'यात्री'
पैंकाटार-कपन
काठमाडौं

© सर्वाधिकार सुरक्षित

पहिलोपल्ट छापियो
२०४८ साल
प्रति १०००

मूल्य : ३५/-

मुद्रक :
यतीश चन्द्र
मौर्य प्रेस एण्ड पब्लिकेशन्स
ख्वाजापुरा (जैतपुरा), वाराणसी।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समर्पण

हजुरबुबा श्री दाताराम शर्मा
प्रा. श्री रोहिणी प्रसाद भट्टराई
प्रा. दामोदर कोइराला

मा

यो "तीनधारा संस्कृत छात्रावासका ऐतिहासिक सामग्री" भन्ने पुस्तक हृदयतः अर्पण गर्छु ।

समर्पक
भूपहरि पौडेल
वि. सं. २०४४।६।२१६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

एक दिन त्यस्तै लहड चल्दा यसको पाण्डुलिपि हेरेर एक टुंगोमा पुग्ने कुरा चल्याउनुभयो पौडेलजीले। वर्गीय नाताको मोहले गर्दा मैंले 'हुन्छ' भने। पाण्डुलिपि अध्ययन गरेपछि मनमा कुरा खेले-अब के भन्ने ? यसो भनौं भन्ने उत्तर थिएन तापनि यसको प्रकाशन हुनै पर्दथ्यो। जो कोही प्रकाशक यस्ता खोजसम्बन्धी कृतिको प्रकाशनमा लगानी लगाउन संकोच मान्दछन् जसका धेरै अर्थ होलान् तापनि यस अवसरमा भैगो भनौं।

पारस्परिक सहयोगको पनि एक पक्ष छ-आपसमा मिलेर एकले अर्कालाई उठाउन क्रियदंश प्रयास गरियो भने त्यसबाट एक पक्षको हित हुन्छ नै। बश् हामी दुई भाइका बीच सहमतिमा पुगेको संझौता त्यही थियो। नवोदित प्रतिभाको लागि सहयोग, संस्कृत भाषाप्रतिको अनुरण साथै नेपाली प्यारा दें साहित्य भन्डारमा एक ढीका बुकीसुनको थपौती यसका स्वार्थ यति हुन्।

पौडेलजीको खोजसम्बन्धी जांगरमा एक जमको थप सहयोग पुग्न सकोस् र नेपाली साहित्यका अनुरागी पाठकबृन्दमा सन्तुष्ठिको माधुर्य पैदा गरोस्। बय् त्यति भएमा हाम्रो लगानीको अर्थ लाग्ला भन्नेमा छु।

२०४४ भाद्र ७ गते — पूर्णप्रकाश

श्री पृथ्वी नारायण बहुमुखी क्याम्पस — प्रकाश

पोखरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'जयतु संस्कृतम्' आन्दोलन सन्दर्भ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुइ शब्द

तीनधारा संस्कृत छात्रावास अहिले घण्टाघर नजीकै छ। वि० सं० २०४३ सालमा यसको जन्म शताब्दी मनाइयो। छात्रावास सभा जम्मा चार टोल छन्। प्रकाश ठोल, पण्डित टोल गोर्खाली टोल र हिमाञ्चल टोल। तीन धारा संस्कृत छात्रावासको आफ्नो वेग्लै वाचनालय छ, पुस्तकालय छ, भान्छा घर छ, पाइखाना, धारे छ आन्तरिक बौद्धिक क्रियाकलाप र सभा समारोह गर्न २०२५ सालमा जीर्णोद्धार कै सिलसिलामा बनेको महेन्द्र प्रार्थना मण्डप, नाम गरिको हल छ। यस भन्दा अतिरिक्त सुपरीक्षक कार्यालय भण्डार कोठा पनि छन्। तीनधारा संस्कृत छात्रवासमा बस्ने विद्यार्थीहरूलाई बिहान बेलुका पढाउने गुरूको पनि'व्यवस्था गरिएको छ। छात्रावास विद्यार्थीहरू बसेर बिहान बेलुका भातखाने र बस्ने ठाउँ हो। दिउँसो पढन कक्षा १० सम्मका विद्यार्थीहरू रानीपोखरी संस्कृत प्रधान पाठशालामा जान्छन्। उत्तर मध्यमा देखि आचार्य सम्मका कक्षाहरूमा अध्ययन गर्ने विद्यार्थीहरू बाल्मीकि विद्यापीठमा धाउँछन्।

तीनधारा संस्कृत छात्रावासमा बस्ने विद्यार्थीहरूलाई सित्तैमा खाने, लाउने र बस्ने सुविधा मिल्छ। दिनकी ५ तोला घ्यू, बिहान बेलुका मनसुरी चामलको भात (छात्रावासको नियममा तौली, चामलको भात ख्वाउनु भन्ने लेखिएको छ तर अचेल तौली धानको खेती हुन छोडेकोले विद्यार्थीहरूलाई चित्त बुझाए र ठेकदारले चामल ल्याउंछ ; मासको दाल तर्कारी (समय अनुसारको) अचार खान पाइन्छ। छात्र कार्य समितिले समय-समयमा अतिरिक्त क्रियाकलापहरू गराई विशेष खाना ख्वाउंछ। हरेक वर्ष साउने सक्रान्ति र महानवमीको दिन खीर ख्वाउने गरिएको छ। अघिपछि मासु खानेलाई खसीको मासु, मासु नखानेलाई विशेष किसिमको तर्कारी दहि वा दूध फल-फूलको व्यवस्था हुन्छ। घट स्थापनाको दिन महाअष्टमी दशमीको दिन खसी काटिन्छ। दशमीको दिन बेलुका छात्रावास में मिठाई पाक्छ। यसरी मिठाई पाक्ने अर्कोदिन लक्ष्मी पूजा हो। यो दिन पनि मिठाई बेलुका पाकछ। तिहारका सबै दिन विशेष खानाको व्यवस्था हुन्छ। भाइ टीकाको दिन खसी समेत काटिन्छ। यहाँपर एउटा कुरा प्रष्ट पारौं श्री ५ को सरकारबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवस्था भएका नियम बलीहरूमा मासुको उल्लेख छैन। फलफूल दूध दहिको उल्लेख छ। २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि संस्कृत छात्रावासमा छात्रकार्य समितिको गठन भयो। त्यसपछि यही समितिले छात्रावासमा बस्ने विद्यार्थीहरूको बौद्धिक मानसिक र शारीरिक विकासका लागि अथक प्रयाश गर्दै आइरहेको छ।

संस्कृत छात्रावासमा बस्ने विद्यार्थीहरूलाई वर्षको दुइजोर कपडा, दुइजोर धोती हरेक तीन, तीन वर्षमा सिरक, उस्मा, तकिया तन्ना दिइन्छ। पहिले पहिले राढी पाखीको व्यवस्था थियो। खांडीको दशहाते पटुका दिइन्थ्यो। यस छात्रावासमा अहिले १०६ जना विद्यार्थी बस्छन्। पहिले २०८ जना वस्थे। एक कोठमा चारजना विद्यार्थी बस्छन्। एउटा कोठामा छ ओटा खाट दिइको हुन्छ। संस्कृत छात्रावासमा बस्ने विद्याथहरू मध्ये कोही लगातार दुइ वर्ष फेल भएर निस्के कोही राजनीतिज्ञ भए कोही प्रशासनिकर प्राविधिक पदहरूमा संलग्न भए, कोही कवि भए, कोही समालोचक भए एक दुइजना मूर्ख पनि भए र कोही वैवाहिक जीवन न अपनाएर ब्रह्मचारी, हुने पनि निस्किए यति महत्वपूर्ण तीनधारा संस्कृत छात्रावासको बारेमा अनुसंधान गर्न सहयोग पुऱ्याउने तविल्दार श्री हर्ष बहादुर उप-प्राध्यापक श्री माधव भट्टराई, उप-प्राध्यापक नीलमणि ढुङ्गाना गोरखापत्रका सम्पादक श्री श्रीप्रसाद गौतम प्रा० चेतोनाथ शर्मा आचार्य राजनीतिज्ञ श्री अच्युत राजरेग्मी, श्री पद्मशंकर अधिकारी प्रेमनारायण शर्मा, यो पुस्तक प्रकाशमा ल्याउने उप-प्राध्यापक, श्री पूर्ण प्रकाश नेपाल यात्री, दाजु प्रति म हृदयत आभार प्रकट गर्दछु। प्रस्तुत पुस्तकले तीनधारा संस्कृत छात्रावासको सम्बन्धमा छोटो जानकारी हासिल गर्न केही सघाउ पुऱ्यायोभने मलाई सन्तोषको अनुभव हुने छ।

कर्मचारी आवास गृह — भूपहरि पौडेल

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानो ठिमी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूची-पत्र

क्रमसंख्या	विषय	पृष्ठ
१.	प्रकाशकीय	क
२.	जयतु संस्कृतम् आन्दोलन सन्दर्भ	१
३.	वि. सं. २०१३ सालको विद्यार्थी आन्दोलन	३७
४.	ऐतिहासिक सामग्री खण्ड	४१
१.	ऐतिहासिक सामग्री (१)	४१
२.	ऐतिहासिक सामग्री (२)	६८
३.	ऐतिहासिक सामग्री (३)	६८
४.	ऐतिहासिक सामग्री (४)	६९
५,	ऐतिहासिक सामग्री (५)	७३
६.	ऐतिहासिक सामग्री (६)	८७
७.	ऐतिहासिक सामग्री (७)	९१
८.	ऐतिहासिक सामग्री (८)	९२
९.	ऐतिहासिक सामग्री (९)	९५
१०.	ऐतिहासिक सामग्री (१०)	९७
११.	ऐतिहासिक सामग्री (११)	९८
१२.	ऐतिहासिक सामग्री (१२)	१०३
१३.	ऐतिहासिक सामग्री (१३)	१०५
१४	ऐतिहासिक सामग्री (१४)	१०६
१५.	ऐतिहासिक सामग्री (१५)	१०७
१६.	ऐतिहासिक सामग्री (१६)	१०९
१७.	ऐतिहासिक सामग्री (१७)	११०
१८	ऐतिहासिक सामग्री (१८)	१११
१९.	ऐतिहासिक सामग्री (१९)	११२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०. ऐतिहासिक सामग्री (२०) ११३
२१ ऐतिहासिक सामग्री (२१) ११४
२२, ऐतिहासिक सामग्री (२२) ११६
२३. ऐतिहासिक सामग्री (२३) ११७
२४ ऐतिहासिक सामग्री (२४) ११८
२५. ऐतिहासिक सामग्री (२५) १२१
२६. ऐतिहासिक सामग्री (२६) १२३
२७. ऐतिहासिक सामग्री (२७) १२५
२८. ऐतिहासिक सामग्री (२८) १२७
२९. ऐतिहासिक सामग्री (२९) १३१
३०. ऐतिहासिक सामग्री (३०) १३२
३१ ऐतिहासिक सामग्री (३१) १३४
३२. ऐतिहासिक सामग्री (३२) १४०
३३ ऐतिहासिक सामग्री (३३) १५४
३४, ऐतिहासिक सामग्री (३४) १५५
३५, ऐतिहासिक सामग्री (३५) १६५
३६. ऐतिहासिक सामग्री (३६) १७५
५. संस्कृत छात्रसंघको प्रथम महासम्मेलन १७५
६. तत्सम्बन्धी समारचारहरू १७६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतम् आन्दोलन के हो ?

प्राक्कथन

नेपालको शैक्षिक इतिहासमा तीनधारा संस्कृत छात्रावासको छुट्टै गरिमामय अस्तित्व देखापर्छ । रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्ययन गर्ने विद्यार्थीहरू यसै छात्रावासमा बस्ने अवसर पाउँथे भने अहिलो सबै तहका परीक्षाहरू काठमाडौंमै दिन पाइने व्यवस्थाले गर्दा रानीपोखरी संस्कृत माध्यमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू र वाल्मीकि विद्यापीठमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरू समेत संस्कृत छात्रावासमा बस्छन् ।

तीनधारा संस्कृत छात्रावास बिहान-बेलुका विद्यार्थीहरू बसेर खाने र पढ्ने ठाउँ हो । यस संस्थामा बसेर आफ्नो अध्ययन प्रक्रिया अगाडि बढाएका विद्यार्थीहरू राष्ट्रिय जीवनका विभिन्न महत्वपूर्ण पदहरूमा रहेर योगदान पुऱ्याएका छन् । त्यसैले तीनधारा संस्कृत छात्रावास राष्ट्रका गहनाहरू तयार पार्ने थलो समेत भएको हुँदा यसका विभिन्न ऐतिहासिक सामग्रीहरूको अनुसन्धान गरिएको हो र यी सामग्रीहरूबाट तीनधारा संस्कृत छात्रावासको ऐतिहासिक तथ्य र वर्तमान अवस्था बुझ्न समेत सघाउ पुऱ्याउने अपेक्षा रहन्छ । तीनधारा संस्कृत छात्रावासमा अनेकौं ऐतिहासिक घटनाहरूको उदय भएको थियो । ती मध्ये 'जयतु संस्कृतम्' आन्दोलनको विशेष महत्वपूर्ण स्थान रहेको सन्दर्भमा यसैलाई पहिलो स्थान दिई प्रस्तुत गरिएको छ ।

१.१. पृष्ठभूमि

संसारका प्रायः इतिहासका घटनाहरू विद्रोहले पोतिएका छन् । ऐतिहासिक घटनाहरू एक-अर्काप्रतिको असन्तुष्टि र वैमनस्यले निर्मित हुन्छन् । मान्छेले किन विद्रोह गर्दछ ? विद्रोहबाट हात लागेको असल वा खराब परिणामलाई जस्ताको तस्तै रूपमा व्यक्त गर्नु सच्चा इतिहासकारहरूको काम हो । 'इतिहास मान्छेकै नराम्रो वा राम्रो गुणको पहिचान हो ।' जब सत्य इतिहास र इतिहासको सत्य दुवै हातेमालो गर्दै समानान्तर रूपमा अग्रसर हुन्छन्, तब देशमा अमनचैन कायम हुन्छ र देश चिताए जस्तै सुखी र समृद्ध हुन्छ । तर जब यी दुई एक-दोस्राका विरोधी भई बांगो अग्रसर हुन थाल्छन् तब देशमा षड्यन्त्र, हत्या, अविश्वासको बोलबाला हुन जान्छ र जब यी बांगा रेखा अग्रसर भई एक-दोस्रालाई काट्दछन् तब इतिहासले, रगतको फागु खेलेर नयाँ कोल्टो फेर्दछ र नयाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय प्रारम्भ गर्दछ ।[१] वास्तविक रूपमा भन्ने हो भने इतिहास भन्नु विगत समयमा भएका तथ्य कुराहरूको संकलन हो । अब, कतिवर्ष बितेका घटनाहरू-लाई पुराना भन्ने अहिलेसम्म यसको निश्चित मापदण्ड तयार भएको छैन तापनि मुख्यतः नयाँ पीढीले नभोगेको र नदेखेको कुनै पनि अतीतको घटना इतिहास-को रूपमा प्रसिद्ध हुन सक्छ । 'इतिहास' शब्दको अर्थ अझ फराकिलो रूपमा गर्दा मान्छेका आफ्नै जीवनमा घटेका कुराहरूले इतिहासको रूपमा प्रख्यात हुने अवसर पाएका हुन्छन् । उदाहरणको लागि विवेच्य विषयतिरै विचार गरौं । वि० सं० २००४ सालमा खासगरी संस्कृत छात्रावासमा बस्ने विद्यार्थीहरूले गरेको "जयतु संस्कृतम्" आन्दोलन अहिलेको नयाँ पीढीको लागि महत्वपूर्ण ऐति-हासिक अनुसन्धेय तथा अधीतव्य विषय भएको छ भने यस आन्दोलनकै सह-भागीहरू पनि इतिहासको अङ्ग भएका छन् । यसैले इतिहास मान्छेको अनुभव-देखि टाढारहेको कुनै इतिवृत्तात्मक कथा मात्र होइन कि जीवनको पूर्वसंस्मरण पनि हो ।

अब यो इतिहास सच्चा रूपमा लेखिन सक्छ कि सक्तैन भन्ने कुरामा विभिन्न विद्वान्हरूमा मतभेद देखिन्छ । कुनै लिखित प्रमाण मात्र इतिहासको प्रामाणिक सामग्री होइन, किम्वदन्ती र कुनै मान्छेको अनुभवात्मक पोखाइ पनि सच्चा इतिहासको सामग्री हुन सक्छ । 'जयतु संस्कृतम्' आन्दोलनका बारेमा अनुसन्धान गर्दै जाँदा लिखित प्रमाणहरू पनि भेटिन सक्छन् तर यसका सहभागी सदस्यहरू आजसम्म जीवित भएकाले जिज्ञासा राखेर सम्पर्क सूत्र कायम गरे अझ बढी तथ्यहरूको खोजी र घटनाहरूको संकलन हुन सक्छ । जुन घटनाका सम्बन्धमा कुनै लिखित प्रमाणहरू छैनन् र भोग्ने मानिसको पनि अन्त्य भैसके-को छ भने किम्वदन्ती वा अरू नै स्रोतबाट सामग्री संकलन गरेर तथ्य कुराको प्रकाश पार्न निकै समयको प्रतीक्षा गर्नुपर्ने हुन्छ । 'जयतु संस्कृतम्' नेपालको क्रान्ति-को पृष्ठभूमिमा मात्र होइन कि विश्व-इतिहासकै सन्दर्भमा संस्कृतका विद्यार्थीहरूले गरेको ऐतिहासिक आन्दोलन हो । 'जयतु संस्कृतम्' आन्दोलनमा विद्यार्थीहरूलाई पक्रेर जेलमा लैजाने र केही विद्यार्थीहरूलाई २४ घण्टाभित्र छात्रावास (तीन-धारा पाकशाला) छोडेर जानुपर्ने जस्ता सजायमात्र गरिएको थिएन, ४ जनालाई त्यसबेलाको सबैभन्दा ठूलो सजाय मध्येमा गनिएको आजीवन चार भञ्ज्याङ्गभित्र पस्न नपाउने गरी पुलिस लगाएर डाँड़ो कटाउनु पनि थियो । 'जयतु संस्कृतम्' संस्कृतका विद्यार्थीहरूले गरेको आन्दोलनका बारेमा आजसम्म कसैबाट पनि

१. प्रो० ढुण्डिराज भण्डारी; "इतिहास र इतिहासकार" प्रज्ञा वर्ष ८, अङ्क ३ पूर्णाङ्क २९, पृष्ठ ५२-५३ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विस्तृत रूपमा लेखिएको देखिदैन तर सर्वतिर चर्चा-परिचर्चा भने गरेको सुनिन्छ। त्यसैले यहाँ 'जयतु संस्कृतम्' आन्दोलनमा लागेको हुनाले साँगा भञ्ज्याङ्ग काटिएका पद्मशंकर अधिकारीको जीवनीपरक इतिहास प्रस्तुत गर्ने कोशिश गरिएको छ। यसबाट त्यसबेला तीनधारा पाकशालामा विद्यार्थी भर्ना गर्ने परम्पराको मनोवैज्ञानिक पृष्ठभूमिको साथ-साथै 'जयतु संस्कृतम्' आन्दोलनको पनि सच्चा संक्षिप्त इतिहासमा प्रकाश आउने छ।

२. १. राणाहरूको शासनकालमा नेपालको शैक्षिक अवस्था

नेपाल अधिराज्य राणाकालमा अहिलेको जस्तो ५ विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्लामा विभाजित भएको थिएन। कुनै गढी या धुमबाट निश्चित क्षेत्रको प्रशासन चलाउने बडाहाकिम हुन्थ्यो। यसले स्थानीय बाल-बालिकाको शिक्षा-दीक्षाको समुचित विकासमा ध्यान दिदैनथ्यो। त्यसबेला जिल्लाको इलाका पनि ठूलो हुन्थ्यो। रामेछाप पिछडिएको, आर्थिक संकटले जेलिएको जिल्ला भए तापनि प्रशासनिक दृष्टिकोणले यसको बेग्लै अस्तित्व थियो। सिन्धुली, दोलखा र रामेछापको एउटै अड्डा रामेछाप बजारमा कायम गरिएको थियो। रामेछाप जिल्लाको सैपू गाउँ पञ्चायतमा केही ज्यानमारा र शोषकहरूको जमघट पाइन्छ भने तिल्पुङ् कठजोरमा राजनीतिक चेतनशीलहरूको जमघट पाइन्छ। वि० सं० १९७७ सालमा घटेको ऐतिहासिक मकै पर्वका अगुवाहरूमध्ये कृष्णलाल अधिकारीको जन्मस्थान कठजोर तिल्पुङ् हो। 'जयतु संस्कृतम्' आन्दोलनमा भाग लिएवापत साँगा भञ्ज्याङ्ग कटाइएका पद्मशंकर अधिकारीको जन्म पनि यहीं भएको थियो। मकै पर्वका अर्का अगुवा भोजराज काफलेको जन्मथलो सालुधारापानी हो। भोजराज काफ्लेमा बौद्धिक चेतना र छुस्याहाको प्रवृत्ति दुइटै पाइन्छ। यही रामेछाप जिल्लाकै कठजोर तिल्पुङ्गमा वि० सं० १९८८ साल माघ १४ गते बुधवारका दिन पद्मशंकरको जन्म भएको थियो। राणाकालीन समयमा नेपालको अवस्था साह्रै दयनीय थियो। जङ्गबहादुर कुँवरले शुरू गरेको कठोर शासन व्यवस्था चलिरहेको हुँदा देशमा सक्रिय जन-चेतनाको अभाव थियो। पढे-लेखेका मानिसहरूको संख्या ज्यादै कम थियो। थोरै संख्यामा पढेका मानिसहरूमध्ये ब्राह्मणवर्ग पौरोहित्य काम गर्दथ्यो र अरू वर्ग अड्डा-अदालततिर जागीर खानैमा व्यस्त रहन्थे। गाउँ-घरमा पाठशालाहरू खोलिएका थिएनन्। पढ्ने इच्छा भएका मानिसहरू कि त बनारस गई पढ्थे कि काठमाडौं। साउँ अक्षर आफ्नै पिता जयशंकर अधिकारीबाट चिनेर वि० सं० १९९७ सालमा पद्मशंकर अधिकारी आफ्नो अध्ययन क्रमलाई अगाडि बढाउन काठमाडौं आए। त्यस मौकामा पद्मशंकरकै माहिला दाज्यु हरिशंकर निवसारीमा जागीरे थिए। पद्मशंकर काठमाडौं आएर दुई-चार महीना पाठशालामा भरना नभई बाहिरै-बसेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पढे । यसै बीचमा दिउँसो माहिला दाज्युसँगै अफिस गएर राम्रा अक्षर बनाउनको निम्ति काम नलाग्ने भनेर मिल्काइएका कागजमा लेख्ने अभ्यास गर्थें । १९९८ सालमा पद्मशंकर रूद्री पढ्न रानीपोखरी संस्कृत प्रधान पाठशालामा भरना भए । त्यसबेला प्रारम्भिक अध्ययनको क्रममा दुई वर्ष रूद्री पढाइन्थ्यो । त्यसपछि मध्य-सिद्धान्त कौमुदीको शुभारम्भसँगै ४ वर्षसम्मको प्रथमा परीक्षाको पढाइ शुरू हुन्थ्यो । सम्पूर्ण मध्यमा उत्तीर्ण गर्न ४ वर्ष, शास्त्री उत्तीर्ण गर्न २ वर्ष र आचार्य उत्तीर्ण गर्न २ वर्ष लाग्दथ्यो । फेरि अचेलको जस्तो पाठ्य-तालिका अनुसारका गुरूहरूसँग मात्र पढ्ने परम्परा पनि त्यस वेलाको विद्याअध्ययनमा थिएन । यसरी विद्यार्थीहरूले गुरू फेरिरहँदा दोस्रो फेरिएका गुरूदेखि पहिले छोडिएका गुरू रिसाउँथे । पद्मशंकर अधिकारीले बुद्धिनाथ अर्याल, रोहिणी प्रसाद भट्टराई, हेमनाथ घिमिरे (यिनी पश्चिम गुल्मीका हुन् र यिनको धोबीधारामा पनि घर थियो), दधिराम पौडेल आदि व्याकरणका ख्यातनामा गुरूहरूसँग पढेका थिए । २००४ साल पद्मशंकरको प्रथमा परीक्षा दिने वर्ष थियो ।

३.१. तीनधारा पाकशालाको त्यस बेलाको अवस्था र विद्यार्थी भरना परम्परा

तीनधारा भएको र विद्यार्थीहरू खाने, बस्ने ठाउँ हुनाले 'तीनधारा पाकशाला' भनिन्थ्यो । यहाँ संस्कृत पढ्ने विद्यार्थीहरू मात्र बस्न पाउने र अंग्रेजी पढ्नेहरूका लागि स्थान सुरक्षित नभएको हुँदा तीनधारा पाकशालामा 'संस्कृत छात्रावास' विशेषणको रूपमा गाँसिन पुग्यो । अचेल यसलाई त्रिभुवन विश्वविद्यालय, संस्कृत अध्ययन संस्थान, वाल्मीकि क्याम्पस (विद्यापीठ) संस्कृत छात्रावास, रानीपोखरी; दरबारमार्ग, काठमाडौं, नेपाल भनिन्छ । संस्कृत छात्रावास तीनधारा पाकशालाका व्यवस्थापक माहिला गुरूज्यू हेमराज शर्मा थिए । त्यसबेलाको नेपालमा आफ्नो रवाफ राख्न यिनी निकै सिपालु थिए । यिनी राणाहरूका धर्मगुरू भएकाले जुनसुकै धार्मिक अनुष्ठान र निर्णयका व्याख्याता मानिन्थे । यिनले संस्कृतका थुप्रै पुस्तकहरू संग्रह गरेका र पढेका भए पनि यिनी शास्त्रको मर्म भन्दा राणाहरूको मनोविज्ञान अध्ययन गरेर कुनै धार्मिक क्रियाकलापको निर्णय दिन्थे । खजान्ची पण्डित दुर्गानाथ अधिकारी र माहिला गुरूज्यू हेमराज शर्माको न्वारान सम्बन्धी धार्मिक निर्णयबाट यस कुराको पुष्टि[१] मिल्छ । त्यस समय तीनधारा पाकशालामा विद्यार्थीहरूलाई दुई किसिमले भर्ना गर्ने नियम थियो । पहिलो किसिम योग्यता :—प्रथमा परीक्षा पास गरेको विद्यार्थी अन्तर्वार्ताको आधारमा पाक-

---

१. विस्तृत जानकारीको लागि हेर्नुहोस् : पद्मराज अधिकारीको अन्तर्वार्ताको आधारमा तयार पारिएको 'जेलमा बयान' शीर्षक लेख, प्रज्ञा पूर्णाङ्क ३१ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शालामा भर्ना हुन सक्तथ्यो। यसमा माहिला गुरूज्यू हेमराज शर्माको महत्त्वपूर्ण हात हुन्थ्यो। दोस्रो तरीका, हुकुमप्रमाङ्गी :—श्री ३ महाराजमा चढाएको निवेदन उपर सुनुवाई हुँदा उचित ठहरिएमा श्री ३ को हुकुमप्रमाङ्गीले कुनै योग्यता नभएको वा तीनधारा पाकशालामा भर्ना हुने योग्यताको क्रम नपुगेको विद्यार्थी पनि भर्ना हुन पाउने व्यवस्था थियो। राणाकालीन शासनकालमा तीनधारा पाकशालाको खानामा कुनै किसिमको सुधार गरिएको थिएन। गन्हाउने नराम्रो चामल; ढुसी परेर ओसिएको दाल पकाइन्थ्यो। ५ तोला घ्यू दैनिक रूपमा दिइन्थ्यो तर त्यो घ्यू स्वास्थ्यको लागि उत्तम हुँदैनथ्यो। यसको साथै वर्षको दुईचोटि कोगटी रंगको मलयपोश लगाउने कपडा, धोती र पटुका दिइन्थ्यो। तीनधारा पाकशालामा वस्ने विद्यार्थीहरूको सुग्घर-सफाइ, औषधोपचार तथा उनीहरूमा सामाजिकता ल्याउनको निम्ति कुनै समुचित योजनाहरू वनाइएका थिएनन्। तीनधारा पाकशालाका विद्यार्थीहरूले पढ्ने पुस्तकालय र पत्रिका पढ्ने वाचनालय पनि थिएन। यसका साथसाथै छिनभरमै संसारका गतिविधिहरूसँग परिचित हुने रेडियोको प्रवन्ध पनि थिएन। तीनधारा पाकशालाका विद्यार्थीहरूलाई धर्मको ढ्वाँगभित्र कोचेर, आधुनिक शिक्षा-दीक्षाबाट वञ्चित राखेर राणावर्ग र शासन व्यवस्थाको अन्धस्तुति गर्ने उद्देश्यले पालिएको थियो। त्यसबेला भान्सामा भात पाकेपछि सबै विद्यार्थीहरू धोती फेरेर भान्सामा जान्थे। लाइन लागेर बसेका विद्यार्थीहरूका अगाडि मूल भान्से भट्याउँथ्यो :—

"श्री ३ महाराज पद्मशम्सेरकी"

अनि सबै विद्यार्थीहरू 'जय' को स्वर घाँटीका नसा फुलाएर घन्काउँथे। यसै गरी प्रमुख राणाहरूको नाम लिएर मुख्य भान्सेको भट्याइमा 'जय' को स्वर मिलाएपछि भात खान औसानी हालिन्थ्यो। वास्तवमा गहिरिएर यहाँनिर विचार गर्दा खाने बेलामा दाताको 'जय' मनाउने परम्परा परापूर्वकालदेखि नै भएको बुझिन्छ। भगवान् गौतम बुद्ध भिक्षा माग्न जाँदा भिक्षा दिने दातालाई आशीर्वाद दिएर अगाडि वढ्थे भन्ने कुरा बौद्धग्रन्थहरूमा पाइन्छ। त्यसकारण दाताको जय मनाएर भोजन गर्नु राम्रो परम्परा मानिन्छ तापनि तीनधारा पाकशालाका विद्यार्थीहरू आफूखुशी 'जय' नमनाएर करकापको 'जय' मनाउँथे। आफ्ना पूर्वजहरूले मानिआएको श्री ५ को गौरवमय परम्परालाई स्वीकार गर्न र श्री ५ को जय-जयकार गर्न विद्यार्थीहरू तयार थिए। तर उनीहरू नचाहिँदो अन्ध संस्कारमा बाँच्न भने चाहँदैनथे।

३ २. तीनधारा पाठशालामा भरना हुनको लागि निवेदन र हुकुमप्रमाङ्गीको नमूना।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"श्री दयासागर प्रभु श्री ३ महाराजका हजूरमा जाहेर हुने विन्तीपत्र। मेरो घर फलाना ठाउँमा हो र म फलानाको छोरो हुँ। मेरो घरबाट खर्च लगाई पढ्ने सावगास नभएको हुँदा तीनधारा पाकशालामा खाली भएको सीटमा भर्ना हुन पाए महाराजको जय मनाई पढ्ने थिएँ र आफ्नो जीवन पनि सपार्ने थिएँ।"

एउटा बिन्तीपत्रको लिफा एक रुपियाँ हालेर किन्नु पर्थ्यो। यो नेपाली कागजमा खड्गनिशाना भएको हुन्थ्यो। यो बिन्तीपत्र दर्ता गराउने र अर्को ठाडो बिन्तीपत्र पनि श्री ३ महाराज वाहिर निस्कँदा दिने चलन थियो। दोस्रो किसिमको विन्तीपत्र भन्दा पहिलो किसिमको बिन्तीपत्र बढी प्रामाणिक रूपमा सुनुवाइ हुन्थ्यो र हुकुमप्रमाङ्गी प्राप्त हुन्थ्यो। प्राप्त भएका बिन्तीपत्र निक्सारीको डिट्ठाले घरमा लगेर पढ्थ्यो र भोलिपल्ट श्री ३ महाराज, हजुरिया जर्नेलका अगाडि या हजुरिया जर्नेल मात्रका अगाडि विन्तीपत्रको सारसंक्षेप सुनाउँथ्यो। "फलानो ठाउँमा बस्ने फलानाका छोरा फलानाले चढाएको बिन्तीपत्र सुनुवाइ हुँदा......" मु० बु० वि० चढाउने डिठ्ठा, तीन जनाको सही र साछी.........।" पद्मशंकर अधिकारीको बिन्तीपत्र लेखेर उनकै अभिभावकहरूले पेश गरिसकेका थिए। त्यस समयमा विन्तीपत्र सुनाउनेमा मुख्य निक्सारीका डिट्ठा (हाकिम) रामप्रसाद ढुङ्गेल थिए। उनी विन्तीपत्र सुनाउने कलामा पोख्त थिए। श्री ३ महाराज या हजुरिया जर्नेलको मनोविज्ञान अध्ययन गरेर जसको निवेदन प्रभावकारी ढङ्गमा सुनाइन्थ्यो उही विद्यार्थीले तुरुन्त तीनधारा पाकशालामा भर्ना हुने हुकुम प्रमाङ्गी पाउँथ्यो। निवेदनको सार-संक्षेप सुनाउँदा निवेदक पनि साथै हुनुपर्ने अनिवार्य थियो। सबैभन्दा माथिल्लो आसनमा श्री ३ महाराज वसेका हुन्थे। त्यसैका अगल-बगलतिर हजुरिया जर्नेल रहने व्यवस्था थियो। यसपछि बिन्तीपत्र सुनाउने मानिस र निवेदक रहन्थे। विन्तीपत्र सुनाउने पालो आएपछि निवेदकले हात जोडेर बस्नु पर्दथ्यो। श्री ३ महाराज पद्मशम्सेरको दरबार विशालनगरमै बिन्तीपत्र सुनाइन्थ्यो। चार जनाको बिन्तीपत्र सुनाउने क्रममा तीन जनाको बिन्तीपत्र रामप्रसाद ढुङ्गेलले सुनाए। "नियम बमोजिम गर्नु गराउनू" भन्ने हुकुमप्रमाङ्गी प्राप्त भयो। चौथो निवेदन पद्मशंकरको थियो। पद्मशंकरको निवेदन हेरेर तीनधारा पाकशालामा भर्ना हुन हुकुमप्रमाङ्गी प्राप्त होस् भन्ने कुरा रामप्रसाद ढुङ्गेलको मनमा उब्जिसकेको थियो। त्यसदिन श्री ३ पद्मशम्सेरले वाहिर जानु पर्ने काम परेको हुँदा एउटा निवेदन सुनाउने क्रम बाँकी नै रह्यो। भोलिपल्ट सो बाँकी विन्तीपत्र सुनाउँदा श्री ३ पद्मशम्सेरको उपस्थिति नभएको र हजुरिया जर्नेल शान्तशम्सेरको मात्र उपस्थिति भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदा पद्मशंकरको बिन्तीपत्र सुनाउने बित्तिकै उनले "तुरुन्त भर्ना गरिदिनू" भन्ने हुकुमप्रमाङ्गी गरिदिए। श्री ३ को अगाडि र अनुपस्थित भएको अवस्थामा हजुरिया जर्नेलले हुकुम प्रमाङ्गी गरिदिने व्यवस्था थियो। श्री ३ को उपस्थिति भएको अवस्थामा भने उनैको हुकुमले हुकुमप्रमाङ्गी दिइन्थ्यो। यसरी २००४ साल वैशाख महीनामा पद्मशंकर अधिकारी तीनधारा पाकशालामा भर्ना भए।

३.३ संस्कृत जगत्को दयनीय अवस्था

संस्कृत जगत्को अवस्था साह्रै दयनीय थियो। संस्कृत वाङ्मय पुरोहित्याइँको संकुचित वातावरणमा घेरिएको थियो। संस्कृत पढ्नुको वास्तविक अर्थ गाउँ-घरमा पीपलवोटे पण्डित भएर सप्ताह भन्न सक्नु, रूद्री, श्राद्ध, व्रतबन्ध, विवाह आदि कर्मकाण्ड गर्न-गराउन सक्नु नै थियो। एउटै वाक्यमा उल्लेख गर्दा संस्कृत भाषालाई हेय दृष्टिले हेरिन्थ्यो। संस्कृत पढ्ने विद्यार्थीहरू आधुनिक संसारदेखि टाढा रहेका केही कुरा नजान्ने पाखेको रूपमा गनिन्थे। त्यसबखत रानीपोखरी घण्टाघर अगाडि-को दरवार स्कूलको माथिल्लो तलामा अंग्रेजी पढाइ हुन्थ्यो र छिंडीको तलामा संस्कृत प्रधान पाठशालाको नाममा संस्कृत वाङ्मयको पढाइ हुन्थ्यो। घण्टाघरमा एउटै मात्र त्रिचन्द्र कलेजको स्थापना भएको थियो। तर संस्कृततर्फ कुनै कलेज खोलिएको थिएन। प्रारम्भिक कक्षादेखि आचार्य कक्षासम्मको पढाइ संस्कृत प्रधान पाठशालामा हुन्थ्यो। फेरि अंग्रेजी र संस्कृततर्फको समान उपाधि हासिल गर्ने मानिसका बीच समानता थिएन। अंग्रेजी तर्फको उपाधि हासिल गरेका मानिसहरू योग्यताअनुसारको दर्जा पाउँथे भने संस्कृततर्फका त्यति नै उपाधि प्राप्त गरेका विद्वान्हरू साह्रै तल्लो-स्तरको पदमा बहाल गरिन्थे। यसले गर्दा संस्कृत पढ्ने समस्त विद्यार्थीहरूमा हीनताबोधको भावना फैलिएको थियो।

४ १ नेपालमा भारतको स्वतन्त्रता संग्रामको प्रभाव

नेपालमा स्वतन्त्रता र प्रजातन्त्र प्राप्तिका लागि २००४ सालभन्दा पहिले पनि कैयौं संघर्षहरू भएका थिए। जङ्गबहादुर कुँवरले स्थापना गरेको एकतन्त्रीय राणा सरकारलाई समाप्त पारी प्रजातन्त्र स्थापनाको लागि संघर्ष गरेका कैयौं वीर योद्धा-हरू फाँसीको वेदीमा चढाइसकिएका थिए र कैयौंलाई देशनिकाला गरिएको थियो। ती मानिसहरू भारतमा गई बस्दथे। भारतमा गई बसे पनि तिनीहरूले देश र प्रजा-तन्त्रको माया कहिल्यै बिर्सेनन्। भारतमा परीक्षा दिनजाने नेपाली विद्यार्थीहरू-मार्फत् र अरू प्रजातन्त्रप्रेमी नेपाली यात्रीहरूमार्फत नेपाली जनताहरूलाई भारतमा निर्वासित जीवन बिताइरहेका वीर योद्धाहरू सल्लाह र सुझावहरू पठाइरहन्थे। यसको प्रभाव पनि नेपाली जनताहरूमा प्रशस्तै परेको थियो। बनारसमै पनि एक-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तन्त्रीय जहानियाँ शासन समाप्त पारी प्रजातन्त्र स्थापनाको निम्ति नेपाली राष्ट्रिय कांग्रेसको विशेष चहलपहल प्रारम्भ भैसकेको थियो। यसको साथसाथै भारतमा महात्मा गान्धी र भारतीय जनताले गरेको अंग्रेज विरोधी आन्दोलनको प्रभाव पनि वनारसमा परीक्षा दिन गएका नेपाली विद्यार्थीहरूमार्फत नेपालमा परेको थियो। यसै समयमा संसारका कैयौं पराधीन देशहरू स्वतन्त्र हुने तरखरमा थिए। आफ्नो गुमेको स्वतन्त्र मानवीय अधिकार पुनः प्राप्त गर्न हरेक देशका जनता सचेष्ट थिए। संसारको इतिहासमा क्रान्तिका अगुवामा विद्यार्थीवर्ग नै पहिला पर्न आउँछन्। छिमेकी तथा अन्य मुलुकका जनताले गरेको स्वतन्त्रता संग्रामको प्रभाव र प्रेरणा ग्रहण गरेर नेपाली विद्यार्थीहरू पनि प्रजातन्त्र प्राप्तिको दिशामा अग्रसर हुन थाले। विशेषतः संस्कृत जगत्का विद्यार्थीहरूले गरेको संघर्ष नै सफल रूपमा संचालित भएको कुरा इतिहासले बताइरहेको छ।

४.२. बनारसको हिन्दू-मुस्लिम झगडा र त्यहाँ संस्कृतमा परीक्षा दिन गएका नेपाली विद्यार्थीहरूको अवस्था

संस्कृततर्फको सम्पूर्ण मध्यमा, शास्त्री र आचार्यका परीक्षा-केन्द्रहरू नेपालमा नखोलिएका हुनाले सबै विद्यार्थीहरू उक्त परीक्षाहरू दिन बनारस जान्थे। परीक्षा दिन जाने हरेक विद्यार्थीलाई बनारस जान, परीक्षा नसकियुन्जेल त्यहाँ बस्न र काठमाडौं फर्केर आउन ख़र्चस्वरूप रू० ५० दिइन्थ्यो। त्यसवेलाको भाउ-बेसा-अनुसार एकजना विद्यार्थीलाई त्यति खर्चले पुग्थ्यो पनि। वि. सं. २००३ साल (ईस्वी सन् १९४६) को सम्पूर्ण मध्यमा,शास्त्री, आचार्यका परीक्षाहरू दिन विद्यार्थी हरू बनारस गए। परीक्षा केन्द्र जयनारायण हाईस्कूल परेको थियो। जयनारायण हाईस्कूल बनारसको मुसलमान टोलमा पर्दछ। सम्पूर्ण मध्यमा परीक्षाका १४ पत्रमध्ये ७ पत्रको परीक्षा सकिएपछि अकस्मात् हिन्दू-मुस्लिम दङ्गा शुरू भयो। मुसलमान-हरूले "यहाँ हिन्दू विद्यार्थीहरू परीक्षा दिन आउँछन्, त्यसैबखत यिनीहरूलाई मार्नुपर्छ" भन्ने योजना बनाएका थिए। परीक्षा शुरू नहुँदै एकजना हिन्दुस्तानकै विद्यार्थी परीक्षाहलको ढोकावाट भित्र पस्न खोज्दा मुसलमानहरूले त्यसलाई छुरी हानेर मारिदिए। यसरी विद्यार्थी मारिएको कारणवाट टोलभरि झन् ठूलो दङ्गा मच्चियो। दङ्गाले उग्र रूप लिएपछि टोलमा कर्फ्यू लाग्यो। परीक्षा चलिरहेको अवस्थामा दङ्गा भएको हुँदा नेपालवाट परीक्षा दिन गएका विद्यार्थीहरूमध्ये ऋद्धि-वज्र वज्राचार्य र सिद्धिवज्र वज्राचार्य भागेर नेपाल आए। नेपालवाट जयनारायण हाईस्कूलको केन्द्रमा परीक्षा दिन गएका विद्यार्थीहरूलाई मिलिटरी र पुलीसले आफ्नो घेराको सुरक्षामा कचौडीगल्लीसम्म हिन्दू-टोलमा पुऱ्याएर उनीहरू खटाएको दङ्गा भएकै ठाउँमा गए। भोलिपल्टदेखि पनि हिन्दू र मुसलमानवीच घमासना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दङ्गा भइरहेको हुँदा सारा परीक्षाहरू स्थगित गरिए। परीक्षा स्थगित भएको हुँदा सबै नेपाली विद्यार्थीहरू स्वदेश फर्के।

४. ३. परीक्षा दिन जाँदाको खर्च रु. १०० को माग र यसमा हेमराजको उत्तर

हिन्दू-मुस्लिम दङ्गाको कारणवाट स्थगित भएको ईस्वीसन् १९४६ का परीक्षा-हरू १९४७ को अप्रिल महीनामा हुने घोषणा भयो। 'गर्मी मौसममा परीक्षा दिन जानु पर्ने हुँदा रु. ५० ले बनारसमा परीक्षा दिन जान, परीक्षा नसकियुन्जेल वस्न र नेपाल फर्कन खर्च पुग्दैन, भन्ने कुरा संस्कृतका विद्यार्थीहरूले उठाए। विद्यार्थी' हरूले प्रतिव्यक्ति बाटाखर्च स्वरूप मागेको रु. १०० पद्मशम्सेरले दिन आँटेका पनि थिए तर प्रतिव्यक्ति रु. २५ भन्दा बढी दिनु पर्दैन भनेर माहिला गुरुज्यू हेमराजले हड्किदिए। "रु. २३ आना ४ तिमीहरूलाई जान आउन खर्च र बाँकी रु. १ आना १२ फुर्मायसी खर्च" भनेर माहिला गुरुज्यू हेमराजले मुखैले तोकिदिए पछि विद्यार्थीहरू त्यही रु. २५ जनही लिएर परीक्षा दिन बनारस गए। परीक्षा दिन गएका संस्कृतका नेपाली विद्यार्थीहरू बनारसको पुरानो नेपाली धर्मशालामा गई बसे। साथमा खर्चको कमीले गर्दा यसपाला विद्यार्थीहरूले बाहिर डेरा लिन सकेनन्। परीक्षा सकिएपछि बनारसकै नेपाली धर्मशालामा विद्यार्थीहरूको बैठक बस्यो। उनीहरूले यस बैठकमा निकै कुराको छलफल गरे।

४. ४. बनारसको नेपाली धर्मशालामा विद्यार्थीहरूको निर्णय

वास्तविक रूपमा भन्ने हो भने २००४ सालको 'जयतु संस्कृतम्' आन्दोलन-को पहिलो निर्णय-भूमि बनारसको नेपाली धर्मशालालाई मान्नु पर्छ। धर्मशालामा बसेको बैठकमा विद्यार्थीहरूले निम्नलिखित कुराको निर्णय गरे।

(१) हामी अब काठमाडौं जाने,
(२) आफ्ना माग र मर्म लेखेर मुख्य-मुख्य अधिकारीकहाँ पेश गर्ने,
(३) १५ दिनको म्याद दिने,
(४) निश्चित दिनभित्र हाम्रा जायज मागहरू पूरा नभए असार १ गतेदेखि हडताल गर्ने। इत्यादि

यसमा बैठक बसेको निश्चित मिति प्राप्त नभएकोले अनुमानतः जेठ महीना लागिसकेको सम्झना हुन्छ।

५. १. माग र मर्म

सम्पूर्ण मध्यमा, शास्त्री, आचार्यका परीक्षा सकेर विद्यार्थीहरू काठमाडौं फर्के। तीनधारा पाकशालामा 'माग र मर्म' लेखियो। राणाहरूको बडो दबदवा भएको हुँदा सोझै हड्ताल गर्न पाइँदैनथ्यो। त्यसैले विद्यार्थीहरूले शैक्षिक असमानतालाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हतियार वनाएर संघर्षको मैदानमा उत्रने निर्णय गरे । संस्कृत जगतमा भएको असमान उपाधि-व्यवस्थालाई समाप्त पार्न र पाठयक्रममा आधुनिक विषयहरू समावेश गर्न विद्यार्थीहरूले पहिले माग गरे । अल्टिमेटमको रूपमा 'माग र मर्म' लेखेर पेश गरियो ।

(१) हामीहरूले भूगोल, इतिहास पढ्न पाउनु पर्छ ।

(२) हरेक कुरामा संस्कृत र अंग्रेजीको उपाधिमा समानता हुनुपर्छ ।

(३) नागरिक शास्त्र पढ्न पाउनु पर्छ ।

कसै-कसैले विज्ञानको पनि माग गरिएको थियो भन्छन् तर यो त्यति स्पष्ट प्रमाणको रूपमा सिद्ध हुँदैन किनभने संस्कृतका विद्यार्थीहरूले विज्ञान भन्दा पनि नागरिक शास्त्र, इतिहास र भूगोल पढ्न चाहेका थिए । एक-एक प्रति माग र मर्म लेखेर श्री ३ महाराज पद्मशम्सेर, कमाण्डरइनचीफ मोहनशमशेर, माहिला गुरुज्यू हेमराजकहाँ रजिष्टरी गरेर पठाइयो । बहादुरशम्सेर, बबरशम्सेर, केशरशम्सेर, शान्त शमसेर आदि प्रमुख राणाहरूकहाँ पनि 'माग र मर्म' एक-एक प्रति लेखेर पेश गरिएको थियो ।

५. २. पूर्ण प्रसाद ब्राह्मणको भूमिका

पूर्ण प्रसाद ब्राह्मण लेखन कलामा हात चलेका मानिस हुन् । चलाख पनि भएका हुँदा अरू साथीहरूलाई निर्देशन पनि दिन्थे । यस आन्दोलनको संचालनमा पूर्ण प्रसाद ब्राह्मणको भित्री भूमिका प्रशस्त थियो । तर बाहिर संघर्षको मैदानमा उनी उत्रेनन् । उनी भित्र-भित्रै अरू साथीहरूलाई त्यसो गर्नु पर्छ र उसो गर्नु पर्छ भनी निकै उत्साहित गर्दथे ।

५. ३. राती घण्टा बजाएर साथीहरूलाई निर्देशन

संस्कृत छात्रावास तीनधारा पाकशालाको भित्री चोकमा नारायणको मन्दिर अगाडि एउटा ठूलो घण्टा छ । यो घण्टा जुनसुकै बेला बजाउन पाइँदैन । बिहान ९ बजे र बेलुका ६ बजे (छोटा दिन भएको बेला ५, ५. ३० र ५. ४५ मा पनि) भोजनको समयमा, तीनधारा पाकशालाको साधारण सभाका अवस्थामा, कुनै पाक्षिक कार्यक्रम वाद-विवाद, साहित्य सम्मेलन, कुनै विशिष्ट विद्वानबाट प्रवचन भैरहेको अवस्थामा विद्यार्थीहरूलाई सूचकको रूपमा घण्टा बजाइन्छ । यसभन्दा अतिरिक्त कुनै साथी बेरामी भएका वा मृत्यु भएमा पनि सबै जन्याक-जुरुक उठेर जम्मा होऊन् भन्नाको निम्ति पनि यो घण्टा बजाइन्छ । अघि-पछि उच्च स्वरमा यो घण्टा बजाएमा बजाउने मानिसलाई पिटपाट गर्ने वा हप्काउने चलन छ । नारायणको बिहान-बेलुका पूजा र आरतीको समयमा पनि यो घण्टा ठूलो स्वरमा नबजाएर मधुरो आवाजमा बजाइन्छ । दिउँसो खुला रूपमा सभा-बैठक गर्न पाइँदैनथ्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राती भात खाएर ८-९ बजेतिर यस्तै काम पर्दा घण्टा बजाइन्थ्यो । हिमाञ्चलटोल, गोर्खालीटोल, पण्डित टोल र प्रकाश टोलमा बस्ने साथीहरू जम्मा हुन्थे । त्यसवेला सभा-कक्ष नभएको हुँदा सार्वजनिक रूपमा जम्मा हुने ठाउँ यही नारायणको मन्दिर थियो । माथिल्लो तहका साथीहरू तल्लो तहका साथीहरूलाई आन्दोलन गर्नु पर्ने कुराको बोध गराउँथे ।

"हामी विद्यार्थीहरूका जायज मागप्रति दमननीति अपनाइने छ, विद्यार्थी एकतालाई टुक्र्याउने षड्यन्त्र रचिने छ, हामीहरूलाई समातेर जेलमा लगिने छ, त्यहाँ फाँसीको धम्की दिइने छ, आजीवन कारावासको सजाय सुनाइने छ चार भञ्ज्याङ्ग डाँडो कटाउने सजाय दिन पनि सम्भव छ, छाती र खप्परमा गोली पनि पड्किन सक्छ। यी कुनै पनि सजायमध्ये हामी भोग्न तयार छौं कि छैनौं साथीहरू हो !!!" बोल्ने कलामा निपुण भएका र माथिल्लो कक्षामा पढ्ने साथीहरूको यस भनाइप्रति अरूहरू सहमति जनाउँदै "तयार छौं" भन्दथे । एक दिन मात्र नभएर दिनहुँ जस्तो यसरी विद्यार्थी जम्मा भएर आपसमा छलफल गर्दथे र भावी कार्यक्रमहरूको तर्जुमा गर्दथे । सबै साथीहरू-लाई निडर हुने प्रेरणा दिइन्थ्यो । यसरी आफ्ना मागहरू पूरा नभएसम्म जीवन उत्सर्ग गर्न पनि पछि नपर्ने दृढ आत्मविश्वासको भावना हरेक विद्यार्थीमा उब्जिसकेको थियो ।

६. १ २००४ साल असार १ गतेको हडताल

ज्येष्ठ मसान्तसम्मको अल्टिमेटम दिंदा पनि विद्यार्थीहरूका माँगहरू पूरा हुने आश्वासन प्राप्त नभएको हुँदा असार १ गतेदेखि हड्ताल गर्ने तरखरमा उनीहरू लागे । सधैं विद्यार्थीहरू गुरूको गोडामा ढोग्थे । गुरूको अगाडि सभ्य भएर उभिन्थे । असार १ गते गुरूहरूकै अगाडि विद्यार्थीहरूले बिडी खाए । विद्यार्थी गुरूहरूसँग ठा-ठाडो जवाफ गरिरहेका थिए । एकैछिन्पछि हड्ताल शुरू भयो । पहिलो पिके-टिङ्मा (अध्ययन निषेध) पद्मशंकर अधिकारीको नेतृत्त्वमा ६ जना विद्यार्थीहरू अग्रसर भए । दोस्रो पिकेटिङ्मा अच्युतराज रेग्मीको नेतृत्त्वमा १२ जना अग्रसर भए र तेस्रो पिकेटिङ्मा खगनाथ नेपालको नेतृत्त्वमा २४ जना विद्यार्थी अग्रसर भएका थिए । धेरैजसो विद्यार्थीहरूले 'बिल्ला' पनि भिरेका थिए ।

"माहिला गुरुज्यू दुष्टै हो ।
संस्कृत विद्या विद्यै हो ।
जयतु संस्कृतम्"

आदि नाराहरू घन्के । पिकेटिङ् गर्न लाग्दा पं० डिल्लीराज रेग्मीले आफ्नै पुत्र अच्युतराज रेग्मीलाई पिटे । यही निहुँमा निकैबेर भनाबैरी पनि भयो । गुरूले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यार्थी कुटेको हल्ला सुनेर दरबार हाईस्कूलमा पढने विद्यार्थीहरू पनि जम्मा भए। डिल्लीराज गुरु हेडगुरुकहाँ लुश्न गए। अरू विद्यार्थीलाई पिटेको होइन, आफ्नै पुत्र-लाई कुटेको भनेपछि यो काण्ड यहीं टुङ्गियो। हड्ताल गरेको हुनाले विद्यार्थीहरू-लाई पक्रिन एउटा मोटरमा संस्कृत विभागका डाइरेक्टर माहिला गुरुज्यू हेमराज र कर्नेल चन्द्रबहादुर थापा दोस्रा लहरीमा भाला बोकेका रामदलका सिपाही आए। हड्ताल गरिरहेका एकत्रित विद्यार्थीहरूलाई देखेर क. चन्द्रबहादुर थापाले सोध्यो: —"हड्ताल गर्ने को-को हुन् ?" एकजना विद्यार्थी फुत्त निस्केर 'मै हुँ' भने-पछि यस्ता 'मै हुँ' भन्ने थुप्रै निस्के। क. चन्द्र बहादुर थापाले 'भालाले हान्' भन्ने उर्दी सुनायो। क. चन्द्रबहादुर थापा साह्रै छुच्चो मानिस थियो र थुकाहा पनि थियो। अच्युतराज रेग्मीको र क. चन्द्रबहादुर थापाका वीच भनावैरी हुँदा चन्द्र-बहादुरको थुकले अच्युतराजको टाउको-मुख सबै भिजेको थियो। पिकेटिङ् गराउने ४२ जना विद्यार्थी मध्ये २९ जनालाई पक्रेर लग्यो। अरू विद्यार्थीहरू भगुवामा परे। अचेलको डी. एस. पी. कार्यालय हनुमान ढोका अगाडिको जेलमा पुऱ्याए जति सबैलाई हतकडी लगाइयो। अच्युतराज रेग्मी त्यसवेला पातलो जीउ गरेको मानिस हुँदा लगाएको हतकड़ी खुस्क्यो त्यसपछि खगनाथ र अच्युतराजलाई एकै ठाउँमा हतकड़ी लगाइएको थियो। त्यसबेलाको कानूनमा ब्राह्मणलाई हतकड़ी लगाउन नपाइने रहेछ। ब्राह्मणलाई हतकड़ी लगाएको रिपोर्ट कमाण्डर इनचीफ मोहन शमसेरकहाँ पुगेछ र 'ब्राह्मणका छोरालाई किन हतकडी लगाइस्' भनेर चन्द्रबहादुर थापालाई मोहन शमसेरले हप्काएपछि ४ घण्टापछि अँध्यारो मुख लगाउँदै आएर चन्द्रबहादुरले सबैको हतकडी फुकाइदियो र त्यसै दिन सबैलाई जेलमुक्त पनि गरिदियो।

पिकेटिङ्मा परेका ६ जनालाई फेरि तीनधारा पाकशालामा भर्ना गरिएन। विद्यार्थीहरूले मागमाथि माग थपेर हड्ताल शुरु गरे। यसमा पनि १५ दिनको अल्टिमेटम दिएर मागहरू प्रस्तुत गरिए। १५ दिनको निश्चित समय बित्दा पनि विद्यार्थीहरूका माग प्रति कुनै वास्ता नगरिएको हुँदा तीनधारा पाकशालामा बस्ने सबै बिद्यार्थीहरू त्रिपुरेश्वर धर्मशालामा गई बसे।

७. १. श्री ३ पद्मशमसेरसँगको भेट र मृतभाषा संस्कृत

त्रिपुरेश्वर धर्मशालामा गएकै भोलिपल्ट सबै विद्यार्थीहरू गुह्येश्वरीको मन्दिर-मा गए र तलको स्तोत्र पाठ गरे—

"नमन्त्रं नो यन्त्रं तदपि च नजाने स्तुतिमहो
नचाह्वानं ध्यानं तदपि च नजाने स्तुतिकथा
नजाने मुद्रास्ते तदपि च नजाने विलपनम्
परं जानेमातस्तदनुशरणं क्लेश हरणम्।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुह्येश्वरीको दर्शन गरेर सबै विद्यार्थीहरू मृगस्थली हुँदै पशुपतिमा आएर सम्पूर्ण शिवमहिम्नः स्तोत्र पाठ गरे। पशुपतिको दर्शन गरेर सानो गौचरनमा जम्मा भए। नक्सालमा आएर एकजना विद्यार्थीको घडी हरिहर अधिकारीकहाँ बन्धकी राखेर आलुच्यूरा किनेर नक्सालकै सानो चौरमा बसी खाए। खाइसकेर विद्यार्थीहरू हाम्रा सम्पूर्ण मागहरू पूरा हुनुपर्छ भन्ने नारा लगाउँदै श्री ३ महाराज पद्मशमसेर-को दरवार विशालनगरतिर लम्किए। नरशमसेरको नेतृत्वमा क. चन्द्रबहादुर थापाले बाटा-बाटामै पुलीसहरू तैनात गरिसकेको थियो। पुलीसले विद्यार्थीहरूलाई लाठी चार्ज गरेर अगाडि बढ्नै दिएन। पुलिसले बाट-बाटामा रोके पनि विद्यार्थीहरू हाँडीगाउँ, मालीगाउँ, धूमबाराहीका गल्ली-गल्ली घुमेर श्री३ महाराज पद्मशमसेर-को दरबार विशालनगरतिर लम्किए। मूल ढोकामा पुगेपछि श्री ३ महाराज पद्म-शमसेरले विद्यार्थी प्रतिनिधिको माग गरेका थिए तर विद्यार्थीहरूले "हामी सबै प्रतिनिधि हौं" भनेको हुँदा एकै छिनपछि सबैलाई भित्र पस्ने अनुमति प्राप्त भयो। पद्मशमसेर रूच्चे राजा थिए। देश र जनता कलागि केही काम गर्न खोज्दथे तर मोहन शमसेर आदि अरू भाइ-भार दारले दिंदैनथे। कसैले केही गहिरो कुरो ल्यायो भने पद्मशमसेर रून थाल्दथे। विद्यार्थीको ठूलो फौज देख्ने बित्तिकै गहभरि आँसू पारेर हिक्क-हिक्क गर्दै पद्मशमसेरले भने "म त सधैं गीता पाठ गरेर भात खान्छु। तिमीहरू तीनधारा पाकशाला जाओ र भात खाओ। मेरो भाइ मोहन शमसेर असल छ गएर कुरा गर। संस्कृत त मृतभाषा हो, त्यसकारण अंग्रेजीसंग यसको समानता हुनै सक्तैन। हामीहरूले गुठी राखेर तिमीहरूलाई पालेका छौं। यसरी तिमीहरूले हड्ताल गरिदिदा नेपाल र हाम्रो सरकारको बदनाम हुन्छ। तिमीहरू सबै तीनधारा पाकशालामा गएर बस।" आफूले राखेका माग बारेमा कुरा-कानी गर्न गएका विद्यार्थीहरू श्री ३ महाराज पद्मशमसेरले संस्कृतलाई मृतभाषा भनेको हुँदा निराश भएर फर्के। "राजा भनेको बाबु, संस्कृत भनेको जननी-आमा, बाबुले आमालाई मरेको भन्ने घोषणा गरेपछि मरेकी आमाको गह्राउने लाश समाज-मा राख्नु हुँदैन, जलाउनु पर्छ।" भनेर विद्यार्थीहरूले समस्त संस्कृत वाङ्मय जला-उन ठीक पारे। सनसनीपूर्ण घटना चारैतिर फैलियो। संस्कृत प्रधान पाठशालाका गुरु विद्यार्थी लगायत समस्त संस्कृत प्रेमीहरू, धर्मभीरूहरू "हाम्रो प्राचीनतम निधिको रूपमा रहेको संस्कृत वाङ्मयलाई मृतभाषा भन्ने" भनेर जुर्मुराएर उठे। सबैजना राणाहरूको विरोधमा आवाज उठाउन लागे। विद्यार्थी आन्दोलन झन् उग्र रूप लिन लाग्यो। यस प्रतिक्रियाबाट डराएर पद्मशमसेरले विद्यार्थी प्रति-निधि लिन पठाएर भने "मैले संस्कृतलाई मृतभाषा भनेको होइन, भर्खरैमात्र म पूजा-पाठ गरेर आएको छु। संस्कृत विश्वभाषा हो। केही बदमासहरूले यसलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'मृतभाषा' भन्छन् भनेको मात्र हुँ।' श्री ३ पद्मशमसेरले यस कुराको स्पष्टीकरण दिएपछि समस्त संस्कृत वाङ्मय जलाउने घुर्की स्थगित भयो। यसपछि विद्यार्थीहरूको त्रिपुरेश्वर धर्मशालाको कार्यक्रम शुरू भयो।

७.२. 'जयतु संस्कृतम्' विद्यार्थी आन्दोलनमा पद्मशम्सेरको अज्ञात भूमिका थियो—

राणाहरूको शासनकालमा सार्वजनिक रूपमा कुनै सभा, वैठक र हड्ताल गर्न पूरै निषेध थियो। यदि कसैले मिचेर गरेमा त्यसले कडा सजायको भागी वन्नु पर्थ्यो। वि० सं० १९०३ सालदेखि २००७ सालसम्म जनताहरूले कुवाको भ्यागुतो झैं जीवन विताइरहेका थिए। कसैले खुला रूपमा बोल्न, लेखेका कुराहरु भित्ताभित्तामा टाँस्न सख्त निषेध थियो। गोप्य कोठामा गरेका कुराहरू पनि सरकारको कानमा पर्दथ्यो। तर २००४ सालको 'जयतु संस्कृतम्' आन्दोलन भने खुला रूपमा गरिएको महत्वपूर्ण विद्यार्थी आन्दोलन हो। वि. सं. २००३ सालमा त्रिचन्द्र कलेजबाट विद्यार्थीहरूको जुलूस निस्केको थियो। तर त्यसलाई प्रभावहीन बनाएर तुरुन्तै दबाइयो। यस जुलूसमा भाग लिए बापत अष्टमङ्गल बज्राचार्य आदि तीन जनाको उच्च शिक्षा हासिल गर्ने अधिकारबाट वञ्चित भई जीवन त्यसै बरबाद भयो। 'जयतु संस्कृतम्' आन्दोलनमा भाग लिए बापत खुर्कोटका षडानन्दको जीवन त्यसै बरवाद भएको देखिन्छ। उनले हनुमान ढोकामा सत्याग्रह आन्दोलन पनि गरे र अहिले सर्वभक्षी भएर वेवारिसको रूपमा रहेका छन्। 'जयतु संस्कृतम्' आन्दोलनलाई सहानुभूति देखाई २००४ सालमा वासुदेव रिसाल, सुरेन्द्रराज शर्मा, गोरक्षबहादुर न्हुछे प्रधान, ऐश्वर्यलाल मल्ल आदिको नेतृत्त्वमा एउटा सानो-तिनो हड्ताल पनि त्रि-चन्द्र कलेजबाट भएको थियो। 'जयतु संस्कृतम्' आन्दोलनमा सक्रिय रूपमा भाग लिएर पर्चाहरू लेख्ने र टाँस्नेमा शंकरमान राजवंशी थिए। धनवज्र वज्राचार्य यसो कोठामा गएको अवस्थामा पनि राजवंशीजी पर्चाहरू लेखिरहन्थे। धनवज्र वज्राचार्य भने यस्ता किसिमका होहल्लामा नलाग्ने मानिस थिए। अचेलको ललितकला क्याम्पसतिरबाट सुटुक्क कक्षामा जान्थे। गुरूहरूसँग खुरूखुरू आफ्नो पाठ पढ्थे। उनलाई उमानाथ पोख्रेलले हड्तालमा सहयोग गर्न अनेक कोशिश गरेका थिए तर धनवज्र नयराज पन्त गुरूको शिष्य भएको र आफू अध्ययनमै व्यस्त रहने भएकाले 'जयतु संस्कृतम्' आन्दोलनप्रति उनको कुनै चासो रहन गएन। शंकरमान राजवंशी आन्दोलनको झण्डा बोकेर ननिस्के पनि कार्बन पेपर राखेर पर्चाहरू लेख्न भने उनी सक्रिय थिए। २००३ सालको त्रि-चन्द्र कलेजको आन्दोलनलाई दबाउने राणा सरकारले संस्कृतका विद्यार्थीहरूले गरेको २००४ सालको 'जयतु संस्कृतम्' आन्दोलनलाई पनि दबाउन सक्ने थियो तर यसमा श्री ३ पद्मशमसेरको अप्रत्यक्ष सहयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो भन्ने कुराको अनुमान गर्न सकिन्छ। माहिला गुरूज्यू हेमराज पाण्डे र अरू राणावीच पद्मशमसेरको कुनै खुलस्त नीति थिएन। पद्मशमसेरले जनताकै लागि २००४ सालमा वैज्ञानिक कानूनको घोषणा गरेका थिए। यसबाट के कुरो पत्ता लाग्छ भने 'जयतु संस्कृतम्' आन्दोलनमा पद्मशमसेरको अप्रत्यक्ष भूमिका थियो।

७. ३. विद्यार्थीहरूको आन्दोलनप्रति हेमराज पाण्डेको उत्तर

"विद्यार्थीहरूले आन्दोलन गर्ने भएका छन् भन्ने हल्ला त अलिकता मैले सुनेको थिएँ। तर सो कस्तो तथा कहिले कहाँ हुन्छ भन्ने कुरा मलाई थाहा थिएन। सो कुरो बुझ्न मैले चेष्टा गरेको पनि थिइनँ। पाठशालामा साबिकबमोजिम पढाउन जान्छु त केही विद्यार्थीहरू पढाइ रोक्ने काममा लागेका रहेछन्। खलबली निकै रहेछ। संस्कृत विभागका डाइरेक्टर नायबबडागुरूज्यू हेमराजज्यू, पुलीस विभागका अधिकारी क. चन्द्रबहादुर थापाहरू पनि पाठशालामा आउनु भयो। भूगोल, इतिहास हामीले पढ्न पाउनुपर्छ भन्ने विद्यार्थीहरूको भनाइ थियो। भूगोल, इतिहास पढ्न तिमीहरूलाई म दिन्छु, परन्तु तिमीहरूले किन यस्तो मार्ग लियौ भन्ने गुरूज्यूको भनाइ थियो। वादविवाद बढ्दै गयो। चन्द्रबहादुरले केही विद्यार्थीहरू-लाई फक्रेर लानुभयो। श्री ३ पद्मको कृपाबाट विद्यार्थी छुटे। विद्यार्थीको आन्दोलन झन् बढ्यो। विद्यार्थीहरू छात्राबास छोडी बागमतीको धर्मशालामा बसी भिक्षा मागी निर्वाह गर्न लागे। केही विद्यार्थी भिक्षा माग्न मकहाँ पनि आएका थिए। मैले उसबेलाको आफ्नो दैनिक तलब रू० २ उनीहरूलाई भिक्षा दिएको थिएँ। यतिञ्जेल-सम्म विद्यार्थी मसँग प्रसन्नै थिए। पढ्न आउने विद्यार्थीलाई म जाऊ भनी भन्दैनथैं, नआउनेलाई आऊ पनि भन्दैनथें। केही दिनपछि विद्यार्थीहरूले भूगोल, इतिहास पढ्न पाउने सरकारी आज्ञा निस्कयो। विद्यार्थीहरू प्रसन्नतापूर्वक छात्राबास फर्के।"[1]

८ १. "जयतु संस्कृतम्" भिक्षां देहि

बागमतीको त्रिपुरेश्वर धर्मशालामा बसेका विद्यार्थीहरूको निम्ति कुनै खाने स्रोत थिएन। पहिले १०-१० जनाको टोली बनाएर विद्यार्थीहरू घर-घरै भिक्षा-माग्न हिंडे। पछि १० जनाको टोली बनाएर हिंड्न नपाइने कानून लगाएर भिक्षा माग्दै असन पुगेका विद्यार्थीहरूलाई त्यहीं पक्राउ गरियो। यसरी पक्रिएका विद्यार्थी-हरूलाई राती एघार बजे छोडियो। भोलिपल्टदेखि ४-४ जनाको टोली बनाएर भिक्षा माग्न थाले। ४ जना विद्यार्थीहरू ४ तिरबाट रूमाल थापेर 'जयतु संस्कृतम् भिक्षां देहि' भन्दै घर-घर घुम्थे। मानिसहरू पनि गच्छेअनुसारको भिक्षा दिन्थे। १।२।३।५।१०।१०० सम्म रूपियाँ र कसै-कसैले भने दहि, च्यूरा, केरा, चामल पनि दिन्थे। यसरी 'जयतु संस्कृतम्' आन्दोलनमा अपार जनसहयोग मिलेको थियो।

१. नयराज पन्त; नवग्रहस्तोत्र, पूर्णिमा वर्ष ७, अङ्क ४ पूर्णाङ्क २८ पृष्ठ २५३।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भिक्षा पाएका सामान लिएर विद्यार्थीहरू बेलुकीपख धर्मशालामा जम्मा हुन्थे। अच्युतराज रेग्मीको टोली लगनमा हंसमानकहाँ जाँदा एकपाथी चामल मिलेको थियो। धर्मशालामा मुख्यत: खाने विद्यार्थीहरूको संख्या २०० तोकिएको थियो तापनि खाने बेलामा ५००-६०० जति हुन्थे। गोविन्द द्विवेदीको भनाइ अनुसार धर्मशालामा खाने विद्यार्थीहरू तीनधारा 'पाकशालामा बस्ने र त्यहाँ बस्न नपाएका बाहिरै बसेर संस्कृत शिक्षा अध्ययन गर्ने मात्र थिएनन् कि अंग्रेजी शिक्षा हासिल गरिरहेका विद्यार्थीहरू पनि खाने बेलामा जम्मा हुन्थे। संस्कृतको यस्तो दुर्दशा देखेर समस्त जनताहरूमा हाहाकार मच्चिरहेको थियो।

८. २. सप्ताहको शुभारम्भ

त्रिपुरेश्वर धर्मशालामा सात दिन भन्दा बढी बस्न पाइँदैनथ्यो। मोहन शम्सेरले आठपहरिया मार्फत 'विद्यार्थीहरूलाई ७ दिन भन्दा बढी त्रिपुरेश्वर धर्मशालामा बस्न नदिनु' भन्ने उर्दी पठाएका थिए। त्यसैले विद्यार्थीहरूले पनि सात दिन भुक्तान भएपछि आठौं दिनको दिनदेखि सप्ताह शुरु गरे। सात दिन भुक्तान नहोउञ्जेल सप्ताह बिथोल्न नपाइने हुँदा धर्मभीरू राणाहरूले विद्यार्थीहरूको यस बुद्धिमत्तापूर्ण साहसिक काममा दमन-नीति अपनाउन सकेनन्। हरबखत सरकारी दूतहरूले विद्यार्थीहरू बसेको धर्मशाला घेरेका हुन्थे। पालैसंग विद्यार्थीहरू भागवत (सप्ताह) भन्थे। बीच-बीचमा कथा र उपकथाहरू जोडेर विद्यार्थीहरू राजनीतिक व्याख्यान पनि दिन्थे। पहिलो सप्ताह सकिंदा पनि विद्यार्थीहरूका माग प्रति कुनै वास्ता नगरिएमा अर्को सप्ताह शुरु गर्ने तरखरमा विद्यार्थीहरू लागेका थिए।

८. ३. सप्ताहको प्रसाद पुऱ्याउन गएका ४ जना विद्यार्थीहरू

पहिलो सप्ताह सकेर ४ जना विद्यार्थीहरू—काशीनाथ गौतम, अच्युतराज रेग्मी; कमलराज रेग्मी र गोकर्णराज शास्त्री सप्ताहको प्रसाद पुऱ्याउन कमाण्डर-इन-चीफ मोहन शम्सेरकहाँ गए। विद्यार्थीहरूलाई देख्ने बित्तिकै मोहन शम्सेरले भने:—"पकाएको भात नखाईकन हिंड्छौ। पाटी-पाटीमा गएर बस्छौ। अहिले मकहाँ के सम्झिएर सप्ताहको प्रसाद लिएर आयौ। माहिला गुरुज्यू हेमराज बडो असल मानिस हुनु हुन्छ। उहाँले भनेको मान्नु पर्छ।" मोहन शम्सेरको कुरा सुनेर विद्यार्थीहरूले भने "हामीले प्रस्तुत गरेका मागहरू पूरा हुनुपर्छ। हामी छात्रावासमा जान्छौं।" विद्यार्थीहरूको माग र मर्म सुनेर मोहन शम्सेरले भने—"हुन्छ, तिमीहरू छात्रावास जाओ, भात खाओ, म तिमीहरूको माग पूरा गरिदिन्छु।"

मोहन शम्सेरको आश्वासन लिएर प्रसाद पुऱ्याउन गएका ४ जना विद्यार्थीहरू त्रिपुरेश्वर धर्मशालामा गए। मोहन शम्सेरले हाम्रा जायज मागहरू पूरा गरिदिने मौखिक आश्वासन दिएको कुरा अरू साथीहरूलाई तिनीहरूले भने। केही बेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आपसमा-आपसमा भनावैरी भयो । प्रसाद पुऱ्याउन गएका साथीहरूलाई अरूले विभिन्न लाञ्छना लगाए । पछि वास्तविक कुरा महसूस भएपछि सबै विद्यार्थीहरू त्रिपुरेश्वर धर्मशालाबाट तीनधारा पाकशाला संस्कृत छात्रावास फर्के ।

९. १. श्रीप्रकाशसँग विद्यार्थीहरूको सम्पर्क

यसै बीचमा नेपालको वैधानिक कानूनमा सुधार गर्न भनेर भारतबाट श्रीप्रकाश भन्ने विद्वान कमाण्डर-इन-चीफ मोहन शम्सेरको निमन्त्रणामा नेपाल आएका थिए । यिनी त्रिपुरेश्वर गेष्ट हाउसमा बसेका थिए । उनीसंग काशीनाथ गौतम, कमलराज रेग्मी र श्रीभद्र शर्माले सम्पर्क राखेका थिए ।

१०. १. श्रावणको अर्धवार्षिक परीक्षामा विद्यार्थीहरूको मतविभाजन

पिकेटिङमा परेका ६ जना विद्यार्थीलाई तीनधारा पाकशालामा फेरि प्रवेश नगराएपछि श्रावणको अर्ध वार्षिक परीक्षा स्थगित गर्ने छलफल हुँदा मत विभाजन भएकाले परीक्षा स्थगित हुन सकेन र यस कुरामा असन्तुष्टि जनाई कुलमणि देवकोटा, कमलराज रेग्मी र अम्बिकाप्रसाद तीनधारा पाकशाला छोडेर बनारस गए ।

११. १. संस्कृत र संस्कृतज्ञ

(हवल्दार देवी प्रसाद पौड्याल–राजदल)

समय सधैं एकैनास रहँदो रहेनछ । प्रगतिशील संसारले हामीलाई पछाड़ि छाड्दै अगाड़ि बढ्यो । हामी धेरैजसो अलसीले भनौं कि केले हो, संस्कृत पढ्न बिलकुलै कम भैसकेका छौं । हाम्रा धारणा र पठन-पाठन शक्ति पनि क्रमशः कम हुँदै-हुँदै गएको छ । हाम्रा प्राचीन ग्रन्थमाथिको विश्वास र भक्ति पनि निख्रिंदै गयो । यही चाला हुंदै गयो भने अलि वर्षपछि संस्कृतका ग्रन्थहरूले एउटा कुनामा थुप्रिएर प्राचीन लेखकहरूको तपस्या गर्ने छन् ।······कादले···मिहेनतसंग पढेर जानिसकेका, संस्कृतले पनि वर्तमान समयमा कुनै काम दिन नसकेकाले उनको उदरपूर्तिको समस्या हल हुन गाह्रो परिसक्यो । त्यही देखेर कौमुदीका कठोर पदवाक्य गाह्रो मानेर हाम्रा बच्चाहरू "उ हेर जई वार डग ष्टून" सजिलो मान्न लागे । नपठेद्यामिनीभाषां प्राणै कण्ठ गतैरपि' भन्ने क्रियालाई आँखा चिम्लेर उसको विपरीत "संस्कृतभाषा नपठितव्यम्" भन्न कर लाग्न आँट्यो । यति मात्र पनि होइन अंग्रेजी नपढेका मानिसलाई मानिसका गणनाबाट छुटाएर अरूकै गणनामा गन्नु पर्ने थाल्यो । हुन पनि संस्कृत पढेका पण्डितजीहरूबाट "भुट्या भाङ पोस्यो पिंडालु" केही काम नचलेकाले धेरै आधुनिक सभ्यताका मानिस संस्कृतलाई देख्ता 'कागलाई बेल पाके पो के नपाके पो के' भन्ने निराशको उखान सजिलै प्रयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्न लागे । इत्यादि कारण के हो त, केवल हाम्रा पण्डितजीहरूको फुलाई तथा मपाइँ उहाँहरूलाई "हामी ता पण्डितजी पो हौं, हामीलाई सबैले मान्नु-गुन्नु पर्छ, हामीले पनि अर्कालाई योग्य शिक्षा भाषातिर सुदृष्टि, देशोन्नतिको विचार गर्नु हुन्छ ? हामीले संस्कृत पढेका छौं फुलेर बस्नु पर्छ नत्र इज्जतै जान्छ ? भन्ने फोश्रो घमन्डको हृदयाकाशमा वादल लाग्यो । अन्धाले झैं आफ्ना अगाडि विग्रदै गएको कुरा देख्नु नै भएन । समय परिवर्तन हुँदै गएको छ हामी त त्यसै अनुसार चल्नु पर्छ । हाम्रो संस्कृत पनि समयानुसार परिवर्तन हुँदै जानुपर्छ भन्ने कुरा वहाँहरूका विशाल हृदयमा एउटा कुरामा पनि सुल्झेन । उनै प्राचीन सभ्यताले सक्कल धारण गरेका जराजीर्ण सूत्रलाई नर्काहल्यै एउटा सानु भोटो फेराइदिनेनै इच्छा गर्नुभयो । अझ आफ्नो गम्क्याईलाइ छाडेर धेरैको उपकार हुने काम गरेमा (वा) हाम्रा छन्दको बन्धन······स्वाहा होला भन्ने डरले पनि उहाँहरूको हृदयमा······छैन । आफूले जानेको कुरा अरूले नजाने हुन्थ्यो भने पनि वहाँहरूको गहिरै विचार देखिन्छ । त्यो सुन्दर हो, जो आफूले जानेको कुरा अरूलाई सिकाइदिन गारो मान्छ वा अरूले जाने भने मेरो पेट भोको रहन्छ भनेर डर मान्छ । आफू अर्काको पेट कर्मबाटै वा (शंकोऽयं ···· ·· ··· ··) दिनरात मिहीनत गरेर··············कठोर संस्कृत···········गल्लीमा मागेर घुम्ने········गरीब बौलाहाले मात्र पनि होइन खिच्चा लुट्याहा कुकुरले पनि खाली राखेका छैनन् भने हामी ता मान्छे हौं । दोस्रो नेपाल - नेपालमा नेपालैका मानिस खानाले कहिल्यै मर्दैन ।

हाम्रा कुरा अझै बाँकी नै छन् । ह्रेखि पाराको विदेशी भाषा पढेर भने ५७ वर्षैका जस्तासुकै काम गर्न सक्ने ल्याकदार, चलाख, बुद्धिमान मानिस हुने हाम्रो आफ्नो संस्कृतमा भने कट्टरपन्थी भए पनि तातोछारो केही काम गर्न नसक्ने यही कारणले हो कि हाम्रो संस्कृत विद्यामा कुनै पनि विषय छैन ? विज्ञानले जस्तै वाणिज्य व्यवसाय, कृषि आदि र त्यो भन्दा ठूला विज्ञानले गरे जस्तै नूतन आविष्कार गर्ने शक्ति छैन ? भए कता पुऱ्याई हाम्रा संस्कृतज्ञहरूले ती कुरा व्यवहारमा ल्याउँदा के नोक्सान पर्दछ कि पाप लाग्छ ?

धेरैजसो पण्डितजीहरूको मुखारविन्दबाट धर्म-कर्म गर्ने कथा-पुराण सुन्दा हामी अघाइसकेका छौं । हामीलाई सबै धर्म ग्रन्थ पुराणका मात्रै उस्तो आवश्यक छैन । हामीलाई स्वर्ग नभै नभएको पनि केही छैन । हाम्रा आफ्ना भाषाका हरेक पुस्तक पढेर आधुनिक ढाँचासँग चाँडो पुल रेल···रा·····जहाज विमान निर्माण गर्न विद्या हेर्न चाहन्छौं, आधुनिक तरिकाले खेती·····ता·····वन्द वेपार·····र डाक्टर भएर औषधि गर्न तथा आफ्नो भाषामा साहित्योन्नति हेर्न चाहन्छौं । हामी हाम्रो प्राचीन संस्कृतको समयानुसार परिवर्तन हेर्न चाहन्छौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ह्रामी हाम्रा पण्डितजीहरूसँग यसै एउटा आशलाई दुवै हात थापेर भिक्षा मागिरहेका छौं । शायद संस्कृतज्ञलाई हाम्रा यस आर्तनादको मगाइले दया लाग्ला । सज्जनका हृदयमा दयाले कहिल्यै छाड्दैन रे ।

हाम्रो भनाइ संस्कृतलाई नपढेर र बिलकूलै छाडिदिनु होइन, हो, समय सरह परिवर्तनको आशा त सबैले संस्कृत पढ्न र बुझ्न साथै व्यवहारमा पनि ल्याउन सकौं । अर्कै पण्डितजी भएर स्फुटौं । हामीले विदेशी भाषा खोजेर व्यवहार गर्नु नपरोस् हाम्रो भाषा पनि भाषा हो । आज हाम्रो निवेदन यत्ति हो । नमस्ते ! नमस्ते !![1]

११.२. 'हाम्रो संस्कृत र संस्कृतज्ञ' लेखको उत्तर

"गोरखापत्रमा संस्कृत शिक्षाको उपरमा आक्षेपयुक्त लेख छापिएका थिए । ती आक्षेपको उत्तर श्री गुरू प्रधानाध्यापक पण्डितवर सोमनाथ सिग्द्यालले सबै पण्डितहरूको सहिछाप गराई गोरखापत्रमा पठाउनु भएको थियो । सो लेख गोरखापत्रमा छापियो । गोरखापत्रमा छापिएको सो लेख यस प्रकार छ—

"**हाम्रो संस्कृत र संस्कृतज्ञ**" दिई हवल्दार देवी प्रसाद पौड्यालको नामबाट २००४ श्रावण १ गतेको गोरखाप त्रमा प्रकाशित भएको लेखको उपर केही **वक्तव्य :—**

हाम्रो संस्कृत विद्याको परम्परा वैदिककालदेखिको हो, प्राचीन हो, भन्ने कुरा सर्वसम्मतै छ । यसका उपर बीचवीचमा कैयन् आघात-प्रत्याघात पर्न आए तापनि यो विद्या अझसम्म जीवितै छ । हामी हिन्दू आर्यजातिका संस्कार व्यवहार नियमहरू यसैका भरमा छन्, यसको सम्बन्ध यही लोकमा मात्र होइन कि पल्लो दुनियाँसँग पनि छ, जहाँसंम यसको सत्ता छ, त्यहींसंम नै हाम्रो जातीय सत्ता छ, यो डुब्यो भने हामी बाँचेर पो के गर्नु ?

संस्कृत विद्या पेट पाल्ने विद्या मात्र होइन, आत्माको संस्कृतिको रक्षा गर्ने सम्पत्ति पनि हो, यसमा लौकिक अलौकिक दुवैतर्फका कल्याणभावना भरिएका छन्, अगिका ऋषिमुनिहरूले स्वार्थतिर नलागी वृक्षतल पर्णकुटीहरूमा रही वल्कलधारी फलमूलाहारी भएर पनि आफ्ना वेदादि शास्त्रको अध्ययन, अध्यापनहरूद्वारा सन्मार्गप्रचारको परम्परा खडा राखेका हुन्, हामी उनै आर्यका सन्तान ह्वौं,

---

१. गोरखापत्र, वर्ष ४७, संख्या ४१, संवत् २००४ साल श्रावण १ गते बुधवार ।

यो लेख राष्ट्रिय अभिलेखालयमा माइक्रो फिल्मबाट सारिएको हो । यस अङ्कको माइक्रोफिल्म लिएको प्रति मसी पोतिए जस्तो भएर कतै-कतै अस्पष्ट भई बुझ्न सकिएन । त्यस्ता ठाउँमा खाली राखिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समयको परिस्थितिले त्यो कक्षामा रहन नसके पनि जो जति सकिन्छ "निष्कारणं षडङ्गो वेदोध्येयो ज्ञेयश्च" अर्थात् निःस्वार्थ भावसँग यसमा लाग्नु पर्छ, यसमा जीवन सुम्पनु पर्छ, भन्ने सिद्धान्तमा रही खोले फाँडो साग सिस्नु जो मिल्दछ, त्यसमा सन्तोष गरी सीधा-साधा रहनसहनमा शान्ति सुखको अनुभव गर्दै आफ्ना पूर्वशास्त्रहरूको सम्प्रदाय परम्परा टुट्न नदिई यथाशक्ति रक्षा गरिराख्नु नै परमकर्तव्य हो, भन्ने संझी यो प्राचीन परम्पराको त्यान्द्रो अझसम्म हामीले समातिरहेको छौं, हामी मात्र होइन, हाम्रा सन्तति शिष्यपरम्पराहरूलाई पनि त्यही त्यान्द्रोको अवलम्बन गरेर रहने कुराको उपदेश यावज्जीव दी रहने छौं, यही हाम्रो दृढ संकल्प छ, यही हाम्रो हिन्दुत्व हो, आर्यसन्ततित्व हो, विवेकशीलता हो, घमण्ड होइन ।

शान्तिप्रिय सीधा साधा चालका संस्कृतज्ञहरूमा हामीलाई सबैले मानून् भन्न मपाइँ भावना घमण्ड कदापि छैन रतिभर फुलेका पनि छैनौं, आफूले जानेको कुरा अर्कोले नजानून् भन्ने विचार कसैमा पनि छैन । जसको हृदयमा आफ्नो संस्कृतिको रक्षा र परम्परा प्रचार गर्नु नै परम ध्येय छ, तिनमा त्यस्तो दोष कसरी हुन सक्तो हो, पण्डितहरूले आफ्ना ग्रन्थका अर्थ अरूले सुनेभने ग्रन्थको ग्रन्थत्व र आफ्नो ब्रह्मत्व नै स्वाहा होला भन्ने डर मानेको भए, आफूले जानेका कुरा अर्कोले नजाने हुन्थ्यो, भर्ना ठानेकोभए, आफूले जानेको कुरा अर्कालाई सिकाउन गाह्रो मानेको वा अरूले जाने आफ्नो पेट भोको रहन्छ भनी ठानेको भए, संस्कृतको पठन-पाठन धारण शक्ति र हाम्रा प्राचीन ग्रन्थमाथिको विश्वासभक्ति कम हुँदै निम्रदै गएको भए, पढाएका छात्रहरू विरानो मुलुकको जाँचमा उत्तरोत्तर बढी संख्यामा उत्तीर्ण र प्रथम श्रेणीमा समेत धेरै पास भएको ३८ संख्याको गोरखापत्रको सूचनानुसार फल कसरी निस्कँदो हो । पण्डितहरूले लीजर नलीकन पाठशालामा पढाइराखेका छन् यति मात्र होइन, बिहान बेलुका र छुट्टिमा समेत आएका विद्यार्थीहरूलाई घरमा समेत पढाइराखेका छन्, कसैसित पनि कसैले पनि टयूसनफी लिएका छैनन् । यो केवल पेटको र वृत्तिको दृष्टिले होइन, आफ्नो परम्पराको कर्तव्य धर्म संझेर गरेको हो ।

हाम्रा विद्यार्थीहरूले परिश्रम साथै पढेका छन् । आफ्नो गुरुसंगको पढाइकै भरमा उभिएका छन्, बनारस जस्तो विद्यापीठमा देशदेशान्तरका विद्यार्थीहरूसंग दाँजिएर जाँच दिई पहिला दोस्रा भएर गौरव राखेका छन् । कति त लेखक र कवि पनि बनिसकेका छन् ।

यस्तो पवित्र पठन पाठनको विषयमा समेत अनेक मिथ्यादोषको आरोप गरी पशुत्वको कलङ्क लगाउनेलाई उत्तर दिने शब्द धेरै हुनन्, परन्तु त्यस्तो अपवित्र शब्द हामी मुखबाट निकाल्न चाहँदैनौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समयको प्रभावले कहिले कुनै हाँगाका विद्याको प्रचार विशेष हुन्छ। हो अहिले संस्कृतको भन्दा अंग्रेजीहरूको प्रचारक्षेत्र फैलिएको होला। व्यावहारिक विषयको विवेचनामा उसतर्फ प्रगति बढेको पनि होला। तर विद्याका प्रस्थानहरू भिन्न-भिन्न अनेक छन्। एकले अर्कालाई गतार्थ संज्ञन उचित हुँदैन। सबै किसिमका विद्या राष्ट्रको सम्पत्ति हो। भारतमा र यूरोपमा संस्कृतका विद्यालय र विद्वानहरू छँदै-छन्। ठाउँ-ठाउँ नयाँ संस्कृत विद्यालय खुल्दै गएको पनि सुनिन्छ। देशदेशान्तरका विद्वानहरू यहाँ कति आए। आजसम्म नेपालले नाम बिकाएको छैन। अझ कति आउनन्। त्यस बखतमा हवलदार साहेब धोती फेरेर आउनुहुने छैन। त्यस निमित्त पनि जो जति-सकेको रक्षा गरी राख्नै पऱ्यो।

"हिन्दूस्थानको राष्ट्रभाषा हिन्दीनै हो। त्यसको वृद्धि गर्नु पर्छ, त्यसैबाट उच्चकक्षासम्मको पठनपाठन र पाठ्यग्रन्थको निर्माण हुनुपर्छ। असेम्बलिमा पनि हिन्दीमै बोलचाल वहस हुनुपर्छ। यसको निमित्त संस्कृतको रक्षा र वृद्धि गर्नु पर्छ। यसैबाट हिन्दीको शव्दभण्डार भर्नुपर्छ" भनी हिन्दूस्थानका शिक्षामन्त्रीहरूले भनेकाले संस्कृत शव्दले अलंकृत हिन्दी भाषाको उन्नति प्रचार हुने कुरामा सन्देह छैन। संस्कृतमय भएकोले नै बंगाली भाषा उन्नत भएको हो। नेपाली भाषाको पनि उन्नति हुँदै गैरहेछ। यसलाई चाहिने शव्द पनि संस्कृतबाटै भर्न लागिरहे-छन्। आमाछोरी दिदी बहिनीहरूको झैं संस्कृत हिन्दी बंगाली नेपाली भाषाहरूको सम्बन्ध मेलमिलाप प्रगतिले वढ़ाउँदै लैजाँदा संस्कृतको चाहना हुनेछ भन्ने लाग्दछ। संस्कृतभाषाको रक्षा नभए लेखकले "संस्कृतभाषा नपठितव्यम्" लेखेझैं सवैले लिङ्गव्यत्यय आदि गरी जथाभावी लेख्न लागे भने लोकमा के हँसी होवैन ?

संस्कृततर्फको परिवर्तनको कुरालाई पनि अगिको समयको पठनपाठन प्रणालीमा वरपर परिस्थितिको अनुसार बखतबखतमा भइरहेकै थियो। बनारस कालेजको परिवर्तन अनुसार यहाँ पनि चाहिंदो परिवर्तन भएकै छ, हुन्यै छ।

कौमुदीका सूत्र घोक्न गाह्रो मानेर हेयर, डज, यर्, डग्, भन्न सजिलो मान्न लागे भन्ने कुरालाई पनि देश विदेशको भाषा सजिलो त कहिले हुन्थ्यो। हो, जीवननिर्वाहलाई मदत दिइरहेछ। अर्थशास्त्र, नीति, कृषि, पशुपालन, वास्तु-विद्या, शल्यतन्त्रहरूका विषयमा हाम्रा प्राचीन आचार्यहरूले पनि ग्रन्थनिर्माण गरी प्रचार गरेका थिए। परन्तु कालचक्रका प्रभावले धेरै ग्रन्थ नष्ट-भ्रष्ट भई झिना दुव्लो जस्ता हुन गएकाले ती विषयमा विकसित भएका भाषान्तरका ग्रन्थ-हरूको अध्ययनले ज्ञानोपार्जन गर्न इच्छा गर्नेहरूका निमित्त अंग्रेजीतर्फ ती विभाग पनि खुलेकै छन्। त्यसतर्फ रुचि भई प्रवृत्त हुनेहरू त्यसतर्फ लागून्। ज्ञान-विज्ञानको वृद्धि गरून्, तिनलाई हामी सहर्ष अनुमोदन गरी रहेकै छौं, गर्ने छौं,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाधक कहिल्यै हुनेछैनौं, किन्तु तिनीहरूले आफ्नो सम्प्रदाय सभ्यता धर्म संस्कृत-भाषालाई नबिर्सून् । जातीय अभिमान सेलाउन नदिऊन् भन्ने यति हाम्रो प्रार्थना छ । अध्यात्मवाद, धर्मवाद आरोग्यशास्त्र, व्याकरणादि शास्त्रहरू कुनै भाषान्तरका ग्रन्थभन्दा संस्कृत विद्यामा कम छैनन् । आफ्ना सम्प्रदाय सभ्यता धर्मचर्चा संस्कृत तर्फ पनि भरपूर छन् । कठिन पए पनि त्यसतिर रुचि गरी पढ्न आउनेलाई अरूले बाधक हुनु पनि उचित होइन, विद्या जुनसुकै होस् त्यसको फल विचारको मार्जन हो । संस्कृतका ग्रन्थबाट होस् वा अरू भाषान्तरका ग्रन्थबाट होस् विचार माझिएको छ भने त्यसले जुन गोरेटो फेला पारे पनि ठूलो मार्ग खडा गर्न सक्छ । विषयान्तरमा पनि बुद्धि दौडाउन सक्छ । विचार माझिन सकेको छैन भने जुनसुकै विद्या पनि जतिसुकै पढे पनि अविद्या हुने हुन्छ ।

रामायण भागवत आदिबाट आदर्श महापुरुष श्रीरामचन्द्र श्रीकृष्णचन्द्रहरूका चरित्र भावनाद्वारा ऐहिक पारमार्थिक अनेक सदुपदेशहरूको लाभले जीवनको सुधारको निमित्त अहिलेसम्म पनि कति महापुरुष कति सत्पुरुषहरू अखण्ड निरन्तर उपासनाको रसमा मग्न छन् । अहिले नेपालमा पनि यसको महिमा कम छैन । वर्णाश्रमको व्यवस्था आध्यात्मिक सुधारहरूको ज्ञानविज्ञानद्वारा परमोपयोगी रामायण महाभारत पुराणहरूमा र धर्ममा पनि श्रद्धा भक्ति उड्न लाग्यो भने आफ्नो हिन्दुत्व पनि कति दिन अडिएला ? देवीप्रसादजीलाई धार्मिक कथा पुराणको आवश्यकता रहेन छ, स्वर्गको पनि परवाह रहेन छ, भन्ने कुरा उहाँको लेखबाटै स्पष्ट छ, सभ्य असभ्य सबैले आफ्ना-आफ्ना धर्मको अभिमानमा जीवन अड्याइरहेछन्, राष्ट्रको निर्माण, रक्षा, उन्नति गरिरहेछन् । हवलदार साहेब ! ऋषिमुनिका सन्तान नै भैकन पनि यसरी विमुख हुनु उचित होला र ?

"अंग्रेजी नपढेका मानिसलाई मानिसको गणनाबाट छुट्याएर अरू गणनामा गन्नुपर्ने थाल्यो, हुन पनि संस्कृत पढ्ने पण्डितजीहरूबाट केही काम नचलेको अन्धालेझैं आफ्नो अगाडि बिग्रँदै गएको देख्नु नै भएन······" इत्यादि लेख्नुभएकालाई संस्कृत पढेका पण्डितहरूलाई विद्वान्मा गणना गरी सरकारबाट नम्बरी गराई विवेक श्रद्धा राखी बक्सेको देख्तादेख्तै पनि मानिसै नदेख्नेलाई पो अन्धो भन्न सुहाउला कि ?

त्यस बखतमा सरकारबाट बक्सेको सुदृष्टिले समेत संस्कृतको यतिसम्म उन्नति हुन आएको हो । हवलदार साहेबले लेखेबमोजिम संस्कृतका ग्रन्थहरूले एकातिर कुनामा थुप्रिई प्राचीन लेखकहरूको तपस्या गर्नु पर्ने छैन भन्ने हामीलाई दृढ विश्वास छ ।

— संस्कृतज्ञ पण्डितहरू

(वि० सं० २००४ श्रावण १३ गतेको गोरखापत्रका ३-४ पृष्ठबाट । यो उद्धरण मदनपुरस्कार पुस्तकालयबाट ल्याइएको हो ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डाइरेक्टर गुरूज्यूको इशाराले हेडपण्डित सोमनाथले जाल गरी हामीहरूलाई झुक्याएर हाम्रो जागीर नबढाउन हामीलाई सो लेखमा सहिछाप गराउन लाउनु भएको रहेछ, सो लेखमा हाम्रो मञ्जूरी छैन भन्ने हल्ला केही दिनपछि पण्डित-हरूमा चल्यो । प्रधानाध्यापकज्यूले ठूलो विरोधको सामना गर्नु पर्‍यो । केही दिनपछि गुरूज्यूकहाँका पण्डित (हाल वाल्मीकि संस्कृत महाविद्यालयका उप प्रधानाचार्य) रामचन्द्र पौडेलले सो लेख ल्याई प्रधानाध्यापकज्यूलाई दिनुभयो । प्रधानाध्यापक-ज्यूले सबै पण्डितको अगाडि लेख यही हो, तपाईंहरूको सहीछाप यहीं छ, मेरो विचारमा त यो ठीक छ, गर्नु पर्छ; गर्नुहोस् भनी सबैको अगाडि त्यो लेख (जसको १ प्रति गोरखापत्रमा छापिएको थियो ।) राखिदिनुभयो । त्यसमा १४ जना पण्डितजी-हरूले आफ्नो सहीछाप केर्नुभयो । सहीछाप केर्नेहरूका नाम यस प्रकारका छन्— श्रीगुरू पं० देवीदत्त पराजुली, श्रीगुरू पं० टेकनाथ पौडेल, पं० दधिराम पौडेल[1], पं० पूर्णभद्र सुवेदी, पं० हेमनाथ घिमिरे, पं० डिल्लीराज रेग्मी, पं० बोधराज पन्त, पं० गोविन्द प्रसाद भट्टराई (हाल वाल्मीकि संस्कृत महाविद्यालयका प्राध्यापक), पं० लोकनाथ ढकाल (हाल वाल्मीकि संस्कृत महाविद्यालयका प्राध्यापक), पं० जुननाथ पण्डित (हाल-वाल्मीकि संस्कृत महाविद्यालयका प्राध्यापक), पं० तोयनाथ पाँडे (हाल-वाल्मीकि संस्कृत महाविद्यालयका प्राध्यापक), पं० सोमनाथ पौडेल (हाल-वाल्मीकि संस्कृत महाविद्यालयका प्राध्यापक), पं० बाल-मुकुन्द रेग्मी, पं० कोमलनाथ अधिकारी । नौ जनाले हामीले गरेको सहीछाप ठीक छ; हामी यसमा सहमत छौं; हामी सहीछाप केर्दैनौं भनी भन्नुभयो । सहीछाप नकेर्नेमा श्रीगुरू पण्डितवर सोमनाथ सिग्द्याल, पं० कालिदास पराजुली, पं० राधा-नाथ लोहनी, पं० रामनाथ आचार्य (हाल–वाल्मीकि संस्कृत महाविद्यालयका

---

१. पं० दधिराम पौडेलको विषयमा मलाई अहिले धरमर परेको छ । किनभने आफ्नो उमेर ७० वर्ष पुगेपछि मेरा मातामह पं० भुवनाथ पाँडेलले आफूखुशी वि० सं० १९९० मा राजदरबारमा पढाउने पण्डितपद छोड्नु भएको हो । त्यसपछि दरबारमा पढाउने पण्डितपद खाली नै रह्यो । वि० सं० १९९७ मा राजदरबारमा पढाउने पण्डितको आवश्यकता परेछ र मेरा मातामहलाई बोलाहट भयो । ७० वर्षको उमेरमा बूढो भएँ भनी यो काम छोडेको हुँ; अहिले त म ७७ वर्ष पुगिसकें काम गर्न असमर्थ छु भनी मातामहले भन्नु-भयो । त्यसपछि पं० दधिराम पौडेल राजदरबारमा पढाउने पण्डितको रूपमा काजमा खटिनु भयो । उहाँ तलब भने रानीपोखरी पाठशालाबाटै पाउनुहुन्थ्यो । यसकारण वि० सं० २००४ मा सो कागतमा उहाँको सहीछाप थियो वा थिएन भन्न मलाई धरमर परेको छ । १४ जना त अवश्य हुनुहुन्थ्यो । अरूको नाम पनि मैले सम्झेको छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रधानाचार्य), पं०-बद्रीनाथ अधिकारी, पं० रोहिणी प्रसाद भट्टराई (हाल-त्रिचन्द्र कलेजका प्राध्यापक), पं० बुद्धिनाथ अर्ज्याल, पं० रविनाथ आचार्य र म समेत ९ जना थियौं।[१]

११.३ "हाम्रो संस्कृत र संस्कृतज्ञ" लेखका सम्बन्धमा

संस्कृतका विद्यार्थीहरूको 'जयतु संस्कृतम्' आन्दोलन चलिरहेको अवस्थामा २००४ साल श्रावण १ गतेको गोरखापत्रको अङ्कमा हवल्दार देवी प्रताद पौडेलको "हाम्रो संस्कृत र संस्कृतज्ञ" भन्ने लेख छापियो। यो लेख छापिएको अङ्क राष्ट्रिय अभिलेखालयवाट माइक्रोफिल्मवाट हेर्दा र २००४ श्रावण १३ गतेको गोरखापत्रमा छापिएको र मदनपुरस्कार पुस्तकालयबाट उद्धरण गरेर ल्याइएको नयराज पन्तद्वारा लिखित 'नवग्रह स्तोत्र' शीर्षक लेख पूर्णिमा पृष्ठ २५२ देखि २५९ सम्मको तुलनात्मक अध्ययनबाट के कुरा थाहा हुन्छ भने हवल्दार देवी प्रसाद पौडेलको उक्त लेखमा संस्कृत र संस्कृतज्ञ विद्वान्हरूको यथार्थ वस्तु स्थितिलाई उद्घाटन गर्ने कोशिश गरिएको छ। निष्पक्ष रूपमा विचार गर्दा हवलदार देवी प्रसाद पौडेलले संस्कृतभाषा र संस्कृतज्ञ विद्वान्हरूलाई होच्याउने दृष्टिकोणले लेखेको त पक्कै पनि होइन। उनले त संस्कृत र संस्कृतज्ञ विद्वान्हरूको वर्तमान अवस्थालाई लक्ष्य गरेर लेखेका हुन्। कुरा सत्य पनि हो। हवलदार देवीप्रसादकै लेखको सारांश खिच्ता पनि संस्कृत भाषा पुरोहित्याइँकै संकुचित घेरामा बाँधिएको छ र संस्कृत वाङ्मय अध्ययन गरेका विद्वान्हरू पौरोहित्य कर्म गर्नमै बढी रमाउँछन्। फेरि अर्को कुरा संस्कृतज्ञ भनाउँदाहरू आफूलाई जतिसुकै संस्कृत प्रेमी ठानून् तर उनीहरूको हृदयमा संस्कृत प्रतिको मोह छैन भन्ने कुरा स्वतः महसूस हुन्छ। संस्कृत विश्व भाषा हो। यसैमा ज्ञान-विज्ञानका अगाध सामग्रीहरू सुरक्षित छन्। दर्शन, साहित्य, व्याकरण, कोश आदि महत्वपूर्ण कुराहरू पनि यसमा रहेका छन् तापनि गाउँ-घरमा खान-लाउन नपाएका गरीब आमा-बावुका छोरा-छोरीहरूले पढेर नेपालमा संस्कृतको नाम-निशानासम्म रहिआएको छ। छात्रावास र छात्रवृत्तिको सुविधा नहुने हो भने संस्कृत पढ्ने विद्यार्थीहरूको संख्या शून्य हुन्छ। एकाध-दुईलाई छोड़ेर आफ्नै खर्च बेहोरेर संस्कृत पढ्ने विद्यार्थीहरू छैनन् भनिदिए पनि हुन्छ। संस्कृत पाठशाला र क्याम्पसमा अध्यापन गर्ने गुरुहरू आफ्नो मानु जोगाउनको लागि संस्कृत वाङ्मयको मोह गरे जस्तो नक्कली व्यवहार गर्छन्। मौका परे आडम्बरपूर्ण व्याख्यानहरू छाँट्न पनि पछि पर्दैनन्। तर एक-दुईजनालाई छोड़ेर अधिकांश गुरूहरू आफ्ना सन्तानलाई संस्कृत पाठशालामा होइन,अरू नै विद्यालयमा

१. नयराज पन्त; नवग्रहस्तोत्र, पूर्णिमा, पूर्णाङ्क २८, पृष्ठ २५४, २५५, २५६, २५७ र २५८ (फुटनोट सहित)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भर्ना गर्न चाहन्छन्; संस्कृतको ठूला विद्वान् बनाउनुको सट्टा डाक्टर, इन्जीनीयर, वकील आदि बनाउन चाहन्छन् । हवलदार देवी प्रसादको लेखको प्रतिक्रिया जनाउने गुरूहरूले पनि हृदयतः संस्कृतप्रति मोह भएर होइन आफ्नो 'दुनु' सोझ्याउने उपाय गरेका हुन् भन्न सकिन्छ । वर्तमान अवस्थामा छात्रावास र छात्रवृत्तिको सुविधा पाएका विद्यार्थीहरू स्नातकसम्म राम्ररी संस्कृत पढ्छन्, स्नातकोत्तरमा सुविधा उपभोग गर्दा-गर्दै पनि संस्कृतलाई गौण बनाएर मानविकी क्षेत्रका विषयहरूलाई मुख्य बनाई अध्ययन गर्छन् । यो परिस्थिति कसले सिर्जना गर्‍यो त ?

१२.१ नवग्रह स्तोत्र

मोहनशमसेरले प्रसाद पुर्‍याउन गएका ४ जना विद्यार्थीहरूलाई माग पूरा गरिदिने आश्वासन दिए पनि सरकारले विद्यार्थीहरूका मागप्रति कुनै वास्ता गरेन बरू विद्यार्थी एकतालाई टुक्र्याउने षड्यन्त्र रच्यो । केही गुरुहरू माहिला गुरूज्यू हेमराज र राणा परिवारको चाकरीमा लागे र विद्यार्थीहरूको जायज मागप्रति सहानुभूति राख्नुको सट्टा सरकारसँग लागेर दमननीति अपनाउन लागे । यसरी केही गुरूहरूप्रति असन्तुष्टि जनाई विद्यार्थीहरूले आक्षेपयुक्त नवग्रहस्तोत्र लेखेर हेडगुरू-को टेबिलमा राखिदिए । यो स्तोत्र कसले लेखेको हो त्यो त आजसम्म पत्ता सही रूपमा लाग्न सकेको छैन । निश्चित लेखक पत्ता नलागे पनि यो नवग्रहस्तोत्र विद्यार्थी मध्ये कुनैले लेखेको हो भन्ने कुरा निश्चित छ । नवग्रहस्तोत्र 'जयतु संस्कृतम्' विद्यार्थी आन्दोलनकै सन्दर्भमा लेखिएको हो ।

केही दिनपछि हातहातै नवग्रहस्त्रोत आइपुग्यो । सो यसप्रकारको छ—

अथ नवग्रह स्तोत्रम्

कैलासशिखरे रम्ये गिरिराजतनूजया ।
पृष्टं नवग्रहस्तोत्रं शंकरोऽभिदधे प्रियाम् ॥

शिव उवाच -

ऊर्ध्वनेत्रो रोगग्रस्तः पङ्गुभृत्यश्च[१] स्मार्तजः ।
परपीडा प्रदाता च नयः सूर्य ग्रहः स्मृतः ॥
परदारपरो नित्यं द्विजिह्वश्चाति दुर्मतिः ।
पङ्गोर्भीतश्च शुष्काङ्गः कालिदासः शशी स्मृतः ॥
व्याघ्रनेत्रो व्याघ्रश्मश्रुर्लोभी कामी च दुर्मतिः ।
कालवर्णो रामनाथो भौमग्रह उदाहृतः ॥

---

१. वाथ भएकोले हेमराजज्यू पाठशालामा खोच्याउँदै आउनु भएको थियो । यसकारण यहाँ गुरुज्यूलाई (पङ्गु-लङ्गडा) भनिएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यार्थिनां कालसमः कालकार्षापण ग्रहः ।
हृदयेकालनिलयो बद्री राहुः प्रकीर्तितः ।।
रामाभीतश्च खर्वोऽयं दुष्टपंगु निसेषकः ।
बृहस्पति ग्रहः सोमो मर्मस्पृग् गर्ववारिधिः ।।
अल्पबुद्धिर्मसीजीवी कालवर्णः परीक्षकः ।
रोहिणी विप्रमूर्खश्च शनैश्चर ग्रहोमतः ।
स्वल्पबुद्धिः पणेलुब्धोऽभिमानी दुग्धपीवरः ।
बुद्धिहीनः श्मश्रुलश्च बुद्धिनाथो बुधग्रहः ।।
कालभ्रातातिपिशुनो वाचाटश्चाति भीषणः ।
पराङ्मुखो भव्यकार्ये रविनाथो हि केतुकः ।।
स्थूलकायश्चतुर्नेत्रो निद्रालुश्चार पूरुषः ।
वैशिषिको ज्योतिषी च राधानाथो हि भार्गवः ।।
मुखादुदीरितं वाक्यं पीयूषपरिकल्पितम् ।
निशम्य देवदेवस्य मुमुदे मेनकात्मजा ।।

इति श्रीवायुपुराणे श्रावणमाहात्म्ये शिवगौरी संवादे नवग्रहोत्पत्तिर्नाम नवमोऽध्यायः ।

(क) सूर्यग्रह……………………………………नयराज पन्त
(ख) चन्द्रमा ग्रह……………………………………कालिदास पराजुली
(ग) भौम ग्रह……………………………………रामनाथ आचार्य
(घ) राहु ग्रह……………………………………बद्रीनाथ अधिकारी
(ङ) वृहस्पति ग्रह……………………………………सोमनाथ सिग्देल
(च) शनैश्चर ग्रह……………………………………रोहिणीप्रसाद भट्टराई
(छ) बुध ग्रह……………………………………बुद्धिनाथ अर्ज्याल
(ज) केतु ग्रह……………………………………रविनाथ आचार्य
(झ) शुक्र ग्रह……………………………………राधानाथ लोहनी

श्री ३ पद्मको शासनकालमा तात्कालिक जङ्गीलाठ ववरशमसेरले अमेरिका गई नेपाल र अमेरिकाको सम्बन्ध जोड्नु भयो । वि० सं० २००४ वैशाखमा अमेरिकाली राजदूत स्याटरथ्वेटको नेपाल आगमन भयो । स्याटरथ्वेटसँग हुने सन्धिपत्रमा हस्ताक्षर गर्ने समय निश्चित गर्नु परेछ र नायब बड़ागुरूज्यू पाठशालामा आउनु भयो । मलाई बोलाएर मोटरमा हाली आजभोलि राष्ट्रिय नाचघर रहेको ठाउँनिर गई मोटर अडयाउनुभयो र अमेरिकासँग सन्धि गर्ने साइत सोध्नुभयो । गुरूज्यूलाई हतार रहेछ र चाँडै-चाँडै गर भनी मोटरमै वसी समय लिई गुरूज्यू जानुभयो । शिक्षा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभागका उच्च अधिकारीसँग आधा घण्टा जति भएको यो गुप्तवार्ताले पनि केही मानिसको मनमा नानाथरी शङ्का पारिदिएको रहेछ ।

नवग्रह स्तोत्र आषाढशुक्ल पूर्णिमा (गुरूपूर्णिमा) भन्दा पछि निस्केको हो । वि० सं० २००४ मा विद्यार्थीहरूले २-४ पैसा चढाई गुरूपूजा गरे । एकजना पण्डित-लाई विद्यार्थीहरूले कालो मसीले केही लेखिएको पैसा चढाए भनी सुनिएथ्यो । यता-बाट कालकार्षापणग्रहको अर्थ खुल्छ । वि० स० २००५ देखि गुरूपूजा गर्ने प्रथा प्रायः गएको जस्तो भयो ।[1]

१२ २ दशम ग्रह (हेमराज)

हिमालयजया पृष्टः कैलाशाचल सन्निधौ ।
दयितां भगवान् रुद्रोऽप्युवाच दशमं ग्रहम् ॥१॥
कालान्तककरालस्य सर्वदाऽहितचिन्तकः ।
नेपालदेशवास्तव्यः कुकर्मकरणेरतः ॥२॥
विद्याभ्यसनशीलानां यमराजो हि भीतिदः ।
हेमराजोऽभिधानेन कर्मणासुर उच्यते ॥३॥
नयपालस्य चाण्डालो दर्शनेऽप्यति भीषणः ।
स्वार्थी कुमार्गी वाचाटो नृशंसश्चेत्युदीरितः ॥४॥
विदुषामपि सर्वेषां दण्डकर्मपरायणः ।
धूम्रकेतु स्तयै तेषां तेजसश्चापकर्षकः ॥५॥
सुवातव्याधिग्रस्तोऽयं मरणासन्न दुर्मुखः ।
हस्तदण्ड द्वयेनैव पादाश्चत्वार एव च ॥६॥
चतुष्पात् पशुरुक्तोऽयं दुर्बुद्धिर्घासभक्षकः ।
पशुवद् याति मार्गे यो हेमराजः स कीर्तितः ॥७॥
दीनानां निग्रहेणैव वृकवज्जठरंभरी ।
हेमराजः स विज्ञेयः सदुद्योगपराङ्मुखः ॥८॥
श्री ३ मोहनराजस्य शासने निवसन्नपि ।
यो जहाति न कार्पण्यं स कथं हेमराजकः ॥९॥
परेषामपि पौराणां पीडने काल कण्टकः ।
हेमराजः स विज्ञेयो लोककण्टक एव च ॥१०॥
सदुद्योगोन्मुखं दृष्ट्वा मानवं भर्त्सनापरः ।
हेमराजोऽवगन्तव्यः स्वीयभाषाविनिन्दकः ॥११॥

---

१. नयराज पन्त : नवग्रहस्तोत्र, पूर्णिमा, पूर्णाङ्क २८ पृष्ठ२५८-२५९ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वकीयभवने स्थित्वा सन्ततायोग्यकर्मकत् ।
हेमराजोऽवगन्तव्यः कानने सूकरो यथा ॥१२॥

समागतायामापत्तौ क्रन्दते यः सुदीनवत् ।
हेमराजः स विज्ञेयः काष्ठकुड्याश्म सन्निभः ॥१३॥

पाषाणहृदयश्चासौ परोपकरणे ध्रुवम् ।
अपकारे समायाते वातग्रस्तोऽपि तत्परः ॥१४॥

अहमेव प्रबुद्धोऽस्मि विद्वानस्म्यहमेव च ।
इत्यन्ता खर्व गर्वोऽयं हेमराजः समीरितः ॥१५॥

जाल्मोऽभिमानी नित्यं यः काशवच्छ्वेतमस्तकः ।
कृपणो हेमराजः स ब्रह्मराक्षस उच्यते ॥१६॥

शकन्मूत्रानुविद्धानां पणानामपि वाञ्छकः ।
विष्टादिकं स भक्षेच्चेत् कथं नो ग्रामसूकरः ॥१७॥

खञ्जः पादेन देशेऽस्मिन् पङ्गुत्वं यो दधाति च ।
भवभारापजातः स हेमराजः उदीरितः ॥१८॥

देवबाधाकरो नित्यं लङ्कायां रावणो यथा ।
हेमराजस्तथैवात्र द्वितीयः परिकीर्तितः ॥१९॥

निःषेवकाणां सर्वेषामाशाछेदकरश्च यः ।
हेमराजस्तथैवात्र यथा शत्रे मृगादनः ॥२०॥

शरत्समय संप्राप्ते स्वीयदेशं विमुच्ययः ।
परदेशं भजेन्नित्यं हेमराजः स कथ्यते ॥२१॥

स्वीयमृत्यु समायातं ह्यन्तिके तं विदन्नपि ।
योसमञ्जसकृत्योऽयं हेमराजो निगद्यते ॥२२॥

उन्नतिद्वारमाच्छाश्च नयति संस्कृतिम् ।
नेपालदेशापसदो ध्रुवं स हेमराजकः ॥२३॥

तस्मादेव निम्नगानां ग्रहाणामपकर्षकः ।
उच्चस्थो हेमराजश्च दशमो ग्रह ईरितः ॥२४॥

प्रजाशान्त्यादिसन्तुष्टा यथैवेतरे ग्रहाः ।
नो शताब्दं सेवितोऽपि यथाऽयं दशमो ग्रहः ॥२५॥

पृष्ठस्थभारक्लेशेन गर्दभो याति दीनताम् ।
दुष्कृतावलिभिर्दुष्टो न तथा श्वेतमस्तकः ।२६॥

वदनान्निसृता वाणी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(जयतु संस्कृतम्)

श्रीः

आज हामी संस्कृत पढ्ने विद्यार्थीहरू भिक्षा मागेर हिंडिरहेका छौं। यद्यपि यो हाम्रो पुरानो दृष्टिबाट हाम्रो धर्म हो, तर आज हामीहरू भिक्षा माग्न आएको कारण केवल श्रद्धाको माना खानुका साथसाथ डाइरेक्टर माहिला गुरुज्यूको अत्याचार निर्विवेक प्रकट गर्नु पनि हो, यस्तो वैज्ञानिक समयमा पनि हामीलाई सदा अन्धकारमा आफ्नो मुठीमा राख्न खोज्नु डाइरेक्टरको कत्रो निर्विवेकता हो, हामी नजान्ने भएर बस्न चाहन्नौं, हामी पनि जान्ने हुनुपर्दछ, भूगोल र इतिहास पढ्न पाउँ भनेर माग गर्दा खुशीसाथ दिनु त परै जावस् प्रत्युत हामीलाई नै ज्यानमारा चोरी मुद्दामा पनि हत्पति नहुने सजाय हतकडी लगाएर ठानामा थुनाउने विद्यार्थीसमाजमा गएर सीधासाधा निरपराध ब्राह्मणका लडकाहरूलाई छातीमा भाला और पिस्तौल ताक्न र दण्ड प्रहार गर्न लगाउने धुक्ने, हप्काउने यो डाइरेक्टरको कत्रो अपराध पक्रेर ठानामा हडकडी लगाएर निरपराध लडकाहरूलाई थुनामा रपाठशालामा पढ्नसमेत नपाउने गराई छुटाई दिने यो कत्रो अत्याचार,यस्तो अत्याचारीपन कसैले देखेको होला, नसुनेको न संझेको होला, आज त्यस्तो अत्याचारीपन डाइरेक्टरले हामीमाथि प्रयोग गरे त हामी पनि यसलाई प्राण रहँदासम्म विर्सन सक्तैनौं र त्यसको प्रतिकारमा सतत शतशः प्रयत्न गर्दछौं। आज समाजमा यही सन्देश सुनाउनु पनि हाम्रो मुख्य एक कर्तव्य संझनु परेको छ —

(जयतु संस्कृतम्)

(जयतु संस्कृतम्)

यावद् भारतवर्षम् स्याद् यावद् विन्ध्य हिमाचलौ।
यावत् सिन्धु च गोदा च तावद् एव हि संस्कृतम् ॥

अहिले भन्दा ३५ वर्ष अगाडि वि० सं० २००४ मा जयतु संस्कृतम् नामधारी विद्यार्थीको हडताल भएको थियो। आजभोलि विद्यार्थीको हडताल प्रायः भइरहन्छ। परन्तु वि० सं० २००४ को सो हडताल नेपालमा पहिले भएकोले निकै चर्चित भयो। सो कुरो मैले वि० सं० २०२९ मा प्रकाशित पूर्णिमा २८ अंकमा लेखेको छु। वि० सं० २००४ मा नवग्रह स्तोत्र निस्किएको थियो। सो पनि पूर्णिमाको २८ अंकमा प्रकाशित गराएको छु। नवग्रह मध्ये चन्द्रमा, मङ्गल, वुध, वृहस्पति, शुक्र, राहु, केतु यी सात ग्रहले संसार छोडिसके। अब आउने ३५ वर्षभित्र सूर्य र शनैश्चरले पनि यो संसार छोडिसक्नेछन्। यो कुरा निश्चित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ। अब ६५ वर्षपछि अर्थात् वि० सं० २१०४ पछि जयतु संस्कृतम् आन्दोलनको प्रत्यक्ष द्रष्टा यस संसारमा हुने छैनन्। यो पनि निश्चित छ। त्यसवेला जयतु संस्कृतम् आन्दोलन ऐतिहासिक कुरा मात्र हुनेछ।

नवग्रह स्तोत्र निस्किएको वेलामै दशमग्रहस्तोत्र पनि निस्किएको थियो। त्यसलाई पनि पूर्णिमा २८ अङ्कमा प्रकाश गराउन मैले खोजेको थिएँ। तर मेरो संग्रह सुव्यवस्थित नभएकोले त्यसवेला मैले सो पाउन सकिनँ। अहिले पाइएकोले सो प्रकाशित गराएको छु। मेरो सङ्ग्रहमा दशमग्रह स्तोत्र २६ श्लोकसम्म पूरा र २७ श्लोकको एक पाउसम्म मात्र भेटिएकोले यो पूरा छैन भन्ने देखिन्छ।

१३. १. मंसीरको वार्षिक परीक्षामा पनि हडताल

कमाण्डर इनचिफ मोहन समशेरले सप्ताहको प्रसाद पुऱ्याउन गएका ४ जना विद्यार्थीहरूलाई दिएको आश्वासन यतिका महीनासम्म पनि पूरा नभएको हुँदा वि० सं० २००४ सालको मंसीर महीनामा हुन लागेको वार्षिक परीक्षामा पनि हडताल गर्ने विद्यार्थीहरूको निर्णय भयो। परीक्षा शुरू भएपछि परीक्षा-कोठामा विद्यार्थीहरूले कापी च्यात्ने र मसीका भाँडा फोर्ने (उस वेला परीक्षा दिन जाँदा विद्यार्थीहरूले मसी पनि लैजानु पर्दथ्यो) काम गर्न लागे। संस्कृत प्रधान पाठशालामा फेरि अशान्त वातावरण फैलियो।[1]

१३.२ तीनधारा संस्कृत छात्रावासको कोठामा बन्दी बनाइएका विद्यार्थीहरू—

संस्कृतका विद्यार्थीहरूले फेरि हडताल गरेको थाहा पाएर क. चन्द्रबहादुर थापा पुलीसहरू लिएर आए। हडताल गराउने विद्यार्थीहरू पद्म शंकर अधिकारी, काशीनाथ गौतम, श्रीभद्र शर्मा, राजेश्वर देवकोटा, गोकर्णराज शास्त्री, एकदेव आदिलाई पक्रेर छात्रावासकै छिँडीको एउटा कोठामा बन्दी बनाएर राखियो। ५-७ दिनसम्म बन्दी बनाएर पछि छोडे तापनि विद्यार्थीहरूले हड्ताल गर्ने क्रमलाई जारी नै राखे। पुलीसले विद्यार्थीहरूलाई पक्रेर फेरि झ्यालखानामा लग्यो। मुख्यतः क. चन्द्रबहादुर थापाले विद्यार्थीहरूलाई पहिले हपकाए, पछि फेरि फकाए। पद्मशंकर अधिकारीलाई कानूनको दृष्टिमा नाबालक ठानेर फकाउने-फुल्याउनेदेखि लिएर कडा भन्दा कडा सजाय सुनाएर दच्काउने असफल प्रयत्न गरियो तर उनी कत्ति विचलित भएनन्।

---

१. नयराज पन्त; दशमग्रह (हेमराज) पूर्णिमा वर्ष १४ अङ्क १ पूर्णाङ्क ५३, पृष्ठ १०, ११ र १२।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३. ३ पद्मशंकर अधिकारीलाई १७ पैसाको गोदान गराएर परीक्षाभवन-मा पुऱ्याई परीक्षा लेख्न लगाएको

आफ्ना मागहरू पूरा नभएसम्म परीक्षा नदिने किरिया हालेको कुरा पद्मशंकर अधिकारीले सम्बन्धित अधिकारी छेउ बताए। क. चन्द्रबहादुर थापाले तुरुन्तै ऐन पल्टाई हेरे। "१६ वर्ष उमेर नपुगेको मानिस नाबालकमा गनिन्छ र उसले हालेको किरिया गोदान गरेपछि चोखिन्छ" भन्ने कुरा लेखिएको ऐनको दफा चन्द्रबहादुरले पढेर सुनाए। त्यस अवस्थामा पद्मशंकरको साथमा १७ पैसा नभए-को हुँदा क. चन्द्रबहादुर थापाले नै आफ्नो बगलीबाट १७ पैसा झिकी एउटा बाहुन डाकेर गोदन गर्न लगाए। यसरी १७ पैसा गोदान गर्दा पद्मशंकरकै छिमेकी मेखनारायण श्रेष्ठ पनि साथै थिए। त्यसबेला उनी त्यहीं कारिन्दा थिए। गोदान गरेपछि पुलीसले पद्मशंकरलाई संस्कृत प्रधान पाठशालाको परीक्षा भवनमा पुऱ्यायो। यसपछि पुलीस फर्केर गयो। गुरुहरू खुशी भए। परीक्षा दिन विद्यार्थी आएको हुँदा गुरुहरूले परीक्षा लेख्ने उत्तर पुस्तिका दिए। उता बाहिर "पद्मशंकर परीक्षा दिन गयो अब उसले के लेख्ने हो" भन्ने कुरामा साथीहरू अलमलिन लागे। पद्मशंकर भने "जयतु संस्कृतम्" लेखेर कापी बुझाउने तरखरमा थिए। एकै छिनसम्म केही पातामा "जयतु संस्कृतम्" लेखेर उनले कापी बुझाए। त्यसपछि तुरुन्तै त्यहाँ-बाट भागेर ठमेलमा गई पद्मशंकर तीन दिनसम्म लुकेर बसे।

१४. १. तीनधारा पाकशालाबाट विद्यार्थी पक्राउ र निष्कासन

छिंडीमा तीन दिनसम्म लुकेर बस्नु परेको हुँदा वाक्क भएर पद्मशंकर फेरि छात्रावासमै फर्के। वहाँ आइपुग्दा त तीनधारा पाकशालालाई क. चन्द्रबहादुर थापा-को नेतृत्वमा आएका पुलीसले घेरिसकेका थिए। "जयतु संस्कृतम्" आन्दोलनका प्रमुखहरूलाई २४ घण्टाभित्र तीनधारा पाकशाला छोडेर जानू भन्ने उर्दी सुनाइ-सकिएको थियो। काशीनाथ गौतम, श्रीभद्र शर्मा, गुणनिधि पन्थी, पूर्ण प्रसाद ब्राह्मण, उमानाथ पोखरेल, तारा प्रसाद (पश्चिमका ब्राह्मण) आदिलाई धमाधम कोठाबाट झार्न लागिएको थियो। त्यस्तैमा पद्मशंकर अधिकारीलाई देख्ने बित्तिकै

क. चन्द्रबहादुर थापाले भन्यो:—

"ऊः ३ पद्मशंकर आयो समात ३. !!! अस्ति मेरो १७ पैसा गोदान गर्दा खर्च गराइदियो। जाँच लेख्ने निहुँले "जयतु संस्कृतम्, जयतु संस्कृतम्" लेखेर भाग्यो। सानो केटो भैकन आन्दोलनलाई सक्रिय गरायो।

पद्मशंकरलाई पक्रेर तुरुन्तै जेलमा लगियो। "जयतु संस्कृतम्" आन्दोलनमा सक्रिय रूपमा भाग लिए वापत तीनधारा पाकशालाबाट निकालिएका विद्यार्थीहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वालाज्यूमा गई बसे । अर्का थरी हुतिहारा भने तीनधारा पाकशालामै भात खाएर बसे । चाकरीबाज र सोझा विद्यार्थीहरूलाई सरकारले सजाय गर्ने कुरै भएन ।

१४. २. चारजना विद्यार्थीलाई चार भञ्ज्याङ्ग डाँडो कटाएको

पद्मशंकर अधिकारीलाई जेलमा लगेकै भोलिपल्ट "उनी र अरू पक्राउ नपरेका तीन जनालाई समेत" चार भञ्ज्याङ्ग "डाँडो कटाइ दिन्," भन्ने श्री ३ महाराज पद्मशम्सेरबाट आएको हुकुम प्रमाङ्गी सुनाइयो र पद्मशंकर अधिकारी, उमानाथ पोख्रेल, तारानाथ र गङ्गाधर (मोटे, पुड्के-इलामका थिए) लाई तुरुन्तै चौकी सार गराइयो। गङ्गाधरलाई थानकोट चौकी कटाइएका थियो। पद्मशंकरलाई सबैभन्दा पहिले भक्तपुर चौकीमा पुऱ्याइयो । त्यहाँ तीन पुस्ते पुख्यौंली लेखियो । जिउमा भएको खत पनि जनाइयो। तर पद्मशंकरले भने सबै ठाउँमा आफ्नो पुख्यौंली नाम ढाँट्दै गएका थिए। साँगा चौकीमा पुग्दा रात पऱ्यो र त्यहीं बास पऱ्यो। साथ लागेर गएका पुलीसहरूले राती पद्मशंकरलाई निकै दुःख दिएका थिए । त्यहाँ बेलुकाको खानाको रूपमा दही-च्यूराको बन्दोबस्त भएको थियो । त्यो पनि उनलाई रुचेन । पुलीसहरू पद्मशंकरलाई "राजा हुन खोज्ने होइन त ?' भनेर बारम्बार हप्काई रहन्थे । पुलीसको बात पिच्छेको झर्कोलाग्दो कचकचले गर्दा पद्मशंकरलाई राती राम्रोसंग निद्रा पनि लागेन । भोलिपल्ट पद्मशंकरलाई पुलीसहरूले आजीवन चारभञ्ज्याङ्गभित्र पस्न नपाउने गरी बनेपामा पुऱ्याएर छोडी दिए र पुलीसहरू फर्किएर काठमाड़ौं आए । त्यसपछि केही समय पद्मशंकर अकमक्कमा परे । "कता जाउँ ? घरमा जाउँ भने पढ्न पठाएको छोरो "जयतु संस्कृतम्"नाम गरेको होहल्लामा लागेर सरकारले चारभञ्ज्याङ्ग डाँडो कटाइदिएको रहेछ" भनेर आमा-बाबु, इष्ट-मित्रहरूले गाली गर्ने र समाजबाट पनि बेग्लै नजरले हेर्ने होइन्छ । बनारस जाउँ भने एक्लै कसरी जाउँ ? एकछिन् घोरिएपछि उनलाई एउटा उपाय सुझ्यो । चारभञ्ज्याङ्ग कटाइदिने सजाय पाएपछि तीनधारा पाकशालाबाट पद्मशंकरलाई लिएर जान लाग्दा कृष्णप्रसाद पोख्रेलले एउटा दोलाई र रु०५ दिएका थिए (कृष्णप्रसाद खार्पाली पोख्रेल हुन्) । यिनी पद्मशंकरका घनिष्ट साथी थिए । दोलाई र ५ रुपियाँ यस अवस्थासम्म पद्मशंकरका साथमै थियो । उनले आफूसँग रहेको ५ रु. सम्झेर बनेपाको एक मानिस डाकेर पद्मशंकरले भने :—

"म तिमीलाई यो ५ रुपियाँ दिन्छु । मलाई सबै पुलिस चौकी छलेर काठमाडौं पुऱ्याइदेऊ ।"

द्रष्टव्य—रामेछाप जिल्ला बाबिया खर्क गाउँका रामप्रसाद न्यौपाने 'चारभञ्ज्याङ्ग डाँडो कटाइनेमा म पनि एकजना हूँ भन्छन् । पद्मशंकर चाहिं रामप्रसाद नभएर इलामका गङ्गाधरलाई कटाइएको हो' भनी आफ्नो अनु-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भव बताउँछन् । चारभञ्ज्याङ्ग चार जनालाई मात्र कटाएको थियो । त्यस-कारण यसको सबूत प्रमाण प्रेमनारायण शर्माको संग्रहमा रहेका पत्रबाट झल्किन्छ ।

१४.३. एकजना मानिसले ५ रु० लिएर पद्मशंकर अधिकारीलाई सबै-पुलिस चौकी छलेर बनेपाबाट काठमाडौं पुऱ्याइदिएको

चार भञ्ज्याङ्ग डाँडो कटाइने ४ जनामध्ये पद्मशंकरलाई साँगा भञ्ज्याङ्ग कटाइएको थियो । नचिन्हेको मान्छेलाई पुलीसचौकी छलेर काठमाडौं पुऱ्याई देऊ भन्नु बडो साहसको कुरा थियो । पद्मशंकरले इच्छा गरे बमोजिम उक्त अपरिचित मान्छेले बनेपादेखि काठमाडौंसम्मका सबै पुलीस चौकी छलेर उनलाई काठमाडौं ल्याई दियो । डिल्लीबाजारमा आइपुगेपछि पद्मशंकरले आफ्नो भेषमा परिवर्तन गरे । टाउकामा टम्मसँग फेटा गुतेको हुँदा उनी नचिन्हिने अवस्थामा पुगेका थिए । डिल्लीबजारको ओरालामा अकस्मात् पद्मशंकरको साहिंलो दाज्यु शरण-शंकर अधिकारीसँग जम्काभेट भयो । शरणशंकरले पद्मशंकरलाई "झट्ट कोठामा गएर लुकेर बस्, म चाँडै आउँछु" भने तर पद्मशंकर चाहिं साहिंला दाज्युको कोठामा नगएर "जयतु संस्कृतम्" आन्दोलनमा निकालिएका विद्यार्थी साथीहरू बसेको ठाउँ बालाजुमा पुगे । पद्मशंकर अधिकारी कानूनको दृष्टिमा १६ वर्ष नपुगेको नाबालक थिए तापनि उनीमा सशक्त प्रजातान्त्रिक भावनाहरू प्रस्फुटित भैसकेको देखिन्छ । पद्मशंकरलाई आफ्ना अभिभावकहरूले 'यस्तो होहल्लामा लाग्नु हुँदैन' भनेर निकै नै संझाई-बुझाई अध्ययनतर्फ मात्र लगाउने प्रयत्न गरेका थिए, तर उनले जनअधिकार प्राप्तिका लागि सधैं लडिरहने प्रण गरे । खेमराज काफ्ले लगायत कतिपय आफ्ना अभिभावकहरूको वचन उल्लङ्घन गरेर प्रजातन्त्र-को लागि लड्ने वीर योद्धाको रूपमा पद्मशंकरलाई मान्न सकिन्छ । बालाजुमा पद्मशंकरलाई देख्ने बित्तिकै सबै साथीहरू खुशी भए । यहाँबाट पश्चिमतिर लाग्ने सन्दर्भमा ४०-४२ जनाको डफ्फा प्रस्थान गऱ्यो । यसका प्रमुख श्रीभद्र शर्मा, काशीनाथ गौतम, बलराम शर्मा आदि थिए ।

१५.१. "जयतु संस्कृतम्" आन्दोलनमा निकालिएका विद्यार्थीहरूको पश्चिमी पहाडको यात्रा

बालाजुबाट हिंडेर विद्यार्थीहरू जीतपुर पुगे । हिंड्दा-हिंड्दा थकाइ लागेकोले उनीहरू यहीं बास बसे । यै राति अच्युतराज रेग्मी आफ्ना साथीहरूलाई भेट न पुगेका थिए । अच्युतराज त गुरुपुत्र भएको हुँदा तीनधारा संस्कृत छात्रावासमा भरना भएका थिएनन् तर उनी संस्कृत प्रधान पाठशाला रानीपोखरीमै अध्ययन गर्दथे र 'जयतु संस्कृतम्' आन्दोलनका सक्रिय सदस्य थिए । त्यसपछि बुटवलमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि अच्युतराज रेग्मी र राजेश्वर देवकोटा साथीहरू भेट न पुगेका थिए। विद्यार्थी साथीहरूसँग खाने सावगास केही नभएको हुँदा बिहान भिक्षा माग्दा पाइएको सामग्री खान्थे। बेलुका ४-४ जना साथीहरूको टोली बनेर यसो खान दिन सक्ने मानिसको घर विचार गरेर बास बस्तथे। 'जयतु संस्कृतम्' आन्दोलनमा सक्रिय-भूमिका खेले बापत राणा सरकारले तीनधारा पाकशालाबाट निकालिएका विद्यार्थी भनेपछि बेलुका पाहुना लाग्न गएका घरमा पनि उनीहरूको ठूलो स्वागत-सत्कार हुन्थ्यो। आफ्नो घरमा भएसम्मको मीठो खान दिन्थे। सुत्नको लागि ओढ्ने-ओछ्याउने पनि दिन्थे। दिनभरि हिंडेर थाकेका विद्यार्थीहरूका गोडा पनि धोइदिन्थे। विद्यार्थीहरू भने संस्कृत वाङ्मयको दुरावस्था र वर्तमान नेपाली जनताहरूले भोग्नु परेका अत्याचारहरूको प्रभावकारी रूपमा वर्णन गर्दथे। विद्यार्थीहरूको विद्वता र वाक्चातुरी देखेर जुनसुकै गाउँमा पुग्दा पनि त्यहाँका जनता-साह्रै प्रभावित भएका थिए। कतिपय गाउँमा 'जयतु संस्कृतम्' आन्दोलनमा राणा सरकारले निकालिएका संस्कृत पढेका विद्यार्थीहरू भरे बास बस्ने गरी आउँदैछन्" भन्ने कुराको समाचार पहिले नै पुग्थ्यो र ठूला-ठूला साहू-महाजनका घरमा बेलुका विद्यार्थीहरू पुग्दा भात पकाई राखेको हुन्थ्यो। यसरी विद्यार्थीहरू उकालाहरू उक्लँदै र ओरालाहरू ओर्लंदै भीर-पहरा-नदीहरूसँग संघर्ष गर्दै गोर्खा पुगे। गोर्खा नाघेपछि यो टोली दुई समूहमा विभाजित भयो। एउटा समूह पोखरा हुँदै पाल्पा र अर्को बन्दीपुर, तनहूँ हुँदै पाल्पा पुग्यो। तनहुँमा श्रीभद्र शर्माको घरमा पुगेर पद्मशंकर अधिकारी र बलराम शर्माको टोलीले एकछाक भात पनि खाएको थियो। पाल्पामा दुवै समूहका विद्यार्थी साथीहरूको भेट भयो। यहाँ पनि विद्यार्थीहरूले आफ्ना कुराहरू बताए। उनीहरूबाट साहू-महाजनहरू र भद्रभलादमीहरू निकै प्रभावित भए। त्यस बेलाको पहाडी भेगतिर खासगरी संस्कृत पढेकै मान्छे हुन्थे। त्यसैले पनि संस्कृतका विद्यार्थीहरूप्रति अपार श्रद्धा र विश्वास हुनु स्वाभाविकै थियो। पाल्पाबाट सबै विद्यार्थीहरू बुटवल, भैरहवा हुँदै बनारस पुगे।

१५.२. बनारसस्थित नेपाली राष्ट्रीय कांग्रेसको विभाजन र "जयतु संस्कृतम्" नाम गरेको बेग्लै संगठन खोल्ने योजना

'जयतु संस्कृतम्" आन्दोलनमा निकालिएका विद्यार्थीहरू बनारसमा पुग्दा त्यहाँ नेपाली राष्ट्रिय कांग्रेस दुई समूहमा विभाजित भएको थियो। एउटा नेपाली राष्ट्रिय कांग्रेसको अध्यक्ष विश्वेश्वरप्रसाद कोइराला थिए र अर्कोका डा० डिल्ली-रमण रेग्मी। विद्यार्थीहरू बनारस पुगेको बेला विश्वेश्वरप्रसाद कोइराला कलकत्ता गएका थिए। यसको "तीन दिनपछि आउने रे" भनेर पद्मशंकर अधिकारी लगायत अरू केही साथीहरू राजघाटसम्म लिन गएका थिए तर त्यसदिन उनी

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएनन् । "जयतु संस्कृतम्" आन्दोलनमा निकालिएर बनारस पुगेका विद्यार्थीहरूलाई आ-आफ्नो ग्रूपतिर तान्न दुवै पक्षका नेताहरूले सक्तो प्रयास गरेका थिए । त्यसमध्ये डा० डिल्लीरमण रेग्मीले एउटा बुकलेट् (पुस्तिका) पनि निकालेका थिए र कतिपय भारतीय पत्रिकाहरूमा प्रकाशनार्थ 'समाचार'को रूपमा दिएका पनि थिए ।

"नेपालका गवर्मेण्ट ऐसा है—ओठोंको निचोडकर दूध आनेवाला १२ वर्षोंके बालकोंको पकडकर छात्रावाससे निकालकर जेल भेज दिया गया । और बादमें चारभञ्ज्याङ्ग से निकाला..............।"

यसपछि विद्यार्थीहरूकै बीच वाद-विवाद चल्यो । एक-दुई जना विद्यार्थी डा० डिल्लीरमण रेग्मीको ग्रूपमा लागे र काशीनाथ गौतम, पद्मशंकर अधिकारी, राजेश्वर देवकोटा, बलराम शर्मा आदि विद्यार्थीहरू बी० पी० को ग्रूपमा लागे । अर्काथरी विद्यार्थीहरू यी दुइटै ग्रूपमा लाग्नु हुँदैन "जयतु संस्कृतम्" नाम गरिएको एउटा बेग्लै संगठन खोल्नुपर्छ भन्नेतिर लागे । "जयतु संस्कृतम्" संगठन खोल्न आर्थिक अवस्था मजबूत हुनुपर्ने हुँदा चन्दा संकलन गर्ने कुरामा विद्यार्थीहरू सहमत भए । 'पुराण भनेर रकम संकलन गरेर ल्याउँछु' भनेर आसामतिर लागेका गोकर्णराज शास्त्री उतैतिर हराए । "जयतु संस्कृतम्" संगठन खोल्ने अभियान पछि त्यसै भताभुङ्ग भयो । "जयतु संस्कृतम्" आन्दोलनको मोटा-मोटी इतिहास यसैलाई मान्न सकिन्छ ।

१६. १. उपसंहार

निचोडमा के कुरा भन्न सकिन्छ भने वि. सं.२००४ सालमा संस्कृतका विद्यार्थीहरूले गरेको "जयतु संस्कृतम्" आन्दोलन नेपालको मात्र नभएर विश्वकै एक उदाहरणीय ऐतिहासिक विद्यार्थी-आन्दोलन हो । नेपालमा विद्यार्थी आन्दोलन त कैयौं भए तर २००४ सालको जस्तो विशुद्ध शैक्षिक आधारमा भएको सफल विद्यार्थी आन्दोलन क्रूर राणा शासनको पनि डर नमानी जन साधारणले दिएको सहयोग भने देख्न, भोग्न र इतिहासमा पढ्न पाइएको छैन । २००७ सालको ऐतिहासिक क्रान्तिको पृष्ठभूमिकाको रूपमा रहेका थुप्रै आन्दोलनहरू मध्येको महत्वपूर्ण र अविस्मरणीय विद्यार्थी आन्दोलन "जयतु संस्कृतम्" पनि एक हो । "जयतु संस्कृतम्" आन्दोलनले संस्कृत पढ्ने विद्यार्थीहरू अरू अंग्रेजी मात्र पढेर जीवन बिताउन लागेका विद्यार्थीहरू भन्दा बढी बुद्धि, साहस र जाँगर भएका हुन्छन् भन्ने कुरा स्पष्ट रूपमा देखाइदिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतम् देश भूतये
जयतु संस्कृतम् धर्म भूतये
जयतु संस्कृतम् राज भूतये
जयतु संस्कृतम् सर्व भूतये

सन्दर्भ स्रोत

(क)

१. पूर्णिमा—नवग्रह स्तोत्र—नयराज पन्त
२. पूर्णिमा—दशम ग्रह—नयराज पन्त
३. नेपालको ऐतिहासिक रूपरेखा—बालचन्द्र शर्मा
४. राष्ट्रिय चरित्र (महाकाव्य)—कृष्णप्रसाद घिमिरे
५. नेपालको ऐतिहासिक विवेचना—प्रो. ढुण्डीराज भण्डारी
६. नेपालको आलोचनात्मक इतिहास—प्रो. ढुण्डीराज भण्डारी
७. 'प्रज्ञा—इतिहास र इतिहासकार—प्रो. ढुण्डीराज भण्डारी

(ख) अन्तर्वार्ता—

१. धनवज्र वज्राचार्य—महाबौद्ध-मासंगल्ली, काठमाडौं
२. पद्मशंकर अधिकारी—कठजोर, रामेछाप
३. अच्युतराज रेग्मी—बानेश्वर, काठमाडौं
४. डिट्ठा रामप्रसाद ढुङ्गेल—टंगाल, काठमाडौं
५. इन्द्रशंकर अधिकारी—कठजोर, रामेछाप
६. शेषशंकर अधिकारी—कठजोर, रामेछाप
७. वासुदेव रिमाल—कुपण्डोल, ललितपुर

प्रज्ञा, पूर्णाङ्क ३८ बाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वि० सं० २०१३ सालको विद्यार्थी आन्दोलन

वि. सं. १९०३ सालमा जङ्गबहादुर राणा (कुँवर) ले राणाशासन व्यवस्थाको स्थापना गरेपछि २००७ सालको प्रजातन्त्र उदयकालसम्म समय-समयमा राणा शासनको विरोधमा जन-आन्दोलनहरू भएका थिए। सबै आन्दोलन र पर्वहरूको आ-आफ्नो ठाउँमा विशेषता पनि छँदैछ। वि. सं. २००४ सालमा तीनधारा पाकशालका विद्यार्थीहरूले गरेको 'जयतु संस्कृतम्' आन्दोलनको राणाशासन खतम पार्ने पृष्ठभूमिमा महत्वपूर्ण स्थान रहन गएको छ। यसको एउटा छुट्टै अस्तित्व छ। जुन आन्दोलन नेपाली इतिहासको पानामा मात्र होइन कि विश्व इतिहासकै सन्दर्भमा महत्वपूर्ण विद्यार्थी आन्दोलन हो।

'जयतु संस्कृतम्' आन्दोलन गर्दा संस्कृतका विद्यार्थीहरूले प्रस्तुत गरेका 'माग र मर्म' अधकल्चै रूपमा रहेका थिए। 'जयतु संस्कृतम्' आन्दोलनका प्रमुख विद्यार्थी नेताहरू सबैजसो निर्वासित भएर रहेका थिए र उनीहरूले आफ्नो जीवनलाई राजनीतिमुखी बनाइसकेका थिए। ती नेताहरू अहिलेसम्म पनि सैद्धान्तिक दृष्टिकोणबाट विभिन्न मतमा लागेका भए पनि एउटै 'राजनीति' शब्दको घेरामा आबद्ध भएका छन्। 'जयतु संस्कृतम्' आन्दोलनपछिका चार वर्षहरूमा संस्कृत पाठशालाका विद्यार्थीहरूबाट त्यति उल्लेखनीय काम हुन सकेको देखिंदैन। प्रजातन्त्र प्राप्तिको (२००७) लगत्तै अर्को वर्ष अर्थात् वि. सं. २००८ सालमा संस्कृत छात्र संघको स्थापना भयो। वि. सं. २००४ सालको 'जयतु संस्कृतम्' आन्दोलनमा अधुरा रहेका मागहरू तितर-बितर भएर छरिए पनि संस्कृत र अंग्रेजी शिक्षाको मान्यता समान हुनुपर्छ भन्ने माग भने पूरा भएको थियो। वि. सं. २००९ सालमा राष्ट्रपिता श्री ५ त्रिभुवनबाट राजकीय वाल्मीकि संस्कृत महाविद्यालयको समुद्घाटन भयो। नेपालमा सर्वप्रथम स्थापना भएको संस्कृत महाविद्यालयमा (अंग्रेजी शिक्षातर्फको महाविद्यालय भने चन्द्रशम्सेरको पालामै खुलिसकेको थियो) आधुनिक विषयहरू, जस्तै—अंग्रेजी, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्र, नेपाली पढाइ हुन थाल्यो। आधुनिक विषयको शिक्षा आर्जनबाट वञ्चित भएका र उही परम्परागत रटन्ते संस्कृत विद्या अध्ययन गरिरहेका विद्यार्थीहरू 'जयतु संस्कृतम्' आन्दोलन भएपछि धेरै माथि उठे। वर्तमान संसारमा प्रचलित आधुनिक विषयहरू पढ्न पाउँदा विद्यार्थीहरू (संस्कृत जगत्) को बौद्धिक क्षमताको वृद्धि हुँदै गयो। ज्ञानको दृष्टिले संस्कृतलाई भेट्न त परै जाओस् यसको पैतालाको धूलो बन्ने सौभाग्य पनि संसारको कमै भाषामा लेखिएको पुस्तकलाई प्राप्त होला। तर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युग अनुसार संस्कृत भाषा पढाउन सक्ने तालिम पाएका गुरुहरू संस्कृत जगत्मा आजसम्म नदेखिएकाले र संस्कृतमा भएका अमूल्य कुराहरूको अन्वेषण, अनुसन्धान नगरी त्यसै हात बाँधेर बस्ने अल्छे गुरुहरूको व्यवहारदेखि विद्यार्थीहरू दिग्दार भएका थिए र अहिले झन् वाक्क भएर हामीहरूले संस्कृत शिक्षालाई गौण रूपमा आर्जन गरेर आधुनिक शिक्षालाई मुख्य विषय बनाई अध्ययन गर्नुपर्ने बाध्यता भैरहेको छ, त्यसकारण संस्कृत शिक्षाको अध्ययन-अध्यापन कार्यलाई शिथिल गराउने पहिलो भूमिका (अरू पनि विभिन्न कारणहरू हुन् सक्छन्) गुरू वर्गमै छ भन्नु यस सन्दर्भमा साह्रै प्रासङ्गिक कुरा देखिन आउँछ।

यतातिर संस्कृत छात्रावास (तीनधारा पाकशाला) का २१० क्रमशः समाप्त भएर ३३ सीटमा आइपुगेका थिए। खाली भएका सीटमा विद्यार्थी भरना नगरे पछि विद्यार्थीहरूको जोश झन्-झन् बढ्दै गयो। जयतु संस्कृतम्कै उत्तराधिकारी संस्था 'संस्कृत छात्र संघ' ले छात्रावासमा खाली भएको संख्या (सीट) मा विद्यार्थी भरना गर्नु पर्छ भन्ने बुलन्द घण्काएर संघर्ष जारी गऱ्यो तर विद्यार्थीहरूको सही आवाज हावामा उड़ेर गयो। 'पहिलेकै २१० सीट कायम हुनुपर्छ' भनेर 'संस्कृत छात्र संघ' मार्फत गरिएको संघर्ष विफल हुने स्थितिमा पुग्यो र ३३ सीटमा झरेपछि वि० सं० २०१३ सालमा निर्णायक संघर्ष गर्नको लागि एउटा समिति गठन भयो।

जसमा श्रीप्रसाद गौतम, टंकनाथ 'पथिक" श्रीरङ्ग पाठक आदि थिए। यस समयमा टंकप्रसाद आचार्यको प्रधानमन्त्रीत्वको मन्त्रिमण्डल थियो। शिक्षामन्त्रीमा बालचन्द्र शर्मा थिए। यो सरकारले 'संस्कृत छात्र संघ' ले प्रस्तुत गरेका माग पत्र उपर कुनै कारवाही गरेन। आफ्ना जायज मागहरू पूरा नभएकोमा विद्यार्थीहरूले संघर्षमा उत्रने अल्टिमेटम दिए। यसमा पनि सरकारले कुनै ध्यान दिएन। बरू विद्यार्थी शक्तिलाई दबाउने प्रयास गर्न लाग्यो। विद्यार्थीहरूले पनि आफ्नो अगाड़िको कदम चाले। संस्कृत छात्रावासको पुस्तकालयमा रहेका सबै पुस्तकहरू लहरोमा राखेर विद्यार्थीहरूले राजदरबारको पश्चिम ढोकामा लगेर थुप्रयाइदिए। यसपछि विद्यार्थीहरू उहीं २००४ सालको 'जयतु संस्कृतम्' आन्दोलनकै झैं त्रिपुरेश्वरको धर्मशालामा गएर बसे। तीनधारा पाकशालामा बस्ने विद्यार्थीहरूले पढाइ बहिष्कार र भान्सा हडताल गरेपछि बाहिर बसेर संस्कृत पढ्ने विद्यार्थीहरूले विद्यालयीय पढाइ त्यागेर संघर्षमा उत्रने तरखर गर्न लागे। त्रिपुरेश्वर धर्मशालामा गई बसेका विद्यार्थीहरूका लागि खाने कुराको समस्या थियो। भिक्षा मागेर बिहान-बेलुकाको समस्या हल गर्न लागे। २०१३ सालको संस्कृत छात्रावासको विद्यार्थी आन्दोलन पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निकै महत्त्वपूर्ण थियो। त्रिपुरेश्वरको धर्मशालामा बसेका विद्यार्थीहरूलाई संझाउन सरकारी पक्षका मान्छेहरू समय-समयमा आइरहन्थे तर विद्यार्थीहरू भने आफ्ना जायज मागहरूप्रति दृढ प्रतिज्ञ थिए। सरकारको ध्वाँसले नतर्सिएका विद्यार्थीहरूमा अरू समाजको पनि सहानुभूति मिलेको थियो। अन्त्य अवस्थामा सरकारले तीनधारा पाकशालालाई उखेल्न खोजेको कुनीति विफल भयो र विद्यार्थीहरूले माग गरेका पुरा नै २१० सीट कायम हुनुपर्छ भन्ने संकल्प पनि पूरा हुन सकेन। आखिरी मध्यस्थताको रूपमा आइन्दा २१० सीटको सट्टा १०६ सीट कायम हुने गरी दुवै पक्ष बीच सहमति भएर कुरा टुङ्गियो। यस क्रान्तिका सम्बन्धमा थुप्रै कागजपत्रहरू छन् भन्ने सुनिएको हो तर ती सवै पाउन सकिएन।

यो त भयो वि० सं० २०१३ सालमा तीनधारा पाकशाला संस्कृत छात्रावासका विद्यार्थीहरूले छात्रावासको अस्तित्त्व कायम गराउनको लागि गरेको संघर्षको एउटा छोटो विवरण। यसै बीचमा एउटा भयङ्कर ठूलो घटना घटेको थियो, जुन नेपालको इतिहासमा मात्र नभएर विश्व इतिहासकै पानामा एउटा उल्लेखनीय घटना हुन सक्छ। तीनधारा पाकशालाको पुस्तकालयमा रहेका सम्पूर्ण पुस्तकहरू लहरीद्वारा राजदरबारको पश्चिम ढोकामा बुझाई पूर्व कार्यक्रममा समावेश नभएको ठूलो जुलुस र नाराहरू बनाई त्रिपुरेश्वरतिर फर्किरहेको थियो। यसमा केवल विद्यार्थीहरूको जुलुस मात्र थिएन अन्य जनताको हूल पनि थियो। विद्यार्थी र जनताको मिश्रित जुलुस नयाँ सडक शाही नेपाल वायु सेवा निगम अघिल्तिर आइपुग्दा त्यहीं त्यसबेलाका शिक्षामन्त्री श्री बालचन्द्र-शर्मा चढेको जीप आइपुग्यो र त्यसलाई ठूलो हूलले रोकिदियो। यस अवस्थामा विद्यार्थीहरूको जोश निकै बढेर आएको थियो। यही उत्तेजित जोशमा विद्यार्थी-हरूले जीप रोकिएकै अवस्थामा शिक्षामन्त्री बालचन्द्र शर्मालाई कुट्न लागे। यस्तै गलफन्दी गर्दागर्दै शिक्षामन्त्री चढेको जीपको झण्डा (नेपालको राष्ट्रिय झण्डा) च्यातिएर गायब भयो। झण्डा गायब भएपछि शिक्षामन्त्रीले विद्यार्थीहरूमाथि आरोप लगाए—

"यो के काम गरेको? मेरो अपमान त तपाईंहरूले गर्नुभयो तर यो झण्डाको अपमान किन? यस झण्डामुनि सारा नेपालीहरू रहेका छन्। भीमसेन थापा, वीर बलभद्र, पृथ्वीनारायण शाह जस्ता महापुरुषहरू बसेका थिए—यही झण्डा मुनि।"

शिक्षामन्त्रीले यसरी नेपाली राष्ट्रिय झण्डाको अपमान गरेको आरोप विद्यार्थीहरूमाथि लगाएपछि उनीहरूले भने—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"हामीले झण्डाको अपमान गर्न खोजेको होइन। बलभद्र, भीमसेन थापा, पृथ्वीनारायणशाह जस्ता वीर योद्धा र समस्त नेपाली जनताहरू यही झण्डामुनि थिए र छन् तर यस्तो पवित्र झण्डामुनि विद्यार्थीहरूका जायज मागप्रति वेवास्ता गर्ने र संस्कृत शिक्षाका विरोधी वर्तमान शिक्षामन्त्री बालचन्द्र शर्माको अपमान गरेको हो। यस्ता निर्विवेकी मान्छे यो झण्डामुनि बस्न योग्य छैनन्। उही पनि यो झण्डा हामीले च्यातेको होइन। कुनचाहिं सरकारी सी० आइ० डी० ले विद्यार्थीहरूलाई दोष लगाउन च्यातेर भाग्यो।"

शिक्षामन्त्री बालचन्द्र शर्माले यो कुरा पत्याएनन् र श्रीप्रसाद गौतम र श्रीरङ्ग पाठकमाथि राष्ट्रिय झण्डा च्याती अपमान गरेको आरोप लगाई अदालतमा मुद्दा दायर गरे। त्यो मुद्दा आजसम्म पनि शायद मुलतवी छ।

वि० सं० २०१३ सालको विद्यार्थी- क्रान्तिका बारेमा विस्तृत रूपमा उल्लेख गरी त्यसबेला प्रकाशित भएका पत्रिकाहरूमा समाचारहरू र टिप्पणीहरूको रूपमा प्रकाशित भएको पाइन्छ।

(साभार–'अरुणोदय' पत्रिका)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐतिहासिक सामग्री

खण्ड

ऐतिहासिक सामग्री (१)

तीनधारा संस्कृत छात्रावासको सुपरीक्षक कार्यालयको उत्तरपट्टिको भित्तामा तामापत्र रहेको छ। तामापत्र निकै ठूलो छ। यो तामापत्रको तपसील बाहेकको भाग अरूणोदयमा र सम्पूर्ण तामापत्रको पाठ 'प्राचीन नेपाल'मा भूपहरि पौडेलकै नाममा प्रकाशित छ।

श्री हवुवाज्यु
१

श्री ५ सर्कार
२

१. स्वस्ति श्री मदति प्रचण्ड भुज दण्डत्यादि श्री श्री श्री महाराज वीर सम्सेर जङ्ग राणा वाहादुर प्राइम् मिनिटर याण्ड कम्याडर इन चीफ कस्य रुक्का— — — — — — — — —

२. स्वस्ति श्री मद्राजकुमारात्मज श्री कम्यांडर इन चीफ जनरल देव सम्सेर जंग राणा बहादुर कस्य पत्रम्— — — — — —

३. आगे पाकसाला ३ धारा क्षत्र ब्राह्मण भोजन गुठीमा अघी हाम्रा—१— वाट दान पत्र गरी व कस्या का ब्राह्मण जना ५४ र हाल् हामी वाट थपी वक्स्या का ब्राह्मण जना ५४ जमा ब्राह्मण जना १०८ लाई सम्वत् १९४३ साल वैसाष् सुदि ३ रो

४. जदेषी नित्य वेहान वेलुका भोजन र वर्सका जनहि २ जोर लुगा ३ वर्समा १ फेरा दिने जनहि राडी पाषी षात् तकीया: काम्दार कारीन्दा के तलव काम् काम् स्मेत षर्च गर्ना लाई पैंदावार निमित्त अघी हाम्रा—१—वाट संकल्प गरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. वक्स्या को र हाल हामी वाट संकल्प गरी व कस्या को र गुठी का जगेरा वाट षरीड गया का जगा स्मेतका तप्सीलका जगाको तावा पत्र गर्ना लाई दान पत्र गरी वकस्यौं काम गर्ना लाई काम दार स्मेत् राषी वकस्या को छ तप्सीलका जगा को ,

६. पैदावार घर पसल्का वाल् स्मेतले रोजिन्दा व्राह्मण जना १०८ लाई सो क्षत्रमा राषी वेहान वेलुका भोजन् गराउनु रोजीन्दा भोजन गराउना लाई चाहीने तप्सील वमोजिम्का आम्दानिले तप्सील वमो जीम् का माल वर वन्दी वमो

७. जीम गुठीका जगावाट हुने मालले र गुठीवाट न आउने माल वजार वाट मुनासिव माफीक् मोलदी खरीद गरी काम चलाउनु क्षत्रका सतल् घरपसल भक्यो व्राह्मण भोजन्का भादा वर्टन् विग्रयो

८. नासियो भने जगेरावाट वनाउनु वर्ष दीन लाई धान् चावल् गहु जीन माल् आम्दानी वाट वजारमा राषी जगेरा रह्या का जिन्सी माल् समयका भाउले विक्रि गर्नु षेत्मा षो लो पैरा असिना सलह सुका आ

९. ग लागि वालि पाकेन दैवा गत् परी आयो भन्या जगा जाची टल्की वोटी नोक सान ठहर्‍याको मोहि लाई मिन्हा दिनु षर्च लाई साल् सालका आम्दानीले पुगे न भने जगेरा वाट षर्च गर्नु साल तमाम् भया पछी गुठी यारले वहि

१०. वुझाई फार षति लिनु सो क्षेत्रमा हाम्रा सन्तान् हरूमा सपुत हुनेले आम्दानी थापी धर्म वढाउनु दान पत्र वमोजिम घटी १ नगरी ईमान् धर्म समझी जसले काम गर्ला उस लाई ईहलोक पर लोक वढीया होला घटी वढीं पारी

११. जसले लोभानी पापानी गरी गुठी हिन गर्ना मा लाग्ला तस्लाई यस्लोकमा लेषिया वमोजिम होला

स्व दता पर दत्ताम्वा यो हरेच्च वसुंधरा ।
षष्ठि वर्ष सहस्राणि विष्टां यां जायते कृमि : ॥

त प सी ल्

आम्दानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रा—८—वाट ४१ साल वैशाष वदी १ रोज मा दान पत्र गरी संकल्प गरी व वकस्या को

जगा को— — — — — — —

असामी— — —षेत सचा धान् गहुँ मकै कोदो मास् दाउरा पराल्-जुत्ता छ्यू षानी ठेक् सेर्मा चार्दा वल

भारी मुठा जोर मोरु पैरु

मोरु मोरु मु ठेकी पैं. रू.

भाद गाउ कालीदह———

	।३२	८०	११४,	—	—	२॥=	३।
ऐं खासीयाको	।१८	४।१०	०	१८		१॥.।	३।
ऐं डोला	।१६	०	५।	।१४	१		T
ऐं चषु	११८	२।१०		।१०			T
ऐं सौ डोल	।१२	३।५	०	।१२			T
वागेश्वडो माल	।८	०	२।१४	।६।६			T
ताला वाला गाउँ							T
अघीको	।४६	०	१२।११	१२।६			।१।T
४० प पछिको	।६ जमा	पाटन	गों	षेत	१६	२।१०	T
भाद गाउला वसो	।८	१।१०	०	।५			T
ऐ नाषीक	।४	।१।	।४				T
ठे मीई टोल	।४	१		।५			T
ऐं वायषा २ ठाउ							T
गरी	।८		४।	।२			T
ऐं ईठि पुषु १४							
सिति ४ जमा	।८	०	४।	।२			२॥
भाद गाउ षापी	।२०	५।५	१।६।२				T
नं० पंल चोवु	।१२	।३।३	।१०।४				T
भाद गाउवदेको	।१२	३।३	१२।४।२॥				T
ऐ भालादो	।२४	६।६		१।११।४			T
ऐ घुतुचा	।१२	४।४	०	.१।१			T
नंपेलक्व दुवु	।१२	३।३	।१०॥-४				T
भाद गाउ छोटो युषुन टोल	।१०	२।१२।४	०	।१०।४			T
ऐ क्वल्ह पतास्पू झसांटोल	।६	१।६।२	०	१।४।१।५			T
ऐ सीपा दोल	।६	१।१	०	।२॥८			T
ऐ पुकु दोल	।८	०	।१।६।२				T
ऐ मं थौ	।८	०	३।१३।४	१			T
ठेमी षलापी	१३।६।४।५	०	३।१०	।४			T
ऐ गा वु ३ मध्ये	।८	०	३।१०				T

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐ गावु ३॥ मध्ये	१९।६।२	०	३।३				T
नगदेल मनोहरा घट्या री दी	१९।६।२	०	६।६	१६।२।४			T
ही स्मेत ७ मध्ये							
वानैश्वर	१२२	०	५।५				T
ताहाचल अफल टोल	११६	१३।१३।४	.	३६			T
पाटन् नषु वंतीभ्यो	११६	४।४	०	११।		१	T
बौध मतंगाल	११२४	०	६०।				T
बागमती सर घाट	१२	०	१०।				T
हादी गाउ भुजी ष्याट	१२४	०	८।	४			T
छिता पाइला	१८	०	२।				T
कवीलास थप्राक	११३	०	४।	१२			T
गोर्खा लीग् लीग्	११	०	४९।२।४	१॥।		४'॥२	T
नैंधीत्सु त्यानी	११	०	४२।६				T
नगर्कोटछहया	११	०	२११।६				T
पुर्सुल गापाट स्मेत गंगा जमुना	१८०	०	४२				T
मैंधी अवाले	११२.	०	६।				T
गंगा जमुना षेत का विह्लौटो	१४।२	०	२।२				T
पापा पीपल							
तार मुरी पाईकाल	—	—	—	—		T	— T
गापा ८ स्मेत पाषा करीया	१२२				२३	T	T T
चनौटे	१३०	०	१५।	।	।		TT
छो दे नी पाषो					॥।		T
पुर्सुं पीपल तार पाषो					।.	३	T
ऐं काभ्रे	१८०	०	४५।	०	।		T
ढादे पाषो स्मेत	१२८	०	१४।	॥			T
वदहया	११२	०	६।				T
अमल्या	१४	०	२।२				T
वीह्लौटो	११६	०	१८				T
टोदेनी	१५०	०	१८				T
ढोदेनी पाषा कुरीया ३ को	०	०	०	३	०		T
पीपल टार पाषो	११७७।१०		११८।६	१२			T
दर्कै अमले	११६	०	८।१०				T
३ धारा पो षरीत को पामुनी	११३	७।७	१७	११।			T
माहा देउ पोषरी वाला गाउमा रू	×	×	×	×	×	×	×
पन्ड १ डोल ठाउँ १डाडा कागडा							
ठाउँ १ पैंयाना र गपा ठाउँ १							
ठुलो टार ठाउँ							
१ ज्मा ठाउँ ५ को	८०	०	९।१०	९।४			२।
नाला चुना ताल जगाको	×	⊠	×	×	×	×	×
वीचारी गोवीन्दनाथ दाहाल							
जी ज्मा पैंसा पाषाको	११४।९।१०	४३।१८	२।१।७।६	५।२	·		१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नीज मोही गोविन्द नाथ भुजी षेत वारी २ मोही नीत्या दत्त
दाहाल् के पे ८१।१० के ठाउँ गरी—।४६ – ८।/८ दाहाल् के खेत
—— —— ।२६ के
३३।२ ——
असामी—षेत, धां, गहुँ १।१० १।१३ टाके
षेत —।१२—४।५—।४
भुजी षेत षुमचो
—।१४—४।—।४
तहनी भुजीषेत ।३२—१५।२—१५
उप ह को रे-रे – ।३२—१०—।१०
चुना ताल् दाहाल गाउ पाषा जगाको— — — — —
।२६— — — —
कोमकैं— — —।१२ ८।५।८
चुना ताल् दाहाल् गाउ पाषा जमाको— — — — —
मोही लक्ष्मी कान्त चन्दकान्त दाहाल् के— — — —
मकै— — — — — —२।४ षेत् ।१३।१० के
कुरीया १को षला २ के— — — — —१।१२
मूल षेत वीह्लौतो— — — — —१०।१०—१।११—
वारीका कूट— — — — —१२ ऐ छेउ वीह्लौतो
— —।३—१।— —
कुरीया १ को चार्दाम ठेकी पैरू—/— — — —T।१३।१० २११
— — — —चुना टाल् दाहाल् गाउ पाषा कुरीया २ के
मोही गोपि लाल् दाहाल् के— — — —मकै १।१७।२।६
चुना टाल् दाहाल् गाउ पाषा कुरिया को मकै १।९।२।६— — —
चार्दाम् ठेकी कुरीया कोTदरले पैरू २।। षला १ को——१।४ मोही देवी
दाहाल नीके— — — — — — —
— — — —चुना टाल पाषा कुरीया १ के— —
मोही उदै नारां दाहाल्
के— —मकै— —।१२
चुना टाल् दाहाल् गाउ पाषा कुरीया १ को चार्दाम् ले— — —पैरूT
मकै— —१।१२ चार्दाम ठेकी पैरू— — — —
नगदी कुरीया ५को चार्दाम ठेकि पैरू— — — — ।२।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जिन्नी — — — — — — — —
षेत १।४९।१० के— — — — — — —
धान्— — — — — — — —

४३।१८ गहु २।१

— — — — — — — —
पाषाको मकै — — — — — —७।६ ५।२
हरि नारान् दाहाल् जिम्माके १।१९।१५— —२९।८ १।९— —
४।३।७।९— — —।२।
निज हरि नारां दाहाल् मोही के — — —मोही लक्ष्मी नारां दाहाल के
— — —मोही प्रतीमन् दाहाल् के— — — —
षेत् ।४७।१५ के— — षेत् ७२ के— — —चुनाटाल् पाषा
कुरिया १ के— — — — — —
असामी षेत्–धान गहुँ–टा के षेत्— — — —१६।४T४
मकै ।५।२।६ चार्दाम् ठेकि पैरूT
ताके वीसे तार ।१४।१० — ४। — ।४ दोल् वीह्लौटो— — —
।५६। १५ माही जदुनाठ दाहाल् के— — — —
ऐ षेत् — ।८ — २। १२।७२ १९। १९— — —
चुना ताल् पाषा कुरीया १ को— — — — —
मुषेत्— — ।।२४— —४ — ।४ मोही राम क्रस्न— — —
दाहाल् के मकै १।१२ चार्दाम ठेकी पैरू— — — —T
ऐ कुलामनी — ।१।५ — ।८ चुना तोल कुरीया पाषा १ के मोही प्रतीमन्
दाहाल् के— — — — — — —
— — — — — — — —
।४७।१५।१०।। १० मकै ।१०।५।३ चार्दाम् ठेकी पैरू/
चुनाताल् पाषा कुरीया १ के— — — —मोही वैंजनाथ
दाहाल के नगदी पाषा कुरीया ५को चार्दाम ठेकी— — —
मकै — १।४ — चुनाटाल पाषा कुरीया १ के पैरू— — —।२।
चार्दाम ठेकी पैरू — — — — —।मकै।४ चार दाम्
ठेकी— —पैरूT— — — —जिन्सी
षेत् ।१।१९।१५ के— — — — —
धान् २९।८। गहूँ ।१।९
— — — — — — — —
पाषा को मकै— —४ ३।७।९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरि प्रसाद दाहाल जिम्मा के— — — — —

१।२४।१०

१९।१४

।०

२।६

२॥।

निज मोही हरि प्रसाद श्री विलास दाहाल गाउँ मध्ये स्वारा पाषाको नगदी पाषा कुरीया ३ का चारदाम ठेकी दाहाल के —. मकै — २।८ पैरू २/॥।

षेत् १।१९।१ के— —कुरीया १ के १६ ऐ १ के१।१२ जिनसी।

मूल षेत।३२ — ५ — ।५ कुरीया र को चार्दाम ठेकी पैरू २॥

षेत् १।२४।१० के— — — — — —

टार षेत् ।१० — ११ — ।१ — मोही देव निधि दाहाल के— —

सनदभै आयाका अडामार्फत् कुमारि चोक् गोस्वारा तहविलमा वुझाउनु पर्ने होतापनि सोझैतेस अडाले बुझाउने गरी बक्सेको छ लेषिया वमोजिम सवै अडा लाई मिलने उर्दिका तवरको सनद पुर्जिहरू जति ऐन् मुलुकि सवाल् हरूमा परि न आया सम्म सो हि साविक् उर्दिको सनद उर्दिवमो जिम् कामग दैरहि अँन् मुलुकि सवालहरूमा परि आयाप छी उसै बखत्मार अरू योसबाल् वाट खारेज भया को काम गर्नु नपर्ने खारेजि सवाल् सनद जति हालैते स अडा वाट चलानि साथ श्रीकुमारि चोक् गोस्वारा तहविल्मा वुझाई भर्पाई लिनु

बुझबुझारथ गर्ने काम्—

---

२४ नं ॥ ॥ तेस अडाका हाकिम्को अदलि बदलि हुदा आफुले वुझा उनुपर्न्या सवाल् सनदश्रे स्ताकागज पत्र नगदि जिन्सी ईत्यादि जोजतिछ अैन सवाल् बमोजिम् अकर्ण भर्पाई तयार गरी गराई हा लवालाले वाहाल् गरेका मितिले ३५ पैतिस् दीन् भीत्र बुझ बुझारथ काम तामेल् गर्ने गराउने गर्नु ईति सम्वत् १९८७ साल् माघ २८ गतेरोज ३ शुभम्

—०—

ऐतिहासिक सामग्री (६)

शिरानमा खड्गनिशाना छ। व्यहोरा शुरू भएपछि देब्रेपट्टि २ छाप, पुछारमा ४ छाप, पछाड़ि कागज गाँसेको ठाउँमा 'कौशल अड्डाको ठूलो र सानो छाप छन्। यस पत्रको सक्कल प्रति तीनधारा पाकशाला अड्डामा रहेको छ।

श्री ३ भीम्

कौसलबाट जाहेर गरेको रपोट्... ... ...

१. उप्रांत तीनधारा पाकशालामा श्री ५ सरकार तर्फबाट राखी बक्सेका विद्यार्थी ज्वां २७ ला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. ई चाहीने षर्च सवाल सनद बमोजीं ५ सरकार तर्फ गुठी षर्च अडाबाटती धारापाक

३. सालाले जीम्मावारी ली धुवाउन मीन्हा मोजरा नीकास पुकासभित ५ सरकार तर्फ.........

४. ठीवं दोवस्त अडै मार्फत लीने दीनेगरी आयाकोर येकैछेत्र भान्सामा खाने विद्यार्थी

५. ...रूलाई २ तर्फका नीकासा दुवैतर्फको माहाजं हरूबाट दर भाउनै कंवेसी पर्न जाने

६. र माल आउदा पनी यकै कीसींको नभै वेगला वेगलैकीसींको माल पर्नजाने

७. सरकार तर्फको जती गुठी वंदोवस्त मार्फत नीकासा पुकासाकां समेत धेरै तह अडा

८. हरूवाट सदरभै आई मात्रकां चल्नेभै मौकामा नीकासा चाडै नपाई धी

९. ला हुन जाने हुनाले सग्ते षानलाई नालाई विद्यार्थीहरूलाई गलीफ \र कां गर्ने

१०. हाकीं कारींदा हरूलाई वाधा पर्ने स्मेत देषीयाको हुनाले अब उप्रांत सो ५ सरकार

११. तर्फका विद्यार्थी ज्वान् २७ लाई पनी भोजं गराउने कांको मातहत र नीकास पुकास मे

१२. त श्री ३ सरकार तर्फ गुठी वंदोवस्ते अड्डै मार्फत श्री ३ सरकार गुठी का तैनाथ वालाबाट

१३. गरी दीयाका नीकासा वमोजीं ५ सरकार गुठी षर्च अडारती धारा पाकशाला अडास्मे

१४. त हरूले मीन्हा मोजरा हुन पाउने नीकासा... ... ...सरकारको नोक्सानी पर्ने पनि केही न दे

१५. षीयाको र कांगर्ने कांदार कारींदाहरूलाई पनीनीका सपुकासकाकां गर्नालाई र वी

१६. द्यार्थीहरूलाई समेत मौका मौकामा षान लाउन वषत वषतमा पाई सुवींस्ता हुने हु

१७. दोहो भनी श्री ३ सरकार गुठी वंदोवस्त अडाका हाकींकारींले हाम्रा हजुर्मावींती

१८. गर्दा जाहेर भै मनीसीवै देषीयाको हुनाले सोही वेहोरा हामीबाट पनी श्री ३ माहाराज

१९. वुवाज्यूका हजुर्मावींती चढाउदा सो तीनधारा पाकशालामा रहेका ५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मरकार तर्फका वी

२० .विद्यार्थी जवान् २७ लाई भोजं गराउनेकां पनी श्री ३ सरकार गुठी वन्दोवस्त अड्डा मातहत र

२१. ही सो गुठीका तैनाथ वाला श्री ५ क जले गरी दीयाका नीकासा पुकसाद स्पत वा

२२. जीं माहीन्या षर्च गर्नु पर्ने तीनधारा पाकसालालेर ५ सर्कार गुठी षर्च अड्डाले दीनेली

२३. नेर मजकुर यकजकैद समेत वमोजीं मीन्हा मोजरा स्मेत हुने पाउने गर्नालाई जुं जुं

२४ अडाका नाउमा जे जुं वेहोराको सनद सवाल स्मेत जो जो गरी दीनु पर्दछ गरी दीनु भने

२५. मुल्की अडाका नाउमा तीम्रै दस्खत गरी पठाई दीनु भंने श्री ३ माहाराज वुवाज्यू वा

२६. हुकुं भै वक्सेको हुनाले हुकुंवक्सेको लेखीया वमोजीं गर्नु भन्या श्री प० क० ज० धर्म स

२७. म्सेर जङ्ग बहादुर राणाले दस्पत गरी पठायाको वेहोरा हाम्रा हजुर्मा जोहर भयो

२८. त सर्थ हुकुं वक्सेको लेषीया वमोजीं गर्ने गरी सनद सवाल गरी दीनालाई जाहेर ग

२९. री ज जसका नाउमा चाहींछ चाहीने वेहोराको सवाल सनद गरी दीने कां गर्ने छौ भं

३०. का यस अडाका तालुकवाला सुप्रदीप्त मान्येवर कम्मांडीङ् जनरल मोहन सम्सेर जङ्ग

३१.वहादुर राणा के सी आई० ई का नाउमा ८८ साल मार्ग २२ गते २ मा १ छापे भै आयाको

३२ हुनाले सो वमोजीं सनद गरी दीनालाई वुझदा सो ३ धारा पाकसालालाई श्री ५ सर्कार

३३ तर्फवाट रहेको २७ ब्राह्मणलाई भोजं गराउनेकां लाई चाहीने षर्च लेकी सो ठेकीया

३४. मोजीको नगदी नै श्री ५ सरकार गुठी षर्चबाट ३ धारा पाकसालाका हाकींले जीम्मा वा

३५. रीली चाहीने माल लीने माहाजं वन्दोवस्त गर्नालाई साल-साल कौसी तोसा-पानामा

३६. दर्भाउगरी सो दरभाउर सद गराउनालाई मुल्की अडा मार्फत जाहेर गरी सदर भ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३७. या वमोजीं महाराजवाटलीते भैरहेको र श्री ३ सरकार तर्फ गुठी
चलाई चाहीने

३८. ल साल-साल ३ सरकार गुठी षर्चवाट माहाज राखी दरभाउ गराई
श्री ३ सरकार तर्फ गु

३९. ठी वन्दोवस्त मार्फत प क जमा जाहेर गरी सदर गरी दीयाका माहाजंबाट ली

४०. ने जाहेर गर्ने नपर्ने भैरहेको यो १ धारा पाकसालालाई श्री ५
सरकार तर्फवाट रहेका

४१. २७ व्राह्मणलाई भोजन गराउनालाई चाहीने मालको दरभाउ गर्ने अव कौसी वा

४२. ट गर्न नपर्ने गरी श्री ३ सरकार गुठीबाट गर्ने गरी दीयामा मीलन
जाने सो गरी दीतेस

४३. गी मानखोलीयाकोले अब नीकालाको हकमा ३ धारा पावुसालामा श्री५सर्कार

४४ र तर्फवाट रहेका २७ व्राह्मणलाई भोजं गराउनेकी श्री षकजको
मातहतमारा

४५. राखी वक्सेको छ सो पाकसालालाई सालसाललाई सनदले ठेकीयाको खर्च।

४६. ल सनद वमोर्जी सालसाल श्री ५ सरकार तर्फ गुठी षर्चवा ३ धारा
पाकसालाले

४७. जीम्मावारी लीनुदीनु गर्नु अरू दरभाउ गराउने हकमा श्री ३ सर्कार
तर्फ गुठीलाई

४८. चाहीने मालको सालसाल दरभाउ गराउने सह्र सो सवाल सनद
को रीत पुऱ्याई

४९. साल वसाल सो साथैं दरभाउं गराई तालुक बालाबाट सदर गरी दीयेका पेस्की

५०. वाला माहाजनवाट मालली सवाल सनदको रीत पुऱ्याई माहाजनलाई मोल

५१. लेपी दीनु कौसीतोसाषाना मार्फत दरभाउं गराई रहनु पर्दैन सो २७ ज्वान व्रा

५२. ह्मण भोजं गराउनेकांमा तेस ३ धारा पाकसालावाट र श्री ५ सर्कार
तर्फ गुठी वंदोवस्त

५३. मार्फत जाहेर गरी श्री ३ सर्कार गुठीका तालुकवालाले सदर गरी
दीयाका आडर द

५४. दस्खय पुर्जा वमोजीं मीन्हा मोजहा दीनुलीनु हाम्रा हजुर्मा जाहेर [गरी
रहनु पर्दैन भ

५५. न्या यो रपोट सदर गरी वक्से ५ हले श्री ५ सर्कार गुठी वन्दोवस्त
कौसीतोसाषाना श्री ३

५६. सर्कार गुठी वन्दोवस्तलाई जो चाहीं हट चाहीने सनद भै जाने हुनाले
सो वमोजीं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५७. म गर्नु भन्या यो रपोट् ३ धारा पाकसालामा पठाई दीने ठहरा न्यू जो मर्जी हुकुं

मीर सुब्बा लक्ष्मी प्रसाद भुड्भरी— — — —१

मीर सुब्बा कालीदास — — — — —१

नायेबसुब्बा बुद्धीमान् — — — — —१

षरीदार पृथीमान् — — — — —१

षरीदार कृस्नमान — — — — —१

मुषीया रुद्रमां

मुषीया गोवींन्दमान् -- — — — —१

ईती सम्वत् १९८८ साल फागुण १२ गते रोज ३ शुभम् — — —

श्री प० क० ज० बाट

१. तिधारा पाकसालाका हाकीं कारिंदाके यथोचित. उप्रांत पाकसाला छत्रमा साझ सवेर खाई पाठसा

२. लामा पढने वीद्यार्थीहरूले साझ-विहान भात षाने टायेंमा अन्नदाताहरूको जये ध्वनि गरी षानु

३. पर्नेमा. कोही अघी-कोहि पछि-भै-दुरुस्त जये ध्वनि हुदैंन. सामेग्री घटि लगाये मापनि-२।३ पटक संम

४. लगाईरहदा पनि आई नपुगी ठुल्रो भांसा धेरै वेर टागीरहदा कुकुर वीरालो आई भान्सा छोला भंना

५. को पनि डररहने र अवेला भयेका पक्षमा साझको टायेंमा भान्सा सुधर सफा गर्नसमेत अडषड पर्ने

६. भयेको वुझीनाले तपसीलमा लेखीयाको टायें टायेंमा षंटिदि भोजं गराउनेर घटि दियेपछि पनि

७. अटेर गरी टायें षीलाप गरी. आउने विद्यार्थीहरूको नाम टिपी मैन्हा दिमा ३ पटक सम्म यौटै विद्या

८. र्थी पछि-भयेमा हांराहजुंमा वीन्ती गर्नु भन्या संमेत गरी बक्सनु पर्ने ठहरान्यू भनि श्री ३ सर्कार तर्फ

९. गुठी वन्दोवस्त अडाका हाकीं कारीन्दाले हांरा हुजुर्मा वीन्ती पार्दा जाहेर्भयो तसर्थ माथी लेषीया

१०. वमोजीम् गर्ने कांगर — — — — — —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपसील

११. असामी— --पैलाघन्टी-- --दोश्राघन्टी-- --तेस्राघन्टी

-- -- -- -- --

१२. विद्यार्थीलाई वीहान भोजन
गराउने टायें घन्टा ८।३०--८।४५--९

१२. एँ एँ वेलुका भोजन् गराउने
टायें घन्टा -- --४।१५--४।२५--४/३५

-- -- --

१४. ईतिसम्बत १९९२ साल आषाड ३१ गते रोज २ शुभम् ।

-- -- --

श्रीः पः फः जः बाः ट

१. तींधारा पाकसाला अडाका हाकीं कारींदाहरूले पुर्जी हेरी येस पा कसा ला क्षेत्रका श्री ५।३ सर्कार दुवै त

२. र्फ का वीद्यार्थीहरूलाई बडा दसैमा तस्मै भोजं गराउनालाई सावीक देषी पइक कै पी छे जा हेरग

३. रीजवा १ को दुत माना ।.। १ येक र चीनी सैक्रा धार्नी २S मात्र थप वक्सी आयाकोले साल वसाल

४. षुवाउनु र : मसला स्मेत राषनु भने केही आडर नीकासा नहुदा यो ९५ सालको उसैलाई चाहिने दु

५. द् चीनी र मोरू २। को मसला स्मेत् येस अडा माडरियाका साछी कारो हवरमा वजार खरीड गरी अष्टमी

६. नौमीडीं २ लाई तस्मै भोजं गराऊन हाजीर भया का ज वांका डामा साहीले जही षर्चङ्ग ग श्री ५।३ सर्कार

७. तर्फका स्याहामा षर्चले वीडी नु र अब उप्रान्त आग्ये साल देषी जाहेर गरी रहन पर्डैन साल वसाली

८. माथी लेषिया वमोजीं बजार खरीद गरी चाहीने षर्च लगाई मसला स्मेत राषी खुवाउन भनी नीका

९. सा व क्सन पर्नै ठहरा ञ्युजो मर्जी भनी तींधारा पाकसाला अडाका हाकीं कारींदाहरूले श्री ३ सः गुठीवं

१०. दो वस्त अडा मार्फत् हाम्रा हजुरमा वींती पार्डा जाहेर भयो त्न सर्थ सोही बमोजीं हामी बाट पनी सडर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११. गरीव कसेको छ वही वुझडा मीन्हा मोजरा होला सोही वमोजीम् गर्ने काम गर ईती सम्वत् १९९४

१२. साल आश्वीं ९ गते रोज १

१. तिनधारापाकसालाका हाकीम् कारीन्दाले पुर्जी हेरी हामी श्री ३ महाराजबाट रोजको २७ जना ब्राह्मणलाई पाकसाला

२. मा भातपकाई खुवाई पाठसालामा पठाउने पाकसाला गुठी षडागरी साझ व्याहान खानाषर्चके चाहीनेर लुगा

३. विछ्यौना पर्व कालमा नगदी वाडनाके चाहीनेषर्च कोडरबन्दीगरी सोदरबन्दीले लाग्ने ठहरेको रूपैंञा साल

४. वसाल आएस्ता दाखील हुने गर्नालाई चाहीने जगा षरीड गर्ना निमित्त हामी श्री ३ महाराजका जन्मो

५. त्सव १९९६ साल वैसाख वडि ४ रोज चैत्र २६ गते रोज ७ का दीन मोहरू १००००० यकलाख संकल्प गरी

६. षरीद गर्ने जगा आयेपछी सो रूपैंञावाट खरीद गर्ने गरी संकल्प भयाको रूपैया सडर मुल्की षाना का

७. श्रेष्टामा दरोट् आम्दानी वाधन लगाई बकसेको र हाल वीर्ताजगा विक्री गर्छु भनी विर्तावार श्री जसेर

८. सम्सेर जङ्ग वाहादुर राणाका छोरारानीहरूले वीन्ति चढायेको हुनाले सम्वत् १९५९ साल भाद्र सुडि ४ रो

९. ज ७ मा श्रेमेज सेर सम्सेर जङ्गबहादुर राणाका नाउँमा वकस विर्ताको लाल-मोहरभैं भोगगरीआ

१०. यका विर्ताजी हत्रै महतरी प्रगंना महतरी मौजे वथनाहा कमलपटीको जगा ८४ सालमा विर्तावार

११. तर्फे वाट नापी ज्मा वंदी गरी ज्मा वंदी वमोजीं सालवसाल आयेस्ता उठाई पाई आयेको यसै जगा

१२. मध्ये गुठीमा वन्धकपरेको जगा विगहा १५१।।।३।४।। को उठतिकंरू १६३३।।। ।।२ र नगदी रकं तार १। कठीपार

१३. १।।ऽ। सोडाकोर्टि ६।/। चर्सा २१/।ऽ जमा रू० ३०=।।।२ दुवै जमा रू० १६६३।।। ≡।। उठतिको ९६ सालका वालि देषी

१४. र क वुद्ध सम्सेर जङ्गबहादुर राणाका भागको जगा वीगहा २३९।। ।।२।। कोउठतिकरू २५४६ऽ३ र नगदी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५. रकं तारको १४ सोराकोटिको ३४।। ।।२ चर्साको ३७।२ कोटवारी ३
स्मेत् ज्मारू १०२=।।।२ दुवै ज्मा कंरू

१६. २६४८≡१ उठतिको जगा ९६ सालका वालीदेषी आयस्ता आउने गरीवक्सेको
छ हामी

१७. वाट पाकसालागुठी को निमित जगा षरीड गर्नालाई संकल्प गरी मुलुकीषाना
मा ढरौट राषन लाई

१८. वक्सेको मोरू १००००० को मुलुकी षाना का डर सैंक्रा ३।। काडरले चाहीने
कंरू १०३५०० र नगदी तहवील

१९. पैल्हाफाट् वाट आएको कंरू ११०१—स्रे रू ज्माकंरू १०४६०१ मध्ये मोल
कंरू १०४४९५ र रजिस्टेसं दस्तुर

२०. लागेको कंरू १०६— स्मेत् खर्च लेषी फाछ्र्येपत्र गरी लिनु भने स्मेत् ९६
साल मार्ग १३ गते ३ मा श्री ३ सर्कार

२१. तर्फ गुठी वन्दो वस्त कानाउँमा सनदभैं गएको जाहेर भयो हामिवाट संकल्प
भयाकाकंरू १०४४९५ को

२२. खरीड भयाका जगावाट लेखियका सालका वाली देषी साल १ को आउने
आएस्ता मालपोत उठ

२३. तिरू ४३१२ऽ=।।१ को मुलुकीखाना काडर सवाई ले ले हुने मोरू ५३९०।१६
पाच हजार तिन्सये नब्ये रुपैया

२४. सोह्लपैसाले ब्राह्मण जना २७ लाई षानलाउन दी पाठसाला मा भर्ना गरी
पढाउने गरी सो-ब्राह्मणज

२५. ना २७ लाई भाते पकाई षुवाउन चाहीने भान्छे टहलु वा विद्यार्थी भर्ना
गरी याके षु—

२६. गरी तपसील वमोजीं डरवंदी ठेकी वाकी रहेको रुपैंञा यसै गुठीको निमित
जगेडा राषन्येगरी

२७. वक्सेको छ सो ब्राह्मण विद्यार्थि जना २७ लाई तिनधारा पाकसाला मागाभी
पढाउने र निजहरूला—

२८. ठेकी वक्सेको तपसील वमोजि रुपैया साविक भैरहेका सवाल सनद कोरीत
पुऱ्याई तिनधारा

२९. पाकसाला काहार्कि जीम्मा जिम्मावारी षर्च लेखी दीनु भने श्री ३ सर्कार तर्फ
गुठी षर्च अडाका

३०. नाउमा सनद भैगएको हुनाले तपसील वमोजीं ठेकियको रूपैया गुठी षर्चवाट
जीम्मावारी ल्याई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३१. साविक भैरहेका सनद सवाल कोरीत पुऱ्याई यस्मा लेखीयाका कलंमा लेषीया वमोजीं र अरू सा

३२. विक भैरहेका सवाल सनद वमोजीं खर्च गरी ९६ साल माघ १ गते देषी पुवाउनु काम काज गर्दा वा

३३. घ्रा अडकार्ड परी निकासा लीन परेमा तेसअडा कानाउंमा भैरहेका सवाल सनद वमोजीं जाहेर गरी

३४ निकासा भयवमोजीं गर्ने कामगर — —

तपसील

३५ पाकमाला लाई चाहीने षर्च साल १ को मोरू— — — ४३८०।७७

३६. विद्यार्थि जवां १ के डर देहाय वमोर्जी मोरू १४०।४०।१ काडर ले जना २७ के चाहीने

३७. मोरू-- -- -- — -- -- ३७९०।८६।३

३८. असामी-- — — —माल-- दर— ताके

— — — — — — — —

३९. चावल रोजको ।।२ ले ३६५ दिन के ‥ ४।११।२— ।१।४।२।। ‥ ५९।५९

४०. मासका. दाल को जको ।. ।. ।२ ले ३६५ दींके-।९।१-१।२।५--६।९५।१

४१ नुन ३६५ दिन के — — -- ।१।३।१—९०।१—।१।४

४२. तेलं ३६५ दीन के कुरुवा - -- --१३--।७६ =।९०।१

४३. घ्यूरोज को ५ तोला कादरले ३६५ दीन के--८६ऽ१।।=३।२१-२७।१५

४४. दाउरा रोजको छाक २ के ।३ ले ३६५ दींके-- --१०।९५

४५ तर्कारी अचार रोज को ।२ ले ३६५ दी के-- — --७।३०

४६. जीरामरीच षोर्सानी अदु वावेसार पातके ३६५ दीं के-- --१।२५

४७. वर्ष १ मा १ पकपटक दिने श्रापके-- -- -- --।२५

४८. लुगावाहीरीके गज-- -- — -- --१८--।४०--९

४९. ऐ भीत्री के गवज-- — -- --१२--।५०--४।८

५०. ऐ सिलाई मंजुरी-- -- -- -- --।५०

५१ छ्ववीके मंजुरी-- -- -- -- --१।

५२. ४।४ वर्षमा वडलना के भाड़ा वर्तन के — — --२।

५३. ३।३ वर्षमा वडलना के वीछयौना के -- -- ----२।८४

५४. नगदी दक्षिणा रोज के ।१ ले ३६५ दिन के-- -- -- ३।६५

५५ श्रावण मैन्हामा मालप्पा श्चारी भोजन् के-- -- -- —१

५६ वडादसै अस्तमी नवमी दीं २ के नीत्ये भोजन को डर

५७. वंदी माथी तस्मै पुवाउना के-- — — --।३५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५८. दुडमाना २ के ।१४ ले— — —— —।२८

५९. चीनी मसला के— — — — —।७

— — — — — — — —

६०. साल वसाल गोस्वारा षर्च हुने मोरू— — ५८९।९०।९

६१ व्याहान वेलुका पढाउने पण्डित के दरीयकै ले पढाउने गरीव कसेको हुदा

६२. पण्डित के — — — —×

६३. भान्छे जवान् २ के र १केतलव मोरू ४८। लेरू-- — —९६।

६४. टहलुवा २ के दर १ के र तलब मोरू ८४। लेरू— — १६८।

६५. तहवील भन्डार सावीकै भडार मा गाभी काम गराउने गरी सावीक भडा

६६. रे तहवीलदार के थपरू— — — — —४८।

६७. भडारे के रू ।५६ मारू १८०। पुऱ्याउन थप— — —२४।

६८. तहवीलदार केरू १२०। मारू १४४। पुऱ्याउन थप— — २४।

— — — — — — — —

सडर ऐं ६ पौष २१ गते ६ शुभम्

६९. साछी हवलदार के थपरू— — — — —२४।

७०. साछी १ के रू १६८। मारू १८०। पुत्र्यार्उन थप— — १२।

७१. हवलदार १ के रू ८४। मारू ९६। पुऱ्याउन थप— — १२।

— — — — — — — —

७२. विजुली प्वाईट १ के चिम समेत् को षर्च वीजुली अडाका रसीड वमोजीं

७३. षर्च लेषने मोरू— — — — —२४।

७४. मसलंद कागज मसि वही वस्ता माड के — — —२१।३०

७५. फासीमा जाच दीन जाने वीद्यार्थि हरू के षर्च दीनाकेर भैपरी आयाको

७६. काम्मा षर्च गर्ना के जगेडा साल वसाली षर्च मोरू ४१७२।१६।३ को सैक्रा

७७. ५। लेरू -- — — — — —२०८।६०।१

— — — — — — — —

७८. पैलासाल १ लाई चाहीने षर्च मोरू— — — —६६२।

७९. पछी छुट् फुट् भयामा जगेडा वाट वनाउने गरी षाट् २७के रू८। लेरू-- — — — — — —२१६।

८०. भाडा वर्तन के रू— — — — —२१६।

८१. वीछ्यौना के रू— — — — —२३०।४

— — — — — — — —

८२. इतीसम्वत् १९९६ साल पौष गतेरोज— — —

— — — — — — — —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसैमा अर्को एक पत्र (पूर्जि) पछि टाँसिएको छ । यसमा पनि छाप छ । लेखाइमा डिको दिएको छैन । पूर्जी यस प्रकार छ—भूपहरि ।

पाकशाला बंदोबस्त बाट

तीधारा पाकसाला के

पुर्जि

१. उप्रोत ३ धारा पाकसाला क्षत्रमा गाभि खान लाउन दी पढाउने गरि
श्री ३ महारा
२. ज बाट थप गरी वकसेका ब्राह्मण जनो २७ मा कुमावी र पुर्वीया समेत
३. गरि मिलाई भर्ना गरि ९६ साल माघ १ गते देखि मोजे गराउनु भैन्याभै
४. उस बचत भान्साको खराउ चौका नमिलेकोले कुमावी तर्फ छ पुर्विया
५. तर्फ २१ जना भर्ना गरि भोजन गराएको थियो कुमावी तर्फ ९ जना पुर्विया
६. तर्फ १८ जना भर्ना गर्ने बंदोबस्त मिलाई त लाइ श्री कम्पीडर इनचीफ ला
७. ई हुकुं बकसेको छ भने मेरा नाउमा श्री ३ महाराजबाट बडापत्र आएकोले
८. हाल भान्साको खराउ चौका समेत पुग्ने गरी बनाइ मर्मत तयार भैसके
९. कोहुनाले सब ३ धारा पाक़साला क्षेत्रका पुर्विया ब्राह्मण तर्फ खाली
१०. भएमा सारी अरु ३ ज्वी सम्म कुमानि ब्राह्मण थप भर्ना गरी कुमा
११. नि तर्फ ज्वी ९ मौ र पुर्विया तर्फ ज्वा १८ अठार जना समेत उपाध्याय ब्रा
१२. ह्मण जंमा ज्वो २७ सत्ताइस भर्ना मीलाई भोज गराई पढाउने गर्नु भै
१३. न्या साल वसाली दस्तखत गरि बकसनु पर्ने ठहराजे भनि का. मु. डाइरे
१४. क्टर श्री राजगुरु भोगेन्द्रराज पंडीत् ज्युले बिंति चढाउनु भयाको वेहो
१५. रा हाम्रा हजुरमा जाहेर भयो तसर्थ स्व हराउनु भयाको हामीबाट स
१६. हर गरी बक्सेको छ ३ धारा पाकसाला अडालाई जनाउ पुर्जि ही सो व
१७. मोजि गरने गराउने फीगर भने ९७।३।२१।५ को श्री ५—क. ज. साहेबको
१८. दस्तभै आयेको हुनाले जनाउ पठाइदिएको छ इति सम्वत १९९७ साल श्रा
१९. वण १७ गते रोज ५ शुभम्

र यी म रा.

• • •

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री हरी

१. तिन् धारा पाकसाला काहाँकि कारीन्दाले पुर्जि हेरी जील्लै वारा प्रगन्ना दोस्तिया मौजे धर्मपुर फुल वारीमा

२. मौजाको ५१ सालका ज्मा बनदी वमोंजि अबादी विगहा ५१४।। र साल सालको हाल अबादी विगहा

३. ४।।१।।२ ज्मा विगहा ५१९S१।।।२ को साल व को ज्मा लगत केरु ३३९७S। मा जिमिदार पटवारी थांगी

४. समेत तपसिल बमोंजि मिन्हा माकेरु २७६।।३।३ कहा गरी वाकि फेरु ३१२०।.।।।१ उठति हुने मौजा

५. श्री ३ बडामहारानी मुभाज्यू बाट संकल्प गरी बकसेका रुपैया बाट ९७ साल आश्विन १९ गते····

६. तकका नाउँमा खरीद भयाको छ सो जगाको आएस्ताले तिन्धारा पाक्सालामा विद्यार्थी जवी २४

७. लाई पात्रये भोजन गराउने गरी गुठीमा दर्ता गर्नै सनद गरी पाउनि श्रीनानीले जनरल शंकर स

८. म्सेर जङ्ग बहादुर राणाका नाउबाट खरीद भयाको ९७ साल आश्विण १९ गते ६ का फाक्यै पत्र

९. बमोंनि को जगा स्वर्गवासि श्री ३ महाराज चन्द्रशम्सेर जङ्ग बहादुर राणाका श्री ३ बडा महारानि

१०. बाल कुमारी देविबाट संकल्प गरी पाकशाला गुठी राखिवकसेको भन्ने दान-पत्र जो गराउन पर्छ गरा

११. ई ली सो जगा तेस अज मार्फत तहसिल अडा समेत जाहालगत राषनु पर्छ राखि लगत क हम

१२. लगाई असुल तहसिल गरी गराई सो पाकसाला गुठीमा खर्च गर्नु गर्न लाउनु भने श्री ३ सर्कार तर्फ

१३. गुठी बन्दोबस्तका नाउबा सनद भै गएको हुनाले सो पाकसाला गुठी राखि बकसेका जगाको

१४. आम्दता केरु ३१२०।.।।।१ को सधाईले मोरु ३९००।३८।२ ले पुर्विया ब्राह्मण जना २४ लाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५. खान लाउन ही पाकसालामा भर्ना गरी पढाउने गरी सो पुर्विया ब्राह्मण विद्यार्थि जवाँ...

१६. र टहलुवा भर्ना गरी सो भर्ना भयाका विद्यार्थिमध्ये २ जनालाई भान्छेको काम् समेत्

१७. गरी खुवाई पठाउने गरी तपसिल बमोजि दरवंदी ठेकिबकसेको छ सो पुर्विया ब्राह्मण वि

१८. द्यार्थी जना २४ लाई तिन्धारा पाकसालामा गाभि पढाउनेर निजहरूलाई ठेकि बकसेको

१९. साविक भैं रहेका सवाल सनदको रीत पुऱ्याई तिन् धारा पाकसालाका हाकि जिम्मा जिम्मा

२०. वारी खर्च लेखि दिनु भन्न्ये श्री ३ सर्कार तर्फ गुठी खर्च अडाका नाउँमा सनद भैं गएकोले

२१. तपसिल बमोजिको रुपैया गुठी खर्चबाट जिम्मावारी ल्याई साविक भै रहेका सनद सवा

२२. लको रीत पुऱ्याई यसमा लेखियाका कलंमा लेखिया बमोजि र अरु साविक भैरहेका स

२३. वाल सनद बमोजि खर्च गरी ९८ साल् वैशाख १ गते देखि खुवाउनु काम्काज गर्दा बाधा

२४. अडकाउ परी निकासा लीन परेमा तेम अजका नाउमा भैरहेका सवाल सनद बमोजि

२५. जाहेर गरी निकासा भये बमोजि गर्ने काम् गर — — —

तपसिल

२६. पाकसालालाई चाहीने खर्च साल १ को मोरु तिन् हजार नोसये रुपैया अठतिस पैसा

२७. दुईदाम् — — — ३९००।३८।२

२८. विद्यार्थि जवानू १ के दर देहाए बमोजि मोरु १४२।१ ।२ ले जना २४

२९. के चाहीने मोरु — — — ३४१०।५२

३०. असामि — — — माल दर ताके

— — — — —

३१. चावल रोजको ।.।२ ले ३६५ दिनके ४।११।२ — ।१।४ — ६०।८३

३२. मास्का दाल रोजको ।.।.।२ ले ३६५ दिनके ।९।१ — ।१ — ९।१२

३३. नुन् ३६५ दिनके — — ।१।३।१ — ।१।४ — ।९१।३

३४. घ्यू रोजको ५ तालाका दरले ३६५ दिनके ८ss: — ३।२१ — २५।६९।२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३५. तेल कुर्वा — — — १३ — १७६ — १९०।१
३६. दाउरा रोजको छाक २ को ३ले ३६५ दिंके — — १०।९५
३७. तर्कारी अचार रोजको ।२ ले ३६५ दिंके — — ७।३०
३८. जीरा मरीच षोर्सानि अदुवा बेसार पात
३९. के ३६५ दिन के — — — १।२५—
४०. वर्ष १ मा पटक १ दिने आय के — — १।
४१. लुगा बाहीरी के गज — — १८ — ।५० — ९।
४२. ऐ भित्रि के गज — — १२ — ।४० — ४।८०
४३. ऐ सिलाई मजुरी — — — — ।५०
४४ ४।४ वर्षमा बदलने भाडा के — — — २।
४५. ३।३ वर्षमा बदलने बिछयौना के — — — २।८४
४६. नगदि दक्षिणा रोज के १ ले ३६५ दिंके — — — ३।६५
४७. श्रावण मैन्हामा मालपुवा श्वारी भोजन् के— — — १।
४८. बडादसैं अस्तमि नवमि दिन २ के नित्ये
४९. भोजन्को दरबंदी माथी तस्मैं बुवाउना के — — — ।३५
५०. दुद माना २ के ।१४ ले — — — २८
५१. चिनि मसलाके — — — ।७
— — — — — —
५२. घ्रवि के वर्ष १ को रु. — — — २५।
५३. मान्छे जवान् २ के १ के तलब मोरु ४८। ले रु. — — ९६।
५४. टहलुवा जवान् २ के १ के तलब मोरु ९४ ले रु. — — १९८।
५५. च्यामे के वर्ष १ को रु. — — — १२।
५६. मसलन्द रु. — — — — १०।
५७. वैद्यके वर्ष १ को रु.— — — — २४।
५८. काशिमा जाँच दिन जाने विद्यार्थिहरूको खाना खर्च के
५९. ताके र भंपरी आयको कीमा खर्च गर्ना के जगेरा समेत रु. १५४।६८।२
— — — — — —

इति सम्वत् १९९७ साल पौष ३० गते रोज ३ शुभम्

सदर ९७ माघ १५ गते ३ स

सही षरीदा

हीरालाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ने. पा. री. नीफसारीबाट

मु. अँ सवाल् फाट् के

पुर्जि

१. उप्रान्त ३ धारा पाकसालाका क्षत्रमा श्री ५ सर्कार तर्फका पुर्वीया र कुमाञी स्मेत् जमा वीद्यार्थीं ज
२. वी ४८ लाई भोज गराउने गुठी रहेको ठेकीरहेका द्रवंडीबाट महँगीका स १ वले न् २००० साल्
३. लाई नपुग भयाको वेहोरो जाहेर हुँदा पछिलाई आयेस्ताले नपुग्ने हो भने के कति थपनु प
४. र्ने हुँछ बुझी जाहेर गर्ने आडर प्रभांगी वमोर्जी पुर्विया वीदयार्थी ज्वी २७ के ३ X ३ वर्षमा
५ पाउँने राडीपाषी ४ X ४ वर्षमा पाउँने भाडावर्तन् स्मेत् केरू ३४६१।१ मध्ये र्जीमावारी आउँ
६. नेरु ३३९१।७० र कुमाईतर्फ ज्वी २१ के रू ३०५६। स्मेत् को द्रवंर्दीमा हाल् २००० सालका
७. दरभाउबाट पुर्वीयातर्फलाई ५७८७।४८।२ कुमाई तर्फलाई मोरू ४७३०।८२ स्मेत् दुवै
८. जमा मोरु १०५१८।३०१२ चाहींने देषीयाको र सोही भाउकार्य भयमा ठेकी रहेका द्रवे
९. दीका रुपैंञाबाट पुर्विया तर्फ ज्वी २७ मा ज्वी १५ लाई र कुमाई तर्फ ज्वी २१ मा ज्वी १३
१०. स्मेत् जमा ज्वी २८ लाई माना पुग्ने भै ज्वी ४८ नै कार्येरहेका षंडमा रीपोट् तपसीले
११. मा लेषीया वमोर्जी पुर्विया तर्फ लाई मोरु २१२२।५१।२ कुमाई तर्फ मोरु १६७४।८२।१
१२. स्मेत् दुवैमा मोरु ४२६६।६५ थप वकसेमा काम चल्ने देषिये तापनि २००२ साललाई रा
१३. येका दरबार देषियाको सोही दर सधैं कार्ये रहि तंहेछ भननभै घट्बढ् हुने हुना
१४. ले साल् वसाल्लाई यर्की गरी विंटी चढाउँन नसकिने भेने ३ धारा पाकसालाको
१५. रीपोट् मनाशीव गरी श्री ३ सर्कार गुठी बनदोबस्तले तोक षोली आयेको रीपोट् तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६. क वुझी नीकासा गरीदिने मर्जि प्रमांगी वमोर्जी नीकासालाई ३ धारा पाकसाला
१७. वुझी आयेका ज्वा ५ का वेहेरा स्मेत् बाट विचार गर्दा २००० सालूलाई नपुग्ने भयाको
१८. वेहोरो जाहेर हुँदा दरबंदीमा लेषीयाका भाउले माल् नपाये जंम षडारहेका-लाई
१९. द्रवेदी वमोर्जी षवाउँने र पछिलाई आयेस्ताले नपुगे के कति थपनु पर्ने हुंछ वुझी
२०. जाहेर गर्नु विद्यार्थी खाली हुँन आयेमा खाली ठाउँमा भर्ना नराखी ठेकीयका र
२१. पैसाले जति ज्वीलाई पुग्छ उति ज्वी मात्र भर्ना राषी षुवाउँने भंने हुकूं वकसेको
२२. उक्ती परि २००१ साल् चैत्र २१ गतेमा प्रमांगी भयाको दस्षत् न धन वा बाट देषि
२३. याका रे दर भाउ सधैं दर कार्य भैं नरही घट्बढ् हुने हुनाले २००२ साल्लाई
२४. भयका दरबाट ज्वी ४८ नै कार्ये गरी बससेमा रिपोट् तोकमा लेषिया वमोर्जी
२५. थप त्रकसनु पर्ने देयीयाको र हुकूं प्रमोगीबाट द्रवेदीका रुपैआले मा
२६. ल् नपाये सेम खालीमा भर्ना नराखी जति ज्वीलाई पुग्छ उति ज्वी माना कार्ये राषी षु
२७. वा उँनु भेने लेषीयाको देषीयाको सोदर भाउबाट माथी लेषीया वमोर्जी दुवैतर्फ
२८. ज्मा ज्वी ४८ मा ज्वी २८ सम्मलाई पुग्ने भेने रीपोट् कै वेहोरा बाट बुझी ऊ झा
२९. चेका ज्वा यस बाट २००१ साल् माघ फागुंमा ज्वी कार्ये नहुँने भैं चैत्रदेषी लाई पु
३०. र्षीया तर्फ ज्वी ८ कुमाई तर्फ ज्वी १० स्मेत् ज्मा ज्वी १८ कार्ये रहे भयेको देषी
३१. नाले ठेकी रहेका हरबंदी रुपैंञाबाट सो वडा ज्वीहरूलाई द्रवंदी वमोर्जि
३२. षुवाउँन नपुग्ने नै हुँनाले सो बमोर्जी र आईन्दा साल वसालीका हकमा
३३. पनि द्रवंदीले पुग्ने बेसाहा नभये सेम पाके भोजेलाई चाहीने र्जीसीको स
३४. कुमारलाई हरमाई गराई हरभाउबाट आउँने रुपैंञामा द्रवेदीका रुपैंञाले घ
३५. ये बढि फाट् बोली जाहेर गरी नीकासा भया व मोर्जी ३ × ३ वर्षमा पाउँने
३६. र ४ × ४ वर्षमा पाउँने भाडावर्तन् ईत्यादिलाई पनि पाउने मानीसलाई दरमा
३७. उ गराई आउँने अंकमा द्रवेदीका रुपैंञाबाट घट् बढ् के हुँन आउँछ फाट् षोलि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३८. जाहेर गरी साल् साल् नीकासा गराई लीनु भंने गरी वकसन स्मेत् नीकासा व
३९. कसे बमोर्जी गर्नु पर्ने देषीयाकोले सो बमोर्जी साल्वसाली नीकासालाई ३ घा
४०. रा पाकसालाको रीपोट् तोक् थी १ ये कैसाथ बुझाउँन पठाउनेको भयाको छ बुझी
४१. ली भरपाई पढाई दीने की भया वेस्होला ईती संवत् २००३ साल् श्रावण गते रोज सु ४··· ··· ··· ···

ऐतिहासिक सामग्री (१२)

यस पत्रको शिखनमा देब्रेपट्टि एक छाप छ। तल देब्रेपट्टि ४ छाप, पछाडि कागज गांसेको ठाउँमा एउटा ठूलो र सानो, तल साना ठूला गरी ८ छाप छन्। यस पत्रको सक्कल प्रति तीन धारा पाकशाला अड्डामा सुरक्षित छ।

श्री रा··········

↑

श्री ५··········

१. मुल्की अडा अैं सवाल फांट्बाट वोलेको———
२. यो मुल्की अडा अैं सवाल फांट् ने ३५९ को तीनधारा पाक्सालाको रिपोट् अैं सवा
३. ल वमोर्जी जांच्दा पाकसालामा श्री ५ सरकार पट्टी पुर्विया तर्फ २९ कुमाई तर्फ ११
४. समेत जमा विद्यार्थीं ज्वां ४८ लाई भोजन् गराउने गुठी राखि दरबन्दी भै रहेकोमा
५. सो दरबन्दीले महङ्गी भयेबाट नपुग भयेकाले २००० साल पौखदेखी खर्च
६. नपुगी जाहेर गरेकोमा श्री ३ सरकार तर्फ गुठीको आम्दनीबाट खर्च गरी प
७. छी ५ स गुठीबाट भर्ना लिन जाहेर गर्नु भंने दस्खत मुताविक पुर्वीया तर्फ जवां
८. २७ के मोरु ३४६१।१ कुमाई तर्फ ज्वां २१ के मोरु ३०५६।१ समेत् जमा मोहरू
९. ६४४७।७० मा जिम्मावारी आउने विद्यार्थीलाई खुवाउने मालको हालका दर
१०. भाउले पुर्वीया तर्फ ज्वां २७ के. ५७८७।४८ कुमाई तर्फ ऽ१।२१ के ४३६२। ८२ चाहि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११. नेमा पुर्वीया तर्फ २५२२।५१।२ कुमाई तर्फ १६.७४।८२।१ समेत ज्मा मोह
४२६६।६४

१२. नपुग्ने भयेकोले थप दरबन्दी लाई जाहेर गरेको मुनासिव ठहराई श्री ३ स ८।

१३. गुठी बन्दोबस्तले तोकवोली जाहेर गरेमा २००० साललाई दरबन्दीले
नपुग्ने भ

१४. याको वेहोरा जाहेर हुँदा दरबन्दीका रुपैंञाले माल नपाये सम्म खालिसा
भर्ना न

१५. राखी जति ज्वांलाई पुग्छ उती ज्वां मात्र कार्य राखी खुवाउनु भेने हुकूं
वकसेको

१६. भने लेखियाको देखियको र २००२ साल्का दर भाउबाट माथी लेखिया वमोर्जी

१७. दुवै तर्फ ज्मा ज्वान ४८ मा ज्वां २८ लाई सम्म पुग्ने भंने रिपोट्ले खाई
भयेबाट हा

१८. ल के कति ज्वां छ भनी बुझेमा पुर्वींया तर्फ ज्वो ८ कुमाई तर्फ ज्वो १० स्मेत्
ज्मा ज्वां

१९. १८ कार्य छ भंने लेखि आयका ज्वाफवाट देखिनाले ठेकियेका दरबन्दीका रुपै

२०. आबाट सो खडा ज्वां हरूलाई दरबन्दी वमोर्जि खुवाउन पुग्नेनै हुनाले श्व
वमोर्जी

२१. खुवाउने र ३ X ३ वर्षमा पाउने र ४।४ वर्षमा पाउने भांडा बर्तन इत्यादीलाई

२२. पनि पाउने मानिसलाई दरभाउ गराई आउने अंकमा दरबन्दीका रुपैंञाबाट

२३. घट् बढके हुन आउँछ फांट खोली जाहेर गरी निकासा लिनु भंने नेपाल पाहा

२४. ड् रिपोट् निकसारीको राये पुर्जिभैं आयेकोमा विचार गर्दा तीनधारा पाकशा

२५. लाका विद्या'र्थीलाई पा के भोजन गराउन २००० सालमा दरबन्दीले नपुग्ने भै

२६. जाहेर भयेबाट भै आयेका दस्खतमा दरबन्दीमा लेखियाका भाउले माल

२७. नपाये सम्म खडा भयाका ज्वांलाई दरबन्दी बमोर्जी खुवाउने दरबन्दीले नपुगे

२८. श्री ५ स गुठीका अरु मौज्दातबाट मुल्कीखानाबाट दिनेगरी खुवाउनु पछी

२९. लाई आयेस्ता नपुगे कति थपनु पर्ने हुन्छ बुझी जाहेर गर्नु विद्यार्थी खाली हुनआ

३०. येमा खाली ठाउँमा भर्ना नराखी ठेकियेको रुपैंञाले जति जनालाई पुग्छ उती

३१. ज्वां मात्र भर्ना राखी खुवाउनु भेन्या हुकूं वकसेकोले हुकूं वकसेबमोर्जि गर्नु
भेन्या स्मे

३२. त १ छापे बमोर्जि श्री ५ क. ज. को दस्खत भै आयेकोले ठेकियेका दरबन्दी-
मा न

३३. पुग थप गर्नलाई जाहेर गरेको रिपोट् मुनासिबै होकि भंनलाई पनी ठेकियेको

३४. रुपैंञाबाट जत्ती ज्वां लाईपुग्छ उत्ती ज्वा मात्र राखी खुवाउनु भेन्या रिपोट् स

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३५. मेत रहेका मिसीलबाट देखिनाले थप निकासा दिनु पर्छ भे न मुनासिव नदे
३६. खिनाले जाहेर गरेका छौं निकासाका हकमा सो तीनधारा पाकशालामा भर्ना
३७. भै रहेका विद्यार्थीहरूलाई भोजे गराउन साविक पुर्वीया तर्फका विद्यार्थी
३८. ज्वां २७ कुमाई तर्फ ज्वां २१ स्मेत जमा ज्वां ४८ लाई साविक ठेकियाको
दरबन्दी
३९. ले हालका दर भाउबाट नपुग्ने हुन आयेकाले सो ठेकि रहेको रुपैंयाबाट म
४०. हेगी छन् ज्याल सम्मलाई साल सालका दरभाउबाट जति ज्वांलाई पुग्छ उती
४१. ज्वां सम्ममा नवढ्ने गरी पुर्वीयामा २७ कुमाईमा २१ ज्वांको दामासाही वमो
४२. जी चाहिने पुर्विया र कुमाई व्राह्मण भर्ना राखी खुवाउने गर्नु भेन्या स्मेत यो तोक
४३. सदर गरी वकसेपछी लेखिये बमोर्जी गर्नु गराउनु भनी तोक सहीतको रिपोट्
४४. तीन धारा पाकशालामा पठाउन श्री ३ स: गुठी बन्दोवस्तमा पठाई दिनु भनी
४५. नेपाल पाहाड् रिपोट् निकमारीमा पठाई दिने ठहराज्यू जो मर्जि हुकूम्—

श्री गुरु पुरोहित अच्युतराज पण्डितज्यू	—	—	—	१
मि. सु. कृष्ण बहादुर	—	—	—	१
सु. उपेन्द्र पुरुष ढकाल	—	—	—	१
ना. सु. ईन्द्र मान सीं	—	—	—	१ का
मु. रत्न प्रसाद्	—	—	—	१

सही मुरान
ईति सम्वत् २००३ साल मार्ग गते रोज सुभम् — —

ऐतिहासिक सामग्री (१३)

तीनधारा पाकशालामा भरण भएका विद्यार्थीहरू बेला मौकामा विशेष काम पर्दा घर जाने र आउने गर्दथे । घर जाने बेलामा संस्कृत विभाग का डाइरेक्टरबाट विदा स्वीकृति गराउनु पर्दथ्यो ।

यहाँ विदा र स्वीकृत पत्रको नमूना प्रस्तुत गरिएको छ । यो पत्र तीनधारा पाकशाला अड्डामा सुरक्षित छ ।

श्री:

विन्तीपत्र

उप्रान्त धर्मावतार र करुणा सागर प्रभो ! मैले एही ०३–साल भाद्र महिनामा मध्यमामा नेपालमा पास भई बनारसमा पनि ७ पत्रिका परीक्षा दिएर आएको हैं प्रभो ! अहिले घरबाट एही वैशाख २५ गतेको लग्नमा विवाह आटे र विवाहका निमित्त माल ताल किन्न र मलाई लिन समेत भनेर दाजु समेत आउनू भएकोले चरणमा विन्ती चढाउन आएको छु प्रभो ! पाहाडको वाटो ग्रीष्म समय पोखरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४८ कोश टाढा घर भएकाले जान आउन समेत जम्मा ३५।४० दिनको विदा बकसीस भएमा आनन्दसाथ घरमा गई स्वीय गृहस्थाश्रमको जग बाधेर आई पठन प्रणालीमा ध्यान राख्ने थिएँ प्रभो जो मर्जी ।

तीनधारा पाकशालामा भर्ना भइ बस्ने १२९ नं होमनाथ शर्माको दण्डवत् प्रणाम ।

इति संवत् २००४ साल वैशाख १० गते रोज ४ शुभम्

श्री

हेमराज
श्री डाइरेक्टर आफ पब्लिक
ईन्स्ट्रक्शनबाट—

द ख–बिज
लिमान

तिधारा पाकशालाका हाकीं छारींदाले पुर्जि हेरी नंबरीमा भर्ना भैरहेका १२९ नं का विद्यार्थी होमनाथले आपनै वीवाहा गर्न जान दीं ३५ वीदा पाउँ भनि जाहेर गरेकाले नीजलाई दीं ३५ वीदानीकासा वकसेको छ फाराममा वीदा जनाई-दीने की गर ईति सम्वत् २००४ साल वैशाख १८ गते ५३—

स्मीनासु
गोविन्द

ऐतिहासिक सामग्री (१४)

२००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्रको उदय भएपछि पहिलो चोटी गठन भएको मन्त्रीमण्डलको तपसील हो । यो छापिएको छ । 'तीनधारापाकशाला'को नाममा पठाएइएको यो पत्र अड्डामा सुरक्षित छ । यसमा शिरानमा ठूलो छाप (रातो) र अरु ४ ओटा साना छाप लगाइएका छन् ।

श्री दुर्गा भवानी

१. स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध वीरुदावलयी विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपाल—

२. तारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिण बाहु महाधिपति श्रीमन्महाराजाधिराज श्री श्री श्री

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. महाराज त्रिभुवन वीरविक्रम जङ्गबहादुर शाहबहादुर शम्सेर जङ्गदेवानाम् सदा समर विजयिनाम्.

४. तीनधारा पाकसाला का हाकिम कारिन्दाले यथोचित उप्रान्त हाम्रो नेपाल-राज्यको शासन

५. चलाउन १० जनाको संयुक्त जिम्मेदारीमा काम गर्ने मन्त्रिमण्डल खडा गरी काम चलाउने हामीबाट २००७ साल

६. फाल्गुन ७ गते शाही घोषणा गरिबकसेबमोजिम सो मन्त्रीमण्डलमा तपसीलका मन्त्रिमण्डल नियुक्त गरिबकसेको छ

७. आफ्ना-आफ्ना विभागमा परेका काममा जसजसलाई जे जस्तो आडर गर्नुपर्छ गरी कामको राम्रो इन्तजाम मिलाई काम

८. चलाउनु भन्ने लेखिएका मन्त्रीहरूका नाउँमा हामीबाट लालमोहर गरि बकसेको हुनाले जुनजुन काममा सो सम्ब

९. न्ध छ सो सो विभागका मन्त्रीले निकासा दिएबमोजिम गर्ने काम गर—

तपसील

श्री ३ महाराज मोहन शम्सेर जङ्गबहादुरराणा प्राइमिनिष्टर परराष्ट्रमन्त्री—१

श्री मिनिष्टर बबर शमसेर जङ्गबहादुर राणा रक्षा मन्त्री — १

श्री विश्वेश्वर प्रसाद कोइराला गृहमन्त्री — — — १

श्री सुवर्ण शम्सेर अर्थ मन्त्री — — — — १

श्री चूडाराज शम्सेर वन विभागको मन्त्री — — — १

श्री गणेशमान सिंह उद्योग र वाणिज्य मन्त्री — — १

श्री नृपजङ्ग राणा शिक्षामन्त्री — — — — १

श्री भद्रकाली मिश्र यातायात मन्त्री — — — १

श्री यज्ञ बहादुर बस्नेत स्वास्थ्य र स्थानीय स्वायत्त शासनमन्त्री — १

श्री भरतमणि शर्मा खाद्य र कृषिमन्त्री — — — १

इति सम्वत् २००७ साल फाल्गुन २८ गते रोज १ शुभम्

ऐतिहासिक सामग्री (१५)

यस पत्रमा 'खाद्य भूमि व्यवस्था मन्त्रालय, नेपाल, सरकार' भन्ने एक मात्र छाप लगाइएको छ। छाप लगाइएको प्रति तीनधारा संस्कृत छात्रावास अड्डामा सुरक्षित छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसमा भांछामा खानेलाई अवदेखी सीधा दीनु पर्दैन । व्रतवस्मे हवीस्य खानेहरूले भातनखानेभैं सीधा दीने गरी आयाकोमा पीठो हवीस्य दीने दरवंदी भया दरवंदी वमोर्जीको जीन्सी दीने र दरवंदी नभया के कती दीने दरवंदी गर्नु पर्छ चाडो जाहेर गर्नु अरु सदर

गणेशमानसिंह
पवनाभ
उमेसखनाल
कुल प्रसाद
अ० से०

श्रीखाद्य भुमि व्यवस्था मंत्री वाट

१. ३ धारा पाक साला का हार्की कारिदाले पुर्जि हेर्नु भै पाक सालामा भर्ना भै रहेका विद्यार्थी मध्ये उन्नेकोमा

२. न खाने गरी वेनंवरमा भर्ना भैं रहेको ज्वान ६ छू निजहरूलाई नपुग्ने भयेमा भोकै वसेको हेर्नु पर्ने भएकोले

३. वेनम्बरको विद्यार्थी नरहे हुँदो हो भंने विद्यार्थीहरूले र कुनै विद्यार्थीहरूले भांछामा नखाई सीधा लीने गरीडी

४. येवाट नपुगहुने भेने गुठीका हाकिहरूले भेनु भयेकोले स्मेत अव उप्रान्त उंन्नेको खाने गरी वेर्नवरीमा भर्ना नगर्नु

५. भर्ना भैं रहेको छ ज्वांलाई पनि यो एक पटक नंबरीमै राखिदीनु भांसामा खाँने नखाई सीधा लिन्छु भन्ने हरूलाई

६. छुट्टै सीधा दिने गर्दा सो सीधा विक्री गरी पैसा लीने स्मेत हुनाले तेस्मा के गर्न मुनासीव पर्छ चांडो बुझी ग

७. राई जाहेर गर्नुहोला— — — —

उमेश्वर मल	कुल प्रशाद	
	अ० से०	
८. वी १९ नं० खालीमा भर्ना दान प्रसाद कोईराला सिधुली—	—	१
९. वी २९ नं० ऐ — ऐ — सर्मा देउकोटा जंवा	—	१
१०. वी ४० नं० ऐ — ऐ — भोजराज अचार्ज—	—	१
११. वी ४१ नं० ऐ — ऐ — केसवराज अधिकारी	—	१
१२. वी ४२ नं० ऐ — ऐ — कृष्णभद्रखनाल —	—	१
१३. वी ४४ नं० ऐ — ऐ — गणेश प्रसाद वासकोटा	—	१

इति सम्वत् २००८ साल चैत्र ११ गते रोज १ शुभम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐतिहासिक सामग्री (१६)

तीनधारा पाकशालामा बस्ने विद्यार्थीहरूलाई एकादशीको दिन फलाहार दिइन्थ्यो भन्ने कुरा प्रस्तुत पत्रबाट थाहा पाइन्छ। पछि क्रमश: यो नियम हटेको देखिन्छ।

श्री:

नेपाल सरकार सिंह दरबार

मिति :—०१०।४।२३।६ मा

पत्र संख्या र मा नं २५५१/१८८ | ७–१५–१० कृ. श्री ३ स. का/३८३३

श्री तिन धारा पाकशाला अड्डा लाई

मालपोत तथा बन मन्त्रालय बाट

प्राप्त पत्र संख्या र मिति ०१०।४।९।६.

विषय :—तिनधारा पाकशालाका विद्यार्थिलाई एकादशी फलाहार दिने बारे।

महाशय,

०९ साल चतुरमास एकादशीमा फलाहार निमित्त मोहरू १। दियेको यो साल कि विद्यार्थि के दर भाउ बाट ।६४ मात्र पर्ने आयेकोले सो निकासालाई पेश गर्दा सरकारबाट राखेका पाकशालामा व्रतनिमित्त मोहरू ।२५ मात्र दिने भयेको यस पाकशालामा गो सरह नभै विद्यार्थि हुंदा घिउलाई लाग्ने मोहरु ।२३ थपी रु. ।४८ का दर्ले चतुरमास एकादशी व्रत बस्नेज्वानलाई नगदी नै दिई सिधा फिर्ता आम्दानी बांधने गरी १०।३।१५ मा यो सदर भयेको भनि १०।३।२०।६ मा १/२ १२६—१०।१४९२ को बोधार्थ आयाको भै चतुरमासा हरिशयनी एकादशी १०।३।७।४ मा मोहरु ।४८ लिनु पर्छ भनि विद्यार्थिहरूलाई समझाउदा यो महगीको समय गहु पिठो मानाको २३।२४ पर्ने २ माना सम्म १ एक जवानलाई पीठो चाहिने सो तयार गर्दा ।४८ पैसाले नपुग्ने नै देखियेकाले फलाहारका निमित्त करिब ११ रु. सम्म पर्ने देखिन्छ। सो एकादशीका दिन निकासा रुपैया विद्यार्थिले लिएनन् रोजिन्दा खर्च गर्नु पर्ने जिन्सि पनि खर्च नभै दक्षिणा १ एक पैसा दरले मात्र खर्च भयाकोले उचित कारवाई होला भनि त्यस अड्डाबाट लेखी पठाउनु भयेकोलाई उक्त गुठीमा आयस्ता भन्दा बढी खर्च भई खर्च घटाउने अवस्था पर्न आयेकोले र अरु पाकशालाका भात खाने जवानहरुले फलाहार बापत मोहरु ।२५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मात्र पाई आयेकोले यीनीहरूलाई पनि सोहि बमोजिम ।२५ पैसा नै कायेम गर्नु पर्ने होतापनि निजहरू अरू पाकशालामा भात खाई विद्याध्ययन समेत गर्ने हुनाले अरू पाकशालामा भात खाने जवानले पाई आयेको मोहरु १३ ।२५ पैसामा ताकतकालागी मोहर ३ ।२३ पैसा घिउ निमित्त थप गरी मोहरु ।४८ पैसा दिने गरी निकासा भयेकोले अरु थप निकासा गर्न नमिल्ने हुँदा लेखि पठायेको छू। सो बमोजिम गर्नु होला ।

भवदीय
उमेश रयाल

बो. न. प्रे.

श्री संस्कृत छात्रावास अड्डा
रानी पोखरी काठमाण्डौं, नेपाल—१

ऐतिहासिक सामग्री (१७)

यसमा लेखिए बमोजिमको पेश भएको सुझाव प्राप्त हुन सकेन। यो पत्र तीन धारा पाकशाला अड्डामा सुरक्षित छ ।

टिप्पणी

विषय :—तिनधारा पाकशालामा विद्यार्थीहरू बारे धेरै लेखापढी भयो । टुंगो केहि नलागेकाले शिक्षा सेक्रेटरी र मालपोत तथा बन मन्त्रालयका सेक्रेटरी बसी आईतवार २ बजे सम्म यौटा सम्मीलित टिप्पणी पेश गर्नू भन्ने श्री माननीय प्रधानमन्त्री ज्यू र श्री माननीय शिक्षा मन्त्रीज्यूको मौखिक आदेश——

यस विषयमा धेरै लेखापढी भयो तर कुनै एक ठोष निर्णयमा पुग्न सकेको थिएन । सरकारी जागिरदार कर्मचारी सरह जवान विद्यार्थि १६ दिन गयल खाली भएको हुदा भरना गर्न सवालले नहुने भन्ने माल पोत मन्त्रालयको भनाई जवान विद्यार्थि खाली स्थानमा भरना गर्न आम्दानी कम भयेको हुदा गर्न नसकीने भन्ने ऐ मन्त्रालयको सूझाव रहेछ ।

तर यी विद्यार्थिहरू लाई भू० पू० शिक्षा मन्त्रीजी ले र श्रीमाननीय प्रधान मन्त्रीज्यूले आश्वासन दिनु भयेको व्यहोरा फाईलबाट बुझिन्छ र देखिन्छ ।

मन्त्रीज्यूहरू बाट आश्वासन पाई सकेका हुदा सोहि बमोजिम कार्यान्वित गर्नु नै अत्यावश्यक छ । सो गर्दा अघि भै राखेका दरबन्दीमा बढी हुने पनि नहुदा सो गर्न अनुचित पनि होईन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस काम को लागी निकासा भयेको गुठीको आम्दानीले नपुग्ने हुदा अब जम्मा ३३ सिट् मात्र राख्ने खाली भयेको मा भरना नगर्ने र ३३ सिट् कायेम राख्ने मालपोत मन्त्रालयको भनाई पनि बेमनासिब होईन ।

शिक्षा मन्त्रालयको बजेटबाट नपुग कति थप खुवाऊने वा भरना दिने भन्ने विषयमा सो रकम् गुठीबाट खर्च भई रहेको र शिक्षा मन्त्रालय मातहत त्यस्तो गुठी कुनै छैन । मालपोत मन्त्रालय मातहत अनेकन् गुठी छन् । सोही रकमहरू मध्येबाट चाहिने जति खर्च गर्ने गरेमा मिल्नेनै देखिन्छ तर एका रकमको अर्को रकममा खर्च गर्दा धर्म लोप हुन जाने गुठीको नीति छ ।

केहि गरी अरू गुठी को रकम पनि नभै १६ दिन गयल परेका जवान र अरू जवान लाई खुवाऊन कुनै अरू गुठीको शेष रकमको आम्दानी तथा मोज्दात बाट मिल्दैन भने शिक्षा मन्त्रालयको बजेट् तथा सप्लीमेन्टरी बजेट् निकासा भये पछि सोध भरना गर्ने गरी भोलिनै देखि लेखियाका जवानहरू लाई भरनागरी साविक बमोजिम खान दिने ।

यी मध्ये कुनै विध्यार्थिले अरू कुनै सरकारी विध्यालयबाट वा अरू कुनै किसिमको भत्ता पायेका छन् भने पाकशालामा भरना भयेका मितिदेखि सो नपाऊने गर्ने विध्यार्थिहरू भरना हुदा रूल नियम सवाल बमोजिम का लाई मात्र भरना गर्ने ।

पाक्शाला विषयमा दाताहरूको प्रतिनिधी समेत राखि नया प्रबन्ध गर्ने एउटा बोर्ड खडा गर्ने सूझाव पनि ७ दिन भित्र पेश गर्ने उचित ठान्दछौं ।

सदर — मुनासिव

द० मा० प्र० कोइराला — डि० र० रेग्मी — दे० टंकप्रसाद

२४–११–०१० — २४–११–०१० — २४–११–०.१०

। लक्ष्मी ।

द० सेर्जङ्ग

१०–११–२४–१

ऐतिहासिक सामग्री (१८)

२०१३ सालमा तीनधारा संस्कृत छात्रावासका विद्यार्थीहरुले आन्दोलन मच्चाएका थिए । प्रस्तुत पत्रबाट आन्दोलनको बारेमा सत्य कुरा थाहा पाउन सकिन्छ ।

२०१३।९।४।३

ठमेलबाट लिखित

श्री युत पं० गिरिराज शर्मामा

शुभाशीष

विशेष यहाँ सबै साथीहरू सहित आरामै छौं, आशा छ—त्यहाँ सबैमा निरामयता छाएकै होला ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आजकल अरू त उल्लेखनीय खबर के छ र, जे छ उही छात्रान्दोलन बारे नै छ। जो यस प्रकार छ—

मार्ग ९ गते देखि सारा संस्कृत कलेज स्कूलहरू हडताल गर्नाको साथै १३ गते विशाल जुलुस र १८ गते जुलुस सहित श्री ५ को ढोकामा (संस्कृत) पुस्तकहरू विसर्जनभई जुलुस सहरको परिक्रमा गरी भूगोल पार्कमा आमसभा गरी (छा.वासका छात्रहरूले त्यसै दिन उक्त स्थानलाई त्याग गरेकाले) यहाँबाट ४ सालमा बसेको त्रिपुरेश्वर रामपाटी कालमोचनमा जान लाग्दा टुडिखेल खरीको बोट सोझो (रेलको नकसा) सडकमा वर्तमान शिक्षामन्त्री बलिचन्द्र, जो वर्तमान समयका संस्कृत शिक्षाका घातक हुन हिच्किचाएका छैनन् सँग विद्यार्थीको मुठभेड भयो र मोटर घेर्दा हुल चालमा नजाने कुनै सि० आइ० डी० अथवा कुनै गुण्डाले मन्त्रीत्वबोधक झण्डा उखेलिदिएछ, जसमा त्यस काण्ड कर्तृत्व सरकारले निरपराध विद्यार्थीहरूमा आरोप गरी हुल्दङ्गवादी भनी उल्लु तुल्याएको छ र माँग पुरा गर्नुको बदला मा (गं ?) २९ गते श्रीरङ्ग पाठक र श्री प्रसादजीलाई त्यसै झण्डा बारेमा भनी ४ दिन ठानामा लगी धुनेकोमा हिजो पौ (ष ?) ३ (मा ?) ७ दिनको तारेख दिइ छोडी दियो। यस तरीकाले काँठतिरबाट एवं शहरबाट चन्दा उठाई विद्यार्थीहरू खास गरेर छात्रावासीयहरूको उही पाटीमा गुज्रान हुँदैछ। बीचमा सबै कलेज (इंगलीस) हरूले पढाइ एवं परीक्षा हडताल गरी सहयोग दिएका थिए; जसमा त्रिचन्द्रले १९ एवं २०१२ दिन परीक्षा हडताल गयो। तथा राजनीतिक पार्टीहरूको पनि पूर्ण सहायता मिल्दैछ, बीच २ मा जुलुसहरू निस्की रहेको छ र हिजो पौष ३ गते संस्कृत कलेजमा पिकेटिङ् अर्थात् भित्र जान खोज्ने प्रो० हरूलाई रोकियो, त्यसमा सिपाहीहरू तुरुन्त नै सामेल भएका थिए तर केही नभइ सफल भयो आज संमको निणयले भोली पनि हुँदैछ। जनताको यस्तो सहानुभूति छ कि आज तम्म विद्यार्थीलाई खान रोकिएको छैन।

हाम्रो घरतिर के चाल चलन छ बराबर सेझाएकै होला, पत्र पठाएको आएकै छ। फेरी पनि आशा छ।

भवदीय

श्री हरिनाथ शर्मा आचार्य

अरुणोदयबाट

ऐतिहासिक सामग्री (१९)

यो पत्र नेपाल गजेट भाग ४ मा प्रकाशित छ। यसमा उल्लेख भए बमोजिमको रिपोर्ट पेश भएको हुनुपर्छ तर प्रकाशित भएको भने अनुसन्धानका सन्दर्भमा नभेटिएकाले यहाँ प्रस्तुत गर्न सकिएन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाल गजेट

भाग ४

नेपाल सरकार द्वारा प्रकाशित

काठमाडौं पौष १७ गते २०१३ साल

प्रधान मन्त्रालय राज्यव्यवस्थाको सूचना

तीनधारा पाकशाला गुठी सम्बन्धमा विद्यार्थीहरूको माग अनुसार जाँच बुझ गरी ठहरे बमोजिम निर्णयगर्न उपत्यकाका का. मु. कमिश्नर १, काठमाडौं मेजिष्ट्रेट १, मालपोत मन्त्रालयका डे. से. श्रीशेषराज दली १, श्री ५ सरकार गुठी बन्दोबस्त अड्डा र श्री ३ सरकार गुठी बन्दोबस्त अड्डाका हाकिमहरू २, पाकशालाका विद्यार्थीका प्रतिनिधि २ समेत संयुक्त भई जाँची बुझी जो गर्नु पर्ने हो ठहराई १ महिनाभित्र पेश गर्ने गरी एक कमिटी गठन भएको छ।

आज्ञाले

माणिकलाल

का. मु. सेक्रेटरी

प्र. मं. राज्यव्यवस्था

नेपाल गजेट भाग ४ बाट

ऐतिहासिक सामग्री (२०)

यस पत्रको सक्कल प्रति तीनधारा संस्कृत छात्रावासको कार्यालयमा सुरक्षित छ।

श्री १

४५ साल वैशाख बदी ४।२ का सनदले छाफ १ को जवान १ के चामल माना १ एक माना मास्का दाल नुन् १ एक वेहान घिउ तोला ४ वेलुका तोला १ समेत घिउ तोला ५ पाँच तोला ज्वान २७ के ✓ एक आना तेल र ९।३।११ का ताके सदर ९।१२।३१ का आदेशले महिना १ एकको जवान १ के नुन माना १ एक का दरले खर्च लेख्नु रोजनामा खर्च लेखनु पर्दैन टिपणी खडागरी महिना भुक्तान भएपछि एकै पटक खर्च लेख्नु भन्ने ५९ साल पौष बदी ३ रोज १ का निकासाले २०२० साल आश्विन बालिदेखी ऐं भसान्त तक महिना भर साछीका रोहवरमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जवान गन्ती गरी भोजन गरेको वेहान वेलुका साक्षीका सही छाप परेको रोज नामा टिपन ।

सही छाप		वेहान		वेलुका			
भान्छे साछी	मिति	जवान	अक्षरले	भान्छे	साछी	जवान	अक्षरले

मिति मात्र उल्लेखित छ तर कुनै व्यहोरा भरिएको छैन ।

भूपहरि पौडेल

ऐतिहासिक सामग्री (२१)

यस पत्रको सक्कल प्रति तीनधारा संस्कृत छात्रावासको अफिसमा सुरक्षित छ ।

श्री ५ को सरकार
शिक्षा मन्त्रालय, शिक्षा विभाग
(प्रशासन उप–शाखा)

विषय :—तरकारी मसला अचारको दरबन्दीमा वृद्धि गर्ने बारे । माननीय शिक्षा मन्त्री ज्यूबाट सदर भएको मिति २०२२।१०।२२ प्रस्तावको सिलसिलेवार नम्बर २३७ र मिति ०२२।११।९।

प्रस्ताव

तीनधारा पाकशाला संस्कृत छात्रावासका छात्रहरूको तरकारी मसला अचारको लागी ०१७ सालको श्री अर्थ (खर्च) मन्त्रालयबाट स्वीकृत दरवन्दी अनुसार विद्यार्थी १ के रोज १ को रू. ।१० (दस पैसा) को दरबन्दी कायम भै रहेकोमा स्वीकृत दरवन्दीले आजको समयमा सो खर्च भ्याउन मुश्किल परेकोले दरवन्दीमा संशोधनका लागी अर्थ (खर्च) सँग स्वीकृति माग्दा मिति ०२२।१।२। मा हाल बजार भाउ बढेकोले यो आदेश दाखिल भएका मितिदेखि रोज १ को रू. ।२ (दुई पैसा) थपि जवान् १ के रोज १ को रू. ।१२ (बाह्र पैसा) को दरले खर्च

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने स्वीकृति प्राप्त भएको तर सो रू. ।१२ (बाह्र पैसा) ले नपुग्नेभै प्रति जवान रोज १ को ।२५ (पच्चिस पैसा) को दरबन्दी कायम हुनुपर्ने भनि छात्रहरू तथा छात्रावासका सुपरिन्टेण्डेण्टको समेत राय भएको उक्त राय बमोजिमको दरबन्दी कायम गर्ने अर्थ (खर्च) को स्वीकृतिको लागी मांग गर्दा ०२१ सालमा रोजको रू।१२ (बाह्र पैसा) कायम भै गएकोले, सालिन्दा बढाउँदै लैजान मनासिब पर्दैन औ तीनधारा पाकशालालाई मात्र बढाउँदा अन्य पाकशालालाई पनि दिन पर्ने हुँदा यसरी हर साल बढाउने स्वीकृति दिन नमिल्ने भनि पत्र प्राप्त भएको तर बढ्दो महँगीले गर्दा कायम रहेको रोज १ को रू।१२ (बाह्र पैसा) को तरकारी खर्चले भ्याउन मुश्किल पर्ने हुँदा रोज १ को रू।२५ का दरले तरकारी मसला अचारको दरबन्दी कायम गर्ने निर्णयका लागी मं. पं. मा प्रस्ताव पेश गर्ने गरी टिप्पणी पेश हुँदा माननीय शिक्षा मन्त्रीज्यूबाट मिति ०२२।१०।२२ मा सदर भएकोले कार्य सम्पादन नियमावलीको अनुसूचि २ दफा ९ अनुसार यो प्रस्ताव पेश गरेको छु ।

निर्णय हुनु पर्ने

तीनधारा पाकशाला संस्कृत छात्रावासका छात्रहरूलाई तरकारी मसला अचार खर्चमा प्रति जवान रोज १ को रू ।२५ (पच्चिस पैसा) को दरबन्दी कायम गर्ने ।

मं. पं. नं. ६७।०२२
(मिति ०२२।११।१४।६ का दिन भएको मन्त्रीपरिषद बैठकमा पेश भएको)

द. श्यामकृष्ण भट्टराई
सचिव

श्री शिक्षा मन्त्रालय (शिक्षा विभाग, प्रशासन उप-शाखा) को, तरकारी मसला अचारको दरबन्दीमा वृद्धि गर्ने बारेको प्रस्ताव पेश हुँदा, प्रस्तावमा लेखिए बमोजिम गर्ने गरी सदर गरी दिने निर्णय भयो ।

नक्कल ठीक छ
द. लवनरसिंह राणा
०२२।११।१९

हंसमान
०२२।११।१७।२
(सर्दार हंसमान सिंह)
प्रमुख सचिव

सेक्शन अफिसर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐतिहासिक सामग्री (२२)

'संस्कृत-छात्र-संघ' बाट प्रकाशित भएको नेपाली साहित्यिक पत्रिका 'सिंहनाद' र संस्कृत भाषामा प्रकाशित भएको 'जयतु संस्कृतम्' पत्रिकालाई श्री ५ महेन्द्रबाट बक्सेको शुभ-कामना सन्देश

राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार

महेन्द्र वीर विक्रम शाहदेवबाट

बक्सेको

शुभकामना सन्देश

केही वर्षदेखि संस्कृत-छात्र-संघ [नेपाल] ले हाम्रो सनातन संस्कृतिको प्रेरणादायक परम्परालाई कायम गर्नुको साथै युग सुहाउँदो तरिकाले संस्कृत-शिक्षाको प्रचार तथा सुधार गरी हाम्रो देश र राष्ट्रियताको सेवा गर्दै आएको छ। यसै सिलसिलामा यस संघले नेपाली भाषामा पनि 'सिंहनाद' नामक एक द्वैमासिक पत्रिका प्रकाशन गर्न लागेको सुन्दा मलाई खुशी लागेको छ। यस पत्रिकाले संस्कृत भाषाका उत्कृष्ट कविहरूको आधुनिक महत्व समेत नेपाली पाठक पाठिकाहरूलाई सुबोध पार्ने सफलता हासिल गर्न सकोस् भन्ने हार्दिक कामना गर्दछु।

राजदरबार, नेपाल
आश्विन १९, २०१९

सिंहनादबाट

निखिल प्रजावर्ग श्रद्धाभाजां राष्ट्रियैकतायाः संस्कृतस्य संस्कृतेश्च प्रतीकरूपाणां श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवानां

शुभ-कामना

संस्कृत भाषैवाऽस्माकं नेपाली संस्कृतेराधारशिला विद्यते। अत्र नास्ति काऽपि शंका। अस्या भाषायाः पुनरुत्थाने कृत प्रयत्न एव सर्वेषां पुरतः स्वसंस्कृतेः स्थापने वर्तते।

संस्कृतच्छात्र संघ (नेपाल) तः प्रकाश्यमाना "जयतु संस्कृतम्" पत्रिकाऽस्माकं परम्परां प्रोज्वलतां संपाद्य देशं प्रजातान्त्रिकप्रणाल्यामग्रेसरीकरणकर्मणि सफलतां प्राप्स्यतीति, अस्मदीया शुभकामनाऽस्ति।

× × ×

संस्कृत भाषानै हाम्रो नेपाली संस्कृतिको आधारशिला हो। यसमा केही शंका छैन। यो भाषालाई पुनरुत्थान गर्ने प्रयत्नले आफ्नो संस्कृति सबैका सामु राखी दिनु हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत छात्र संघ (नेपाल) ले प्रकाशित गर्न लागेको "जयतु संस्कृतम्" नाउँको पत्रिकाले हाम्रो परम्परालाई प्रोज्वल परी देश-लाई प्रजातान्त्रिक परिपाटीमा अघि बढाउँदै लग्नेकाममा सफलता प्राप्त गर्नेछ भन्ने हाम्रो शुभकामना छ।

'जयतु संस्कृतम्' बाट

ऐतिहासिक सामग्री (२३)

"यो कविता विक्रम सम्वत् २०१३ साल मार्ग २० गते संस्कृत छात्र संघ संघर्ष समितिको आमसभामा नयाँ सडक भूगोल पार्कको मञ्चमा पढिएको" र भरतराज पन्तद्वारा रचित कविता हो। २०१३ सालको संघर्षको इतिहास बुझ्न यसले सघाउ पुऱ्याउने देखिन्छ। भरतराज पन्तको यो कविता सर्वभन्दा पहिले 'अरुणोदय' वर्ष २०-२१ संयुक्ताङ्क ४, १, २ (२०४१) मा प्रकाशित भएको छ।

संघर्ष मैदानमा

१

गङ्गातुल्य पवित्र आर्यजनको त्यो सभ्यता संस्कृति
ख्याल कति नराखि नासमझ भैं जो पार्न खोज्यो इति
त्यो चेष्टा सरकारको सहजमा हुत्याउने शानमा
आयौं छात्र छ्वल्किएर अहिले संघर्ष मैदानमा

२

देखायौं जुन छात्रले अघि यहीं संघर्षको वैभव
भन्दैछन् इतिहासले सब कुरा नेपालको गौरव
देखाईकन छोड्दछौं अझ उही अस्तित्व सम्मानमा
आयौं छात्र छ्वल्किएर अहिले संघर्ष मैदानमा

३

खाई गिद्ध बनी कमाइ जसको आदर्शले नीतिले
आई-भन्दछ-छैन काम यसको झन् बेगुनी रीतिले
दिन्छौं दण्ड भनी स्वदेश हितको त्यो नीच नादानमा
आयौं छात्र छ्वल्किएर अहिले संघर्ष मैदानमा

४

नेपाली जनता समस्त यसमा कर्तव्य संझीकन
अन्तर्राष्ट्र अनन्त संस्कृति तथा आदर्श राखनाकन
खोला भैकन मिल्दछन् जलधिमा आँधी र तूफानमा
आयौं छात्र छ्वल्किएर अहिले संघर्ष मैदानमा

५

पूरा माग गराइ छोड्नु छ डटी बढछौं बडो वेगले
को हट्ला बलिदान नै हुन परोस् धम्की र उद्वेगले
आशाले भरिलो नवीन युगको यो मन्द मुस्कानमा
आयौं छात्र छ्वल्किएर अहिले संघर्ष मैदानमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६

काला बादल वर्सिदा शिखरमा यो भूतलै भासिदा
जस्तै संस्कृति सभ्य शास्त्र महिमा निर्मूलभै नासिदा
फैलन्छौं क्रमले असह्यमनले सर्वत्र चट्टानमा
आयौं छात्र छ्वल्किएर अहिले संघर्ष मैदानमा

७

पारी शीतल धर्मतप्त जनता, नेपालका पङ्कको
हुत्याईकन भेलले मलिनता धोएर आतङ्कको
बन्ने छौं पछि शान्त सुन्दर शरत् आनन्दको गानमा
आयौं छात्र छ्वल्किएर अहिले संघर्ष मैदानमा

ऐतिहासिक सामग्री (२४)

श्री ५ को सरकारले छात्रावासको निम्ति नियम बनाएर नेपाल राजपत्र भाग ३ मा प्रकाशित गरेको थियो तर यो नियमावली हालसम्म तीनधारा पाकशालामा लागू भएको छैन । शुरूमा डा० देवराज पौडेला सुपरीक्षक हुँदा यो नियम उनले लागू गर्ने चेष्टा गरेका छन् तर पछि त्यसै निष्क्रिय हुँदै गएको देखिन्छ ।

नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

[खण्ड २२] काठमाडौं पौष ११ गते

२०२९ साल [संख्या ३६]

श्री ५ को सरकार

शिक्षा मन्त्रालय

छात्रावास नियमावली २०२९

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०१३ को दफा २ को उप-दफा (१) दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :—

(१) यी नियमहरूको नाम "सरकारी छात्रावास नियमावली २०२९" रहेको छ ।

(२) यो नियम तुरुन्त प्रारम्भ हुने छ ।

(३) यो नियमावली श्री ५ को सरकारबाट सञ्चालित छात्रावासहरूका लागि मात्र लागू हुने छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. परिभाषा :—

(क) "छात्रावास" भन्नाले विद्यालय तथा महाविद्यालयमा पढ्ने विद्यार्थीहरूको लागि भोजन तथा बस्ने प्रबन्ध भएको जुनसुकै भवन र त्यसले चर्चेको क्षेत्र समेतलाई सम्झनु पर्छ ।

(ख) "सुपरीक्षक" भन्नाले छात्रावास तथा छात्रावासमा बस्ने विद्यार्थीहरूको सुव्यवस्था तथा रेख-देख गर्न नियुक्त वा तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

३. छात्रावासको व्यवस्था तथा सञ्चालन :—

(१) छात्रावासको व्यवस्था तथा सञ्चालनको निमित्त श्री ५ को सरकारबाट मनोनीत अध्यक्ष तथा सदस्यहरू समेत भएको एक छात्रावास समिति (यसपछि समिति भनिएको) रहने छ ।

(२) छात्रावासको व्यवस्था तथा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउनु समितिको कर्तव्य हुने छ ।

४. विद्यार्थीलाई भर्ना गर्ने :—

श्री ५ को सरकारबाट स्वीकृत विद्यालय तथा त्रिभुवन विश्व-विद्यालय संग सम्बन्ध भएको महाविद्यालयमा पढ्ने विद्यार्थीहरूलाई मात्र अनुसूचि बमोजिसको घर्तनामाको कागज गराई छात्रावासमा भर्ना गर्न सकिने छ ।

५. छात्रावासको भांडा, भोजन खर्च र भर्ना शुल्क :—

श्री ५ को सरकार तर्फबाट निःशुल्क भोजनको व्यवस्था भएको छात्रावासको भाड़ा, भर्ना तथा अन्य शुल्क नलाग्ने गरिएको छात्रावासमा बाहेक अरू छात्रावासमा छात्रावास भाडा, भोजन खर्च र भर्ना तथा अन्य शुल्क समितिले तोके बमोजिमको हुने छ ।

तर त्यस्तो अन्य छात्रावासको हकमा समितिले उचित सम्झेमा विद्यार्थीहरूले आफै खर्च बेहोर्नेगरी विद्यार्थीहरूबाट सञ्चालित वा अन्य कुनै व्यक्तिबाट सञ्चालित भोजनालयको व्यवस्था गराउन सक्ने छ ।

६. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :—

(क) विद्यार्थीहरूको अध्ययनमा सदैव प्रोत्साहन मिल्ने किसिमले उनीहरूको सुविधालाई ध्यानमा राखी आवश्यक व्यवस्था मिलाउने ।

(ख) विद्यार्थीहरूको भोजन प्रबन्ध नियमित तथा व्यवस्थित रूपले मिलाउने ।

(ग) विद्यार्थीहरूको शारीरिक विकासको निमित्त व्यायाम तथा खेलकूदको साथै अतिरिक्त कार्यकलापको पनि प्रबन्ध मिलाउने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(घ) बिरामी विद्यार्थीहरूको प्रारम्भिक उपचार आदिको प्रबन्ध गर्ने आवश्यक परेर स्थान उपलब्ध भए अस्पताल भर्ना गराउने ।

(ङ) छात्रावासको सफाई तथा पुस्तकालयको व्यवस्था गर्ने ।

(च) श्री ५ सरकारका शिक्षामन्त्रालयबाट निर्दिष्ट अरु कामहरू गर्ने ।

(छ) छात्रावासको नियम बिरुद्ध कुनै कार्य गरेमा त्यस्ता विद्यार्थीलाई छात्रावासबाट निष्काशित गर्ने, र

(ज) छात्रावासको लागि आवश्यक वजेट बनाउने र श्री ५ को सरकारबाट निकासा भएको वजेट श्री ५ को सरकारको खर्च सम्बन्धी नियम अनुसार खर्च गर्ने ।

७. सुपरिवेक्षकको काम, कर्तव्य र अधिकार :—

छात्रावासको सुव्यवस्था तथा छात्रावासमा रहने विद्यार्थीहरूको देखरेखको लागि छात्रावासमा एक सुपरिवेक्षक रहने छ । निजको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुने :—

(क) विद्यार्थीहरूको हाजिरी अभिलेख राख्ने ।

(ख) छात्रावासमा अनुशासन कायम राख्ने ।

(ग) विद्यार्थीहरूको अध्ययन तथा भोजनको रेखदेख गर्ने ।

(घ) विद्यार्थीहरूलाई छात्रावासको नियम पालन गर्न लगाउने ।

(ङ) समितिले निर्देशन दिएका नियमहरू गर्ने ।

(च) छात्रावासको अवस्था र गतिविधि बारे समय-समयमा समितिलाई अवगत गराउने ।

(छ) छात्रावास सम्बन्धी कागजात अध्यावधि राख्ने ।

(ज) बिरामी विद्यार्थीहरूको उपचार आदिको उचित प्रबन्ध गर्ने ।

८. छात्रावासमा बस्ने अधिकार नभएको :—

(१) यस नियमावलीमा जुन सुकै कुरा लेखिएको भए तापनि छात्रावासमा भर्ना हुन, बस्न, खान वा एकपटक भर्ना भएपछि छात्रावासमा रही रहन कुनै विद्यार्थीको अधिकारको कुरो हुने छैन ।

(२) उपनियम (१) का सर्व सामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी खास गरी देहायको अवस्थामा कुनै व्यक्ति छात्रावासमा भर्ना हुन वा रही रहन पाउने छैन ।

(क) विद्यार्थी नरहेमा

(ख) कुनै उपाधि, डिप्लोमा, प्रमाणपत्रको परीक्षा दिई सकेकोमा सो दिई सकेको सात दिन पछि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ग) पढिरहेको विद्यालय महाविद्यालय वा कुनै परीक्षाबाट अवधि-तोकी वा सबैको लागि निष्कासित भएमा चौबीस घण्टा पछि ।

(घ) पढिरहेको विद्यालय महाविद्यालय लामो विदामा वा कुनै कारणले लामो अवधिको लागि बन्द भएमा, तर त्यस्तो अवस्थामा समितिले कुनै विद्यार्थीलाई कुनै परीक्षाको तैयारीको लागि छात्रावासमा बस्न दिन सक्ने छ ।

(ङ) छात्रावासमा बस्ने कुनै विद्यार्थीको पाहुनाको रूपमा तर सुपरिवेक्षकले कुनै विद्यार्थीलाई बढिमा तीन दिन सम्म पाहुना राख्न दिन सक्ने छ । त्यसरी राखिएको पाहुनाले छात्रावासको नियम पालन गर्नु पर्छ र सुपरिवेक्षकले भनेको वेलामा छात्रा-वास छाडी जानु पर्छ ।

नेपाल राजपत्र भाग ३

अनुसूचि

(नियम ४ सँग सम्बन्धित)

सर्तनामा

यस छात्रावासमा भर्ना हुन इच्छुक भएकोले दरखास्त दिई भर्ना हुन आएको छु । म यस छात्रावासमा रहदा सम्म छात्रावास नियमावली २०२९ र उक्त छात्रावास सञ्चालक समितिमा निर्देशनहरूको समेत पूर्णतया पालनगरी अनुशासित ढङ्गबाट रहने छ । छात्रावास नियमावली २०२९ र सञ्चालक समितिका निर्देशन-हरू समेतको पालन नगरेमा वा अनुशासन भंग हुने काम गरेमा म उपर छात्रावास नियमावली २०२९ अनुसार कारवाई भएमा मेरो मञ्जूर छ ।

विद्यार्थीको हस्ताक्षर :—

पूरा नाम, घर, वतन :—

मिति :————————

आज्ञाले

कृष्णबहादुर मानन्धार

श्री ५ को सरकारको सचिव

नेपाल राजपत्र भाग ३ बाट

ऐतिहासिक सामग्री (२५)

तीनधारा पाकशाला संस्कृत छात्रावास शुरूमा गुठीले संचालन गर्दथ्यो । पछि शिक्षामन्त्रालयबाट संञ्चालित भयो । शिक्षामन्त्रालयबाट त्रिभुवन विश्वविद्यालयले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सञ्चालन गर्ने सम्बन्धको पत्र हो यो। यो पत्रको सक्कल तीनधारा पाकशालाको अड्डामा सुरक्षित छ।

श्री ५ को सरकार

शिक्षा मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

केशर महल

गोप्य काठमाडौं, नेपाल

मिति :—२०३३।७।

पत्र संख्या :—क.प्र (प) ५

च. नं. :—(३३

विषय : - तीनधारा संस्कृत छात्रावास संचालन गर्ने।

श्रीमान उप-कुलपतिज्यू,
त्रिभुवन विश्वविद्यालय,
त्रिपुरेश्वर, काठमाडौं।

तीनधारा संस्कृत छात्रावास त्रिभुवन विश्वविद्यालयलाई हस्तान्तरण गर्ने गरी मिति २०३३।६।२४ मा राष्ट्रिय शिक्षा समितिबाट निम्न बमोजिम गर्ने गरी निम्न-लिखित निर्णय गरेकोले निर्णयानुसार गर्नु हुन अनुरोध गरिएको छ।

(क) उक्त छात्रावासमा हाल माध्यमिक तथा उच्च तहका छात्रहरू रहेको र यस छात्रावासको तह निर्धारण गर्दा एक तहका छात्रहरूलाई छात्रावासबाट हटाउनु पर्ने अवस्था पर्न आउने र यसरी पाइरहेको सुविधाः बाटै वञ्चित गर्दा निस्काशित हुने छात्रहरूलाई मर्का पर्न जाने भएकोले छात्रहरूको सिट विभाजन गरी उच्च तथा माध्यमिक तहका छात्रहरूलाई समान अवसर दिलाउन साविक बमोजिमको व्यवस्था अनुसार संस्कृत छात्रावासको संचालन त्रिभुवन विश्व-विद्यालय बाटै गराउने।

(ख) उक्त छात्रावासको छात्र सिट संख्या १०६ मध्ये माध्यमिक कक्षाका छात्रहरूको लागि ३५ सिट सुरक्षित गर्ने।

(ग) माध्यमिक तहका छात्रहरूको लागि सुरक्षित सिट मध्ये रिक्त रहन आएका सिटमा भर्ना गर्दा हाल भैरहेको संस्कृत छात्रावास समितिले विद्यार्थी छनौट गरी भर्ना गर्ने व्यवस्था गर्ने।

(घ) अरू बाँकी ७१ सिट प्रमाणपत्र तह देखि स्नातकोत्तर तहका छात्र-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूको लागि सुरक्षित राख्ने र यस तहको रिक्त सिटमा त्रिभुवन विश्वविद्यालयलेनै छनौट गरी छात्रावासमा भर्ना गर्ने ।

(ङ) यी दुवै तहका छात्रहरूले छात्रावासमा बस्दा त्रिभुवन विश्वविद्यालयको छात्रावास सम्बन्धी नियम पालन गर्नु पर्ने व्यवस्था गर्ने ।

(च) उक्त छात्रावासको लागि चाहिने सम्पूर्ण बजेटको व्यवस्था त्रिभुवन विश्वविद्यालयलेनै गर्ने ।

(छ) तीनधारा पाकशाला कार्यालयमा रहेका कर्मचारीहरूलाई अर्को व्यवस्था नभए सम्मको लागि त्रिभुवन विश्वविद्यालयमा वेतलवी काजमा खटाउने ।

नरसिंह नारायण सिंह
०३३.७.२४
का. मु. सहसचिव

बोधार्थ तथा कार्यार्थ
श्री संस्कृत अध्ययन संस्थान दाङ ।
श्री निजामती किताव खाना कार्यालय, हरिहर भवन ।
श्रीमान् अञ्चलाधिशज्यू (बा. अ.)
अध्यक्ष छात्रावास समिति ।
श्री विद्यार्थी हित शाखा,
त्रि. वि. वि. ।
श्री सहायक डिनको कार्यालय
वाल्मीकि क्याम्पस ।
श्री तीनधारा पाकशाला कार्यालय ।
श्री सुपरिवेक्षकको कार्यालय,
तीनधारा संस्कृत छात्रावास ।

नरसिंह नारायण सिंह
०३३.७ २४
का. मु. सहसचिव

ऐतिहासिक सामग्री (२६)

संस्कृत अध्ययन संस्थान वाल्मीकि विद्यापीठ (क्याम्पस) ले तीनधारा पाकशाला अड्डालाई आफ्नो लगत पठाउन् लेखेको पत्र तीनधारा पाकशाला अड्डामै सुरक्षित छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

०३३।१०।१ मा

फोन नं० १३–१९३

त्रिभुवन विश्व विद्यालय
संस्कृत अध्ययन संस्थान
बाल्मीकि विद्यापीठ (क्याम्पस)

प्रदर्शनी मार्ग
काठमाडौं, नेपाल ।
मिति २०३३।९।३०

सरस्वती श्रुति महती महीयताम्
★
संस्कृत अध्ययन संस्थान

चालानी नम्बर :—१५७२
पत्रसंख्या :—१२६२ (फा० ४) प्र० शा० (७१३) ०३३।०३४

विषय :—लगतहरू पठाउने

श्री तीनधारा पाकशाला,
रानीपोखरी, काठमाडौं ।

यस विद्यापीठ (क्याम्पस) को च० नं० १५२० मिति ३३।९।२४ को पत्र प्राप्त भएकै होला । सो अनुसारको लिष्ट अविलम्ब पठाउनु हुन अनुरोध गरेको छ । त्यस छात्रावासको सम्पूर्ण लेखा सम्बन्धि तथा प्रशासनिक काम कारबाही यसै विद्यापीठबाट हुने गरी राष्ट्रिय शिक्षा समितिबाट भएको निर्णयको व्यहोरा अवगत भएकै होला । सो अनुसार निम्नलिखित काम कारवाही अविलम्ब गर्नु हुन अनुरोध गरेको छ ।

(१) हालसम्म चलन गरिएको लेटर प्याड अब चलन नगरी यस विद्यापीठ (क्याम्पस) को लेटरप्याड अविलम्ब चलन गर्ने र छाप पनि तयार पार्न दिइएको हुँदा सो छाप चलन गरी हाल भएको छाप चलन नगर्ने ।

(२) सबै कर्मचारीहरूको व्यक्तिगत फायलहरूको रेकर्ड यसै विद्यापीठ (क्याम्पस) को प्रशासन शाखामा राखीने हुँदा सो फायलहरू अविलम्ब पठाइ दिने ।

(३) बिजुली, पानी, कार्ड पठाएको टेलिफोन आदिको महसुल यसै विद्यापीठ (क्याम्पस) बाट ब्यहोरिने हुँदा सो को कार्डहरू यसै विद्यापीठ (क्याम्पस) को लेखा शाखामा पठाइ दिने ।

(४) प्रत्येक महिनाको तलब, ओभरटायम, आदि रकमहरू यसै विद्यापीठ (क्याम्पस) को लेखा शाखाबाट वितरण गरिने हुँदा महिना भुक्तान भएको भोलीपल्ट अनिवार्य रूपले कर्मचारीहरूको हाजिरी रेकार्ड बाल्मीकि विद्यापीठ (क्याम्पस) मा पठाइ दिने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(५) कुनै पनि कर्मचारीलाई विदा बस्नु परेमा यस विद्यापीठ (क्याम्पस) बाट विदा स्वीकृत भएपछि बस्नुपर्ने र सिफारिसको सम्बन्धमा त्यस पाकशालामा रहनु भएका खरिदारबाट विदा दिन सिफारिस गर्दछु भनी सिफारिस गरी सहायक डीनज्यू समक्ष पेश गर्ने ।

(६) दैनिक पत्र व्यवहारको निमित्त त्यस पाकशालामा आएका पत्रहरूको जवाफ त्यहिँबाट तयार पारी यस विद्यापीठबाट दस्तखत गरी पठाउने तथा नक्कलमा चाहिं त्यस पाकशालामा रहनु भएका खरिदारको दस्तखत हुनुपर्ने ।

(७) छात्रावास सम्बन्धी प्रशासनिक रेकर्ड त्यहिं राख्नको निमित्त फायलहरूमा फायल संख्या र पत्रको फार्यलिग त्यहिं गर्नुपर्ने र चलानीपनि त्यहिंबाट गरी मूल चलानी यस विद्यापीठको गर्ने ।

(८) बाहिरबाट आएका गोप्य पत्रहरू त्याहाँ नखोली वाल्मीकि विद्यापीठ (क्याम्पस) मा सहायक डीनज्यू समक्ष पेश गर्ने ।

(९) अन्य कार्यालयहरूबाट आएका पत्रहरू यस विद्यापीठको मूल दर्तामा दर्ता गरेपछि मात्र त्यस पाकशालाको दर्ता रजिष्ट्रीमा दर्ता गर्ने ।

(१०) त्यस पाकशालामा भएका चल अचल सम्पत्तिको लिष्ट अविलम्ब वाल्मीकि विद्यापीठ (क्याम्पस) प्रशासन शाखामा उपलब्ध गराइदिने ।

(११) हाल सम्म चलन गरी आएका छापहरू र प्याडहरू अविलम्ब वाल्मीकि विद्यापीठ (क्याम्पस) को स्टोर शाखामा बुझाउने ।

उपरोक्त कुराहरूको कारवाही अविलम्ब गर्नु हुन निर्देशानुसार अनुरोध गरेको छु ।

बोधार्थ :

श्री डीनको कार्यालय
संस्कृत अध्ययन संस्थान
बेलझुण्डी, दाङ् ।

०३३।९।३०

(अर्जुन प्रसाद कणेल)
का० मु० सहायक प्रशासक

ऐतिहासिक सामग्री (२७)

२०३५ चैत्र २६ गतेदेखि विद्यार्थीहरूको हड्ताल शुरू भएको थियो । आन्दोलन अगाडि बढ्दै गएपछि २०३६।१।१० मा २४ घण्टाभित्र छात्रावास खाली गर्नु, भयो सूचना निस्कियो । छात्रावासबाट निस्केर आ-आफ्नो घर जाँदा विद्यार्थीहरूको घरको दूरी हेरी आवश्यक बाटाखर्च पनि क्याम्पसबाट उपलब्ध भएको थियो । यसमा प्रमाणपत्र, स्नातक र स्नातकोत्तरमा अध्ययन गरिरहेका विद्यार्थीहरूले मात्र आफ्नो सीट खाली गरिदिनु परेको थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फोन नं० १३,१९३

त्रिभुवन विश्वविद्यालय
संस्कृत अध्ययन संस्थान
वाल्मीकि विद्यापीठ (क्याम्पस)

प्रदर्शनी मार्ग
काठमाडौं, नेपाल

संस्कृत छात्रावास, रानीपोखरी
अत्यन्त जरूरी
सरस्वती श्रुति महति महीयताम्
संस्कृत अध्ययन संस्थान

चलानी नम्बर :—३१२७

पत्र संख्या :—२०८५ (फा) २–५ क) प्र. शा. (१५४५) २०३५।२०३६

विषय : – छात्रावास खाली गर्ने

त्रिभुवन विश्वविद्यालय, केन्द्रीय कार्यालय, त्रिपुरेश्वरबाट मिति २०३६।१।१० मा प्राप्त पत्रानुसार छात्रावासहरू सबै २४ घण्टा भित्र खाली गर्ने, विद्यार्थीहरूलाई आफ्नो कोठा भित्र तालचा लगाएर जान नदिने। यसरी खाली गर्दा कुनै विद्यार्थी घर फर्कनको लागि खर्च छैन भनी निवेदन गरेमा क्याम्पस प्रमुखले आफ्नो तजवीजमा घर पुग्न चाहिने न्यूनतम रकम सापटी दिने, भनी उल्लेख भै आएको व्यहोरा वाल्मीकि विद्यापीठ (क्याम्पस) को प. सं. २०२८ मिति २०३६।१।१० को पत्रद्वारा आवश्यक कार्यार्थ प्राप्त हुन आएको हुँदा यस संस्कृत छात्रावासमा बसी वाल्मीकि विद्यापीठ (क्याम्पस) मा अध्ययन गर्ने सम्पूर्ण छात्रहरूलाई यो सूचना भएको २४ घण्टा (२०३६।१।११ गते बेलुका १० बजे) भित्र माथि उल्लेख गरे अनुसार यस छात्रावास खाली गर्न सूचित गर्दछु। छात्रावास खाली गर्दा विद्यार्थी घर जानेको लागि खर्च आवश्यक भएमा त्रिविको परिपत्रानुसार सापटीको रूपमा औचित्य हेरी रकम उपलब्ध गराइने व्यहोरा पनि सूचित गर्दछु।

बोधार्थ

हरि प्रसाद गौतम
२०३६।१।१०
(हरि प्रसाद गौतम)
सुपरीक्षक
संस्कृत छात्रावास
रानी पोखरी

श्रीमान् रजिस्ट्रार ज्यू
त्रिपुरेश्वर

श्रीमान् डीनज्यू,
संस्कृत अध्ययन संस्थान,
बेलझुण्डि दाङ्।

श्रीमान् सहायक डीनज्यू,
संस्कृत अध्ययन संस्थान
वाल्मीकि विद्यापीठ (क्याम्पस)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रवेशिकाको अन्तिम परीक्षा दिएका, प्रवेशिका (पूर्वमध्यमा) मा अध्ययनरत र यो भन्दा मुनिका कक्षामा अध्ययन गर्ने विद्यार्थीलाई निस्कनु नपर्ने भएको थियो । छात्रावासबाट ननिकालिएका विद्यार्थीहरूको नाम यस प्रकार छ ।

१. राजेन्द्र दाहाल
२. दीर्घराज बाग्ले
३. रामप्रसाद अधिकारी
४. मुरारी पौडेल
५. आनन्द घिमिरे
६. हरिराम खनाल
७. माधव रिजाल
८. देवेन्द्र न्यौपाने
९. विश्वराज घिमिरे
१०. राममणि घिमिरे
११. जगदीश अधिकारी
१२. रुद्रलोचन आचार्य
१३. राम प्रसाद नेपाल
१४. बाबुराम दुवाडी
१५. शेषराज न्यौपाने
१६. अर्जुन अर्याल
१७. अच्युत पौडेल
१८. भरत अधिकारी

ऐतिहासिक सामग्री (२८)

श्रीप्रसाद गौतमको संग्रहमा रहेका सामग्री ।

प्रशंसा-पत्र

श्री श्रीप्रसाद गौतमजी,

संस्कृत शिक्षा प्रणालीको सामयिक सुधार र संस्कृतज्ञहरूको समुचित सम्मानलाई व्यवहारमा ल्याउने उद्देश्यले संस्कृत छात्र संघको जन्म हुनु भन्दा अघि देखि लिएर छात्र जीवनको अन्तिम घडी सम्म इमानदारी र दूरदर्शिताका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साथ अध्यक्ष आदि पदमा रही तपाईंले संस्कृत जगत्को जुन सेवा, सहयोग गर्नुभयो त्यसको हार्दिक प्रशंसा गर्दछौं।

संस्कृत-छात्र-संघ
उपत्यका-समिति
एवं
छात्र-कार्य-समिति, सं० छा० बा०

संस्कृत छात्र संघ
उपत्यका समिति
२०१२
काठमाडौं, (नेपाल)

५।१२८।३।२०१४

श्री ५ महाराजाधिराजका
प्रमुख निजी सचिवालय

राजदरबार
नेपाल
चैत्र २६, २०१६

प्रनिम ६३।६०

महाशय,

श्री ५ महाराजाधिराजका हजुरमा तपाईंले "जयतु संस्कृतम्" नामक पत्रिकाको निमित्त मौसूफको शुभाशीर्वाद पाउँ भनि मिति ०१६।१२।१७।४ मा पढाई पठाउनु भएको विन्तिपत्र प्राप्तभई मौसूफका हजुरमा जाहेर भयो। मौसूफबाट उक्त पत्रिकाको निमित्त बक्सेको संदेश यसै साथ राखी सूचना गरेको छु।

भवदीय
मि० सु० मधुसूदन राज
श्री ५ महाराजाधिराजका निजी सचिव

श्री श्रीप्रसाद गौतम,
प्रधान सम्पादक,
संस्कृत छात्र संघ
डिल्लीबजार

श्री ५ महाराजाधिराजका
प्रमुख निजी सचिवालय

राज दरबार
नेपाल

श्री ५ महाराजाधिराजबाट
बक्सेको शुभ-सन्देश

संस्कृत भाषा नै हाम्रो नेपाली संस्कृतिको आधारशिला हो। यस्मा केहि सन्देह छैन। यो भाषालाई पुनरुत्थान गर्ने प्रयत्न नै आफ्नो संस्कृति सबैको सामु राखी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिनु हो । नेपाली संस्कृत छात्र संघले प्रकाशित गर्न लागेको "जयतु संस्कृतम्" नाउँको पत्रिकाले हाम्रो परम्परालाई प्रज्वल पारी देशलाई प्रजातान्त्रिक परिपाटिमा अघि बढाउँदै लग्ने काममा सफलता प्राप्त गर्ने छ भन्ने हाम्रो शुभ कामना छ ।

(मधुसुदनराज)
राज दरबार
काठमाडौं

मिति : २०१४।१।१०।१२

श्री ५ महाराजाधिराजका
प्रमुख निजी सचिवालय
पत्र संख्या

महाशय

श्री ५ महाराजाधिराजको दर्शनगर्न भोली वैशाख ११ गते मंगलवार बेलुका ९।१५ (सवा नौ) बजे १५ मिनेटको निमित्त समय बकसेकोले तपाईंलाई सूचना गरेको छु । उक्त समयमा तपाईंले साथी दुईजना ली राजदरबारमा आउनु होला ।

भवदीय
(मधुसूदन राज)
श्री ५ महाराजाधिराजको निजी सचिव

श्री प्रसाद,
संस्कृत छात्रावास
रानी पोखरी,
काठमाडौं ।

श्री काठमाडौं मेजिस्ट्रेट अफिसबाट

काठमाडौं रानीपोखरी छेउ तिनधारा पाकशालामा वस्ने श्री प्रसाद जी के

तपाईंले यही वैसाख १५ गते भूगोलपार्कमा गैरकानूनी वक्तव्य दियकोमा कारवाईलाई बुझ्नू परेकाले यो म्याद पठाएको छ तसर्थ २०११ साल वैसाख २२ बाईस गतेकादिं ठिक ११ बजे यस आफिसमा उपस्थित हुनू होला म्यादमा हाजिर हुननिआय ऐनसवाल बमोजिम हुनेछ संवत् २०११ साल वैसाख २० गते रोज १ सु— — —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री

पत्र संख्या १४९७

मिति २०१०।२।२५।४

श्री श्रीप्रसाद जो

सं. छा. सं. सं. समिति

का सभापति

श्री मेजिस्ट्रेट अफिस

काठमाडौंबाट

विषय :—उपस्थित हुने ।

महाशय,

सं. छा. सं. का माग पुरानभए हामी तुफानी आन्दोलन छेडने छौं भने बारेमा श्रीमाननीय शिक्षा मंत्रीज्यूमा लेखनु भएको निवेदन परि कारवाई लाई तपाईंमा सूचना गरेको छु। यो सूचना बुझी ली तपाईं आजै एस आफिसमा अफिसका टायम भित्र उपस्थित हुनु होला ।

भवदीय

रङ्गनाथ उप्रेति

रजीष्ट्रेन्ट,

असीष्टेन्ट सजी...

श्री

मितिं २०११।१।२१।२ मा

सिंह दरबार

नेपाल

सं. सं ४४

पत्र संख्या २८६

पो. नं. ५

संस्कृत शिक्षा विभाग

विषय :— दिला पाठशाला बारे ।

महाशय,

उपरोक्त बारे पूर्ण सरकारी माध्यमिक पाठशाला स्वीकार गरियोस् भनी ०११।१।१७ मा लेख्नु भएको पत्र प्राप्त भयो सो दिला पाठशाला बारे मुक्ति प्रसाद उपाध्याय सभापति दिङला पाठशालाको २०११।१।१७ को पत्र बमोजिम र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अघि सिफारीस गरीए बमोजिम सरकारी गराउनलाई ०११।१।२१।२ मा शिक्षा मन्त्रालयमा लेखिएको हुँदा सूचना गरेको छु ।

भवदीय

इन्द्रराम

हाकिम संस्कृत शिक्षाविभाग

पा. शा. बं. नागरी फांट

श्री प्रसादजी

सं. छा. सं. स.

समिति

ऐतिहासिक सामग्री (२९)

संस्कृत-छात्र-संघ प्रचार विभागबाट निस्किएको यो पर्चाले ऐतिहासिक दृष्टिले ठूलै महत्व राख्ने देखिन्छ ।

संस्कृत-छात्र-संघ (नेपाल) को संसदीय अधिवेशन
२०१८ आषाढ १३ गते देखि प्रारम्भ हुने

संस्कृत-छात्र-संघ (नेपाल) को इतिहास सँग परिचय नभएको संस्कृतानुरागी शायद कोही पनि छैन होला । यस संघले विभिन्न परिस्थितिको सामना गर्दै संस्कृतानुयायीहरूको विकास र सम्मान प्राप्तिका लागि कति काम गर्‍यो र कति सफलता हासिल गर्न सक्यो त्यो पनि कसैबाट छिपेको छैन । यस विषयमा धेरै लेखिरहनु पिष्टपोषण मात्र हुनेछ ।

यद्यपि सं. छा. सं. का नाममा व्यक्तिको भुँडी भर्ने मुट्ठीभर एकता-विरोधी-हरूले मातृसंस्था उपर कुचक्र रचन खोजे, तापनि संघले आफ्नो वैधानिक पद्धतिलाई कायमै राख्यो, जुन कामका निमित्त शाखाहरूले पनि आफ्नो जिम्मेवारी र कर्तव्यको पूर्णतया वहन र आचरण गरेरं गरिरहेका छन् । उक्त रूपबाट सं. छा. सं. ले आफ्नो क्षेत्रमा उल्लेखनीय महत्व प्राप्त गर्नामा मुख्य कारण यसको निष्पक्ष एवं पवित्र उद्देश्य र सतत प्रयत्न-शीलतालाई राजादेखि रङ्कसम्मले सुदृष्टि दिनु, त्यसमा पनि वर्तमान नरेशको संस्कृत प्रतिको प्रबल श्रद्धा नै हो र अब पनि यस संघलाई पूर्वरूपानुसार विभिन्न सहयोगबाट सबल बनाउन संघ सबैमा सानुनय अपील गर्दछ ।

यही २०१८ आषाढ १३ गते देखि संस्कृत-छात्र-संघ (नेपाल) को संसदीय अधिवेशन राजधानीमा हुँदैछ । जुन कुरा कही समय अघि पत्रिकाहरूमा प्रकाशित भैसकेकोले सर्व-विदित नै हुनुपर्दछ । विभिन्न जिल्लाका शाखाहरूबाट आइनुभएका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिनिधिहरूले भाग लिइने उक्त सम्मेलनलाई यथाशक्य हरतरहको सहयोग गरी सफल तुल्याउन संघ देशका तमाम छात्रवर्ग एवं सबै संस्कृत प्रेमी महानुभावहरू सँग विनम्र अनुरोध गर्दछ।

प्रचार विभाग
संस्कृत-छात्र-संघ नेपाल

विजय प्रिन्टिङ् प्रेस, पुतली सडक काठमाण्डू नेपाल।

एउटा पर्चाबाट

ऐतिहासिक सामग्री (३०)

यसमा संस्कृत-छात्र-संघको वास्तविक स्थितिको उद्घाटन गरिएको छ। यो पत्राले ऐतिहासिक दृष्टिले महत्व राख्ने देखिन्छ।

अप्रजातान्त्रिक तत्वको नंगानाच

संस्कृत-छात्र-संघ (नेपाल) को वास्तविक स्थिति

संस्कृत छात्र संघ (नेपाल) को सुनौला इतिहास र संस्कृतका विद्यार्थीहरूले प्रजातान्त्रिक व्यवस्था कायम गर्नं गरेका त्याग र तपस्याहरू प्रायः सबै जनताहरू-बाट छिपेका छैनन्। २००४ सालदेखि सुयोग्य साथीहरूका नेतृत्वमा आफ्नो कर्तव्य पंथमा डटी यस संस्कृत छात्र संघ (नेपाल) ले आफ्नो कर्तव्यपरायणता र जायज मागले जनताहरूको समेत सहानुभूति प्राप्त गरी आफ्ना समस्याहरूमा प्रजातन्त्रद्रोही राष्ट्रीय चिह्नको अपमान गर्ने ध्वंसात्यक तत्वका जालबाट बची दूरदर्शिताका साथ तत् तत्कालीन सरकार सँग लडी हरेक मागहरू पूर्ण गर्दै आयेको पनि सर्व विदित छ।

तर २०१४ सालमा वाङमा भएको सं० छा० सं० संसदीय बैठक पछि सं. छा. सं. मा आएको पदलोलुपता र निष्क्रियताले संस्कृत जगतको उत्कर्षलाई कुण्ठित गरेर सं. छा. सं. लाई जुन विस्तारवादी राजनीतिक भावनाको शिकार तुल्यायो र संस्कृत जगतको आवश्यकतालाई पूरा गर्ने ठोस कार्यक्रम राख्नको बदला विधानले तोकी दिएको औपचारिक सभा सम्म पनि हुन नसको अवस्थामा पुऱ्यायो त्यसबाट संस्कृत जगत्को दुर्भाग्यले काफी जरा हाल्ने मौका पायो। यो बहुतै खेदको विषय हो।

सं. छा. सं. विधान धारा ६ को दफा ७ को अभिप्रायमा शाखा-प्रशाखाहरूमा केन्द्रबाट अनिवार्य वार्षिक निरीक्षण गर्न प्रतिनिधि पठाउनु पर्ने स्पष्ट छ, तथापि शाखाहरूले प्रतिनिधिको दर्शन पाउनु त परै जाओस् त्यस बारे पत्र सम्म पनि केन्द्रबाट पाउन सकेनन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विधानतः प्रत्येक ४-४ महिनामा अनिवार्यतया हुनु पर्ने केन्द्रीय कार्य समितिको मिटिङ्गले डेढ वर्ष सम्ममा कुनै वाञ्छनीय निर्णय लिएको सम्म पनि संसदका सदस्य एवं शाखाहरूलाई थाहा भएन। विधानुसार वर्ष वर्ष दिनमा अनिवार्यतया हुनुपर्ने संसदीय बैठक समेत डेढ वर्ष बित्ति सक्दा पनि बोलाइएन। संसदीय अध्यक्ष जो विदेशी विश्व विद्यालयको छात्रभै बनारसमा वसी पढ्न लागेका र उपाध्यक्ष वो निक. नोकरीमा लागी छात्र समस्यामा उदासीन एवं छात्रहरू सँग सम्पर्क समेत गर्न नसक्ने भएकाले बैठक बोलाउने कुरा परै रह्यो। यस्तो भए पछि संस्कृत छात्र संघ (नेपाल) को भविष्य अन्धकारमय हुन लागेको देखी विधानानुसार संसदका दोतिहाई (२।३) प्रतिनिधिहरूले हस्ताक्षर गरी काठमाडौंमा संसदको बैठक गरी केशव दीपक' को सभापतित्वमा रहेको केन्द्रिय कार्य समितिलाई अविश्वासको प्रस्ताव पास गरी नयाँ अस्थायी कार्य समितिको गठन गरे, जसको सभापति यज्ञ प्रसाद थपलिया हुनुहुन्थ्यो, त्यसपछि यही २०१७ साल वैशाख २९ गते संसदीय अधिवेशन काठमाडौं लालदरबारमा भयो, जस्को उद्घाटन स्वास्थ्य मन्त्री काशीनाथ गौतम-ज्यूका सभापतित्वमा गृहमन्त्री सूर्य प्रसाद उपाध्यायले गर्ने भएको थियो र जस्मा यस संघका कूल ३२ शाखा मध्ये २७ शाखा एवं महाधिवेशनमा चुनिएका प्रतिनि-धिहरू समेत ३५ प्रतिनिधिहरूले भाग लिएका थिए। त्यस अधिवेशनले नयाँ कार्य समितिको गठन गऱ्यो, जस्को सभापति श्री पशुपतिनाथ आचार्य हुनु हुन्छ।

तदनुसार यस संस्कृत-छात्र-संघ (नेपाल) को कार्य सञ्चालन भईरहेकोमा हाम्रा आफिसियल सामानहरू स्थानीय संस्कृत-छात्रावासमा रहेका र हाल संस्कृत छात्रावासमा सुपरिण्टेडेण्ट खटिई आएकाले आफिसको कार्य सञ्चालनमा बाधा पर्नेभई अफिस सामान बाहिर अफिसमा लान लाग्दा संस्थालाई आफ्नो पेवा ठान्ने, विना आधारमा पदको दावा गर्ने, हामी संस्कृत छात्रसंघ हूँ भन्ने, राजनीतिक पार्टीका काँधमा चढेका हुल्लडबाट दुइ चार जना व्यक्तिहरूले छात्रावासका सुपरिण्टेडेण्टको आदेश समेत उल्लंघन गरी अशान्ति मच्चाएकाले सो अफिसियल मालहरू सुपरिण्टे-डेण्टले जिम्मा लिई राखेकोमा संस्थाका नामले आफ्नो भुँडीभर्न उक्त अशान्ति प्रिय उग्रवादी व्यक्तिहरूले छात्र जगतदेखि बाहिरका कम्युनिष्ट गुण्डाहरू समेतलाई उठाई ल्याई संस्कृत छात्रावासको बाहिरको मूल ढोका फोरी उक्त माल सामान राखेका कोठामा सुपरिण्टेण्डेण्टले लाएको ताल्चा भाँची ढोका समेत फोरेकाले सुपरिण्टेण्डेण्टले उक्त हुल्याहाहरूलाई रोक्न लाग्दा छात्रावासका पाले एवं सुपरिण्टेण्डेण्ट समेतलाई लछार पछार पारी शान्ति प्रिय देशभक्त विद्यार्थीहरूलाई कुट पीट समेत गरी सबै अफिसका कागजात, माल सामान र संस्कृत-छात्रावास छात्र कार्य समितिका चिर-काल सञ्चित महत्वपूर्ण केही माल सामान समेत लुटेर लगे।

यस परिस्थितिमा उक्त प्रकारका देश द्रोही ध्वंसात्मक प्रजातन्त्र विरोधी तत्व-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को सामना गर्न सबै छात्र साथीहरू र प्रजातन्त्रका जिम्मेदार सबै संस्था तथा सज्जनहरूसँग यो संस्कृत-छात्र-संघ (नेपाल) सविनय जोडदार अपिल गर्दछ ।

संस्कृत छात्र संघ (नेपाल)
प्रचार विभाग

कल्पना प्रेस, काठमाण्डू, नेपाल

एक पर्चाबाट

ऐतिहासिक सामग्री (३१)

संस्कृत-छात्र-संघ को विधान इतिहासको महत्वपूर्ण सामग्री हो । यसले संस्कृत छात्र संघको वास्तविकतालाई छलंङ्गयाउँछ ।

संस्कृत–छात्र–संघ (नेपाल)
को
विधान

(२०१२ वैशाखमा काठमाण्डूमा भएको प्रथम ऐतिहासिक महासम्मेलनद्वारा स्वीकृत)

प्रकाशक :–
सं. छा. सं. केन्द्रीय कार्यालय,
११/७६५ त्यौड, काठमाण्डू, नेपाल ।

मूल्य)१० पैसा

संस्कृत-छात्र संघ (नेपाल) को
विधान

धारा १

(१) यो संस्थाको नाम संस्कृत-छात्र संघ (नेपाल) रहने छ ।

(२) यस संघको केन्द्रीय कार्यालय काठमाण्डूमा रहने छ ।

धारा २

(१) यसको चिह्न नीलो भुइँमा सेतो षट्कोण हुनेछ ।

धारा ३ उद्देश्य

(क) देशको शिक्षा प्रणालीलाई राष्ट्रोपयोगी शिक्षाको रूपमा परिणत गर्नु र संस्कृत शिक्षालाई समयोपयोगी एवं वैज्ञानिक बनाउन प्रयत्न गर्नु ।

(ख) छात्रहरूको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, राजनैतिक तथा आर्थिक बिकासको निम्ति सक्रिय कदम उठाउँदै छात्र वर्गको भावनालाई उन्नत तुल्याउँदै देशभक्त बिद्यार्थीहरू तैयार पार्ने कोशिश गर्नु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ग) नेपाली छात्रहरूले गर्नु पर्ने कर्तव्य न विर्साइ छात्र वर्गद्वारा हुन सक्ने सम्मको रचनात्मक काम गर्नु गराउनु ।

(घ) नेपालीहरूको नागरिक अधिकार अपहरण हुन लागेको र देशको स्वतन्त्राता खतरामा पर्न लागेको समयमा उचित कदम उठाउनु र प्रजातान्त्रिक सिद्धान्तलाई मजबूत बनाउनु ।

धारा ४ सदस्यता

(क) प्रारम्भिक शिक्षाको योग्यता पूर्ण गरेका कुनै पनि पाठशाला महाविद्यालयमा या प्राइभेट पढ्ने संस्कृत प्रेमी छात्र तथा छात्राहरू यस संस्थाका सदस्य हुन सक्ने छन् ।

(ख) यस संस्थाको सदस्य बन्न वार्षिक सदस्य चन्दा मो. रु. अथवा के. रु. ।२० पैसा दिनुपर्छ ।

(ग) कुनै विद्यालयबाट अध्ययन वा परीक्षा समाप्त गरेका छात्रहरू पनि २ वर्ष सम्म यस संस्थाको सदस्य बन सक्ने छन् ।

धारा ५ संसद्

(१) यस संस्थाको संचालन गर्नको निम्ति एक संसद र एक केन्द्रीय कार्य समिति रहने छ ।

(२) संसद्का सदस्यहरूको निर्बाचन महाधिवेशनले सबै शाखाहरूको प्रतिनिधित्व हुने गरि गर्ने छ ।

(३) संसद्का सदस्यहरूको संख्या २५ देखि १०० सम्म हुनेछ ।

(४) संसद्को अधिवेशन वर्षको एक पटक हुनेछ र आवश्यक परेमा धेरै पटक पनि हुन सक्ने छ ।

(५) संसद्का अध्यक्ष संसद्का सदस्यहरूले नै चुन्ने छन् ।

(६) केन्द्रीय कार्य समिति संसद्का प्रति उत्तरदायी हुनेछ ।

(७) संसद्ले केन्द्रीय कार्य समितिको लागि विशेष नियम बनाउन र विशेष अधिकार दिन सक्छ ।

(८) यस संघको सभापतिको पनि संसद्ले नै निर्वाचन गर्ने छ ।

(९) विशेष अवस्थामा संसद्का अध्यक्षले संसद्को अधिवेशन न बोलाएमा संसद्का एक तृतीयांश १/३ सदस्यहरूले हस्ताक्षर गरी विषय खोली संसद्को अधिवेशन बोलाउनु पर्दछ ।

(१०) संसद्ले वार्षिक हिसाब-किताबको निरीक्षण गर्न ३ जना सदस्यको एक अनामय निरीक्षक समितिको नियुक्ति गर्ने छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धारा ५ (क) केन्द्रीय कार्य समिति

(१) केन्द्रीय कार्य समिति सके सम्म सबै क्षेत्रको प्रतिनिधित्व हुने गरि संसद्ले निर्वाचन गरेका सभापतिले बनाउने छन् ।

(२) केन्द्रीय कार्य समितिमा सदस्यहरू १-१ वर्षमा नियुक्त हुने छन् ।

(ख) केन्द्रीय कार्य समितिका सदस्यहरूको राय अनुसार सभापतिले कार्य समितिका सदस्यहरूको विभागहरूको विभाजन गर्ने छन् ।

(३) यसका सदस्यहरू संसद्का सदस्यहरू मात्र हुन सक्नेछन् ।

(४) कार्य समितिमा सभापति, उपसभापति, प्रधान मन्त्री, कोषाध्यक्ष तथा अरु विभागीय मन्त्रीहरू लगायत ७ देखि १५ सम्म सदस्यहरू रहने छन् ।

(५) कार्य समितिको सभापति ४ महिनामा एक पटक अनिवार्यरूपले र आवश्यक परेमा जहिले पनि हुनेछ ।

(६) कार्य समितिले विधान अन्तर्गत आवश्यक नियम उप-नियम संसद्को अधिवेशन नभएको बखतमा बनाउन सक्छ ।

(७) कुनै सदस्यले संस्थाको विरुद्ध काम गरे त्यस्ता सदस्य माथि उचित अनुशासनको कारवाई गर्ने केन्द्रीय कार्य समितिलाई पूरा अधिकार छ ।

(८) संस्थाबाट प्रतिनिधि मण्डल पठाउनु परेमा केन्द्रीय कार्य समितिले नै निर्णय गर्नेछ ।

धारा (ख) सभापति

(१) संसद्बाट निर्वाचित सभापति संसद् प्रति उत्तरदायी हुने छन् ।

(२) सभामा समान मत हुँदा मात्र निर्णायक मत दिने छन् ।

(३) सभापतिले नियत समयमा केन्द्रीय कार्य समितिको बैठक बोलाउन लगाउनु पर्दछ ।

(४) संस्थाका सारा कामको निरीक्षण गर्नु पर्दछ ।

उपसभापति

(५) सभापतिको अनुपस्थितिमा सभापतिको कार्य संचालन गर्नु ।

(६) सभापतिलाई विशेष रूपले सहयोग गर्नु ।

प्रधान मन्त्री

(७) नियत समयमा सभापतिको अनुमति लिई सभा बोलाउनु ।

(८) संस्थाको विवरण राम्ररी तैयार पार्नु ।

(९) संस्थाको नामबाट चिठ्ठी पत्र गर्नु र अरू विभागीय कामको निरीक्षण गर्नु प्रधान मन्त्रीको कर्तव्य हुनेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कोषाध्यक्ष

(१०) संस्थाको आयव्ययको हिसाब स्पष्ट राख्नु ।

(११) २००। भन्दा बढी नगद भएमा आफ्नो, सभापतिको र संस्थाको पूरा नाम समेतले बैंकमा जम्मा गर्नु ।

(१२) सभापति या प्रधान मन्त्रीको आदेशानुसार १००। सम्म संस्थाको कामको लागी खर्च गर्न दिनु ।

(१३) आवश्यक परेमा संस्थाको कामको लागि २५। मो. रु. या कं. रु. सम्म आफैले खर्च गर्नु कोषाध्यक्षको अधिकार हुनेछ ।

धारा ६ शाखा

(१) संस्कृत छात्र संघको शाखा नेपालमा जहाँ पनि रहन सक्ने छ ।

(२) हरएक शाखालाई स्थानीय नियमहरू बनाउने अधिकार हुनेछ, तर ती नियमहरू संघको उद्देश्य नीति एवं विधान विरुद्ध हुनु हुँदैन ।

(३) हर एक प्रान्त—(वर्तमान बडाहाकिम प्रशासित क्षेत्र) मा एक शाखा रहने छ र त्यसको निर्देशनमा उपशाखाहरू आवश्यक ठाउँमा खुल्न सक्ने छन् ।

(४) सबै शाखा-उपशाखाहरूले हरएक सदस्य चन्दाको आधा र सहायक चन्दाको चौथाइभाग केन्द्रमा बुझाउनु पर्दछ ।

(५) शाखा-प्रशाखाहरूले केन्द्रको अनुशासनमा रही केन्द्रको निर्णय स्वीकार गर्नु पर्ने छ र त्यसको विरुद्ध काम गर्नु हुने छैन; चित्त नबुझेमा संसदमा उजुर गर्न सकिने छ ।

(६) शाखा खोलिए पछि त्यसको सूचना केन्द्रलाई दिई हरएक शाखाले केन्द्रबाट प्रमाण पत्र लिनु पर्छ ।

(७) केन्द्रबाट शाखा प्रशाखाको अनिवार्य वार्षिक निरीक्षण गर्न प्रतिनिधि पठाउँदा उक्त प्रतिनिधिलाई उसले हेर्न खोजेको कागज पत्र हिसाब-किताब स्पस्ट देखाउनु पर्दछ ।

(८) शाखाहरूलाई जिल्ला अधिवेशन गर्ने र आफ्नो स्थानीय समस्या उपर माग, प्रचार, संगठन गर्ने तथा संघर्ष गर्ने अधिकार रहने छ ।

(९) शाखाहरूमा परि आएका कठिनाई तथा मतभेद आदिमा केन्द्रले उचित सहयोग र निर्णय दिनेछ ।

(१०) शाखाहरूको संगठन केन्द्रको अनुसार हुनेछ र जिल्ला सम्मेलन वर्ष दिनमा हुनेछ ।

Jayatu Sanskritam, Kathmandu; Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(११) शाखाहरूले आफ्नो कामको विवरण संसद्को हरएक वार्षिक बैठकमा महाधिवेशन र केन्द्रले मागेको बखतमा पेश गर्नु पर्दछ ।

धारा ७ महाधिवेशन

(१) महाधिवेशनको लागि देशका हरएक क्षेत्रबाट सदस्य संख्याको आधारमा समान अनुपातले प्रतिनिधिहरू लिइने छन् ।

(२) संस्कृत-छात्र-संघका दो तिहाइ २।३ सदस्यहरूका प्रतिनिधिहरू उपस्थित भएमा महाधिवेशन बस्न सक्ने छ ।

(३) महाधिवेशनले प्रत्येक क्षेत्रको प्रतिनिधित्व हुने गरि ३ वर्षको लागि संसदका सदस्यहरूको निर्वाचन गर्ने छ ।

(४) महाधिवेशन ३ वर्षमा एक पटक र आवश्यक परेमा अनेक पटक पनि हुन सक्छ ।

(५) महाधिवेशनको बैठक आवश्यकतानुसार केन्द्र एवं शाखाको कार्यालयमा जहाँ पनि हुन सक्ने छ ।

(६) महाधिवेशनको सूचना कमसेकम २ महिना पहिले केन्द्र अथवा शाखाहरू द्वारा सबै सदस्यहरूले थाहा पाउनु पर्दछ ।

(७) सं० छा० सं० को मूल उद्देश्य र नीति निर्धारण महाधिवेशनले गर्ने छ त्यसको अतिरिक्त सबै व्यावहारिक कार्यक्रम र नियमहरू बनाउने पूर्ण अधिकार संसदलाई रहने छ ।

(८) महाधिवेशन केन्द्रीय कार्य समितिले नियत समयमा बोलाउनु पर्ने छ ।

(९) केन्द्रीय कार्य समितिको अनुमति लिई शाखाहरूले पनि महाधिवेशन बोलाउन सक्दछन् ।

(१०) केन्द्रीय कार्य समितिको अनुमति विना महाधिवेशन बोलाउन आधा भन्दा बढि शाखाहरूको अनुमति चाहिन्छ ।

(११) संसदका कुनै सदस्यको स्थान रिक्त भएमा जुन क्षेत्रका सदस्यको स्थान रिक्त भएको छ सोही क्षेत्रबाट अर्को सदस्य निर्वाचन गराई संसदका अध्यक्षले नियुक्ति गर्ने छन् ।

धारा ८ साधारण सदस्यको कर्तव्य र अधिकार

(१) यस संस्थाका आम सदस्यहरूले केन्द्रीय कार्य समितिको आदेश निर्देशनको पूर्ण तवरले पालन गर्नु पर्ने छ ।

(२) आम सदस्यहरूलाई आफ्नो क्षेत्रबाट प्रतिनिधि चुन्ने र चुनिने पूरा अधिकार हुने छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(३) कुनै पनि सदस्यले आफ्नो संस्थाको हानी हुने अधिकार प्रचार गर्नु, होहल्लामा लाग्नु हुँदैन ।

धरा ९ विधान संशोधन

(१) संसदका आधा भन्दा बढि सदस्यले विधानका धाराहरू माथि लिखित संशोधन ल्याएमा संसदमा त्यसमाथि छलफल हुने छ उक्त संशोधन संसद्का २।३ द्वि तृतीयांश भन्दा बढि सदस्यले समर्थन गरेमा विधानको धारा संशोधित हुन सक्ने छ ।

(२) सं० छा० सं० का आधाभन्दा बढि शाखाहरूबाट संसदमा विधानको कुनैधारा संशोधन गर्ने प्रस्ताव आएमा र उक्त प्रस्तावलाई संसदका आधाभन्दा बढि सदस्यले समर्थन गरेमा सो धारा संशोधित हुन सक्ने छ ।

परिशिष्ट

(१) ३ पटक सम्म विना कारण कुनै पनि सभामा उपस्थित नहुने सदस्य स्वयं निष्काशित हुने छन् ।

(२) संसदका एक तृतीयांश १।३ सदस्यले कारण समेत दिई संसदमा संघका सभापतिका प्रति अविश्वासको प्रस्ताव राख्न सक्तछन् । त्यस्ता प्रस्ताव दो तिहाई २।३ सदस्यले पास गरेमा सभापति हट्ने छन् ।

(३) संसदको कार्य साधक संख्या एक तृतीयांश १।३ र कार्यकारिणीको साधारण बहुमत रहने छ ।

(४) संस्कृत-छात्र-संघका सदस्यहरू अरू कुनै पनि छात्र संस्थाका सदस्य बन्न सक्ने छैनन् ।

(५) उपशाखाको उजुर शाखाले सुन्ने छ र उसले नसुनेमा केन्द्रले सुन्ने छ ।

श्रावण ४ गते देखि बसेको संस्कृत-छात्र-संघको केन्द्रीय समितिको प्रथम अधिवेशनले पास गरेका शाखा सम्बन्धी नियमहरू :—

(१) हरेक शाखाको जिल्ला सम्मेलनमा चुनाव कार्य केन्द्रीय समितिद्वारा निर्धारित निर्वाचित अफिसर द्वारा हुनेछ र हरेक शाखाले जिल्ला सम्मेलन हुनु भन्दा कम से कम एक महिना अघि केन्द्रमा खबर गर्नु पर्ने छ ।

(२) केन्द्रीय कार्यालय बसेको जिल्ला-शाखा पूर्णतः केन्द्रको निर्देशनमा चल्ने छ र उक्त समितिमा केन्द्रका दुइ प्रतिनिधि अनिवार्यतः रहने छन् ।

(३) एक एक कोशको फरकमा सं० छा० सं० का कम से कम २५ जना सम्म सदस्य भएका स्थानमा उपशाखा खुल्न सक्ने छ ।

(४) उपशाखाहरू पूर्णतः स्थानीय शाखाको नियन्त्रणमा रहने छन् ।

संस्कृत-छात्र-संघको विधानबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐतिहासिक सामग्री (३२)

प्रस्तुत संस्कृत छात्र-संघको परिचय पुस्तिकाले संस्कृत छात्रसंघको इतिहासलाई छर्लङ्ग्याउँछ। दो पुस्तिका अप्राप्य हुँदै गएको छ। त्यसबेलाका सम्बन्धित कार्यकर्ताहरूमध्ये एकाधसँग मात्र यो पुस्तिका रहेको बुझिएको छ।

संस्कृत-छात्र-संघ (नेपाल)
को
ऐतिहासिक–परिचय पुस्तिका
(वि. सं. २००४ देखि २०१९ सम्म)
'जयतु संस्कृतम्' परिशिष्टाङ्क

केन्द्रीय कार्यालय
१०/५५८ भोटाहिटी
काठमाडौं
(नेपाल)

प्रकाशक :—
प्रचार विभाग
संस्कृत-छात्र-संघ
(नेपाल)

प्राक्कथन

आजभन्दा पूरा १५ वर्ष अगिको कुरा हो। त्यस समयमा हाम्रो देश नेपाल बर्बर राणाशासनको चर्को आगोमा पिल्सिरहेको थियो। तब नै अर्को तिर खुलास्वरूपमा स्वतन्त्रतादेवीको बलिवेदीमा शहीद बनेका महान् र पवित्र आत्माहरूको रगतका प्रत्येक थोपाहरू जम्मा भई नव राष्ट्रिय जागरणको भल बनेर निकली रहेका थिए। पलपल विशाल र अनन्त बन्दै गएको त्यस स्वतन्त्रता प्रवाहलाई, राजा र प्रजालाई टाढा पछ्याउँदै १०४ वर्ष सम्म शोषण गरेको लामो राणाहरूको पारिवारिक शासन मूलतः खतम गर्न नसकि विकट डाँडा काँडा जस्ता विभिन्न असह्य र अत्याचारपूर्ण सजायँद्वारा रोक्ने प्रयत्नमा थियो। तर तिनलाई बालुवालाई झैं बहाई झन् प्रतिदिन विशाल रूप लिंदै हिमाली नदी झैं स्वतन्त्रतातरंगिणी पनि नवतरंग साथ अघि बढ्दै थिइन्। देशमा राष्ट्रियक्रान्तिको तूफान प्रबल वेगले अघि बढ्दै थियो। सारांशतः यही नै २००४ साले नेपालको नग्न चित्र थियो।

जुनसुकै देशमा पनि अवश्य नै तब चेतनाका सन्देशवाहक देशका युवक विद्यार्थीहरूनै हुन्छन्। किनभने जागरण नै चेतनशील नयाँ रगतको अभिनव उपलब्धि हो। अतएव यो नेपालको राष्ट्रियक्रान्तिको भावनाको सञ्चारमा पनि देशका शिक्षित युवकहरूको ठूलो देन थियो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो समय सम्म नेपालमा मस्तिष्क दासताको जगमा उपनिवेशवादको भीनाकार महल दीगो पार्ने, महान् ब्रिटिश कूटनैतिक लार्ड मेकालेको सरकारी तबरले विशेष स्थान दिई चलाइएको अंग्रेजी शिक्षा प्रणालीले जरो जमाई सकेको थिएन। देशका अंग्रेजी स्नातक नवयुवकहरू प्रायशः भारतमा नै पढी राष्ट्रिय जागरण पाए पछि पनि त्यहीं नै बसी आफ्नो स्वदेशी कार्य क्षेत्र तयार पार्न बाध्य गराइएका थिए। अतएव तात्कालिक नेपालमा छिटपुट रूपमा नै भए पनि राष्ट्रवादी शिक्षा प्रणाली संस्कृत-विमुख थिएन र संस्कृत-शिक्षाको स्थिति पनि दीन-हीन थिएन।

आज केही ठाउँहरूमा दुःखसाथ यी आरोपहरू सुन्नु पर्छकि राणा शासनको विरुद्ध राष्ट्रिय स्वतन्त्रता र प्रजातन्त्रको लागि नेपालमा आएको चेतना-ज्वालाको कारण आधुनिक बदलिंदो दुनियाँ सँग परिचित अंग्रेजी शिक्षा प्रणालीको देन छ र संस्कृत भाषा चाहिं झन् उही क्रूर र शोषणवादी परम्पराको पृष्ठपोषक थियो रे!

यस मध्ये पहिलो आक्षेपको सुदृढ जवाफ छ—राष्ट्रिय क्रान्तिको गौरव गाथा राष्ट्रिय जागरणकै मूर्त प्रतीक हो र यो नेपाली जन-मनमा नै युगानुकूल आएको आँधी हो र यसलाई प्रत्येक राष्ट्रवादी नेपालीले अवश्य स्वीकार गर्छ। अब दोस्रो आरोपको बारेमा हाम्रो भन्नु यही छ कि—उपर्युक्त आरोप कदापि संस्कृतभाषा उपर लगाउन सकिन्न। किनभने स्मृति, साहित्य, दर्शन आदि प्रत्येक चीजहरू अवश्य नै युगोचित संस्कारले संस्कृत भएका छन् र हाम्रो राजनैतिक अतीतका राजा र प्रजाको सम्बन्ध, आचरण र आदर्शहरू झन् ठोस र युगोचित छन्।

हो, उपर्युल्लिखित आरोप तात्कालिक संस्कृत-शिक्षा पद्धति र त्यसैमा कोरा स्नातक बनेका केही क्रूर परम्परावादी स्नातकहरूमा लगाउन सकिन्छ। अतएव युगोचित नवजागरण आएका संस्कृत विद्यार्थिहरूले त्यस्तो शिक्षाप्रणालिको विरुद्ध! यथार्थ र सामयिक शिक्षाप्रणालिको माग तात्कालिक राणासरकार सँग गरे। तर राणासरकार यस्तो चाहँदैनथ्यो। किनभने आडम्बरपूर्ण धर्मरक्षाको नाउँमा चलाइएको त्यस शिक्षा-प्रणालिको विपरीत उपर्युल्लिखित प्रणालीबाट आदर्श महर्षिहरू जस्ता तेजस्वी र विद्वान् एवं सत्य र न्यायका प्रण-पणले पक्षपाती यी स्नातकहरू निस्केमा राजा नेमिको झैं आफ्नो दुर्गति हुने कुरालाई उनीहरू खूब जान्दथे। शायद आफ्नो देशको शिक्षा-पद्धतिलाई यसरी बिगार्ने र माथिसम्म बढ्न नदिने नगरेको भए उनीहरूको यो शोषणतन्त्र यही बेलासम्म पनि कसरी रहन्थ्यो होला र? आदर्श र प्रबल आर्ष संस्कृतिको एक झोंकाले नै अवश्यमेव यसलाई दूर हुत्याई 'सत्यं शिवं सुन्दरम्' को पूर्णाधिपत्यको नयाँ सुखी र प्रशान्त समाज व्यवस्था कायम हुने थियो होला! अतः संस्कृत विद्यार्थीहरूको उपर्युक्त माग नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनीहरूमा बढ्दो राष्ट्रिय जागरणको स्पष्ट निदर्शन र क्रूर राणाशाहीको विरुद्ध खुला राष्ट्रिय क्रान्तिका हुंकार थियो।

संस्कृत-छात्र-संघ (नेपाल) को जन्म

यस्तै सामयिक शिक्षा-सुधार तात्कालिक अन्य आवश्यक मागहरूलाई लिएर मुख्यतः ३ धारा रानीपोखरी संस्कृत छात्रावासका विद्यार्थिहरूले एकात्मना आफ्ना समुचित मागहरूको पूर्तिको लागि सबै प्रकारले प्रयत्न गर्ने संकल्प गरे। यो पवित्र संकल्पले नै संस्कृत-छात्र-संघ (नेपाल) लाई जन्म दियो।

ऐतिहासिक आन्दोलन

उपर्युल्लिखित साधारण मागहरूलाई पनि रंगीन चश्माले हेर्दा तात्कालिक सरकारले नाजायज ठह्र्यायो। उल्टो अमरभाषा संस्कृतलाई मृतभाषा भन्ने दुःसाहस देखाइन्यो। यसले विद्यार्थिहरूको क्रोधज्वालामा घिउको काम गर्‍यो। अतएव आखिरमा २००४ आषाढ १ गते देखि सरस्वतीको छ कुने झण्डा लिएर गगनभेदी 'जयतु संस्कृतम्' को शहरै गुन्जायमान पार्ने नाराले राणाशासनको मुटु चिर्दै विद्यार्थिहरू खुला संघर्ष मैदानमा उत्रिए। कैयौं धंकी र त्रासहरूको पर्वाह नगरी आफ्नो जीवनको बाजी लगाई छात्रावास, विद्यालय आदि सबै हड़ताल गरी बढेका आफ्ना सपूतहरूबाट लाखौं नेपालीले नवजागरणको प्रेरणा पाएर राष्ट्रिय क्रान्तिको प्रवाह बढ्दै गयो। यता अत्याचारी र नृशंस सरकार पनि निर्दोष विद्यार्थिहरूमध्ये कतिलाई कारावासमा सडाउन र कतिलाई देश निकाला गर्नमा पछि परेन। यीनीहरूमा काशीनाथ गौतम, गोकर्णराज शास्त्री, श्रीभद्र खनाल, राजेश्वर देवकोटा आदि छात्रनेताहरू प्रमुख थिए।

यसरी राष्ट्रको इतिहासमा नै पहिलो पटक खुला र संगठित संघर्षको शिक्षा संस्कृत-छात्र-संघ (नेपाल) ले देशवासीहरूलाई दियो। राणा सरकारको विरुद्ध एक लब्ज बोल्नु पनि महापराध साबित हुने बेलामा सरकारी नीतिको विरुद्ध स्वाधिकारको मागको लागि खुला संगठित संघर्ष निश्चयनै देशको इतिहासमा युगान्तकारी घटना थियो।

त्यसपछि; यदि संस्कृतभाषा मरेको नै भए यसको दाहसंस्कार अवश्य गर्नुपर्छ, भन्दै संस्कृत ग्रन्थराशिलाई जलाउने धंकी दिई छात्रहरू उद्यत भएको खबरपाई संस्कृतभाषाऽमृतभाषा (अमरभाषा) अमरभाषा भनेको हो भन्दै तात्कालिक राणाशासन विद्यार्थिहरूसँग माफी माग्न बाध्य भयो, अत्याचार र शोषणले पुष्टाएर पनि ठाडो टाउको पार्ने निर्लज्ज बानी बसेको राणाशासनको यो पहिलो र महान् हार थियो। यसरी नेपाली मात्रलाई र विशेषतः देशका चेतनशील युवक वर्गलाई यस संघर्षले नयाँ बाटो देखाई राष्ट्रिय स्वतन्त्रता तथा प्रजातन्त्रको प्राप्तिको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाटोमा प्राण-पणसाथ अघि बढ्ने प्रेरणा दियो। साथै यो विकट समयमा पनि श्री पूर्ण प्रसाद 'ब्राह्मण' आदि संस्कृत-छात्र-संघका कार्यकर्त्ताहरूको नेतृत्वमा सं० छा० सं० नवजागरणको दिशामा सक्रियता साथ काम गर्दै रह्यो। वहाँ-हरूलाई जेलमा लगेर राखेपछि पनि अत्याचारी राणाशासन विरुद्धको आगो निभ्न-सकेन। बरु यसले भित्रभित्रै झन् व्यापक रूपमा युगदूत संस्कृत विद्यार्थिहरूमा सल्किदै उनीहरूको माध्यमबाट देशका कुना कुनामा सल्किन थाल्यो।

प्रजातन्त्र प्राप्ति

अन्तमा २००७ साल फाल्गुन ७ गते; राणाशासनको अन्त्यपछि, श्री ५ महा-राजाधिराज त्रिभुवनद्वारा नेपालमा प्रजातन्त्रको सुरूवातको घोषणा गरिबक्सियो। नेपालमा नयाँ राजनैतिक युगको प्रारम्भ भयो।

यस राणशासनको अन्त्यमा देशका कुना कुनाबाट उठेको क्रान्तिको प्रवाहलाई रोक्ने क्षमता जर्जर राणाशासनमा न हुनु नै यसमा प्रमुख कारण थियो। यो देशको कुना-कुनामा जलेको क्रान्तिको आगो संस्कृत-छात्र-संघ (नेपाल) को जन्मकालदेखि नै यही चेतनाको सुरूवात गराएको अपराधमा क्रूर राणाशासनबाट विभिन्न प्रकारले सताइएका र उनीहरूकै प्रेरणाबाट नै तत्पर संस्कृत-छात्रहरूको नै देन थियो। किनभने देशका कुना कुनाका सर्वस्वदीप यिनै थिए। साथै सामाजिक क्षेत्रमा देशका परम्परावादी ग्रामीण एवं देशका अंग्रेजी शिक्षित कोरा भौतिकवादी केही क्रान्तिकारीका बीचमा सामञ्जस्य ल्याई राष्ट्रिय क्रान्तिको पथ प्रशस्त हुनु उनीहरूकै अपूर्व देन थियो। यसको स्पष्ट प्रमाण देशको सर्वाङ्गीण क्रान्तिको यथार्थ इतिहास वा केही रूपमा त्यसपछिको राजनैतिक आकाशले देखाउँछ। यसरी प्रजा-तन्त्रको अन्तिम उपलब्धिकालमा पनि संस्कृत-छात्र-संघ (नेपाल) ले देशलाई आफ्नो अमूल्य योगदान दिने अवसर पाएको थियो।

राष्ट्रव्यापी संघीय संगठन

२००८ सालको प्रारम्भ देखि नै राजधानीका संस्कृत विद्यार्थिहरू खुला रूपमा नै परस्पर संगठित भई पूर्ण परिश्रमका साथ संस्कृत-छात्र-संघ (नेपाल) लाई सुदृढ र व्यापक बनाउने प्रयासमा लागे। साथै काठमाडौं उपत्यका बाहिरका विभिन्न जिल्लाहरूमा पनि संघीय संगठनको व्यापकताकोलागि काम शुरू भयो। आखिरमा २०११ सालमा आएर यो काम एक ठोस रूपमा प्राप्त भयो। फलतः २०१२ वैशाखमा राजधानी काठमाडौंमा सं० छा० सं० को प्रथम ऐतिहासिक महासम्मेलन सम्पन्न भयो। यसले नै छा० छा० सं० को चालू विधानलाई पारित गर्‍यो।

यस विधान अनुसार सं० छा० स० का देशभरका शाखा प्रशाखाहरूको एक महासम्मेलन प्रत्येक तीन वर्षमा सम्पन्न हुने र त्यसैबाट सबै शाखाहरूको प्रतिनिधित्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुने गरी खडा गरिएको संसदलाई संघीय सर्वाधिकार सम्पन्न गराइएको छ। कार्यसञ्चालनार्थ संसदबाट एक 'केन्द्रीय कार्य समिति' को गठन हुने र प्रत्येक शाखा-उपशाखाहरूलाई एक स्वतन्त्र ईकाइकै रुप दिए पनि सम्भव भएसम्म स्थानीय विद्यालय- छात्र समितिको रूपमा नै लिइने व्यवस्थाले पनि सं० छा० सं० संगठन-लाई अझ बढी सुदृढ र व्यापक बनाउन योगदान दिई रहेको छ।

साथै सामयिक केन्द्रीय शाखा निरीक्षण एवं 'केन्द्रीय समिति' को निर्माणार्थ शाखाहरूको सामयिक अधिवेशन नै सं० छा० सं० लाई सक्रिय र राष्ट्रव्यापि विद्यार्थिसंगठनको रूप दिन सफल भएका छन्।

विद्यार्थिनीति

देशको शिक्षा प्रणालीलाई राष्ट्रोपयोगी शिक्षा प्रणालीको र संस्कृत शिक्षालाई सामयिक रूप दिन हर तरहले प्रयत्न गर्ने, छात्रवर्गको सर्वविध विकासार्थ सक्रिय रहने र राष्ट्रिय निर्माण र संकटको समयमा पूर्ण वफादारी साथ राष्ट्रिय हितको अनुकूल काम गर्नु नै संस्कृत-छात्र संघ (नेपाल) का मूलभूत उद्देश्य हुन्। कुनै पनि राजनैतिक वा सम्प्रदाय दल विशेषसँग असंलग्न रही सर्वदा सं० छा० सं० आफ्नो लक्ष्य प्राप्तिको बाटोमा विभिन्न कठिनाईहरूलाई फाल्दै अघि बढिरहेको छ।

संस्कृत स्नातकहरूको अंग्रेजीका परीक्षाहरू मुताविक मान्यता निर्धारण, संस्कृत विद्यार्थिहरूमा युगोचित जागरण, संस्कृत भाषाको सामाजिक महत्ता ज्ञान, संस्कृत शिक्षा व्यवस्था, संस्कृत विद्यालयमा केही सुधार, केन्द्रीय संस्कृत-छात्रावासको पुनः संवर्धन इत्यादि सदा सँघर्षशील संस्कृत छात्र-सँघ (नेपाल) का केंही मूल्यवान् उपलब्धिहरू हुन्।

राष्ट्रिय-विद्यार्थि आन्दोलन

देशका प्रत्येक विद्यार्थि संस्थाहरूले उठाएका जायज कदमहरूमा सदा साथ दिने नीति लिंदै सं० छा० सं० (नेपाल) राष्ट्रिय विद्यार्थि फेडरेशन, नेपाल छात्र-संघ र अन्य कतिपय छात्र संस्थाहरूको बीच सामञ्जस्य स्थापित गर्ने विषयमा सं० छा० सं० (नेपाल) को सर्वाधिक योगदान सबैलाई थाहै छ। सं० छा० सं० का स्थानीय शाखा र कार्यकर्ताहरू पनि सदा प्रत्येक स्थानीय विद्यार्थिसंगठनहरूको जायज कदमहरूमा सहयोग दिंदै आएका छन्। साथै दलगत राजनीतिमा असंलग्नता र समानमैत्रीपूर्ण नीतिमा विश्वास राख्ने भएकाले आफ्ना प्रत्येक कदमहरूमा सं० छा० सं० ले पनि राष्ट्रवादी विद्यार्थि संगठनहरूको सहयोग पाउँदै आएको छ।

प्रत्येक राष्ट्रिय कदमहरूमा पनि यसरी सहयोग दिने आफ्नो नीतिले गर्दा नै सं० छा० सं० ले देशमा दलगत राजनीति सक्रिय रहेको बेलामा पनि आफ्ना जायज मागहरूको पूर्तिको लागि विभिन्न परस्पर विरोधी राजनैतिकदलहरूको उत्तिकै सहयोग पाउन सकेको हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्ताराष्ट्रिय संपर्क

यसरी आफ्नो राष्ट्रिय संगठनलाई मजबूत पार्दै अन्ताराष्ट्रिय विद्यार्थि-क्षेत्रमा पनि संस्कृत-छात्र-संघ (नेपाल) ले पनि त्यही गूट विशेष मात्रको असंलग्नतालाई कायम राख्ने नीति अनुसार सम्पर्क बढाउँदै छ । यसै क्रममा कतिपय मित्रदेशहरूको राष्ट्रिय-युवक विद्यार्थि-संगठनहरू एवं व्यापक अन्ताराष्ट्रिय छात्र र युवक-संगठनहरू सँग पनि छा० छा० सं० को सक्रिय र मित्रतापूर्ण सम्बन्ध कायम भएको छ र कतिपय विदेशी मित्र बन्धुहरूलाई स्वागत गर्ने र कतिपय विदेशका विद्यार्थी तथा युवक साथीहरूलाई त्यहीं भेटी पारस्परिक मित्रताको सूत्रलाई सबल बनाउन सं० छा० सं० (नेपाल सफल भएको छ ।

साथै आपसी विभिन्न थरी प्रकाशन र पत्रहरूको आदान-प्रदानबाट नेपाल प्रतिको उनीहरूको चाख र ज्ञानलाई बढाउन एवं आफ्नो उनीहरू प्रतिको चाख र ज्ञानलाई पनि अझ बढाउने दिशामा सं० छा० सं० (नेपाल) ले ठोस सफलता कायम गरेको छ ।

राष्ट्रिय निर्माणमा सहयोग

संस्कृत-छात्र-संघ (नेपाल) ले राष्ट्रिय निर्माणका प्रत्येक कामहरूको महत्व बुझाइ जन-साधारणलाई यस दिशा तर्फ बढ्ता चाख उत्पन्न गराउने काममा सदा आफ्नो सहयोग दिँदै आएको छ । कतिपय समयहरूमा यसैको लागि देशका कुना-कुनामा आफ्ना कार्यकर्त्ता पठाई यस पुनीत कामलाई अझ बढी व्यापक बनाउने दिशामा सदा सं० छा० सं० प्रयत्नशील छ । देशको सांस्कृतिक अभ्युत्थान, जसमा राष्ट्रनिर्माणको मुटु निहित छ लाई अघि बढाउने अझ सं० छा० सं० सदा कटिबद्ध छ । सबभन्दा विगत २०१८ सालको वर्षायाममा नेपालको राष्ट्रिय साहित्यको इतिहासमा नै एक सर्वाधिक क्रान्तिकारी घटना 'नेपाल राष्ट्रव्यापी-वृहत्-साहित्य-सम्मेलन' को सुसफल आयोजना यस क्षेत्रमा महत्वशाली छ ।

आन्तरिक चर्चा

प्रथम महासम्मेलन भन्दा अगिको तुमुल संघर्षकालको सं० छा० सं० को नेतृत्व श्री श्रीप्रसाद गौतमजीले गर्नु भएको थियो । २०१२ सालको महासम्मेलनले सं० छा० सं० को नेतृत्व श्री अच्युतराज रेग्मीलाई दियो । वहाँको नेतृत्वकालमा सं० छा० सं० (नेपाल) ले समुल्लेखनीय प्रगतिहरू गर्न नसकेकाले काठमाडौं उपत्यकाका शाखाहरूको 'सं० छा० सं० उपत्यका समिति' कार्यपथमा अग्रसर भयो र यसैको प्रमुख सञ्चालनमा संस्कृतद्रोही तत्वहरू जो प्रशासनदेखि बाहिर सम्म ताक परे संस्कृत भाषा उपर कैंचो खेलाउन नाना षड्यन्त्र गर्दै थिए—ती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विरुद्ध सं० छा० सं० (नेपाल) ले एक जबर्जस्त विजय प्राप्त भयो गऱ्यो। आखिरमा २०१४ साल जेठमा दाङ् शाखामा सं० छा० सं० संसदीय सम्मेलन भयो, जसले संघीय नेतृत्व श्री केशव 'दीपक' लाई प्रदान गऱ्यो। यही समयमा नै केन्द्रीय छात्रावासको माग पूर्ति हुन सक्यो।

२०१५ साल कार्तिकमा सं० छा० सं० को दोस्रो राष्ट्रव्यापी महासम्मेलन सम्पन्न भयो। यसको लगत्तैको २०१५ सालको आमनिर्वाचनमा पनि संस्कृत विद्यार्थिहरूले प्रजातान्त्रिकतत्वलाई साथ दिने निर्णयलाई कार्यपरिणत गरि छोडे।

२००७ साल पछिको एक दशक भरमा नेपालमा विभिन्न सरकारहरू बने र विघटित भए। सं० छा० सं० ले सदा उनीहरूका राष्ट्रिय हितका रचनात्मक काममा पूर्ण सहयोग दिने र अनुचित कामको प्राणपनले विरोध गर्दै सफलतासाथ आफ्नो दलगत असंलग्नताको नीतिलाई कार्यान्वित गर्दै आएको थियो। तर निर्वाचित नेपाली कांग्रेस सरकारले सत्तारूढ़ हुनासाथै प्रत्येक सामाजिक संगठनहरूमा कांग्रेसीकरणको आफ्नो नीतिलाई जबर्जस्ती साथ प्रयोग गर्न थाल्यो। तर सं० छा० सं० विचलित भएन, न त कुनै पनि प्रलोभन जस्ता तुच्छ चीजहरूमा नै फल्यो। यस स्थितिमा राष्ट्रिय-विद्यार्थी एकतालाई देखी नसक्ने उक्त सरकारले सं० छा० सं० जस्तो पवित्र संस्थालाई टुक्र्याउने असफल कुप्रयास पनि गऱ्यो। तर सं० छा० सं० जस्तो सुकै आँधी तुल्य आक्रमणहरूको पनि आफ्नै बलले सामना गर्दै आफ्नो कर्तव्यको एकमात्र पत्रमा सदा अटल रह्यो।

२०१७ साल जेठको राजधानी काठमाडौंमा भएको सं० छा० सं० को संसदीय अधिवेशनले संघको नेतृत्वभार श्री बाबुराम पौडेललाई प्रदान गऱ्यो। यो समयमा कांग्रेसी सरकारको उपर्युल्लिखित भारले झन् चर्को रूप धारण गर्न लाग्यो तैपनि सं० छा सं० ले पूर्ण सावधानी साथ त्यसलाई विफल बनाइ दियो। अन्त्यमा मदमस्त सरकारले स्वयं परहटनु पऱ्यो र राष्ट्रियता संस्कृति संस्कृत र राजमुकुटको निःस्वार्थ सेवाको सं० छा० सं० को बाटो प्रशस्त बन्यो, संस्कृत-जननीको विजयपताका निर्बाध गतिले नेपाल अधिराज्यमा फहराउन थाल्यो। दलगत राजनीतिले अस्त-व्यस्त होलाझैं देखिएको संस्कृत-छात्र-एकता जसले बर्बर राणाशासनलाई समेत झुकाई छोडेको थियो निर्बाधरूपले जन-साधारण समक्ष देखा पऱ्यो साथै दलगत राजनीतिक भ्रम वा अज्ञानतावश नै पनि बाटो भूलेका प्रत्येक कार्यकर्ताहरूको सम्मिलित शक्तिले नै सं० छा० सं० आफ्नो क्रान्तिकारी र निर्माणात्मक परम्परालाई कायम राख्न सफल बन्ने छ आफ्नो विश्वास छ। हाल सं० छा० सं० आफ्नो ऐतिहासिक तृतीय महासम्मेलन छिटै गर्ने कुरामा सक्रियताका साथ विचार गर्दैछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रमुख मागहरू

सं० छा० सं० संस्कृत शिक्षाको सुधार, विकास र अभावपूर्तिको लागि सदा प्रयत्नशील रही आएको छ। साथै सरकारी अधिकारी समक्षहरू पेश गरेका आफ्ना कतिपय जायज मागहरूलाई कडा संघर्षहरूको दौडानमा पनि पूरा गर्दै आएको छ। तैपनि कतिपय सं० छा० सं० का मागहरू अझै अधूरै छन्। ती मध्ये निम्नलिखित सैद्धान्तिक मागहरूको पूर्तिको लागि सदा सं० छा० सं० प्रयत्नशील रहने छ :—

(१) युग, राष्ट्रियता र संस्कृति सुहाउँदो राष्ट्रिय शिक्षा प्रणाली,
(२) संस्कृत शिक्षामा यथार्थता र सामयिकताको समावेश,
(३) संस्कृत-स्नातकहरूलाई विशेष प्रोत्साहन प्राप्ति,
(४) संस्कृत शिक्षाका विभिन्न तहको विद्यालय, छात्रावास तथा छात्रवृत्तिको प्रबन्ध र सुधार,
(५) प्रशासनिक र सार्वजनिक प्रत्येक स्थलका प्रत्येक काममा संस्कृत र राष्ट्रभाषाको मात्र प्राधान्य।

शाखाहरू

सं० छा० सं० का प्रमुख ३४ शाखाहरू मध्ये निम्नलिखित 'क' र 'ख' श्रेणीका मात्र शाखाहरू छन् :—

(क) धरान (मोरङ्ग), सं० महाविद्यालय (काठमाडौं) ज० महाविद्यालय (दाङ), मटिहानी र जनकपुर (महोत्तरी)।

(ख) रा० पो० सं० प्र० पाठशाला (काठमाडौं) दिङ्ला (पूर्व ४ नं०), पाल्पा, रिढी (गुल्मी) पोखरा, तौलिहवा र ताप्लेजुङ्ग।

वर्तमान केन्द्रीय पदाधिकारीहरू

हाल सं० छा० सं० का केन्द्रीय पदाधिकारीहरू यस प्रकार छन् :—

का० सभापति	— वासुदेव त्रिपाठी	(प० ३ सं०)
प्रधान मन्त्री	— ठाकुर प्रसाद पराजुली	(वाग्लुङ्)
मन्त्री	— ऋषिराम न्यौपाने	(ललितपुर)
कोषाध्यक्ष	गोपिनाथ रिजाल	(प० १ नं०)
सांस्कृतिक मन्त्री	— विष्णु कुमार पण्डित	(प० ३ सं०)
प्रचार मन्त्री	— कृष्ण मुरारी शर्मा	(")
कार्यालय मन्त्री	— कुळ प्रसाद खनाल	(")

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदस्यहरू :—

बाबुराम पौडेल	—	(पू० २ सं०)
वाचस्पति देवकोटा	—	(प० २ सं०)
नारायण रेग्मी	—	(दाङ्)
लक्ष्मी (नेपाल)	—	(मोरङ्)
लक्ष्मीनाथ सुवेदी	—	(प० ३ सं०)
रमादेव जोशी	—	(")
रामबाबु शर्मा	—	(काठमाडौं)

संसदीय पदाधिकारीहरू :—

अध्यक्ष	— विश्वनाथ शर्मा	(काठमाडौं)
उपाध्यक्ष	— कृष्ण प्रसाद अधिकारी	(दाङ्)

सुसफल कार्यकर्त्ताहरू

वि० सं० २००४ सालदेखि आज सम्मको लामो अवधिमा देशका धेरै कर्मठ र प्रतिभावान् उदीयमान् ताराहरूले आफ्नो विद्यार्थि जीवन भर संस्कृत-छात्र-संघ (नेपाल) को माध्यमबाट देश, जनता, नरेश, राष्ट्रिय संस्कृति र संस्कृतको भलो हुने मूल्यवान् सेवाहरू समर्पित गरेका छन् । यसरी आफ्नो अमूल्य योगदानहरू दिई सं० छा० सं० लाई फलाउने फुलाउने विद्यार्थिसाथीहरू मध्ये कतिपयले हाम्रो स्वदेशलाई अघि बढाउने दिशामा पनि सहयोग सफलतासाथ दिएका छन् । देशका लागि यस्ता अमूल्य रत्नहरू दिन सकेकोमा सं० छा० सं० आफूलाई गौरवशाली ठान्दछ र भविष्यत्मा पनि यस्तै सक्रिय इमान्दार र प्रतिभावान् नररत्नहरू दिंदै रहने विश्वास देशवासीहरूलाई दिलाउँछ ।

उपर्युल्लिखित संघीय नेताहरू एवं सुसफल प्रथम श्रेणीका कार्यकर्त्ताहरूलाई छिटै विभिन्न पदक एवं प्रमाणपत्रहरूद्वारा र अरु तहका पनि कार्यकर्त्ताहरूलाई पनि तदचित तरिकाले सं० छा० सं० ले सम्मानित गर्ने भएको छ । एवं यस सुखद अवसरमा सं० छा० सं० का कतिपय उल्लेखनीय भूतपूर्व कार्यकर्त्ता साथीहरू हाल राष्ट्रिय संस्कृत संस्कृति एवं राष्ट्रहितको पवित्र उद्देश्य विपरीत काम गर्दै रहेको देखिएकोमा गहिरो दुःख प्रकट गर्दै राष्ट्रिय हितको विशुद्ध दृष्टिकोण न अपनाए सम्म वहाँहरूको मात्र सम्मान प्रदान सं० छा० सं० ले स्थगित राखेको छ ।

पूर्व उल्लिखित सं० छा० सं० का ५ सफल नेताहरू एवं अरु २३ जना प्रथम श्रेणीका कार्यकर्त्ताहरूको नामावली यस प्रकार छ :—

(१) श्रीप्रसाद गौतम
(२) काशीनाथ गौतम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(३) केशव 'दीपक'
(४) पूर्ण प्रसाद ब्राह्मण'
(५) बाबुराम पौडेल
(६) गोकर्णराज शास्त्री
(७) श्रीभद्र खनाल
(८) कमल राज रेग्मी
(९) राजेश्वर देवकोटा
(१०) अच्युतराज रेग्मी
(११) लीलानाथ सुवेदी
(१२) रेवतीरमण खनाल
(१३) टङ्कनाथ 'पथिक'
(१४) ईश्वरी देवकोटा
(१५) वासुदेव त्रिपाठी
(१६) ठाकुर प्रसाद पराजुली
(१७) गोपीनाथ रिजाल
(१८) विद्यानाथ भट्ट
(१९) कृष्ण प्रसाद अधिकारी
(२०) श्रीठङ्ग पाठक
(२१) मदन शर्मा
(२२) भुवनेश्वर गौतम
(२३) ऋषिराम पोखरेल
(२४) रामकृष्ण 'विमल'
(२५) भैरव प्रसाद रिसाल
(२६) पशुपति आचार्य
(२७) वासुदेव 'तूफान'
(२८) पद्मशङ्कर

नेपाली जनजीवन

पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मका सब एक करोड नेपालीले आर्य सभ्यताको सुनौला उज्यालोमा स्थायी सुख समृद्धि एवं चिरशान्ति हासिल गर्न सकौं — — — यही नै देशको एक चेतनशील वर्गको हैसियतले संस्कृत-छात्र-संघ (नेपाल) को राष्ट्रिय उद्देश्य र कर्तव्य हुँदै आएको छ। साथै नेपाली मात्रकै उपर्युक्त हृदयाकाङ्क्षालाई साकार गर्न सदा हामी भविष्यत्मा पनि दृढता साथ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काम गर्दै रहने छौं र यस क्षेत्रमा अगि बढेका प्रत्येक पवित्र उद्देश्यका राष्ट्रवादी नेपाली सुपुत्रहरूलाई आफ्नो सर्वविध मूल्यवान् सहयोग दिंदै रहने छौं।

सुसफल कार्यकर्त्ताहरू

माथि उल्लेख गरिएका प्रथमश्रेणीका अतिरिक्त अरु पनि सं० छा० सं० का सुसफल कार्यकर्त्ताहरू यस प्रकार छन् :—

(क) १. विश्वनाथ लुइटेल २. कुलमणि देवकोटा ३. तारा प्रसाद 'आंधी' ४. देवराज पन्त ५. आत्मा शर्मा चापागाईं ६. लक्ष्मी 'नेपाल' ७. छविकुमार शर्मा ८. मुक्ति प्रसाद सुवेदी ९. कृष्ण प्रसाद गौतम १०. श्रीकण्ठ पोखरेल ११. स्व० ज्ञानहरि शर्मा १२. दण्डपाणि नेपाल १३. मधुसूदन ढकाल १४. तेज: केशरी शर्मा १५. गणेश प्रसाद भण्डारी १६. राम प्रसाद गौतम १७. केशव प्रसाद पौडेल १८. हेमराज अधिकारी १९. रामचन्द्र नेपाली।

(ख) लीलाराज बिष्ट, बलराम, गिरिराज नारायण भक्त, तारा प्रसाद उपाध्याय, हरि प्रसाद देवकोटा, डिल्लीराम तिमिल्सेना, एकदेव ज्ञवाली छविरमण वासकोटा, देवीप्रसाद खनाल, चक्रपाणि पण्डित, विजयराज आचार्य यज्ञनिधि लोहनी, भैरव प्रसाद अर्याल, बैजनाथ आचार्य, विष्णु कुमार पण्डित, रामेश्वर शर्मा, गुरुशेखर शर्मा, बिष्णु हरि शर्मा, जगन्नाथ सुवेदी, पीताम्बर लंसाल, कृष्ण मुरारि अधिकारी, गणेश वल्लभ प्रधान वसन्त कुमार नेपाल, उद्धव काफले, रामप्रसाद सापकोटा, उमानाथ देवकोटा, अम्बिका घिमिरे, रुद्र प्रसाद बाँसकोटा, एकचन्द्र ज्ञवाली, भक्तराज मगेनी, लक्ष्मीनाथ आचार्य।

(ग) भरतमणि शर्मा, जीतबहादुर थुलुङ्ग, कृष्णभद्र खनाल, कृष्णचन्द्र न्यौपाने, भक्तविलास शर्मा, रोभहर्ष लंसाल, ध्रुवराज गौतम, यमुना झा, ऋषिराम न्यौपाने, वाचस्पति देवकोटा, रमादेवी जोशी, कुल प्रसाद खनाल, नारायण रेग्मी, रामबाबु घिमिरे, लक्ष्मीनाथ सुवेदी, डिल्ली प्रसाद भट्टराई, वासुदेव 'भ्रमर' जीवनाथ शास्त्री, भरतराज मजगैया, जयनारायण शर्मा, धनेश्वर रेग्मी, चूडामणि अधिकारी, शम्भु प्रसाद न्यौपाने, खेमरञ्जन भट्टराई, विजयकान्त ठाकुर, रामकृष्ण प्रसाद उपाध्याय, क्षेमानन्द गुरागाञी, भगवन्त प्रसाद, बुद्धिराज पौडेल, कालिका प्रसाद, केदार शर्मा, विष्णु प्रसाद पोखरेल, खेमानन्द अधिकारी, वामदेव पोखरेल, रामनाथ 'चट्टान' कुमार बहादुर जोशी, तुलसी प्रसाद न्यौपाने, टीकादत्त बराल, देवेन्द्र पौडेल, गणेश झा, रामचन्द्र झा,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवेन्द्रराज न्यौपाने, गुणनिधि शर्मा, मेघराज दाहाल, खेमराज मिश्र, लक्ष्मी देवी ।

(घ) बुद्धि प्रकाश आचार्य, खेमचन्द्र ढुंगेल, राम प्रसाद भुर्तेल, गणेश पौडेल, तीर्थराज गौतम, प्रेमनारायण शर्मा, मेदिनी प्रसाद पण्डित, कोमलनाथ सुवेदी, दिगम्बर घिमिरे, मङ्गलदास प्रधानाङ्ग, वासुदेवाचार्य, पुरुषोत्तम देवकोटा, नारायण प्रसाद सुवेदी, शिव प्रसाद शर्मा, मुकुन्द प्रसाद अधिकारी, हरि प्रसाद पौडेल, गोविन्द प्रसाद पोखरेल, टीका प्रसाद सुवेदी, गुरु प्रसाद गतौंला, युवानन्द शर्मा, धरणीधर भण्डारी, रमाप्रसाद अधिकारी, भक्तिविलास पौडेल, सुदर्शन शर्मा, पुरुषोत्तम रिसाल, जनार्दन त्रिपाठी, दामोदर दाहाल, खेमराज शर्मा, गुरुप्रसाद 'रतन' भुवनेश्वर आचार्य, गणेश प्रसाद, उत्तमराज आचार्य, परमानन्द मिश्र, रामशरण अर्याल, देवमणि देवकोटा हरि प्रसाद दाहाल, नेत्र प्रसाद काफले, रामचन्द्र पौडेल, लोकचन्द्र देवकोटा, श्रीहरि रूपाखेती, कलाधर पौडेल, कालिका प्रसाद, सोमराज 'अभय', ध्रुवराज शर्मा वाशिष्ठ, गुणाकर घिमिरे, केशवराज ज्ञवाली, दुर्गा प्रसाद गौतम, खेमानन्द ज्ञवाली, रामचन्द्र दाहाल, नन्दिकेश्वरे ओझा, शंकर प्रसाद आचार्य, वासुदेव घिमिरे, शिवनारायण त्रिपाठी, धीरानन्द दाहाल लोभहर्ष शर्मा, दशमपतिराज, लोकराज शर्मा, भवानी भण्डारी, विष्णु प्रसाद नेपाल, समीरनाथ शर्मा, एकराज अधिकारी, बलभद्र नेपाल, गोपाल प्रसाद शर्मा, तीर्थराज सुवेदी, प्रेम प्रसाद पोखरेल, दशरथ प्रसाद चौबे, प्रेम चन्द्र शर्मा, नरनाथ शर्मा, वडानन्द शर्मा, भक्तिराम ज्ञवाली, शालग्राम रेग्मी, विद्यादेवी, प्रमिला देवी ।

सूचना :—सं० छा० सं० को त्यो महान् इतिहास जुन यो पुस्तिकामा नै केवल सूत्ररुपमा पनि संक्षिप्तरूपमा नै उल्लिखित हुन सकेको छ—मा अवश्य असंख्य कार्यकर्ताहरूको योगदान प्राप्त भएको छ, तर इतिहासको यथार्थगोरेटोकै नै पनि सर्वाङ्गीण अवगतिको लागि साधनहरूको अभाव र अरू पनि कतिपय कारणहरूले हामीहरूले पूर्णतः उनीहरूको उल्लेख गर्न सकेका छैनौं । यस विषयको सामयिक परिवर्धनहरू हाम्रो मुखपत्रहरुद्वारा हामी सम्भव भएसम्म दिंदै रहने छौं ।

संघर्ष चर्चा

उपर्युल्लिखित सुमफल कार्यकर्ता साथिहरूको अपूर्व सेवा र बलिदानको बलले विभिन्न समयहरूमा संस्कृतको अभ्युत्थान, विद्यार्थि—हित र राष्ट्रसेवाका आफ्ना जायजमामहरूलाई पूर्ण गराउन, विद्यार्थिशक्तिसँग खेलवाड गर्न चाहने तात्कालिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भ्रान्त सरकारी नीतिको विरुद्ध सं० छा० सं० (नेपाल) आफ्नो संगठित शक्तिको विशुद्ध प्रशास्त्रको प्रयोग गर्दै आफ्ना विविध ऐतिहासिक राष्ट्रिय संघर्षहरूलाई सुसफल बनाउँदै आफ्नो क्रान्तिकारी पवित्र इतिहास कायम राख्दै आएको छ। यसका अतिरिक्त आफ्नो अधिकार प्राप्तिको लागि यही आखिरी संघर्षको बाटो लाई पनि विभिन्न समयमा सं० छा० सं० का कतिपय शाखाहरूले स्थानीय रूपमा पनि अपनाई सफलता हासिल गर्दै आएका छन् । अब यहाँ सं० छा० सं० द्वारा केन्द्र एवं शाखा-उपशाखाहरूको व्यापक प्रयत्नहरूबाट सफल बनाइएको र संस्कृत जगत्मा विविध महनीय उपलब्धि प्राप्त गराउने २००४ साल पछिका केही महान् संघर्षहरूको मात्र केही चर्चा गरिन्छ ।

(क) २००८–२०१० को संघर्ष :—संस्कृत-महा-विद्यालय संस्कृत परीक्षा-हरूको राष्ट्रिय मान्यता र स्तर निर्धारण, संस्कृतका स्नातकहरूको प्रशासनिक क्षेत्रमा यथोचितकदर:, न्यून वैतविक कर्मचारी आन्दोलन-बाट उनीहरूको वेतन वृद्धि:, संस्कृत छात्रावासमा रिक्तस्थान पूर्ति आदि उपलब्धिको कार्यान्वितमा यस संघर्षको देन थियो । जस्मा कारावास, लाठीको मार र टी० वी० को शिकार सं० छा० सं० का कार्यकर्ता हुन गए । यस सघर्षकालमा बनारसबाट हुने परीक्षाहरू समेत हडताल गरिएका थिए ।

(ख) २०१३ को संघर्ष :—संस्कृत शिक्षाको अभ्युन्नतिको प्रतिकूल नीति लिंदो सरकारको विरुद्ध मार्ग ९ गते देखि पौष १४ गते सम्म समस्त छात्रहरूले जांच; विद्यालय, छात्रावास छात्रवृत्तिहरूको त्यास गरी अघि झैं पूर्ण संघर्ष मैदानमा उत्रिए । राजधानी र जिल्लाका प्रमुख विद्यालय-हरूका विद्यार्थी बुद्धिजीवी र सर्व साधारण जनताको पनि पूर्ण सहयोग पाएर यस संघर्षले संस्कृत विरोधि तत्वलाई पराजित गराई संस्कृत छात्रावासको स्थान प्रतिको साथै संस्कृतको प्रगति पथमा देखा परेका धेरै बाधाहरूलाई सखाप गरायो ।

(ग) २०१७ सालको संघर्ष :—विवेकहीन कांग्रेसी सरकारको छात्र-एकता शक्तिलाई ध्वस्त पार्ने र संस्कृत कर्मकाण्डको भाषा मात्र हो भन्ने भ्रामक प्रचार अवहेलना र छात्रहरूको मौलिक अधिकार उपर तरवार चलाउने नीतिको विरुद्ध मार्ग ९ गते देखि पौष १ गते सम्म सं० छा० सं० संघर्षमा उत्रियो । जसमा संघर्षको कार्यालयमा खुले आम सरकारी शक्तिको प्रहार, छात्रावासबाट ६ जना निर्दोष छात्रहरूको निष्काशन आदि यातना सं० छा० सं० उपर आए । यस संघर्षले राजधानीका विद्यार्थी शक्तिको पूर्ण सहयोगबाट मदमस्त सरकारको विरुद्ध आफ्ना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कार्यकर्ताहरूको जायज अधिकार फिर्ता दिन र आफ्नो संघीय एकता र प्रतिष्ठालाई अक्षुण्ण राख्न महान् सफल सं० छा० सं० लाई दियो ।

जयतु संस्कृतम्

सं० छा० सं० को जन्मकालिक अथवा नेपाली जनक्रान्तिको इतिहासको पीडित नेपाली धरतीको पहिलो तुमुलघोषको चिरस्मृतिको रुपमा सं० छा० सं० (नेपाल) ले एक संस्कृत मासिक पत्रिका प्रकाशित गरिरहेको छ । यसबाट संस्कृत भाषामा सामयिक साहित्य तयार पार्ने देशभरका संस्कृत प्रेमी, विद्वान् र विद्यार्थिहरूमा नवजागरण ल्याउने नेपाल बाहिरको संस्कृत-जगतलाई नेपालको यथार्थ परिचय दिने, र नेपाली मात्रमा संस्कृत श्रद्धा उत्पन्न गराउने काममा उल्लेखनीय सहयोग प्राप्त भएको छ । साथै नेपाली जनतालाई संस्कृत भाषाको यथार्थ परिचय दिने मुख्य उद्देश्यले सं० छा० सं० ले एक नेपाली साहित्यको मासिक पत्रिका प्रकाशित गर्ने भएको छ ।

राज–संस्था

हाम्रो प्यारो राष्ट्रलाई राष्ट्रिय संस्कृति र संस्कृतको समुज्ज्वल प्रकाशमा आफ्नो बाटो पैल्याई अघि बढन दिनु नै सं० छा० सं० (नेपाल) आफ्नो परमव्रत सम्झन्छ । अत एव नेपाली राष्ट्रिय संस्कृतिको श्रद्धेय रत्न राजमुकुट वा राजसंस्था माथि आफ्नो जन्मकालदेखि नै अनन्त श्रद्धा र भक्ति राख्दै आदर्श नेपाल नरेशहरूको सद्भावपूर्ण महान् सहयोगहरू पाएर नै निर्बाध गतिले सं० छा० सं० आफ्नो कर्तव्यपथमा अगि बढि रहेको छ ।

साथै हाम्रो यो सुदृढ विश्वास छ कि नेपालको राष्ट्रिय संस्कृतिको परमाधार संस्कृतलाई आधार मानेर नै नेपाली राष्ट्रियता, सामाजिक जीवन, आचार, राजनीति, अर्थतन्त्र, कला, साहित्य, आध्यात्मिक दर्शन आदिको समुज्ज्वल विकास सुसम्भव भएकाले राष्ट्रिय विकासार्थ यत्नशाली वर्तमान राष्ट्रनायक श्री ५ महेन्द्र-बाट संस्कृतविकासको लागि आवश्यक कदमहरू अवश्य उठाई बक्सने छ ।

उपसंहार

यसरी संस्कृत-छात्र-संघ (नेपाल) एउटा राष्ट्रव्यापी सक्रिय विद्यार्थि-संगठनका आफ्ना प्रत्येक जिम्मेवारीहरूलाई पूरा गर्दै अगाडी बढि रहेको छ । एवम् आर्यसंस्कृतिका एकमात्र प्रबलतम आधार श्री ५ महेन्द्रको समुज्ज्वल नेतृत्वमा अघि बढिरहेको विश्वको एक मात्र हिन्दू अधिराज्य नेपाल, नेपाली राष्ट्रियता, संस्कृति र संस्कृतको निस्वार्थ सेवामा नै आफ्नो पूर्ण शक्ति लगाई आफ्नो १५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्षको ऐतिहासिक परम्परालाई कायम राखी सदा कर्तव्यपथमा अघि बढ्दि रहने छ।

जयतु संस्कृतम् !

जय नेपाल !

विद्यार्थि–एकता जिन्दाबाद !

मुद्रक : पशुपति प्रेस, काठमाडौँ

संस्कृत-छात्र-संघ (नेपाल) को

एक अपूर्व सांस्कृतिक देन

अति सरलतम शैलीको कमनीय साहित्य निकुञ्ज

'जयतु संस्कृतम्'

(संस्कृत मासिक पत्रिका)

अवश्य पढ्नोस्

गत वर्ष

संस्कृत-छात्र-संघ (नेपाल) द्वारा उठाइएको

राष्ट्रिय साहित्यिक इतिहासको क्रान्तिकारी कदम

राष्ट्रव्यापी ने० बृहत्—साहित्य सम्मेलन

का

उत्तम कृतिहरूको प्रकाशनार्थ अवश्य सहयोग गर्नोस्

संस्कृत छात्र संघको ऐतिहासिक

परिचय पुस्तिकाबाट

ऐतिहासिक सामग्री (३३)

२००४ सालको 'जयतु संस्कृतम्' आन्दोलनका प्रचार-प्रसार गरिएका कविता-हरूको प्रतिनिधि कविता 'आह्वान' यहाँ सान्दर्भिक भएकाले प्रस्तुत गरिएको छ। यो कविता अगुल्टोबाट साभार गरी अरुणोदय-क्रान्ति स्मृति अंकको पृष्ठ २३ मा प्रकाशित छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आह्वान

के नेवार र पर्वतीयहरू के च्यामे र के ब्राह्मण
हामी हौं सब एक हामीहरूको नेपाल साझाधन
नेपाली वन शैलमा मिलिजुली हामी सँगै खेल्दछौं
कोही रोक्छ भने मिलेर उसकै छातीमहाँ चढ्दछौं

× × ×

आमा यी नयपाल भूमि वनको झाँक्रो फिँजी कल्पिई
रुन्छिन् नित्य लखौं गरिब निमुखा सन्तान यी काखली
कोही छौ त सपूत यो बखतमा संग्राममा हे लिय
पारी कत्तल शत्रुलाई, दुधको हे वीर ! भारा तिर

× × ×

बाटो छेकछ कुनै त, झट्ट त्यसको नै गींड छुट्याइद्यौ
गाली गर्छ भने तुरुन्त थुतुनो बङ्ग्याइद्यौ, फालीद्यौ
कोही स्नेह छ, हुन्छ झल्झन भने, त्यो चूँडिद्यौ, कुल्चिद्यौ
तोड्दैनौ जब सम्म वैरिदल यो, संसार नै बिर्सिद्यौ

× × ×

पानीभित्र डुबी नुहाउँछ सधैं माछो, कहाँ धर्म छ ?
घाँटीले गदहा बजाउँछ सधैं घण्टा, कहाँ धर्म छ ?
कंगाली उपवास गर्छ दिन हुँ रोइ, कहाँ धर्म छ ?
सच्चा धर्म त त्यागमै छ जन हो ! संसार मौलाउँछ ?

ऐतिहासिक सामग्री (३४)

सल्यान डांग्रीका प्रेमनारायण शर्माबाट पद्मशङ्कर अधिकारीलाई प्राप्त भएका यी पत्रहरू पद्मशङ्कर मार्फत मैले प्राप्त गरेको हुँ । सक्कल प्रति प्रेमनारायण सँगै सुरक्षित छन् र यी प्रतिलिपि उतारिएका हुन् । यसबाट २००४ सालको जयतु संस्कृतम् आन्दोलनका सम्बन्धमा तथ्य कुरा बुझ्न मद्दत हुने देखिन्छ ।

१. श्री प्रियबन्धु प्रकाशक व अधिकारीज्यू

सादर नमस्कार !

२००४ साल जयतु संस्कृतं छात्र आन्दोलन सम्बन्धका मैं संग भएका कागजका प्रतिलिपीशद यसै साथ पठाएकोछु । अब मेरोकुरा छात्रावास (पाकशाला) बाट निस्कासन गर्दा मलाई एकलै पारी धेरै समझाई बुझाई र हप्काउँदा पनि मेरो तत्कालीन अधिकारीहरू को भने बमौं माफी न माँगी उल्दो विरोधमा उत्रेकोले नेपालको स्कूल पाठशालामा पढन नपाउने आजन्म जागिरी खान नपाउने ४ दिन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्दा बढी राजधानी काठमाण्डौं वस्न नपाउने सजाय सुनाई सही छाप गराई फोटो खिची २ वटा पुलीस सीपाही लगाई कहां लगे के गरे मलाई थाहा छैन पाठशाला बाहिर सो एरिया कटाए पछि उक्त पुलिस सिपाहीहरूले पिछाछोडे त्यस पछि कहाँ जाने हो अलमलिए छु त्यही वेला बाहिरीया मान्छेहरूले तपाईं वालाजुजानुहोस भनी सहयोग गरे बाट सरासर वालाजु आये तपाईं हरूसँग संग-भेट भयो म पछिका साथीहरू पनि वालाजु आए त्यसपछिको कुरा सबै तपाईंलाई थाहै छ निष्कासनमा परेका केही साथीहरू माँफी मागी त्यहीं रहेको कुरा पनि तपाईंलाई थाहै होला म समेत ६ जना कास्की पोखराबाट र तपाईंहरू तन्हौबाट भएर सबै बुटौलमा जम्मा भयौं । केही दिन बुटौलबसे पछि बनारसमा आयौं र पैह्लै नै राष्ट्रिय कांग्रेसमा सम्मिलित भयौं आपसमा कुरा मिलन १४ जना काशीनाथ गौतम लगाएतका साथीहरूले प्रजातन्त्र कांग्रेसमा सम्मिलित हुनु भयो हामीहरू महामन्त्री कमलराज रेग्मी अध्यक्ष मोकर्णराज गौतम भएको जयतु संस्कृतं भने राजनैतिक पार्टि खोली बनारसमा केही दिन बस्यौं सो पार्टि चलेन त्यसपछि मैं सम्पूर्ण मध्यमा परीक्षा दिएर शास्त्री सम्म अध्ययन गरे ०७ सालमा मेरोलगन नेपाली कांग्रेसमा थियो प्रजातन्त्र आए पछि लगतै आजभोलीको २ पंचायत भएको ख-लेख थुंमा ग्रामसुधार कमेटि खोली सेक्रेटरीको रूपमा कामगरे ०९ सालमा तत्कालीन गाउँ पञ्चायतमा सभापति भएर काम गरे । त्यसका केही वर्ष पछि सरकारी विद्यालयमा अध्यापक भै काम गरे ०१७ साल पछि पञ्चायती व्यवस्थामा शुरू देखि आत्मा समर्पित भै विभिन्न पदमा पैह्ले प्रधान पंच अनी जि० पं० सदस्य अञ्चल पञ्चायत सदस्य अञ्चल पञ्चायतमा उपसभापति भयें ०३१ साल देखी अन्तिम सम्म ०३६ साल जनमतको घोषणा हुने सम्म गाउँ फर्क राष्ट्रिय अभियान अञ्चल समिति राप्ती अंचलमा सदस्य-सचिवमा मनोनीत भै काम गरें ०३६ सालको जनमतमा निर्दलीय पञ्चायती व्यवस्थाको पक्षमा थिए वास्तरीय प्रचार-प्रसार-समितिमा अध्यक्ष भएर काम गरें मेरो राजनैनिक जीवनको छोटकरी परिचय तपाईंलाई अवगत गराएको छु ।

अबपनि निरन्तरसम्म पञ्चायती व्यवस्थालाई सघाउपुऱ्याउने खालका मेरो क्रियाकलाप भै रहेको कुरा पनि अभियानलाई अवगत गराउछु ।

जयतु संस्कृतं छात्र आन्दोलन सम्बन्धका कुराहरू पठाएको यस भन्दा थप विवरण तपाईंलाई पनि सबैथाहै छ भन्ने मलाई लागेको हुनाले यतिकै मात्र लेखेका हुँ केही कुरा मेरो जाने-बुझेको त्यस्तो केही भए पुनः सोधनु भएपछि निवेदन गर्नेछु । अस्तु !

तपाईंको स्नेही—
प्रेमनारायण शर्मा
सल्यान लेखडांग्री

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. अत्याचारी शासनपदमा

नेपाल संस्कृत छात्रको एक चित्र—

नेपाली राष्ट्रीय कांग्रेसका अध्यक्ष श्री रेवतीरमण रेग्मी संग नेपालबाट निर्वासित नभकर संस्कृतका छात्रहरूको कुरा कहानी हुँदा वहाहरूले दिनु भएको विवरण (जसमा पाठकहरूले पाउनु हुनेछ राणाशाहीको अत्याचार अशिक्षाको प्रचार र संस्कृत छात्रहरुमाथी निन्दनीय दमन)।

पर्वतप्रान्तमा रहने छात्रले पर्वतको अशिक्षा रूपगाढान्धकारलाई देख्दा-देख्दा चित्रमा असह्य भएर त्यसको दूरीकरणविनाराष्ट्रोन्नति र अधिकार प्राप्ति आदिको सफलता असम्भव भएको हुनाले त्यसकालागि शिक्षा नै मुख्य साधन सम्झी सारा नेपाल कानमिन्त रहेको एकमात्र केन्द्र, जसमा प्रतिवर्ष सयौ कोश टाढा बाट छात्रहरू आउदछन्, रानीपोखरी पाठशालाको सबभन्दा पहिले शिक्षासुधार र क्रमशः शिक्षा प्रचार का निमित्त निम्नलिखित माँगहरू माँगिएका थिए—

१ ईतिहास भूगोलको पुरापढाई सामयिक छात्रवृत्ति, वाचनालय, आधुनिक शिक्षाको समेत समावेस भएको संस्कृत कालेज·······इत्यादि—

शिक्षा प्रचार देखी डराउने नेपाल सर्कारबाट गरेका माँगहरूको सुनाई सम्मपनि भएन। ४।६ पटकसम्मपनि सविनय पुकारगर्दा उँ तक भएन र छात्रहरुमा असन्तोष पैदा भयो। कुनै उपाय न देखी संस्कृत छात्रहरूले २००४ श्रावण १ गते देखी हड-ताल गर्नु पऱ्यो। स्वेच्छाचारका अधिकारी लाई के थियो! त्यसैदिन निर्विचारपूर्वक २० छात्र गिरफ्तार गरिए। गिरफ्तार गर्दाको तात्कालिक दृश्य—

१० बजे हड़ताल सुरुको आवाज उठ्यो। दुनियाँ चकमन्दछ। अंग्रेजी पढने लड़काहरू आश्चर्यमा छन्। ठाउँ-ठाउँमा पुलीसहरूको वन्दोबस्त छ। सूचना-पत्रहरू बाँडिईरहेका छन्; बिजुली खम्बा, स्कूल, कालेजहरूमा पनि तिनै पत्र टाँसीएका छन्। सब आउँछन् हेर्दछन्। क्याहो यस्तो कहिले भएको थिएन! अब केहुनेहो! हुनपनि नेपालभरमा हड़ताल आजसम्म भएको थिएन। सर्वप्रथम संस्कृत-छात्रहरूले यसरी साहस गर्नु आश्चर्य मात्र होईन असम्भव समेत थियो।

लगभग हड़तालमा भागलिने विद्यार्थीहरू ३५० जतिथिए। तिनिहरूमा ६ जना लाई गतिविरोध गर्ने कामदिएको थियो। तथा १७ जनालाई सहायक रूपमा स्कूलको नजिकै सन्नद्ध पारेको थियो।

त्यसैदिन ११ बजे गतिरोध गर्नेछ छात्रलाई हतकड़ी समेत लगाई ४० सौं पुलिसको घेरामा पिस्तोल भाला बन्दूक खुकूरीको दक्काईले गिरफ्तार गरे। त्यस-पछि सहायक १७ छात्रको भाषण भयो—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"हामीहरूले पढनपाउ हाम्रो शिक्षासुधारहोस् हाम्रो नेपाल ज्यादै अशिक्षित छ। यो अशिक्षाहठाउनुपर्छ भनेर मागगर्दा हामीमाथि यस्तो अत्याचार गर्दछन्, यसरी निर्लज्जभएर गिरफ्तार गर्दछन्। योमांगमा पूर्ण सहानुभूति राख्दै हामीपनि जेल जान तयार छौं। यो अन्यायको विरोध अवश्यगर्दछौं।"

के थियो पुलिसको घेरालागी हाल्यो। तिनीहरूपनि हवालतमा पुऱ्याइए।

तही दिन १२ वजे डाईरेक्टर हेमराजजी अस्सी-नब्बे पुलीस साथमा लिएर छात्रावास (व्रोडिंग) मा आउनु भयो र युक्ति रहितको सिंहगर्जनाले चेतावनीदिंदै विद्यार्थीहरूलाई तितर-वितर भये र पाठशालामा हाजिर हुने घोषणा गर्नुभयो। तर दुनियाँलाई अन्धकारमा राखेर प्रजाको र गत चुस्ने दुष्टको सामना गर्न कटिवद्ध भयका विद्यार्थीहरू तर्सेनन्। सिंहगर्जनाकोजवाव युक्ति साथ सविनय पूर्वक गरे। तव किंकर्तव्यविमूढ भएका डाईरेक्टरले लीडर सम्झेका काशीनाथ गौतम श्रीभद्र खनाल कमलराज रेग्मी ई ३ जनालाई हतकडी नेल लगाउने आदेशदिए। त्यो आदेशको प्रतिवाद स्वरूप १ जना १४ वर्षका बलरामभन्ने विद्यार्थीले निर्भीक भैं अगाडी सरेर निवेदन गरे। गिरफ्तारीकिन ? हामीलेकेगरेकाछौं ? राम्रो शिक्षा पानुं भन्दा हामीहरूलाई यस्तो ? हामीहरू १४ वर्ष सम्म हाड छाला मात्र बाँकी गराएर पढ्दछौं। यस्तो पढाईले नत हाम्रो जीवनवृत्ति सुसाध्यक्ष नत हामीलाई सामयिक ज्ञानै हुन्छ। वर्तमान पढाईको सुधारका निमित्त प्रार्थनागर्दा यो व्यवहार ! यो अत्याचार ! दुष्टतापूर्ण यो गिरफ्तार !

के थियो त्यो सानो बच्चालाई पनी हतकडी नेलको आदेश भैहाल्यो। तब झन् उर्ल्यो त्यो समाज। सबको मुखबाट यही आवाज एकसाथमा निस्क्यो हामी सवैले यस्मा भागलिए काहौं। सबैलाई गर गिरफ्तार। दुनियाँलाई अशिक्षित बनाएर भेडा बाखा निमोठे झैं निमोठने यो कस्तो अत्याचार।

सकेनन् समाल्न त्यो अत्याचारले दन्केको आगो र हतियार मात्र बल भयका पापीक्रूर राक्षसवर्गले निर्बल विद्यार्थीहरूमाथी गऱ्यो घोर दण्ड प्रहार। पिस्तौल ताकियो, माला सोझियो। दाववाट खुकुरी पनि थुतियो।

तथापि विद्यार्थी रू आफ्नु स्थानबाट एकपाईला पछी हटेनन्। आखिर त्यो प्रहारको हरी मूर्छाभैं लडे कोशी अंशका नै गिरे, कसैले साथीमाथि पर्न आएको प्रहारलाई आफ्नु शिरले रोके।

त्यहाँ थियो कोमल फूलमाथी वज्रप्रहार निरपराधमाथी घोर अभियोग, असहाय ब्राह्मणकुमार माथी क्रूर राक्षसहरूको आक्रमण। आन्दोलन झन झन बढ्दै गयो। जस्मा २९ जनागिरफ्तार भए। शेष छात्रको अनशन चल्यो। नेपालमा स्कूल कालेज-मा हड़ताल भयो। दुनियाँ वोल्न लाग्यो सरकारले घोर अत्याचार गऱ्यो, हो यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्याय छात्रहरू छात्रावासबाट निर्वासित भएर धर्मशालामा गए। यसो गरेको १० दिन बित्यो। १० दिन पछी श्री ३ महाराज पद्मशम्सेरबाट सबैछात्र हरूलाई यथास्थानमा राखी ४।५ दिन पछी तिमीहरूको माँग पूरागरी दिन्छु भन्ने आश्वासन मिल्यो। त्यस्ता ४-५ दिन ६।७ पल्ट विते। केहीभयेन र विद्यार्थीहरू अपशोच प्रकट गर्दै वा मासिक परीक्षामा उपस्थित भएनन्। १८ दिन हड़ताल जारी रह्यो। आन्दोलन बढने सम्भावना हुँदा पुनः महाराजबाट आज्ञामिल्यो "विजयादशमी सम्ममा अवश्यपूरागरिदिने छु।" यहीकामको शिलसिलामा दुष्ट अधिकारीहरूको आँखी भएको हुनाले टिक्न नसकी कमलराज रेग्मी, कुलमणी देवकोटा, नारायणभक्त खनाल सम्मा ३ जनाले नेपाल छाडनु पऱ्यो दिन प्रतिदिन गर्दै आयो विजयादशमी गयो पनी। मार्ग १४ गतेपनि गयो। माग पूराहुनुता कताकता सूचना सम्मपनि-मिलेन। कारण रहेछ दुनियाका रगतले नअघाएका अरु राणा हरूले महाराजलाई माँग पूरागर्न न दिनुभो। फेरि उठ्यो छाग्रलहर। वार्षिकपरीक्षाको हड़ताल हुन जाग्यो। क्रूर सरकारले सर्वप्रथम १२।१२ वर्षका पद्मशंकर तारानाथ, र रिरिराज यी ३ जना बालकलाई डाँडो कटायो यसको विरोधमा मुख्यमुख्य भागलिने गङ्गाधर र सदानन्द यी २ जनालाई दोश्रो दिन डाँडो कटायो तथा मुख्य-मुख्य अन्यायको विरोधमा परीक्षादिन मंजुर नगर्ने सबछात्रहरूले परस्परमा कुरासम्म गर्न नपाउने गरी सशस्त्र २०० पुलीस को कष्टयुक्ता घेरामा बस्नु पऱ्यो। तथा मुख्य १२ जनालाई भाषणादि गर्ने अपराधलगाई दुःखपूर्ण स्थानमा विशेषरूपले सशस्त्र पहरामा राख्यो।

परिणाम स्वरूप मुख्य भागलिने— १. काशीनाथ गौतम, २. एक देवज्ञवाझी, ३. डिल्लीराम तिम्सिना, ४. श्री भद्रखनाल, ५. राजेश्वर देवकोटा, ६ हरिप्रसाद देवकोटा, ७. हेमराज न्यौपाने, ८ बुद्धि प्रकाश आचार्य, ९. दामोदर गौतम, १०. ईश्वरीप्रसाद आचार्य, ११. रामप्रसाद भूर्तेल, १२. तीर्थराज गौतम, १३. छवि-रमण वासकोटा, १४. प्रेम नारायण शर्मा, १५. गोकर्णराज गौतम, १६. ज्ञानहरिपौडेल, १७. खगनाथ नेपाल, १८. वलराम आचार्य, १९. रुद्रप्रसाद वासकोटा, २०. खुवीराम अचार्ज, २१. यदुनाथ अधिकारी, २२. हरिप्रसाद पोखेल, २३. ईश्वरी प्रसाद पोख्रेल, २४. देवीप्रसाद पौडेल, २५. रामप्रसाद शर्मा, २६. पूर्णप्रसाद शर्मा २७. कुण्ठप्रसाद सपकोटा, २८. कृष्णप्रसाद शर्मा, २९. टीकाराम पौडेल, ३०. कृष्ण प्रसाद पोखेल, ३१. फणीन्द्र घिमिरे, ३२. देवराजशर्माजी, ३३. जनाछात्रलाई नेपालमा कहिले जागिर नपाउने चेतावनी दिएर निर्वाचित गऱ्यो। हाजती छात्रहरू पर्वतका कन्दरामा घुम्दैछन्। राष्ट्रोन्नति र शिक्षा सुधारका निमित्त आजीवन काम-गर्ने प्रतिज्ञा गर्दैछन्। अन्यायको विरोधमा आवाज उठाउन लागी रहेछन्।

× × ×

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(यसपछी को केही अंस यो लेखिएको पत्रिका च्यस्ती हराएकोले) लेखिएन ।

बाँकी अंश—

सुसम्पन्न गराई अरूदेशसंग दाँजिन सक्ने बनाउने देशभक्तहरूको यस शुभेच्छा लाई ईश्वरले बाँडि पुऱ्याउन् ।

यही हाम्रो ईश्वर सँग हार्दिक प्रार्थना छ । यस संख्याको कामले राष्ट्रोन्नतिका साथ-साथै प्राचीन संस्कृतिको र दयाद्वारा सफल जनताको (नेपाल या भारतनिवासी) पद्दलिता दूर गराई उत्थान गराउनु हो । यसमा अत्याचारलाई कायम राख्न चाहने बाहेक अरु समस्त नेपाली जनताको पूर्णतया सहानुभूति र सहयाग प्राप्त हुनेछ । तन, मन, धन ले आफ्नी प्यारी मातृभूमिको उद्धार गर्नु नै मनुष्यता हो । मनुष्यताको हिसाब ले नै नेपाल नेपालीको जय निश्चित छ ।

(यसपछी का कडिबाँकी कुरा केहि कीस च्यात्तिएकोले बांकी रहे)

अस्तु !

०४ आषाड १ गते

पैह्लादिन

संस्कृत छात्रहरूको अध्ययन निरोध

कारण हामी संस्कृत पढेका या पढने लडकाहरूको यो दूरवस्था भईरहेको छ यो सबैलाई विदितैछ अघि यिनै संस्कृतका पाठकहरूको सर्वोच्च दर्जा थियो आज मोली यिनैको दूरवस्था देखिन्छ यस वैज्ञानिक समयको ऐतिहासिक भौगोलिक ज्ञानको अभाव वैमुख्य कारणहो नग संस्कृतको अध्ययन गर्ने लडकाहरू कुनै सरकारीकाममा अरू सरह काम न लाग्नेहुनामा कुनैकारण देखि दैन यही विचारगरी हामी संस्कृत डाईरेक्टर कहाँ कतिपटक इतिहास भूगोल पाठ्यक्रममा रहोस भनी माँग गर्यौं डा० कहाँ दिएको अन्तिम विज्ञप्तिपत्र को माँगको पूर्ति हुने भए त्यसको पूर्ति नहुनेभए कारण समेत दिई सूचना ज्येष्ठभरमापाऔं भनी मागेकाथियौं तर आजसम्म त्यस माँगको पूर्ति नहुँदा अध्ययन निरोध (हड़ताल) आज आषाढ १ गते देखि अपशोच प्रकट गरेका छौं हाम्रोमाँगको पूर्ति नहुन्जेल हाम्रो अपशोच हटने छैन त्यसको प्रबन्ध-का निमित्त अध्ययन निरोध पनि भै रहनेछ ।

विनीत संस्कृत छात्र-वृन्द

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

०४ आषाढ १ गतेमा

हाम्रो ममंश माग

प्रतिशत ९५ जस्तो शहरीयाको अंग्रेजी स्कूलको त्यस्तो उज्वल शिक्षा प्रतिशत ९९ जस्तो पहाडीयाको संस्कृत पाठशालामा यस्तो मंदशिक्षा हुन सक्तैन सरकारको पदप हाम्रो हामीलाई राम्रो शिक्षा चाहिने ! इङ्गलीस र संस्कृतको भेदले भए अवेतन संस्कृतमा छात्र संख्या अति कम हुँदा हाम्रो संस्कृत नै लुप्त होला भन्ने शंकाले एकै पैमा होस् अंग्रेजी संस्कृतको दुवै समान वेतन समान जीविका-धार चाहिन्छ । संस्कृतको वेतन समयोचित शिक्षाको अभावले हो भने क्वीन्स कलेजको हामीलाई के वास्ता छ । यही स्वतन्त्र संस्कृत शिक्षा समयोचिय खुलोस । उही १४ वर्षको कठिन परिश्रम गराएर पहाडका हामी अन्जानलाई किन अंधकार गरीबी पनाप्त भोपलिने ? कि अति पुरानो शिक्षा प्रणाली गुरुकुलवास योगोपदेश द्वारा श्राद्धेयता आउनु पर्छ कित आधुनिक शिक्षा द्वारा वर्तमान योग्यता आउनु पर्छ के त्रिशंकु तुल्याउने अथवा बनारस कालेज कै शाखा हुनाले उनै किताब पढाईन्छ तापनि वहाँ न पर्ने सर्वसाधारणमा दश कुमार रघुवंशहरू र साहित्यमा काव्यलङ्कार दशरूप जस्ता किताबको सट्टा इतिहास, भूगोल जस्ता किताब किन पाठ्यक्रममा नराखि दिने ! संस्कृत भाषाको पदमपात छोईन आफ्नो संस्कृतिको पक्ष वा तर अभियान हो । संस्कृत रक्षाको निमित्त संस्कृतोन्नति आवश्यक सम्झेका छौं । आफ्नो संस्कृतिको पक्ष वा तर अभिमान हो । संस्कृत रक्षाको निमित्त संस्कृतोन्नति आवश्यक सम्झेका छौं । आफ्नो संस्कृतलाई पछारेर नेपाली वा अंग्रेजीको विकास भएको हामी हेर्न सक्तैनौं । हामी जुन विद्याबाट देश सेवा राज सेवा र धर्म सेवा गर्न सके देशका वितण्डावादी जित्न सक्ने र निरर्गल जीविका यत्रतत्र पाउने हुनेछौं । हामीलाई त्यस्तो शिक्षा चाहिन्छ हामी सरकारको विरोधी दल-लाई उठ्न अवकास दिने अप्रबुद्धकता शून्य शिक्षा हाम्रो नीति हालबराबर छ । यसको शक्तविरोध गर्दछौं ।

संस्कृतका वर्तमान छात्रवर्ग चाहिरीया पर्वतकेका छात्रवर्ग प्युसन्काधिकारी वाहिरीया पण्डित वर्ग ।

भिक्षा

आज हामी संस्कृत पढेका विद्यार्थीहरू भीक्षा माँगेर हिडिरहेकाछौं यद्यपि हाम्रो पुरानो दृष्टिबाट मुख्य धर्म हो तर आज हामी भीक्षामाग्न आएको कारण केवल श्रद्धाको मानो खानाको साथसाथै डा० माईलागुरुज्यूको अत्याचार निर्विवेक प्रकट गर्नु हो यस्तो वैज्ञानिक समयमा पनि सदा हामीलाई अन्धकारमा तथा आफ्नो मुठीमा राख्न खोजनु डाईरेक्टरको निर्विवेकताले हामी न जान्ने भएर वस्न चाहन्नौ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हामीहरूले पनि जान्ने हुनुपर्छ इतिहास, भूगोल पढनपाऔं भनी माग गर्दा खुशीसाथ दिनुता परैजाओस प्रत्युत (उल्टो) ध्यानमारा औचोरीमा पनि हत्पति नहुने सजाय हतकडी लगाएर ठानामा थुनाउने विद्यार्थी समाज मागएर सिधासाधा निरपराधी ब्राह्मणका लडकालाई छातिमा भाला औ पिस्तौल ताक्न र दण्ड प्रसार गर्न लाउने मुखमा थुकको वर्षाको साथसाथै हपकाउने यो डाईरेक्टरको जो अत्याचारले पकडेर हातमा हतकडी लगाएर थुनायका लडकाहरूलाई पाठशालामा पढन समेत् नपाउने गरी निकाला गराउनु कत्रो अत्याचार हो यस्तो कसैले देखेको या सुनेको पनि नत कहिले सम्झेको पनि होवेन, आज यस्तो अत्याचार डाईरेक्टरले हामी माथी प्रयोग गऱ्यो तर हामी पनि यसलाई प्राण धुक् धुक्धुकी रहे सम्म विर्सन सक्तैनौ र त्यसको प्रतिकारमा हामी सतत: सहस्र: प्रयत्न गर्ने छौं आज समाजमा यही संदेश सुनाउनु पनि हाम्रो मुख्य कर्तव्य हो ।

"जयतु संस्कृतम्"

डाईरेक्टरको अत्याचार वर्णन

संस्कृतभाषा आदिकालदेखी चलीरहेको हाम्रोहिन्दु मात्रको मुख्यभाषा हाम्रो समेत गौरवउन्नति यसको लोपमा हाम्रो धर्मको लोप र हाम्रो समेत् लोप हुन्छ। संस्कृतबाटनै जन्मदेखी मृत्युसम्मको हाम्रो काम चल्दछ र त्यो नभयमा हामी आफ्नो केही कर्तव्य गर्न सक्तैनौ संस्कृत हाम्रो बोलीमात्र हैन मुखपनिहो यो नभएमा हाम्रो धर्मबाट हामी खान सम्म सक्तैनौ अत: हामी हिन्दुमात्रले यसको उन्नतिगर्नु परमावश्यकछ आजयस्तो शंस्कृतको डायरेक्टर कस्तो हुनुपर्नेमा कस्तो लोक कण्टक। (सबैको कोडो) परिरहेछ डाईरेक्टरबाट लोकको उन्नति हुनता परैरहोस आकृतिको मात्रशिक्षा बन्दछ जसकोहृदय ढुंगाभन्दा साडोछ जसलाई अर्काको भलो मन पर्दैन के सम्म दु:ख दिन र मिली सकेको प्रबन्ध विगार्ने हरदम तत्परछ त्यस्ता डाईरेक्टरबाट संस्कृतको के हालत भएकोछ यो कुरासबैलाई विदितैछ यस्तो संस्कृत आफ्नो धर्मको अवगति हामीहिन्दुमात्रले सहन हुँदैनन् यसको उन्नतिकानिति आफ्नो अरामस्तिपन छोडेर उठनु पर्छ उठौं "मर्न आँटेकी आमालाई बचाउनु र मार्न खोजने दुष्टको प्रतिकार गर्नु हामी हिन्दुमात्रको कर्तव्य र तागतपनि छ हेर्नुहोस यो डाईरेक्टरको संस्कृतलाई अनेकउपायबाट मृत्युगय्यामापुऱ्याउन आँटेकोछ । यस्तो अवस्थामा हामीहरू चुप लागेर बस्ने होभने हाम्रा कर्म समेत लोपहुनेछ हाम्रो अभियान र गौरव समेत् हराउनेछ यसले संस्कृतको अपह्नतिको निमित्त कतिप्रयत्न गरिरहेको छ विद्यार्थीहरूले असल कुरा गरेमा पनि दोषी बनाउने र निकायागरिदिने शिवाय उपको कर्तव्य केही छैन भरसक सबै दुनियालाई आफ्नो कडा अँचमा पार्न खोजनेर संस्कृत स्कूल माकेही प्रबन्ध नगर्ने र छात्रवृत्ति नदिने अध्यापकवृत्ति कतिगराउने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शास्त्री आचार्यको पढनेवृत्ति पाउँदा अरूविद्यार्थीहरू पाकशालामा मरना होलान् र उन्नति बढला भन्ने र वृत्ति नदिने परीक्षामाप्रश्न छापियमा परीक्षानियत भएमा विद्यार्थीहरूलाई सुविधा पर्लाभनेर यो प्रबन्ध नगर्ने मनपरी पैहिलादोश्रा र पासफेल गर्ने परीक्षाको प्रबन्ध नगरेर हरसाल २५।३० जना मध्यमाका विद्यार्थीहरूलाई पुरानो जवाना बमोजीम वृत्तिदिएर बनारस पठाउने एकवटा कलेजको प्रबन्ध नगरेर ६०/६१ शास्त्री आचार्यका छात्रलाई फार्ममा (प्राईवेट लेखाउने) लाईब्रेरी नभए-काले बटु बाबुले सालिन्दा खर्चदिएकोमा पनि किताब किन्न नदिने पाठशालामा बस्ने पढने राम्रो प्रबन्ध नगरायेर दुनियांमा घृणित बनाउने सरकारबाट बक्सेको विदामापनि माध्य बनाएर दुःखदिने या विदा नदिने जसको बयान गरेर साध्यछैन त्यस्तो डा० बाट हामी हिन्दु मात्रको के भलोहोला केधर्मको रक्षाहोला' अतः धर्म रक्षाको निंति तत्पर हुनु पर्दछ । उठौं धर्मरक्षाको निमित्त अगाडीबढौं हामी हिन्दु-मात्रले पुकारा गरौं ।

जयतु संस्कृतम् जयतु संस्कृतम् जयतु संस्कृतम्

२००४ कार्तिक २९ गते

जयतु संस्कृतम्

नेपाल प्राचीन संस्कृतिको एक आदर्शपुण्य भूमिहो यसको संस्कृति प्रायः संस्कृतमा निर्भर छ संसार परिवर्तनशील छ सांसारिक परिस्थिति बदली नै जान्छ जुनचिज समयका साथ साथै परिवर्तन हुदैन त्यसमा भद्दापन भरिदै जान्छ र समयले प्रामाण्य-रहित पनिहुन सक्तछ आज हाम्रो संस्कृतको त्यस्तै हालत भएर कुसन्डाका हातमा परेको पारसमणि जस्तो भै रहेछ, नेपालमा प्रतिशत ८० संख्या पर्वतमा नै छ तर तिनिहरूको शिक्षानिति उचित बन्दोवस्त कतै केही देखिएन पैल्ले उनिहरूमा शिक्षा भनेको ज्ञान नै छैन त्यस्ताले अन्यत्रगएर कसरी शिक्षा हासिल गर्न सक्लान्, दोस्रो शिक्षाको गुण चिनेकाले पनि आफ्नो प्रबल दारिद्ररेले बाँधिएर कसरी गर्लान् पहाडमा शिक्षा नभएपनि सहरसम्म आउन सक्नेले आयर शिक्षा प्राप्तगर्न सक्ने स्थल नेमा एकमात्र रानी पोखरी पाठशाला त्यहीपनि उही जुगजुगानू परम्पराबाट चली आएको परिवर्तन शून्य हुनाले मन्द मद्दाशिक्षा भैले त्यसैमापनि कुरा परम्पराबाट चली आएको धर्मसंस्था पाकशालाको लोप के यसबाट दुनियांशिक्षित बन्न सक्लान् ! के राष्ट्रको उन्नति बढ्दछ ! यो केवलदुनियांलाई अन्धपरम्परामा राखेर राष्ट्रियउन्नति काँडो लगाउनु र आफु अयसी बन्नु शिवाय यसमादोओनीत्ति के छ, गाउँ-गाउँ ठाउँ-ठाउँमा उच्चशिक्षाको प्रबन्ध त परैरहोस राज्यभरमा भै रहेको यौटा शिक्षाको केन्द्रमा पनि ताल्चा मार्दिनु अथवा पुरानो संसारमा राखन खोजनु जुन यो हामी नेपाली मात्रको सह्य कुराकुदायिछैन यो केन्द्रमा शिक्षापरिवर्तनका साथ उच्चशिक्षा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिलाउनु र पहाड पर्वतमा पनि ठाउँ-ठाउँमापनि उच्चशिक्षा तालिमी केन्द्रखुलाउनु हामी नेपालीमात्रको कर्तव्य हो यसमा राष्ट्रोन्नति निर्भर छ, हामीनेपाली मात्रले आफ्नो गौरव उन्नतिका निम्ति आफ्नै संस्कृति र संस्कृतमा निर्भर रहनुपर्छ विद्रोहीको विद्रोह मचाउनै पर्छ ।

इति ।

जयतु संस्कृतम्

जयतु संस्कृतं भार युद्धब्दिशतु सर्वकं प्रोनयन्नयम् । चरतुसंग्रसंचारयच्छिगुन्दिशतुमापदं सत्यमुद्वहार जयतु संस्कृतंमृत्युकटिपतं वस्तुतोमृतं सारगर्भितम्, अमरभाषितं सत्यप्रेरितं सदीपसंभितं सर्वं संजितम् छात्रजल्पितंकालसेहितं गतिभाषितं धैर्यगोपितम् । धैर्यगोपितंगीर्भिरिडितं भक्तिभावितंनित्यवर्धितम् पूरदुःखितंह्यपविनीतं सर्वयोजितं…………इति कृति रलंकर्तृप्रज्ञयासुहृदि भाव्यतां सर्वसेवया झटितिधीप्रतामीशतुष्पतामहरंकृतिश्चातुकीर्तनात् । जयतु कालिकादीपमालिका दुष्टनाशिकाशिष्टपालिका समय एवते पुञ्जराशिकम् षष्ठभिक्षतेभारहारिका । गीतषट्यदिवाक्यभाषितासंकरोतु वै छात्र जल्पिता कष्टफंटरीफालसेविता तीव्रमस्तुनोपातुमापिता । जयतुसंस्कृतंविविधसंहितंगंधवितरंमुपरि वृंहितम् सेवतां सतापङ्कमज्जतामःमृतकालधुक्दुःखजायमुक् । छात्रजटितंकालसेवितं गीतभाषितंधैर्यगोपितम् ।

(जयतु संस्कृतं विश्वपूजिता भवतु काशिकालीलयाजिता)

ले. उमानाथ उपाध्यायः

२००४ श्रावणमा

९. नवग्रहस्तोत्रम्

आश शिखरेरम्य गिरीराजतनुजया पृष्ठं ।
नवग्रहस्तोत्रं शङ्करोभिन्दधौप्रियाम् ॥१॥
आर्द नेत्रो रोगग्रस्तः पंकुभृत्यश्चमार्तजः ।
परपीडा प्रदाताय नमः सूर्यग्रहस्मृतः ॥२॥
पर परोनित्यं द्विजिह्वाश्चाति दुर्मतिः ।
पङ्कोभितश्चशुस्काङ्क कालिदासः शशिः स्मृतः ॥३॥
कारण्वर्णो व्याघ्रस्मश्रुर्लोभीकामी च दुर्मतिः ।
व्याघ्रनेत्रो रामनाथो भौ ग्रहाउदाहृतः ॥४॥
विद्यार्थिनां कालासुम काल काषीपणग्रहाः ।
हृदये कारानीवयोवद्रीराहु प्रकीर्तित ॥५॥
रामाभितश्च सर्वोयं दुष्टषड्निषेवकः ।
वृहस्पति ग्रहासोमो मर्म स्पष्टगार्ववारिधि ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अस्यबुद्धिर्मसीजीवी कालावर्ण परीक्षकः ।
रोहिणी विप्रमूर्खश्च शनैश्चर समामता ॥७॥
स्वल्पपाठीपणेलुब्धोऽभिमानी दुग्धपीवरः ।
बुद्धिहीनो बुद्धिनाथो वुधग्रह उदारितः ॥८॥
काला भ्रातातिपिशुनोवाचारोह्यति भीषणः ।
पराङ्मुखोभव्य कार्येरविनाव्योतिकेतुकः ॥९॥
स्थुलाकायश्चतुर्नेगशान्द्रालुश्चारपुरुषः ।
वैशेषिको ज्योतिषिको राधानाथोलिभार्गवः ॥१०॥
मुखादुतिरितंवाक्यंपीयूषपरिकल्पितम् ।
निशम्यदेवदेवस्य मुमुदेमेनकात्मजा ॥११॥

पुरुषार्थीछात्रहरू ०४ आषाढ ११ गतेमा कारागारको झलक

छात्रहरूको संघमा भिक्षांदेहि कोखमा ताम्ररजतको वर्षा भोखोत्तकिया झोलिमा घुसेको कोमल वालुषीमा लाग्मो भटको खस्रोहात ।

भत्माला लाएको हाम्रो संघरूप शीरलेदेख्यो कारागारको भित्रीभाव देख्यौ हामीले व कविष्टा लागेको पीपलका सेतापात चौतारामा पत्थरमूर्तिले घरैको स्वर्ण सृष्टिको मृत घ्याम्यो········ हाम्रो नजर परेको त्यस माथिको औषधिको भुडैकामा लक्ष्मी पूजा झैं सबभित्रीयाको वकलाउँछ सेतोछाप ।

काष्ठ फलै या माथी वसेका मनहाँसेका साथीमा
भविष्यचिन्ता तुलना गर्दै पायौं जुनको रात·········

अन्तिम भिक्षा पायौं जुनको रात
ले. बिवराम भाई कहेल

ऐतिहासिक सामग्री (३५)

चेतोनाथ शर्मा आचार्यको संग्रहमा रहेका यी सामग्रीहरू सं० छा० सं० का सम्बन्धमा जानकारी हासिल गर्न सघाउ पुऱ्याउने छन् । भन्ने अभिप्रायले यहाँ प्रस्तुत गरिएको हो । यी पत्रहरूको मूल चेतोनाथसँगै सुरक्षित छन् ।

श्री ५ को निति सबै छात्र बराबर दलगत राजनीति जालीहरूका प्रवेश स्थल संस्कृत छात्र संघको अधिवेशनमा लिबूको उद्गार

काठमाण्डू, १४ आषाढ । २००७ सालको क्रान्ति प्रजातन्त्रका निति भएको हो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तापनि दलगत राजनीतिमा फटाहरूको प्रवेशले गर्दा इमान्दार तत्वले यसमा सहयोग गरेनन् र यो दलगत राजनीति असफल भएको हो ।

उपरोक्त कुरा हिजो स्थानीय लाल दरबारमा क० शिवनाथको सभापतित्वमा भएको एक समारोहका बीच संस्कृत छात्र संघ (नेपाल) को वार्षिक अधिवेशनको उद्घाटन गर्दै गृह सहायक मन्त्री श्री काजीमान लिम्बूले भन्नु भएको हो ।

उहाँले अगाडि भन्नु भयो—विदेशमा गै शिक्षा हासिल गर्ने हाम्रो परम्पराले हामीले स्वदेशी पनलाई बिर्सियौं यसले हाम्रा यावत काममा विदेशीपन छाएको छ र संकीर्णतावादले घर जमाएको छ । यस्तै कार्यलाई पन्छाई राष्ट्रिय भावना जगाउने श्री ५ बाट यो नयाँ कदम उठाई बक्सेको हो भन्दै वहाँले छात्र सघ प्रति बधाई व्यक्त गर्दै सबैसँग एक भएर काम गर्ने अपील गर्नु भयो ।

त्यस अवसरमा राष्ट्रिय निर्देशन मन्त्रालयका डाइरेक्टर श्री सुरेन्द्रराज शर्माले निर्देशन मन्त्रालयको आवश्यकता माथि प्रकाश दिंदै भन्नु भयो—श्री ५ बाट निर्देशन मन्त्रालयको स्थापना गरि बक्सेर एक नयाँ सिद्धान्त र दर्शन नेपाली जनतालाई बक्सेको छ । र यो मन्त्रालयले नेपाली जनतालाई मुख्यत: राष्ट्रियता विकास र प्रजातन्त्रका बारेमा बोध गराउने छ । वहाँले ७ साल यता देखिका कुनै पनि सरकारले राष्ट्रियताको भावना जगाउन कुनै पइल कदमी देखाएनन् भन्दै अबको शासनले प्रजातन्त्रको जग तलै देखि बसाल्न सक्दो प्रयास गरि रहेको छ र निर्माणमा यो सरकारले बढी ध्यान दिंदैछ भन्नु भयो । वहाँले भन्नु भयो—आजको दुनियाँमा आज मित्र भोलि शत्रु भएको देखिएकाले हामीमा एकता र राष्ट्रियताको भावना जागेन भने देशको अस्तित्व बाँच्न गाह्रो छ, त्यसले अब सम्पूर्ण नेपालका छात्रहरू एउटै संस्थामा संगठित हुनु परेको छ र निर्देशन मन्त्रालयले यसको व्यवस्था गर्दै छ पनि । छात्रसंघ प्रति शुभेच्छा व्यक्त गर्दै केही छात्रहरू यो अधिवेशन नगराइओस्, भन्न कहाँ-कहाँ गएको कुराको उल्लेख गर्दै सब छात्रलाई एकताको सूत्रमा बाधिएर काम गर्ने सल्लाह दिंदै श्री ५ को दृष्टिमा सब छात्र बराबर छन् भन्नु भयो ।

यसभन्दा अघि संस्कृत छात्र संघका सभापति श्री चेतोनाथले संस्कृत छात्र संघको कार्य संस्कृत र संस्कृतिको बचाउ गर्नु श्री ५ को कदमलाई सहयोग गर्नु हो भन्दै राजनीतिक पार्टीको उत्थान र पतनमा सती जाने तत्वको भर्त्सना गर्नु भयो र शिवराज आचार्यले स्वागत भाषण गर्नु भएको थियो ।

स्वतन्त्र समाचार

वर्ष ४, २०१८ आषाढ १४ गते बुधवार २८ जून १९६१ अङ्क २५१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छात्रावासमा कम्युनिस्ट गुण्डाहरूको दंगा

सं० छा० संघका सामानहरूको पनि लूट

काठमाण्डू १० मंसीर। थाहा भएको छ कि हिजो संस्कृत छात्रावासमा कम्युनिष्ट पार्टी र यसैद्वारा सञ्चालित छात्र संघको मद्दत लिइ केही छात्रहरूले दंगा मच्चाई पुलिसद्वारा हस्तक्षेप गर्न बाध्य बनाए। भनिएको छ, दंगा गर्ने छात्र-सँग भित्र कम्युनिस्ट पार्टीबाट कार्यकर्त्ताहरू सबै लुटि लगे। भनिन्छ लूट्ने संस्कृतका छात्रहरूमा जोगी नरहरिनाथका चेला र विश्वस्त मानिएका छात्रहरू पनि छन्। कम्युनिष्ट समर्थक छात्रावासका छात्रहरुले बाहिरिया गुण्डाहरूबाट मद्दतपाएको र खर्च पाएको कुरा उनीहरूले पानीझैं बगाएको पैसाको खोलोबाट नै थाहा पाउन सकिन्छ भनि संस्कृत छात्र संघका एक प्रवक्ताले भने।

पछि गुण्डागिरीको भर्त्सना गर्दै संस्कृत छात्र संघका मन्त्रीले गुण्डागिरी गर्ने छात्रहरूले छात्रावासलाई कम्युनिष्टको गढ बनाउन खोजेका छन् विद्यार्थी जगत्लाई अधिनायकवादोन्मुख बनाउन खोजेका छन् भन्नु भएको छ। उहाँले १।२ संस्कृत छात्रावासका छात्रहरूले कम्युनिष्टिक गुण्डागिरीलाई आमन्त्रित गरेकोमा खेद प्रकट गर्नु भएको छ।

स्वतन्त्र-समाचार

वर्ष ४, २०१७ मार्ग १० गते शुक्रवार, २५ नवम्बर १९६०, अङ्क ९९

संस्कृत छात्र-संघ (नेपाल) को संसदीय अधिवेशन

२०१८ आषाढ १३ गतेदेखि प्रारम्भ हुने

संस्कृतछात्र संघ (नेपाल) को इतिहाससंग परिचय नभएको संस्कृतानुरागी शायद कोही पनि छैन होला। यससंघले विभिन्न परिस्थितिको सामना गर्दै संस्कृतानुयायीहरूको विकास र सम्मान-प्राप्तिका लागि कति काम गऱ्यो र कति सफलता हासिल गर्न सक्यो त्यो पनि कसैबाट छिपेको छैन। यस विषयका धेरै लेखिरहनु पिष्टपेषण मात्र हुनेछ।

यद्यपि सं० छा० सं० का नाममा व्यक्तिको भुँडी भर्ने मुट्ठीभर एकता-विरोधीहरूले मातृसंस्था उपर कुचक्र रच्न खोजे, तापनि संघले आफ्नो वैधानिक पद्धतिलाई कायमै राख्यो . जुनकामका निमित्त शाखाहरूले पनि आफ्नो जिम्मेवारी र कर्तव्यको पूर्णतया वहन र आचरण गरे र गरीरहेका छन्।

उक्त रूपबाट सं० छा० सं० ले आफ्नो क्षेत्रमा उल्लेखनीय महत्व प्राप्त गर्नामा मुख्य कारण यसको निष्पक्ष एवं पवित्र उद्देश्य र सततप्रयत्न-शीलतालाई राजादेखि रङ्कसम्मले सुदृष्टि दिनु, त्यसमा पनि वर्तमान नरेशको संस्कृतप्रतिको प्रबल श्रद्धा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै हो र अब पनि यस संघलाई पूर्वरूपानुसार विभिन्न सहयोगबाट सबल बनाउन संघ सबैमा सानुनय अपील गर्दछ ।

यही २०१८ आषाढ १३ गते देखि संस्कृत-छात्र-संघ (नेपाल) को संसदीय अधिवेशन राजधानीमा हुँदैछ, जुन कुरा केही समय अघि पत्रिकाहरूमा प्रकाशित भैसकेकोले सर्व विदित नै हुन्दछ । विभिन्न जिल्लाका शाखाहरूबाट आउनुभएका प्रतिनिधिहरूले भाग लिइने उक्त सम्मेलन लाई यथाशक्य हरतरहको सहयोग गरी सफल तुल्याउन संघ देशका तमाम छात्रवर्ग एवं सबै संस्कृतप्रेमी महानुभावहरूसंग विनम्र अनुरोध गर्दछ ।

प्रचार विभाग

संस्कृत-छात्र-संघ नेपाल

विजय प्रिन्टिङ्ग प्रेस, पुतली सडक, काठमाण्डू , नेपाल ।

यो हो सत्य कुरा

सम्पादकज्यू,

गत १४ जेठको शुक्रवारे समीक्षा (साप्ताहिक) मा प्रकाशित पढदो नेपालको शीर्षकमा छात्र एकता सम्बन्धी एक लेख रेग्मीजीले लेख्नु भएको रहेछ त्यति ठूलो छात्र एकतामा जोड दिने साथी त्यसमा पनि सं. छा. सं को ऐतिहासिक परम्परा- देखि प्रभावित रेग्मीजीले सं. छा. सं. का कुनै पनि अधिकारीसंग सम्पर्क राखेर तत्सम्बन्धि वैधानिक गडबडी आदिको अलिकति पनि जानकारी गरिबिने कष्ट गर्नु भएको भए ज्यादै राम्रो हुने थियो ।

वहाँले संस्कृत छात्र संघको आदर्श केही दिन अगि सम्ममात्र थियो अब छैन भन्दै सं. छा. सं. का कट्टर दुश्मन छात्र एकता विरोधीहरूलाई जो कि विधानतः संघबाट निकाली सकेपछि पनि हामी सं. छा. सं. का मुख्य नेता हौं भनि दोष जति शाखाहरूमा थुपारी आफु दुनियाँका अगाडी चोखिन खोजने तथा कथित तत्वको आड लिएर सच्चा सं छा. सं. जस्ले गत वैशाख २९ गते आफ्नु संसदीय अधिवेशन जोकि विधानतः हुनु पर्दथ्यो जसमा ३२ शाखा मध्ये २७ शाखाले र साधारण सभाबाट निर्वाचित सदस्य समेत ३५ जना प्रतिनिधिहरूले भागलिई सुसम्पन्न भयो लाई समानान्तरको संज्ञादिई आफ्नु अनभिज्ञतांको पूर्ण परिचय दिनु भएको छ ।

विशेष गरेर वहाँले फुट भएको थियो तर पनि केही थिएन भन्दै विदेश भ्रमण- लाई औंल्याएर फुट्ने पक्षले राम्रा आधारहरू पनि देखाएको छ भनेर वहाँले त्यस्को वास्तविक उद्देश्य परिणामले बताउलाभनेर विदेशभ्रमणमा जानन्नै फुटको कारण बताउनु भएको छ, रेग्मी जी सँग मेरो सविनय अनुरोध छ कि हाम्रा संघ सम्बन्धी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुराहरू सिक्न हाम्रो अफिसमा सम्पर्क राख्नु होला हाम्रो संघमा कुनै किसिमको समानान्तर भन्ने छैन र १-जना सं. छा. सं लाई आफ्नो दाइजो बनाएर सघको नामले चन्दा जम्मागर्ने र राजनैनिक स्वार्थसिद्ध गर्न खोज्ने बेजिम्वेवार व्यक्तिहरूको निराधार हो हल्ला मात्र हो ।

जहाँसम्म विदेश भ्रमणको निर्णयको कुरा छ हामी संस्कृत छात्र संघका प्रतिनिधि हौं भनेर निराधार व्यक्तिहरू र जनाको र सच्चा सं. छा. सं. का र जनाको समेत परराष्ट्र विभागमा निवेदन परेपछि परराष्ट्र सचिवले दुवै थरीको प्रमाण पत्रहरू र विधान समेत लिएर दुवै तर्फका सभापतिलाई विभागमा आउने चिठ्ठी लेख्नु भए पछि सचिवज्यूले सब जानकारी लिई त्यत आधारमा वैधानिक ठहराई चीन जानको निमित्त पासपोर्ट दिएको हो, ति सब कुरा जान्न नखोजेर खालि हावाको भरमा विद्वन्ता छाट्नु कहाँतक युक्ति संगत हो ।

यति मात्र होइन रेग्मीजीले ठूलो जमातको विरोध हुँदा हुँदै भन्ने शब्द राखेर क्षन् वहाँले आफुलाई ज्यादै तल्लो विचारको घर बसी काशी देखेको बयान गर्ने भन्ने नेपाली उखानलाई चरितार्थ गर्नु भएको छ । यदि वहाँलाई सरकारको विरोधनै गर्नु थियो भने खुला रूपमा नै गर्नु भएकोभए रोक्ने थिएन । सं. छा. सं. को स्वच्छ परम्परामा आघात पार्ने द्रोहीहरूको आड यन्तिका लागि लिनुपर्ने थिएन ।

संस्कृत छात्र संघलाई विद्यार्थीहरू सम्पूर्णको सहयोग छ र यस संघका उत्तम छात्र छो कि नेपालका सम्पूर्ण कलेजका विद्यार्थीमा सर्वोत्तम छानिनु भएको छ त्यस्ता साथी श्री गोपीनाथ दवाडीजीलाई पासपोर्ट सरकारले दिएको छ ।

सं. छा. सं. का उत्साही विद्यार्थीहरू जस्ले देशमा भएका प्रजातान्त्रिक आन्दोलनमा भाग लिए, जेलको यातना भोगे पानी फोरा खाए, त्यस्ता साथीलाई मुर्दा बनाएर सरकारले सहप्रेरणा दियो भनेर भन्नु भएको छ । के कसैले आफ्नु संस्थाको समारोहमा निमन्त्रण स्वीकार गरेर भाग लिदा अपराध भैहाल्छ ?

अन्त्यमा तमाम विद्यार्थीहरू सँग र साधारण जनता सँग पनि मेरो अनुरोध छ कि यस्ता नचाहिने निराधार भ्रममा नपरि दुध र पानी छुट्याउने प्रयास गरियोस ।

भवदीय

पीताम्बर शर्मा

स्वतन्त्र समाचार

वर्ष ३, २०१७ जेठ २३ गते आइतवार
अङ्क २७३, जुन ५, १९६० ।

सम्पादक तथा प्रकाशक :—
मदन शर्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. सं० छात्रसंघमा झगडा

काठमाडौं, १० मार्ग । हिजो तीनधारा पाकशालामा संस्कृत छात्र संघ, जुन केही महीना अघि चीन भ्रमणको निम्ताले गर्दा टूक्रेको टूक्रालाई नेपाली कांग्रेसको समर्थन थियो त्यस टूक्राका सदस्यहरूले छात्र संघको पाकशाला स्थित अफिस आफूले कब्जा गर्न खोज्यो ।

अफिसमा पसेर टेबुल, कुर्सीहरू ······················ १ क याक भयो, एक दल माल लिएर जाने र अर्को दल माल लै जान नदिने थियो ।

बाहिर पुलिस र दर्शकहरूको भीड़ थियो पुलिस यस घटनाबाट अन्य कुनै अशान्ति नमचियोस भन्ने उद्देश्यले पुगेको थियो ।

सुनिन्छ हुलदङ्गा गर्न आउनेलाई कुनै दोष नदिइ छात्रावास सुपरिटेण्डेण्टले चाहीं ६ जवान छात्रावासका छात्रहरूलाई नै उल्टो छात्रावास भित्र प्रवेश गर्नबाट रोक लगाउनु भएको छ ।

सही बाटो

अङ्क ५३ मार्ग १० गते शुक्रवार २०१७, २५ नवेम्बर, १९६० वर्ष १

सम्पादक तथा प्रकाशक[१]—पी. के. शर्मा

६. भ्रामक समाचारबाट सावधान

काठमाण्डू, मार्ग ११ (आ. स.—संस्कृत छात्र संघका प्रचार मन्त्री मधुसुदन प्रदीपले निम्नलिखित वक्तव्य दिनु भयेको छ :—

हिजोको हाल खबरको पहिलो पृष्ठको २, ३ कालममा प्रकाशित भयेको तथ्यहीन खबरले सारा विद्यार्थी समुदाय एवं संस्कृत प्रेमीहरूका हृदयमा दुःख भएको छ ।

काठमाडौंको नृट्रस्थलमा घटेको घटनालाई अरू कसैले बुझ्नु नसकेको झैं गरि जनतालाई झुक्याउन खोज्नु यो कत्रो दुःसाहस हो । जसको आधार शाखा नभई पेशेवर गुण्डा छन्, विधान नभई निःसीम उद्दण्डता छ । सत्यताको नाममा अन्ध-भक्तहरूको आँखा छोप्नेपर्दा छ, अनि काम छ सोझा साधालाई झुक्याई चन्दा बटुल्नु उनै कम्युनिष्ट कार्यकर्त्तालाई विद्यार्थीको संज्ञा दियेर विद्यार्थिको इज्जतमा धब्बा लाउन खोज्नु, सुपरिण्टेण्डेण्टका जिम्मामा रहेका माल सामान लुट्ने तीन शहरका उग्रवादी कम्युनिष्टहरूका सरदारहरूलाई चोरच्याई शान्ति प्रिय अनुशासन परायण विद्यार्थीहरूलाई राजनैतिक वातावरणमा मुछन खोजी विद्यार्थी संस्थाको समस्यालाई निहूं लिएर राजनीतिक दाउपेच गरी प्रजातन्त्राले दियेको अधिकार

---

१. 'डडड·········' गरेको यस भागमा प्राविधिक कारणले पत्रिकामैं छापिएको छैन—भूपपो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छँदाछँदै त्यो छाडी गुण्डागिरिबाट जनमत प्राप्त सरकारमा समेत आघात पुऱ्याउने नियत गरी सरकारमा समेत दोषारोपण गर्नु के नेपालीत्वको लेश सम्म भएको मगजबाट निस्कन सक्ने कुरा हो ?

"यो संस्कृत छात्र-संघ नेपाल विद्यार्थीवर्ग एवं जनताहरूसँग यस्ता नैतिक आधार न भयेका पत्रिकाहरूका भ्रामक समाचारबाट बची यथार्थ वस्तुस्थिति बुझी, उक्त संघलाई हरतरहको सहायता गर्न जोडदार अपील गर्दछ।"

कल्पना।

संख्या २६५, शनिवार मार्ग ११२०१७ (काठमाण्डू)

सम्पादक—किशोरी रमण

संस्कृत-छात्र-संघको
अधिवेशन सम्पन्न

काठमाडौं १ जेठ। संस्कृत छात्र संघको गत वैशाख २९ गतेदेखि शुरू भएको ३ दिन सम्मको संसदीय अधिवेशनले आफ्नो कार्यक्रमको दोस्रो दिन सं. छा. सं. ले प्रधानमन्त्रीको रिपोर्ट्लाई चार पाँच घण्टाको लामो बहसपछि स्वीकृत गर्नुको साथै आवश्यक विधान धाराहरूमा साधारण संशोधन समेत स्वीकार गऱ्यो।

सम्मेलनको तेस्रो दिन ३१ गते विभिन्न राष्ट्रिय एवं अन्तरराष्ट्रिय महत्वपूर्ण प्रस्ताव एवं मागहरू स्वीकृत गरेको छ। ती मध्ये मुख्य मुख्य निम्न प्रकार छन्।

१. आफ्नो देश [नेपालको] १'१ सालमा सम्पन्न प्रथम आम चुनाव शान्ति पूर्वक सफल भएकोमा श्री ५ र श्री ५ को सरकार प्रति धन्यवाद ज्ञापन गर्दछ।

२. श्री ५ को सरकारको विकास गामी तटस्थ नीतिको प्रशंसा गर्दै भिन्न राष्ट्रहरू-बाट विना शर्त सहायता प्राप्त गरेकोमा सं० छा० सं० प्रशंसा गर्दछ।

३. अहिले सम्म चलिरहेको दक्षिण अफ्रिकी सरकारको जाति भेद नीतिको घोर निन्दा गर्दछ र विश्व शान्तिको महत्वपूर्ण कदम शिखर सम्मेलन पूर्ण सफलहोस् भन्ने कामना गर्दछ।

४. आफ्नो राष्ट्रिय शिक्षा प्रणाली बिना देश उन्नतिको पथमा जान असम्भव भए-कोले राष्ट्रिय शिक्षा प्रणालीको तुरुन्त व्यवस्था हुनपर्दछ।

५. संस्कृत शिक्षाको उन्नति बिना राष्ट्रभाषा नेपालीको उन्नति असम्भव भएकोले राणाकालदेखि राखिएका रकम जनकपुर, मटिहानी, धरान, दिङ्ला आदिका गुठीहरू पूर्ण राष्ट्रियकरण गरी संस्कृत शिक्षाको विकास का निमित्त खर्च गरिने छ।

त्रिभुवन विश्व विद्यालयमा पढाई चालु भएकोमा खुशी प्रकटगर्दै अंग्रेजी लिएर शास्त्री पास भएका छात्रलाई एम्० ए० पढ्न र शास्त्री पास गरी अंग्रे-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीको व्यावहारिक ज्ञान भएमा संस्कृत, संस्कृति र नेपालीमा एम. ए. पढ्न पाउनु पर्दछ ।

६. संस्कृत शिक्षाको सर्वाङ्ग विकासको लागि आवश्यक १३ सालमा गठन भएको 'संस्कृत शिक्षा परिषद्' अहिले सम्म निष्क्रिय रहेको छ । त्यसलाई क्रियाशील बनाई यथाशीघ्रलाभ प्राप्त गर्नु श्री ५ को सरकारसँग सं. छा. सं. जोडदार माग गर्दछ ।

यसपछि संसदको अध्यक्ष र उपाध्यक्ष पदमा क्रमश: श्री श्याम प्रसाद दाहाल र श्री पोषणनाथ [नेपाल] लाई निर्विरोध चुन्यो । साथै निम्नलिखित सदस्यहरू कार्यकारिणीको निमित्त निर्वाचित भए ।

१. सर्वश्री पशुपतिनाथ आचार्य, सभापति र अरूमा, २. यज्ञप्रसाद थपलिया, ३. पीताम्बर शर्मा दाहाल, ४. राम प्रसाम शर्मा भट्टराई, ५. राममणि रिसाल ६. लक्ष्मी देवी प्रधान, ७. मुकुन्द प्रसाद अधिकारी, ८. हेमानन्द उपमन्यु, ९. श्री हरिहर शर्मा पोखरेल, १०. मधुसूदन शर्मा 'प्रदीप', ११. रमेश चन्द्र देवकोटा,

उक्त अधिवेशनमा सं. छा. सं. का विभिन्न देशव्यापी २७ साखाबाट १–१ प्रतिनिधि र साधारण सभाबाट निर्वाचित समेत जम्मा ३५ प्रतिनिधिहरूले भाग लिएका थिए ।

अधिवेशनको अन्तिम दिन हिजो बेलुका लाल दरबार हलमा विभिन्न सांस्कृतिक प्रोग्राम भएको थियो । उक्त सांस्कृतिक समारोहमा प्रधानाचार्य पं० पद्मप्रसादज्यूको अतिरिक्त धेरै गण्यमाण्य व्यक्तिहरू र कलेज स्कूलका छात्र-छात्रीहरू उपस्थित थिए ।

स्मरण रहोस कि यस अधिवेशनको उद्घाटन श्री मा० काशीनाथ गौतमजीको सभापतित्वमा मा० गृह मन्त्री श्री सूर्य प्रसाद उपाध्यायले २९ गते गर्नु भएको थियो ।

स्वतन्त्र समाचार

वर्ष ३, २०१७ जेठ २ गते आइतवार अङ्क २५४
मई १५, १९६०

सम्पादक तथा प्रकाशक—मदन शर्मा

८. बोक्रे समाचारको खण्डन

काठमाडौं मार्ग २ गते । हिजोको हालखबरको पहिला पेजको तेस्रो कालमको 'कांग्रेस समर्थक छात्रहरूद्वारा जबर्जस्ति' भन्ने समाचारलाई लिएर सं. छा. सं. ले निम्न खण्डन पठाउर्दै भनेको छ :—हालखबरमा लेखिएको उक्त समाचार बिलकूल निराधार र झूठा हो । किनकि सं. छा. सं. केवल एउटा छ दुइटा भन्ने हल्लाद्वारा सिधा जनताको आँखामा छारो हाली चन्दा लटुल्ने र फोश्रो सभापति र मन्त्री बनी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कबैबाट आएको निमन्त्रणामा चाल चुहाई दाउ लगाउन खोज्ने चीरकाल देखिका विध्वंषक कम्युनिष्ट दलालको चाल हो ।

वास्तवमा सच्चा कुरा के हो भने छा० वा० मा रहेको छात्र-संघको मालसामान सुपरिटेण्ड साक्षी राखी अफिसमा लान खिज्न लाग्दा बिना आधारमा सभापति हूँ" भनी धाक लगाउने उग्रवादीहरू ढोकामा गई पिटने र टोकने आदि अशान्ति मच्चाउन लाग्दा शान्ति प्रेमी छात्रहरूले मालसामान सुपरिटेण्टका मातहतमा राखी वहाँकै आदेशानुसार लिने भएका छन् । उक्त सत्य समाचारलाई छोपी शुद्ध र तटस्थ छात्र संस्थालाई पार्टीको दोषारोपण गरी सरकारको समेत वेइजत गर्न खोज्ने क्षेत्रीय भावना भएका पुनरुत्थानवादी देखि सबै जनता सतर्क रहुनुभनी सं. छा. सं. जोडदार अपिल गर्दछ ।

स्वतन्त्र समाचार

वर्ष ४ २०१७ मार्ग २ गते विहिवार १७ नवम्बर १९६० अङ्क ९३

सम्पादक तथा प्रकाशक—मदन शर्मा

सं० छा० संघको लूट प्रजातन्त्रको हत्या

सं० मा० वि० को सभापतिको बक्तव्य

काठमाण्डू मार्ग ९ गते । स्थानीय संस्कृत छात्रावासमा रहेको संस्कृत छात्र संघ (नेपाल) को अफिसका मालसामानहरू विध्वंषात्मक तरीकाले छात्र-एकता द्रोही कम्युनिष्ट गुण्डाहरूको सहारा लिई ढोका फोरी निरपराध छात्रहरूलाई, अमानुषिक तरीकाको व्यवहार गरी सारा मालसामानहरू लुटेर लगियो । यस प्रति संस्कृत महाविद्यालय छात्र-समिति (सं. छा. सं. को शाखा) खेद प्रकट गर्दछ । प्रजातन्त्रले दिएको हक शाखा संगठन आदि गरी वैधानिकता प्राप्त गर्नु आदि काम छाडी हुल इज्जत माथी हमला गर्नु सरासर प्रजातन्त्र माथी हमला गर्नु हो ।

यदि यस्तो परिस्थितिमा पनि यी अराष्ट्रीय तत्वलाई खतम गर्न हामी कटिबद्ध हुदैनौ भने आफुलाई विद्यार्थी ठान्नु भूल हो । गुण्डागिरी गरी वि० प्राण भएको संस्था तसर्थ संस्कृतका छात्रहरूका साथ हरेक देशका कर्णधार विद्यार्थीहरूलाई पनि यो परिस्थितिको सामनागर्न यो सं० म० वि० छा० सं० सविनय आह्वान गर्दछ । भनी उक्त समितिका सभापतिले वक्तव्य दिनु भएको छ ।

स्वतन्त्र समाचार

वर्ष ४ २०१७ मार्ग १२ गते आइतवार
२७ नवम्बर १९६०, अङ्क १००

सम्पादक तथा प्रकाशक— मदन शर्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संख्या………

तीनधारा संस्कृत छात्रावासको विक्रम सम्वत् २०२५ सालमा जीर्णोद्धार र नवनिर्माण भएको हो। यो कार्यक्रमको समाप्ति पछि एउटा भव्य 'राजार्चन' समारोहको आयोजनमा गरिएको थियो। यसमा स्व० श्री ५ महेन्द्रबाट अभिवादन पत्र ग्रहण गरिबक्सिएको थियो। यसै अवसरमा यो शिलापत्र छात्रावासकै ढोकाको छात्रावासबाट बाहिर आउँदा देब्रेपट्टि भित्तामा उत्कीर्ण गरिएको छ। यो शिलापत्र अरुणोदय २१, २२ संयुक्ताङ्क ३–४–१–२ मा प्रकाशित छ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट जीर्णोद्धार तथा नव निर्माण गराइ बक्सिएको

संस्कृत छात्रावास

वि० सं० २०२५ पौष १ गते आदित्यवार

हित्वा भोगान् विलासानवनवरत्नजनानन्दमाङ्गल्य हेतोः।
कार्येष्वाशक्त चेता हितकर वचसा क्रीत्रयत् प्राणिवर्गान् ॥
भाग्यं नेपालभूमेर्नयविनयनूषा मंगलीभूमिपालो।
धीमान् श्रीमान् महेन्द्रो जगति विजयते शाहवंशैकदीपः ॥
यस्योदार्यं विशालं धृतिततिरतुला काव्यपूर्वा मनीषा।
गाम्भीर्यं वागगम्यं सहज सहकृत साहसिक्यं विचित्राम् ॥
सौशील्यं जन्मजातं नवनव कवितोन्मेष शक्ति प्रसन्नः।
सैषा राजिर्गुणानांलुधनरनिकरा ह्लादिनी वेद्युतीति ॥
हिन्दुत्वं यस्य राज्ये पशुपति महसामासमानेऽसमाने।
नानाधर्मावलम्बि प्रकटित सहजान्योन्य सौहार्दरम्यम् ॥
सर्वस्वं धर्ममांगा गमनियमजुषांधाममन्यस्य सत्यं।
विश्वस्मिन्नैक मार्गं विलसति सततं सर्वं वर्लैक सेव्यम् ॥
छात्राणां देववाणी पिपठिषुमनसा निर्मितं वासहेतोः।
रम्यं प्रयत्नं च जीर्णं निलयमिमवलोकय नेपाल पालः ॥
नूतनं गेहं सुधाभिर्धवलितममलं रम्य रूपं वितत्वन्।
जीवयात् सोऽयं महेन्द्रः समसमितरिप्ररोगमुक्तः शतायुः ॥

वि. सं. २०२५ पौष १ गते रविवासरे

आचार्य रामनाथेन नामनाथेननिर्मिता
एषा क्रितिर्महेन्द्रस्य भूपतेस्तत् सतां मुदो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संख्या.........

"रानीपोखरी-संस्कृत-छात्रावास, रानीपोखरी

काठमाडौं वाग्मती अञ्चल शीर्षक दिई—'संस्कृत–संस्कृति" पत्रिकाको संख्या १, पृष्ठ १८–१९, विक्रम संवत् २०२९, सौरभाद्र ९ गते, श्रावणी पूर्णिमामा निम्न कुरा प्रकाशित छ। यो सामयिक प्रकाशन प्रा. शिवराज आचार्यको सक्रियतामा भएको हो।

यहाँ पूर्वमध्यमा देखि आचार्य सम्म पढ्ने १०६ जना उपाध्याय ब्राह्मण छात्रहरूलाई अशन-वसन-सहित आवास निःशुल्क उपलब्ध छ। यो गुठीका आधारमा स्थापित भएको हो। पैल्यैं महाराज र सोद्दीप सिंह र क. इ. ची. वीर सम्सेरका व्यवस्थाबाट ५४ जनाका निमित्त, १९४३ संवत् वैशाख सुदी ३ मा वीर सम्सेरबाट अरु ५४ जनाका निमित्त, श्री ५ पृथ्वी वीर विक्रमबाट अरु २७ जनाका निमित्त, श्री ५ त्रिभुवनको मुमा (बडा महारानी) बाट, जुद्ध सम्सेरबाट, चन्द्रपत्नी बालकुमारी (लोलनपुर की महारानी) बाट समेत अरु ७५ जनाका निमित्त गुठी रही जम्मा २१० जना उपाध्याय ब्राह्मण संस्कृत पढ्ने छात्रले यहाँ अशन-वसन दक्षिणा सहित आवास पाउँथे। २०१५।६।१६ मिति देखि नियमित रुपमा १०६ जनाले मात्र यहाँ बस्न पाइआएका छन्। ऐले यसको सञ्चालन श्री ५ को सरकारको शिक्षा मन्त्रालयले गरेको छ।

ऐतिहासिक सामग्री (३६)

अच्युतराज रेग्मीको संग्रहमा सुरक्षित रहेका प्रस्तुत सामग्रीहरूले संस्कृत छात्र संघको लिखित इतिहास प्रस्तुत गर्छन्। गुरुपुत्र भएको हुँदा उनी संस्कृत छात्रावासमा भरणा हुने अवसर (त्यसवेलाको परिपाटी अनुसार) नपाए पनि यसले गरेका बाहिरी क्रियाकलापसँग उनी सधैं संलग्न हुन्थे। सं० छा० सं० का त उनी सक्रिय कार्यकर्ताको रूपमा देखापर्छन्।

संस्कृत छात्र संघ

प्रथम ऐतिहासिक सम्मेलन

को

कार्यक्रम

२०१२ वैशाख ११ गते देखि १५ सम्म

अ. पू. प्रेस, असन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मोटामोटी कार्यक्रम :

११ गते पहिलो दिनः—

बेलुका ५ बजे उद्घाटन र शुभकामनाहरू विषय समित आदिको गनठ ।

७ बजे बेलुका सांस्कृतिक कार्यक्रम (परिस्थिति नाटक)

१२ गते दोश्रो दिनः—

बेहान ६ बजे रिपोर्ट र बिधान

बेलुका ७॥ बजे सांस्कृतिक कार्यक्रम (समाज दर्पणम् नाटक)

१३ गते तेश्रो दिनः—

(क) अवशिष्ट बिधान

(ख) प्रस्ताव

बेलुका ७॥ बजे सांस्कृतिक कार्यक्रम ('उनको मुराद नाटक)

१४ गते चौथो दिनः—

कार्यक्रम र नीति

बेलुका ७ बजे सांस्कृतिक कार्यक्रम

१५ गते पाँचौ दिनः—

प्रस्ताव र चुनाव, २ बजे कवि सम्मेलन

१६ गते छैठौं दिनः—

३ बजे जुलुस र ५ बजे भूगोल पार्कमा आम सभा

सांस्कृतिक-कार्यक्रम

१. नाटक—"परिस्थिति" कलाकारहरू :—तारा प्रसाद "आँधी", केशवराज दीपक गणेशवल्लभ, रामकृष्ण "विमल", शुकदेव "समीर", ज्वालाप्रसाद, रामप्रसाद गौतम, कृष्णप्रसाद गौतम, बलदेव, जगन्नाथ, लीलाराजविष्ट, आदि···।

२. रुन्चे कमिक—लीलाराज विष्ट, कृष्णप्रसाद गौतम ।

३. नृत्य —श्री प्रभाकिरण

४. संगीत —नातिकाजी, पन्नाकाजी, पुष्पनेपाली सी. पी. लोहनी,

५. पूर्वी संगीत—कलाकार :—रमेशप्रसाद, ताराप्रसाद "आँधी" ज्वालाप्रसाद ।

दोस्रो दिनको

१. नाटक—"समाज दर्पणम्" कलाकार :—गणेशवल्लभ, मधुसूदन शर्मा, कृष्ण-गौतम, केशवराज "दीपक" बाबुराम पौडेल, विष्णुहरि अधिकारी, रमेशप्रसाद, गोपालप्रसाद ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२ नृत्य—कृष्णप्रसाद गौतम ।

३. मारुनी—कलाकार :—ताराप्रसाद आँधी, रमेशप्रसाद लीलाराजविष्ट, रामकृष्ण "विमल" गणेश वल्लभ ।

४. क्रमिक —"सम्धी-सम्धीको वाद-विवाद" कलाकार :—कमल मूर्ति पन्त विजयराज आचार्य ।

५. संगीत —नीरविक्रम प्यासी सुश्री चन्दादेवी, धर्मानन्द ।

६. वाद्यवादन—गुप्तसेन, शम्भूराम वलदेव, झंकेश्वर ।

७. नृत्य—सुश्री लीला, सुश्री कला ।

तेस्रो दिन

१. नाटक—"उनको मुराद" कलाकार :—कृष्णभद्र, खनाल, हरिशरण न्यौपाने लीलाराज विष्ट कृष्णचन्द्र न्यौपाने, वाबुराम पौडेल, केशवराज पौडेल, हरिहर पाण्डे आदि .....।

२. विभिन्न संगीत—कलाकार :—ताराप्रसाद आँधी, लीलाराज विष्ट, रामकृष्ण विमल आदि .....।

३. वाग्लुङी संगीत—कलाकार :—केदारनाथ, केशवराज पौडेल ।

४. आधुनिक सगीत —कलाकार :—हरिप्रसाद रिमाल, किशोरी देवी, चन्द्रकुमार, भैरवबहादुर, तारादेवी ।

५. नृत्य—चन्द्रकुमार, रमेशप्रसाद ।

श्री

संस्कृत-छात्र संघको विवरण

प्रजातन्त्रलाई (पार्टिगत होइन निस्पक्ष) फलाउने फुलाउने कुनै जागरूक जिन्दा दिल वर्ग हुन्छ भने देशका कर्णाधार नौजवान छात्र वर्ग नै हुन्छ। त्यति मात्र होइन समाजमा हर किसिमको नव जागरण, स्फूर्ति र जनसेवाको लहर उन्मुक्त रूपबाट कसैले फैलाउँछ भने छात्रहरूलेनै, यो कुरा त निर्विवाद छ। अझ त्यस्मा पनि नेपाल जस्तो खास परिस्थितिबाट गुज्रीरहेको देश जहाँ मुठ्ठी भर सामन्तका वाधिङ्टनको चका चौंधलाई बिर्साउने बिलास मय हवेलीहरू र काङ्गोको कण्टकाकीर्ण झाडी र झुप्राहरूको प्रतिरूप बनी सताब्दियौंसम्म सामन्ती चक्कीमा पिसिएर पनि अत्यन्त दुर्गम प्रस्तर मय भूखण्ड भएको देशमा त छात्रहरूको अदम्य साहसको सहारा नलिई कुनै पनि व्यक्ति, शक्ति या शासन त्यहां कुनै प्रकारको निर्माणमा कारगर हुन सक्तैन । यो पनि भनीरहनु पर्ने कुरा होइन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनै सब कारण बश आज तमाम नेपालका छात्रहरू खास गरेर मेची देखि महाकालीसम्म फैलिएका ती ग्रामीण छात्रहरू–जसको संख्या १२०० भन्दा बढी नै छ। ती सबै संस्कृत पाठशालाहरूमा पढ़दछन्-को एक सुव्यवस्थित एकता कायम गरी उनीहरूलाई आफ्नो र आफ्नो देश प्रतिको, नैतिक बौद्धिक र सामाजिक राजनैतिक कर्तव्य र अधिकारको पूर्णज्ञान गराउनु यो संघको एक उत्तरदायित्व पूर्ण कर्तव्य हुन आएको छ। यस्का साथै संस्कृत शिक्षाको स्तरलाई उन्नत गराउन हर कोशिस गर्नु, आफ्नो देशको चिर संचित उन्नत संस्कृतिको संरक्षणका साथै देशका आम प्रगतिशील छात्रहरू सित हातमाहात मिलाई देशको आजादी र नव निर्माणमा हर कदम उठाउनु पनी यो संघको लक्ष्य हो। यसमा एउटा कुरा यो स्पष्ट गर्नु, जरूरी छ कि प्रगतिशील यो शब्द सुन्ने वित्तिकै प्राय धेरैका मनमा एउटा झस्का पर्न आउदो होला कि शायद प्रगतिशीलताको माने कुनै खास राजनैतिक पार्टी अनुप्राणित याने धर्म विरोधी भावनाको प्रसार, तर सं. छा. सं. को विवरण पत्रमा उल्लिखित प्रगतिको माने त्यस्तो होइन। यस्को प्रगतिको माने त हो—आफ्नो शिक्षा-प्रणालीलाई उन्नत, सजीव र समयोपयोगी तुल्याउनु, देशको आजादी शान्ति र नागरिक अधिकारको सुरक्षा र प्रचार गर्नु, विश्वमा संस्कृत शिक्षाको बढ्दै गएको लोक प्रियता, आवश्यकता र यसको महत्वको ज्ञान गराउनु, एवं यस्को पूर्ण व्यावहारिकता र सर्वाङ्गीणताको समेत जनतालाई अवगत गराउनु; अझ खास तरीकाबाट संस्कृतको प्रचुर प्रचार र समुन्नति न भै हाम्रो देश (भारत) को निजी वास्तविक उन्नति हुन सक्तैन यो समेत आम जनतालाई अवगत गराउनु, यस्तो प्रगतिको परिभाषा हो र प्रधान उद्देश्य पनि।

पूर्व विवरण

२००४ साल जेष्ठ महीनाको सुरूमा संस्कृत शिक्षाको ज्यादै नै गिरेको पाठ्य प्रणालीलाई युग वातावरण सुहाउँदो गराउन सं. शि. मा पनि सामयिक सुधारहोस्-इतिहास, भूगोलको पढ़ाईहोस्, संस्कृत कालेजको स्थापना होस्, संस्कृत छात्रावासका २१० सीट पूरा हुन्–भन्ने मांग संस्कृत छात्रहरूले सरकार (शि. बि.) सित गरेको थिए, तर तत्कालीन अनुदार शासनमा ती मागहरूको पूर्ति हुनु असम्भव थियो किनकि तमाम पहाड़ी शुद्ध, बुद्ध हजारौं लडकाहरूमा पनि नव चेतना आउनु तत्कालीन शासनहरूको लागि मौतको परमिट आउनु थियो। अतः छात्रहरूको अनेकौं पटकको अनुरोधलाई वास्ता नगरेकोले बाध्य भई २१४ दिन अघिनै सबै राज्याधिकारी प्राईम्मिनिष्टर लगायतलाई सूचना दिई आषाढ़ १ गते देखि सारा सं. छात्रहरू "जयतु संस्कृतम्" को नारा लिई संघर्षमा उत्रे, जुन संघर्षले नेपालको इतिहासमा सर्व प्रथम सफल हडताल भयो। आठ दिनको संघर्षमा राणा-सर्कारले दर्जनौं छात्रहरूलाई दुई पटक कैद गर्‍यो दुई पटक देश निकाला गर्‍यो। तर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आखिर राणाशाहीले छात्रहरूको अगाडी झुक्नु पऱ्यो, देश निस्कासन रद्द गऱ्यो, इतिहास, भूगोलको माग पूरा गऱ्यो ।

उक्त घटनाको केही महीनावाद त्रस्त राणाशाहीले त्यो वेलाका प्रमुख १२ छात्र-लाई छात्रावास बाट निस्कासित गऱ्यो र त्यहीकारण वश अरु पनि २०।२५ छात्र-हरू स्वयं छात्रावासवाट निस्किय । र २००७ को राष्ट्रीय मुक्ति आन्दोलनमा तिनै छात्रहरूले विभिन्न पहाडी प्रान्त हरूमा आन्दोलन सफल मात्र नगराई स्वयं स्थानीय शासन पनि राम्रो सित चलाएका थिए । र कति त त्यस किसिमको अधुरोक्रान्ति बाट आएको शासना धिकारको प्रलोभनमा नफसी सच्चा जन आन्दोलन पट्टि लाग्रे । यता राजधानीमा पनि श्री ५ को दिल्ली प्रस्थान गर्नेसाथ राणा शाहीको यस्तो कडा अर्डर थियोकि जस्ले जुलुस प्रदर्शन गर्दछ तिनीहरूलाई गोली हान्नु, तर सं. छात्रहरूले त्यो धम्कीको वास्ता नगरी सर्वप्रथम प्रदर्शन गरी गिरफ्तार भए । एवं पछी श्री ५ को नेपाल प्रत्यागमन भैसकेपछि पनि केही नंगा खुकुरी लिने प्रतिगामी का दलालहरूले साम्प्रदायिकताको आडमा निकै दङ्गा फसाद मचाई प्रजातन्त्र विरुद्ध र श्री ५ विरुद्ध होहल्ला मात्र होइन कति नागरिहरूलाई घाइते र श्री ५ को फोटो समेत खुकुरीले काट्तै यत्र तत्र वेढंग नारा लगाई हिड्न थाले त्यो वखतमा पनि सं. छात्रहरूले नेपाली जनता एक हुम्" "प्रतिक्रियावाद नाशहोस्" को नारा दिई अगाडी आउनु पऱ्यो । जस्को असर जनतामा ज्यादै प्रभावपूर्ण ढंग बाट परेको परेको थिओ । अस्तु

सं. छात्रहरूका पुरानै केही मांग—छात्रावास सीट पूर्ति र, सं. कलेजको स्थापना हरू बांकीनै थिए र साथै जमाना पनि घेरैनै अगाडी सरी सकेकाले सं. छात्र हरूको कार्यसीमा पनि अझ व्यापक हुनु अनिवार्य थियो, इत्यादि कारणले ११/५/०८ मा "संस्कृत-छात्र-संघ" को प्रकट रूपमा पुनर्गठन भयो र सं. छा. सं. ले नयाँ जोसमा काम गर्न थाल्यो एवं आफ्नो पुनर्गठनको अल्पकालीन अवधिको महान् प्रयत्नबाट निकैनै ठोस सफलता हासिल गऱ्यो जस मध्ये—सर्वप्रथम नेपाल संस्कृत कलेजको उद्घाटन गरायो साथै जस्को परिणाम स्वरुप नेपालमा सर्वप्रथम (सामन्ती घराना बाहेक) सर्व साधारण संस्कृत विद्वान्हरूको सवमन्दा ठूलो ५०।८० को ग्रेढ २००। देखि ४००। सम्म हाल पुगी सक्यो र अरू शिक्षा सरह समानाधिकार पनि प्राप्त भयो । यो एउटा महत्वपूर्ण कुरा हो । दोश्रो सफलता २००४ देखि भारत सितको संस्कृत उच्च परीक्षाको टुटेको सम्बन्ध फेरी कायम गरायो, यो पनि विशेष महत्व-को कुरा छ किन कि—सस्कृत जांच डिप्लोमा को दुनियाँमा अरु सबै उन्नत शिक्षाको डिग्री सरह मान्यता र योग्यता समेत भारत सर्कारले दिलाएको छ । तेश्रो कुरा २००४ देखि ७ सम्मको नेपालको मनमाॅनी घरेलु परीक्षा लाई भारतबाट सर्कार द्वारा स्वीकृत गरायो । इत्यादिको अलावा सं. छा. सं. आफ्ना सबै साथीहरूमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जोरदार संगठन र नव-जागृतिको प्रचारमा पनि निकै कामयाब भैरहेछ। अहिले सम्म "संस्कृत-छात्र-संघ" का ल. पु. लुभु, ओखल्ढुंगा, धनकुटा, धरान, पाल्पा, रिडी, मुसीकोट्, गुल्मी, आदिर केन्द्र काठमाण्डू खाल्डोमा गरी जम्मा १३ शाखा र तीन प्रशाखाहरू खोलई सकेका छन् र निकट भविष्य मानै पोखरा, बन्दीपूर, जनकपूर, मटीहानी, कलैया आदि र काठमाण्डूमा समेत गरी करीव ८।१० शाखा खुल्ने छन् हाल समय र मौसमको अड़चनले गर्दा केन्द्रबाट उद्घाटन गर्न जान रोकिनु परेकोछ।

भावि कार्यक्रम

सं. छा. सं. को भावी प्रमुख कार्यक्रममा सबभन्दा जोरदार २१० छात्रवासका सीट पूर्ति गर्नु हुनेछ किनकि यो एउटै सबभन्दा पुरानो र महत्वको भाग अझ बाँकीनै छ। यसको साथै सं. छा. सं. का (१) हरेक शाखामा एक वाचनालयको स्थापना (२) वाद विवाद सभाको स्थापना (३) सं. छा. स. (हरेक शाखा) को नेतृत्वमा ग्रामीण उत्साही युवकहरूको एक स्वयं सेवक दलको संगठन (४) विदाको समयमा ति स्वयं सेवकहरू द्वारा समाज सेवाका रचनात्मक कामहरू गराउने (५) देशका हर विभागका छात्रहरू (अंग्रेजी, नेपाली पढने) मा मैत्रीपूर्ण हेलमेल राख्ने (६) देश भरका हरेक सं पाठशालाहरू (जो करीव ३०० छन्) मा कमसे कम वर्षको एकपटक आवश्यक परेमा जहिले पनि त्यहाँको पढाई र शिक्षक या कर्मचारीहरूको उचित अनुचित व्यवस्थाको देखरेख गर्ने (स्थानीय शाखाबाट गराउने) एवं छात्रहरूका आवश्यक उचित पीर बाधा हटाउने (७) ०९ सालको भित्रनै देशका सबै भागमा खोल्न बाँक शाखाहरू खोली सबै ठाउबाट समानताको आंधारमा प्रतिनिधिहरू झिकाई परस्पर विभिन्न एक अन्य प्रान्तीय छात्रहरूमा सहयोग, विश्वास र सद्-भावना बढाउन काठमाण्डू (केन्द्र) मा एक महाधिवेशन बोलाउने।

एक दुई स्पष्टीकरण

कसैको मनमा यो प्रश्न उठ्नु स्वाभाविक होकि छात्र भनेका सबै बराबर हुन् चाहे जस्ले जें पढेपनी, भने साधारण छात्र नामबाट नै काम चल्न सक्थ्यो र नेपालमा खुलेका अरू आम छात्र संगठन-नेपाल छात्र-सघ, अखिल नेपाल विद्यार्थी फेडरेशन, नेपाल स्टूडेण्ट युनियन, जनवादी छात्र लीगहरू मध्ये एउटामा सम्मिलित भएर काम गरेमा पनित उपरोक्त उद्देश्यहरू पूरा हुन सक्तथे र छात्रहरूमा झन् राम्रो समानता देखिन्थ्यो भने संस्कृत छात्र संघ भन्ने छुट्टै संस्था किन ? यसमा हाम्रो भन्नु यो छकि हामी सं. छात्रहरू देशहित र छात्रहित हुने हरेक कार्यमा सबै उक्त चारै संस्थाहरूले एउटैले पनि सही कदम उठाएकोमा आफ्नो सहयोग दिन र हामीले उठाएकोमा चारै संस्था सित सहयोग लिन पनि तयार छौं। र आजसम्म भैरहेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि छ किनकि माथि उल्लिखित हाम्रा जतिपनि माँग सफल भए ति सबैमा काठमाण्डूका आम छात्रहरूको पूरा सहयोगले नै भएका छन् र हामीले पनि आम छात्रहरूको उचित कदममा पूर्ण साथ रहेका छौं र आर्को कुरा हामीले उक्त छात्र संस्था हरूमा कुन चाहिंमा मिल्ने ? सबैको उद्देश्य प्रायः एकै किसिमको छर केही भिन्न पनि अथवा चारै संस्थामा बाँड़ियौ त्यो पनि उचित भएन ।

उक्त अडचनहरूको अतिरिक्त सं. छात्रहरूका त्यस्ता निजी समस्याहरू छन् जस्को समाधान सं. छात्रहरूलाई नै राम्रो थाहा हुन्छ । जस्तो अरू छात्रहरूको पढाईको भन्दा व्यवस्थाको निम्ति विशेष सचेष्ट रहनु छ र हाम्रो दुवैका लागि । किनकि हाम्रो शिक्षाप्रणाली नै सुधारको अवस्थामा छ र अन्य छात्रहरूको कम्सेकम शिक्षा प्रणालीत बनेकै छर खाली त्यस्को समुचित व्यवस्था तिर मात्र ध्यानदिनुछ । यसैले पनि सं. छा. सं. को संगठन उपयुक्त छ भन्ने हामीलाई लाग्दछ । अन्य सामूहिक हित मात हामी सबै एकै छौं यो हामीले भनी सकेका छौं ।

'संस्कृत छात्र संघ"
(प्रचार विभाग)
काठमाण्डू,
(नेपाल)

"इन्द्रयात्रा"
१९।५।०९

मुद्रक भगवती प्रेस, ठहिटी, नेपाल ।

TELEGR. : UNISTUD PRAHA
PRAHA XII, VOCBLOVA 3, C S R   PRAHA.

DEPT. : SNWD/4188/523/AT/PM

SANSKRIT STUDENTS FEDERATION
II/765 Tyaud Tole
KATHMANDU.
NEPAL.

Dear Friends,

We are plessed to inform you that the IUS Sanatorium for Asian Students, Peking has agreed to admit Mr. Shambu Prasad Pyakural, who has been recommended for treatment by your organisation and by the Nepal Student's Federation, provided that his present condition permits the travel to China.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

According to our information the Sanatorium has also cabled to you about this and we hope you have received the cablegram and have taken the necessary steps for the travel of Mr. Pyakural to the Sanatorium.

In this Connection we would like you to send immediately a certificate from a phyaician, to the Sanatorium stating that Mr. Pyakural's health condition enables him to undertake the travel to Peking.

We would appreciate it if you would send us a note of the date of his departure for our information. For entry visa to China etc., in case there exist some difficulties, please contact the Sanatorium in Peking.

Looking forward to hearing from you,

With warm greetings, we remain,

Yours sincerely,

Ade Thomas

Head of the Student Needs

& Welfare Department

CC : The Nepal Student's Federation

KATHMANDU,

NEPAL.

SANSKRIT STUDENT'S FEDERATION

(Nepal)

1947

Central Office :
11/765, Tyaud Tole,
Kathmandu, Nepal.

Ref. No. K/0/09 *Date* ; 24th June 1956.

Dear friend,

Mr. Krishna Prasad Bhattarai, a good students of Nepal, has been suffering from Tuberculosis since a few years. Being specially interested for studing the Chinese language he went to Calcutta at

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Biswa Bharat : China Bhawan, Shantiniketan, Buc unfortunately he could not complete his full courge of study due to the sudden attack of Tuberculosis. As regards to his farther student career you will be able to know as the details from his application, submitted to Sanskrit student's fed (Nepal). We have sent you the translated copy of his application with the available documents of his treatment including the last X-ray plate along with this setter. We hope, you will be kind enough to provide him one seat in your sanitarium to care his disease.

Our organisation has already sent his application with our strong recomendation to I. U. S. Head Quarter in Progue to offer him one seat in the I. U. S. sanatoriam for Asian students—Peking.

In order to enable Mr. Shambhu Prasad Pyakuryal to start for China for his treatment we have requested to I. U. S. to arrange him free passage from Calcutta to Peking an ording to your recent cable.

Hoping to dear from you soon.

Our best wishes,
ACHYUT RAJ SHASTRI
President
On behalf of sanskrit Student's
Federation
(NEPAL).

The Secretary,
I. U. S. Sanatorium for
Asian Student's
PEKING.

संस्कृत छात्र संघ (नेपाल) को

प्रथम देशव्यापी महान् सम्मेलन

२०१२ वैशाख ७ गते देखि ११ गते सम्म काठमाडौंमा

जसमा :—

यो संघको भावी कार्यनीति विवरण विधान आदिमा निर्णायक छलफल हुनेछ ।

जसमा :—

सरकारको वर्तमान संस्कृत शिक्षा एवं आम जनसाधारणको शिक्षा बारेमा सरकारको नीतिको आलोचना हुने छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्मा :—

देशभरका सारा संस्कृतका छात्र प्रतिनिधीहरू भाग लिन आउने छन् ।

जस्मा :—भारत, चीन आदि देशका विद्यार्थीहरू आमन्त्रित छन् ।

देशवासीहरू :—

उपरोक्त सम्मेलन सफल बनाउनको निमित्त शिक्षा—संस्कृत शिक्षा प्रेमी जनतासित हामी अपील गर्दछौं कि तपाईंहरूका सन्तानको भविष्य उज्ज्वल पार्न कटिबद्ध भएको यो संस्थालाई आर्थिक, बौद्धिक मद्दत दिनु भइ सम्मेलन सफल पार्नुहोस् !

सम्मेलन आयोजक समिति
संस्कृत-छात्र-संघ
काठमाडौं, नेपाल

हिम हारती प्रेस, काठमाडौं ।

२०१२, ५, ९ । मा संस्कृत छात्र संघले नेपाल सरकार, शिक्षा विभाग र श्री ५ महाराजधिराजका समक्ष पेश गरेको २२ सूत्रीय माँग :—

१. गत २०१० साल कृष्णाष्टमीमा संस्कृत-छात्र-संघ द्वारा पेश गरिएका अष्ट सूत्रीय माँगहरू मध्ये सरकारबाट पूर्ति गर्ने घोषणा गरेर पनि धेरै माँगहरू कार्यान्वित भएको र कार्यान्वित हुने दिशातर्फ कुनै कदम उठेको थाहा नभएकोले उक्त माँगहरू अविलम्ब कार्यान्वित गराइयोस । यस सम्बन्धमा महासम्मेलनको प्रस्ताव यस प्रकार छ :—

२०१० साल कृष्णा अष्टमीमा माँग गरी पूरा भएका संस्कृत-छात्र-संघको अष्ट सूत्रीय माँग शीघ्रातिशीघ्र कार्यरूपमा परिणत हुनु पर्दछ र काठमाण्डूको सस्कृत छात्रावासमा बिना जाँच बुझ खर्च पुगेन भनी रिक्त गराइएको छात्र-हरूको स्थान अविलम्ब पूर्ति गरिएर पहिलेको २१० स्थानको त्याहा पूर्ति हुने पर्दछ भन्ने यस संस्कृत-छात्र संघ महासम्मेलनको निर्णय छ । सो स्थानहरूपूर्ति नगरिएका खण्डमा यी महा-सम्मेलन संस्कृत छात्र-संघ केन्द्रीय कार्य समितिले कुनै पनि शान्तिपूर्ण कदम उठाएमा पूर्ण समर्थन गर्नेछ ।

२. धरान, दांग र जनकपुरमा संस्कृत शिक्षाको पढ़ाई र रूचि पर्याप्त मात्रामा बढ्दै गएकोले उक्त तीनै स्थानमा सविधि संस्कृत महाविद्यालय (कलेज) को घोषणा गरियोस र विद्यार्थीहरूलाई परीक्षा दिने केन्द्र पनि उक्त तीनै स्थानमा खुलाइयोस ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. पोखरा, पाल्पा, मूसीकोट राज्य (सल्यान), मटिहानी, दिला, ताप्लैजुंग, तौलिहवा, लुंभूं र कलैयामा शीघ्रातिशीघ्र संस्कृत प्रधान पाठशालाको स्थापना एवं घोषणा गरियोस ।

४. नेपाल राज्य भरको संस्कृत शिक्षा प्रणालीमा परीक्षाको एकीकरण भइ याहाँको परीक्षा बनारस गभर्नमेन्ट संस्कृत कलेजको परीक्षासँग सम्बन्धित होवोस र आज तक बिहारबाट संस्कृत परीक्षामा उत्तीर्ण भएका संस्कृतका स्नातकहरूलाई मान्यता दिइयोस् ।

५. नेपाल राज्य भरका प्रत्येक जिल्लामा कम से कम २ वटा संस्कृत माध्यमिक विद्यालयको स्थापना गरियोस् ।

६. नेपाल राज्य भरका संस्कृत विद्यालयहरूमा र विशेषत: यसको प्रमुख केन्द्रहरूमा छात्रहरूको निमित्त पुस्तकालय, वाचनालय, अध्ययनशाला, औषधालय, खेलकूद र पत्र पत्रिकाहरूको शीघ्रातिशीघ्र राम्रो प्रबन्ध होओस् ।

७. नेपालको शिक्षा र अनिवार्य संस्कृत शिक्षा सम्बन्धमा सम्मेलनको निर्णय यस प्रकार छ :—

नेपालको शिक्षा प्रणाली राष्ट्रीय हुनु पर्दछ र त्यो नेपाल के विश्व-विद्यालय द्वारा संचालित हुनु पर्दछ भन्ने संस्कृत-छात्र-संघको यो महा-सम्मेलन निर्णय गर्दछ । र संस्कृत भाषा नै हाम्रो संस्कृति र भाषाको मूल आधार भएकोले देशको समस्त शिक्षा प्रणालीहरूमा यस भाषाको अनिवार्य अध्ययन गराइनु पर्दछ भन्ने नेपालसरकारसंग यो सम्मेलन अनुरोध गर्दछ ।

८. विश्व विद्यालय सम्बन्धित माँगयस प्रकार छ :—

आजको युगमा पनि नेपाल जस्तो एक महत्वपूर्ण देश भित्र एक मात्र पनि विश्व विद्यालय नभएकोमा यो संस्कृत-छात्र-संघको महा-सम्मेलन खेद प्रकट गर्दछ र सरकारसंग अनुरोध गर्दछ कि अविलम्ब राष्ट्रीय विश्वविद्यालय नेपालमा खडा गरियोस् । यस राष्ट्रीय विश्वविद्यालय स्थापना गर्ने कार्यमा शिक्षितवर्गले पूर्ण सहयोग देओस् भन्ने यस सम्मेलनको शिक्षितवर्गका प्रति पनि अनुरोध छ ।

९. नेपाल सरकारको परराष्ट्रनीति सम्बन्धमा सम्मेलनले निम्न प्रकारको निर्णय लिएको छ :—

(क) संस्कृत-छात्र-संघको यो महासम्मेलन यो निश्चय गर्दछ कि नेपालको परराष्ट्रनीति विश्वका कुनै पनि गुटको पक्षपाती नभएर बिलकुल तटस्थ हुनु पर्दछ । कुनै पनि गुटबन्दीमा नफसेर विश्वका समस्त राष्ट्रहरूको बीच यसको मैत्रीपूर्ण व्यवहार हुनु पर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ख) संस्कृत-छात्र-संघको यो महासम्मेलन भारतका प्रधान मंत्री र चीनका प्रधान मंत्रीको बीच भएैको सम्झौता अनुसार संयुक्त तवरले घोषणा गरिएको पन्च-सिद्धान्तलाई हार्दिक समर्थन गर्दछ र विश्वका सबै देश हरूको वीचमा यहीकुरा लागुहुनु पर्दछ भन्ने पनि यस सम्मेलनको विचार छ। भारत र नेपालको बीचमा पनि यही पन्चशील सिद्धान्तको आधार मा सन्धि हुनु पर्दछ र यी दुवै देशको बीच आज सम्म भएका व्यापारिक र कूटनैतिक असमान सन्धि सबै रद्द गरिनु पर्दछ भन्ने आफ्नो महत्वपूर्ण निर्णय नेपाल र भारत सरकारका अगाड़ी राख्दछ।

(ग) चार वर्ष अगाड़ी नेपाली फौजलाई शिक्षा दिन भनी भारतबाट नेपालमा ल्याइएको भारतीय मिलिटरी मिसन अविलम्ब भारत फर्कोस् भन्ने यस संस्कृत-छात्र-संघको प्रथम महासम्मेलन निर्णय गर्दछ र कुनै पनि स्वतन्त्र देश भित्र त्यांहाका जनताको इच्छा विरुद्ध धेरै कालसम्म विदेशी फौजी मिसन रहनु उचित छैन र यसबाट त्यस देशको राष्ट्रीयता एवं स्वतन्त्रतामा धक्का लाग्दछ भन्ने यस महा-सम्मेलनको विचार छ।

(घ) भारत, नेपाल र ब्रिटिश सरकारको बीचमा सम्झौता भए अनुसार मलायामा नेपाली फौज भर्ना गर्ने भर्ती-केन्द्र नेपाल भित्र खुलेकोमा र उनीहरूलाई मलाया लैजाने सुविधा भारत सरकारले दिएकोमा यो संस्कृत-छात्र-संघको प्रथम महा-सम्मेलन घोर विरोध गर्दछ। यो भर्ती-केन्द्र अविलम्ब बन्द होस् र आफ्नो राष्ट्रीय स्वतन्त्रताको लागि बलिदान गर्न। तत्पर भएको मलायाका जनताको स्वतन्त्रता छिन्नको निम्ति ब्रिटिश साम्राज्यवादको मद्दत गर्न नेपालका सपूत युवकहरूको उपयोग नगरियोस् भनी भारत एवं नेपाल सरकारसंग यो महा-सम्मेलन अनुरोध गर्दछ।

(ङ) युग युग देखिको स्वतन्त्र प्रभुसत्ता सम्पन्न नेपालमा आज नेहरू सरकारले चेकपोष्टको नामबाट उत्तरी सीमामा धमाधम फौजी टुकड़ा राख्दैछ। एकातिर चाउएनलाईसित पन्चशीलामा हस्त गर्दै चेकपोष्ट पठाउने हरू सरकारको यी कार्यलाई यी महा-सम्मेलन घोर निरर्थक गर्दछ र यी चेकपोष्ट व्यवस्था तुरुन्त हटाइयोस् अन्यथा हामीबाट यी सहायक भन्ने घोषणा गर्दछ।

(च) संस्कृत-छात्र संघको यो महा-सम्मेलनले यो निर्णय गर्दछ कि नेपालले यथा शीघ्र संयुक्तराष्ट्र संघमा सदस्यता प्राप्त गर्नु पर्दछ।

संस्कृत-छात्र-संघ महा-सम्मेलनले अन्तरराष्ट्रीय विषयमा निर्णय लिएको विषय यस प्रकार छ:—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(छ) संस्कृत-छात्र-संघको यो प्रथम महा-सम्मेलन विश्व भर शान्तिको अत्यन्त समर्थक छ। कुनै पनि शक्ति द्वारा संचालित विश्व शान्तिमा आघात पर्ने चेष्टाहरूको युद्धलिप्सालाई समाप्त गर्न विश्वका तमाम जनताहरूको आवाज एक हुनु पर्दछ भन्ने यस महा-सम्मेलनको राय छ।

(ज) संस्कृत-छात्र-संघको महा-सम्मेलन यो निर्णय गर्दछ कि फरमोसामा राखिएको अमेरिकी फौज तुरुन्त फर्केर जानु पर्दछ। फरमोसा चीनको हो र त्याहाको भविष्य निर्णय गर्ने अधिकार त्याहा के जनताको हुनु पर्दछ।

१०. संस्कृत-छात्र-संघ संसदको यो अधिवेशन श्री ५ महाराजाधिराजसँग अनुरोध गर्दछ कि देशमा आम-चुनाव नभए सम्म जनताको प्रतिनिधित्व गर्ने सरकार बन्न नसक्ने र जनताको प्रतिनिधित्व गर्ने सरकार बन्ने सम्म सरकार र जनताको बीच सहयोगात्मक भावना पैदा हुन नसक्ने भएकोले एक वर्ष भित्रै नेपालमा आम-चुनाव गराइयोस्।

संस्कृत-छात्र-संघ संसदले नेपालका विभिन्न प्रदेशका संस्कृत विद्यालय सम्बन्धमा निम्नलिखित मागहरू सरकारका समक्ष उपस्थित गराएको छ :—

११. धरान संस्कृत विद्यालय सम्बन्धित :—

(क) अध्ययनशाला निर्माणको निमित्त निकासा भइ सकेको १९,०००० । उनन्तिस हजार। रूपियाँ तुरुन्त उक्त स्थानको संस्कृत विद्यालयलाई दिलाइयोस्।

(ख) अध्ययनशाला स्थानीय हात्तिसार या अन्त कतै योग्य ठाउमा स्थानान्तरण गरियोस्।

(ग) छात्रावासमा अरू पनि बढी विद्यार्थी थपिइउन र भर्ना गर्ने कार्य निश्पक्षपातसंग होस्।

(घ) औषधालय, वाचनालय एवं पुस्तकालय छात्रहरूको निमित्त यथा शीघ्र प्रबन्ध होस्।

(ङ) छात्रावासको संचालन केन्द्रबाट हुनु पर्दछ र त्यस संचालक समितिमा छात्रप्रतिनिधि पनि रहनु पर्दछ साथै समितिको आय बचत भएमा उक्त रकम छात्रहरू कै निमित्त खर्च गरिनु पर्दछ।

(च) विद्यालयमा शिक्षकहरूलाई पूर्ण वेतन मिल्नुको साथै योग्य अनुभवी शिक्षकहरूको नियुक्ति हुनु पर्दछ।

(छ) संस्कृत-छात्र-संघ धरान शाखालाई बिना कारण स्थानीय सरकारले अवैधानिक गरी कार्य गर्न नदिएकोमा तुरुन्त सो शाखा वैधानिक गराईयोस्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२. दिंला संस्कृत विद्यालय सम्बन्धित :—

(क) पूर्व ४ नम्बर दिंला पाठशाला संचालनको निमित्त रहेको ४ सय मुरी गूठको धान राष्ट्रीयकरण ह्रास र उक्त सम्पत्ति तितर बितर हुन नपाई सरकारबाट जाँचबुझ भई छात्रहरू कै निमित्त खर्च गरियोस् ।

(ख) दिग्लामा प्राचीनकालदेखि बनेको छात्रावासको जीर्णोद्धार षगरियोस् ।

(ग) दिग्ला संस्कृत पाठशाला प्राचीनकालदेखि ख्याति प्राप्त भएको र हाल पनि दुइसय जति छात्रहरू त्यहाँ पढ्ने भएकाले सो पाठशाला प्रधान संस्कृत विद्यालयकक्रेरूपमा परिणत गरी उक्त पाठशालालाई निकासा भइ सकेको ५७१० । । सन्ताउन्नसय । दश रूपिया तुरुन्तै दिलाईयोस् ।

(घ) उक्त पाठशालाको निमित्त पुस्तकालय, वाचनालय, औषधालय र फर्निचरको राम्रो प्रबन्ध होस् ।

१३. जनकपुर संस्कृत विद्यालयमा सम्बन्धित :—

(क) जनकपुर संस्कृत विद्यालयमा उत्तर प्रदेश (भारत बनारसको नियमानुसार पाठ्यक्रम र परीक्षा होस् र आजसम्म भएको बिहारको परीक्षा लाई पनि मान्यता दिइयोस् ।

(ख) कन्टिर झुली संस्कृत शिक्षाको निमित्त दिएको गूठ संस्कृत शिक्षा के निमित्त खर्च गरियोस् ।

(ग) महोत्तरी जिल्लाका विभिन्न नचांहिदा गूठीहरूको आमदानी विद्या कै निमित्त खर्च गरिनु पर्दछ र मौनी बाबाले विद्यार्थीहरूको निमित्त दिएको २५ बिगाहा जमीन त्यही के छात्रहरूको लागि उपयोग गरियोस् ।

(घ) छात्रावासको जीर्णोद्धार भइ अध्ययनशाला कक्षा विभक्त र फर्निचरहरूको समुचित प्रबन्ध होस् ।

१४. दांग संस्कृत जनता विद्यालय र अरू स्थानीय विद्यालय सम्बन्धित :—

(क) सरकारबाट दांग जनता महा-विद्यालयलाई निकासा भइ सकेको ३६०० छत्तीस सय । रूपियाँ प्राप्त नभएकोले तुरुन्तै दिलाईयोस् ।

(ख) परीक्षा केन्द्र खुलनुको सम्य महा-विद्यालयको सविधि सरकारी घोषणा र महा-विद्यालय सुहाउँदो उचित प्रबन्ध होस् ।

(ग) मजगैयाँ गाउँले संस्कृत विद्यालयको निमित्त दिएको भूमि सरकारले आफ्नु मातहतमा लिइ त्यसको समुचित प्रबन्ध गरोस् ।

(घ) हापुर विद्यालयलाई आर्थिक सहायताको साथै मिडिलस्कूल गराइयोस् । र भरतपुर महिला स्कूलमा सविधि मिडिलको घोषणा गरियोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ङ) घोराही पद्मोदय पब्लिक हाई स्कूलमा पत्र पत्रिका आदिको सरकारी सहायता प्राप्त होस् र त्याहां छात्रहरूको निम्ति औषधिहरूको राम्रो प्रबन्ध होस् ।

१५. नेपाल राजकीय संस्कृत महा-विद्यालय (काठमाडौं) सम्बन्धित :—

(क) वर्तमान महाविद्यालय भवन महा-विद्यालय उचित नभएकोले सो महा-विद्यालय कुनै एक उचित अन्य भवनमा सारियोस् ।

(ख) महा-विद्यालयमा दिइने छात्रवृत्तिको संख्या बढ़ाइयोस् र एक छात्रवृत्ति मी० रू० ५० । पचास । को होस् ।

१६. रा० पो० सं० प्र० पाठशाला सम्बन्धित :—

(क) प्रथमा परीक्षाको परीक्षा नेपालीहरू क्रै अनुरूप नेपालमै है नै लिइयोस् र उक्त परीक्षालाई बनारसबाट स्वीकृति दिलाईयोस् ।

(ख) नेपाल सरकारले पूर्व-मध्यसम्म अंग्रेजी लिइ पास भएकालाई एस०एल० सी० सरहको मान्यता दिइ उक्त छात्रहरूलाई नेपालका अंग्रेजी कलेज-हरूमा प्रविष्ट गराओस् ।

(ग) रा० पो० सं० प्र० पाठशालाको राम्रो प्रबन्धहोस् ।

१७. भक्तपुर संस्कृत विद्यालय र खरीपाटी पाठशाला सम्बन्धित :—

(क) भक्तपुरपाठशालाको अध्ययन घरको अभावमा पाटीमा पढ़ाई चालु भएकोले शीघ्रतिशीघ्र अध्ययनशालाको नयां बन्दोबस्त होस् र शिक्षक-हरू पूरा नियुक्त हुन् ।

(ख) यस पाठशालामा पढ़ने छात्रहरूलाई पनि सरकारी छात्रवृत्ति पाउने प्रवन्धहोस् र यस पाठशालामा वाचनालय, पुस्तकालय, खेलकुद, फर्निचर आदिको सुविधा प्राप्त होस् ।

(ग) खरीपाठी संस्कृत पाठशालामा विद्यालयको राम्रो प्रबन्ध भए अध्यापक हरू थपियून् ।

१८. लुभू संस्कृत विद्यालय सम्बन्धित :—

(क) विद्यालय छात्रहरुलाईपढ़न पर्याप्त मात्रामा पुग्ने गरी बनोस् ।

(ख) हिन्दी शिक्षकको अभावको चांड़ो पूर्ति गरियोस् ।

(ग) यो विद्यालय शीघ्रातिशीघ्र प्रधान पाठशालाको रूपमा परिणत गरियोस् ।

१९. कलैया संस्कृत विद्यालय सम्बन्धित :—

(क) यांहाको संस्कृत विद्यालयको निमित्त राखिएको गूठी राष्ट्रीयकरण होस् र छात्रावास, अध्ययनशाला, औषधालय पुस्तकालय आदिको राम्रो प्रबन्ध गरियोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ख) कलैयामा परीक्षा केन्द्र खोलियोस् र शिक्षकहरूलाई सरकारी या वेतन मिलोस् । हाल गूठीबाट भएको आमदानी छात्रहरू कै निमित्त खर्च गरियोस् ।

२०. लाभी सोती पूर्व ३ नं० सम्बन्धित :—

(क) यहाँको संस्कृत पाठशाला अंग्रेजी स्कूलमा गाभिन नदिइयोस् र अध्ययन-शील, औषधालय, पुस्तकालय, वाचनालय आदिको प्रबन्ध होओस् ।

२१. भोजपुर संस्कृत पाठशाला सम्बन्धित :—

(क) पूर्व ४ नं० भोजपुर संस्कृत पाठशाला माध्यमिक विद्यालयको रूपमा परिणत भइ उत्तर प्रदेशको सरह नयाँ नियमावली त्याहाँ चलाइयोस् र साथै अध्ययनशाला राम्रो बनी पुस्तकालय, वाचनालय र विद्यार्थी-हरूलाई औषधीको उचित प्रबन्ध होओस् ।

(ख) पूर्व ४ नं० भोगने संस्कृत पाठशालामा दिएन शिक्षक थपियून् र प्रधान पाठशाला गोगनेमा रहनु उचित छ किन कि त्याहा अद्यापि १५० । छात्रहरू पर्दछन् ।

२२. मटिहानी संस्कृत विद्यालय सम्बन्धित :—

(क) मटिहानी संस्कृत छात्रावासमा अकृत्रिम नेपालीलाई भर्ना गरिनु पर्दछ र नेपाल तर्फबाट छात्रवृत्ति पाउने छात्रहरू नेपाली नै हुनु पर्दछ ।

(ख) त्याहाँ अध्ययनशाला, खाने पानीको कलधारा र योग्य शिक्षकहरू थपिनु पर्दछ ।

हप्ताको २ पटक

विद्यार्थी समाचार

वर्ष १, अंक ५] २०११ चैत्र १३, शनिश्चरबाट [मूल्य ५ पैसा

संस्कृत छात्र संघको देशव्यापी सम्मेलन

कुनै पनि देश आत्मनिर्भर हुन, विश्वका विकसित राष्ट्रहरूको दाँजोमा दाँजिन, सर्वतोमुखी विकास गर्न पूर्व कालीन युगको अपेक्षा आधुनिक वैज्ञानिक स्वर्णिम जमानामा शिक्षाको अधिक भन्दा अधिक आवश्यकता मात्र होइन अनिवार्य समेत छ । जस्तो परमाणुको लागी इलेटन र प्रोटनको, रोगीको लागि पथ्यकर उपचारको बालकको लागी पोसिली दुधको, मानव-जीवनको लागी हवा, पानी र अन्नको प्राथमिक आवश्यकता छ । छोटो शब्दमा उपयोगी शिक्षाको सुव्यवस्था र देशव्यापी आधारमा प्रसार नभै अभ्युन्नतिशील मुलकको टक्करमा, सन्तुलनमा पुग्न खोज्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाल-बुद्धिको परिचय दिनु सिवाय बुद्धिमत्ता देखिदैन। यो ऐतिहासिक तथ्यमा वैज्ञानिक साधनाद्वारा उन्नतिशील प्रगतिपरक संसारका तमाम चाहे पूँजीवाद, चाहे मध्यवाद, चाहे साम्यवाद जस्को होस् विवाद छैन र यस्का विरोधी मानिस वर्तमान युगमा हाम्रो दृष्टिगोचरमा अद्याधि प्रादुर्भूत भएका छैनन्। यो हो कि शिक्षाको परिभाषामा नै भिन्न मतवादीहरूको मतान्तर सम्म हुन सक्तछ।

हाम्रो नेपाल देशमा यो विषय खड्केको कैय्यौं युग भैसकेकोले यै ऐतिहासिक तथ्यको परिपूर्तिको लागी देशमा अमन चैन कायम गराउने अनुल्लंघनीय अन्त-र्भावनाबाट प्रोत्साहित एवं प्रेरित भएर नेपाली विद्यार्थी समुदायको एक हिस्सा संस्कृतका विद्यार्थीहरूले क्रूर राणातन्त्रको टेवा स्वरूप अव्यावहारिक पुरानो शिक्षा-प्रणाली नै देशको प्रगतिको मुख्य बाधक सम्झी त्यसको विरुद्ध संघर्ष गरे। त्यो जमाना थियो शासक मण्डलीको इच्छा मुताबिक बाङ्गोलाई सोझो, तीतोलाई गुलियो, रातोलाई पहेलो, भोकोलाई तृप्त भन्नु पर्ने। विद्यार्थीहरूको हृदय कन्दरामा चिरकालीन सञ्चित भएर उकुस मुकुसिएको क्षोभ र रोषको संग्रालिदो आन्दोलन-रूपी गुरु गम्भीर मुस्लोको विस्फोट भयो। यसैको अन्तर्निर्देशनमा २००४ सालमा "भूगोल-इतिहास पढ्न पाउँ, भन्ने पृष्ठभूमिमा नेपालको तथाकथित शान्त र नीरव आकाशमा एक्कासी तीखो 'जयतु-संस्कृतम्को' प्रबल तर नारा घन्कियो, जुन कि राणातन्त्रको इति श्री गर्ने भयंकर धूमकेतुको मान हुन्थ्यो। त्यो संघर्षाले जन-जागरितलाई प्रोत्साहन दिएर राणा तन्त्रको विशाल मंजिललाई चकनाचूर पार्ने पृष्ठभूमिको निर्माणमात्र गरेन बल्कि भूगोल-इतिहास सम्बन्धी माँग पनि पूरा गरायो। यो आन्दोलनको सिलसिलामा दर्जनौं विद्यार्थीहरू देश निकाला समेत भए।

परन्तु कर्तव्यको अन्यछैन भन्ने विश्वस्त उक्तिको आधारमा आफ्नु क्रान्तिकारी भावना र परम्परालाई अक्षुण्ण राख्दै अझ सुसंस्कृत पार्न २००७ सालको जिम्मेदारी पनि पुरा तवरले निभाए। यस्को बाद पनि आफ्नु लक्ष्य पूर्ति हुने सम्भावना नदेखिएकोले आशा तन्तुमा तुषारापात भएकोले संस्कृत-छात्र-संघ विभिन्न सघर्षमा कहिल्यै पनि पछाडि परेन। असामयिक सुरक्षा कानूनको विरोधमा, महान् संगीत सम्मेलनको सफलतामा विश्व विद्यार्थी कांग्रेसमा भारतीय विद्यार्थीहरूको स्वागतमा संस्कृत कलेज खोल आन्दोलनमा, समेत ऐतिहासिक महत्व राख्नुको साथै २०१० सालको 'अष्टसूत्रीय'' माँग पूरा गराउन अरू प्रमुख विद्यार्थी संस्थाको सल्लाह मसविराले सं० छा० सं० ले विश्व इतिहासमा एक नौलो अध्यायको अभिवृद्धि गर्‍यो। एक परीक्षार्थी पनि परीक्षा भवनमा गएनन् र सारा परीक्षा पूर्ण निरोध भयो। संघर्षको जोडले सं० छा० सं० को ठूलो विजय भयो। पछि सरकारले मागहरू आंशिक रूपमा मात्र लागू गराई रहेछ। यद्यपि पहिले पूरा गर्दछु भनेको थियो। सरकारले बेवास्ता गरे तापनि हडताल भएको परीक्षा फेरी भयो जस्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिश्रमी हडताली छात्रहरू प्रशस्त मात्रामा उत्तीर्ण मात्र भएनन् बल्कि बनारस संस्कृत कलेजका तमाम स्नातक मध्ये सर्वप्रथम समेत भए। यसबाट साफ-साफ यहि ज्ञात हुन्छ कि नेपालका विद्यार्थी अवसर पाए के गर्न सक्तैनन् ?

नेपालमा विद्यार्थीहरू ४ भागमा विभक्त हुँदा त यस्ता महत्वपूर्ण काममा विजय प्राप्त गर्दैछन् भने एकत्रिक भए के गर्न शक्तैनन्। यै कुरालाई ध्यानमा राख्दै बुका-रेष्टको फेस्टिवलबाट फर्के पछि विद्यार्थी एकताको अझ ज्यादा अनुभव भयो र सकेसम्म चांड़ो विद्यार्थी एकता कायम गराउन एक "सामञ्जस्य समिति खडा भयो यो। यै समितिको महत्वपूर्ण फैसला मुताबिक अहिले यो देशव्यापी सम्मेलनको तैयारी भएको छ। यस पछि विद्यार्थी एकता अझ सुदृढ हुने छ र युगको खांचो पूरा हुनेछ। आज सम्म धेरै कुरामा जीत भएपनि हामीले नसकेको कुरा धेरै छन् जस्तो विश्व विद्यालयको स्थापना, राष्ट्रिय, सरल र वैज्ञानिक शिक्षाको सुव्यवस्था, शिक्षाको प्रजातान्त्रिकीकरण, होष्टलको निर्माण, वर्तमान शिक्षा पद्धतिको आमूल परिवर्तन गराउनु आदि। यसको अतिरिक्त राणा शासनमा समेत २१० सीट भएको उपत्यकाको एकमात्र संस्कृत छात्रावासमा आज किन धमाधम सीट गायब गरिएको छ ? संस्कृतमा छात्रहरूको भविष्य किन अन्धकाराच्छन्न र अस्पष्ट राखिएको छ ? योग्य पदमा प्रवेश गर्ने हक दिएर कुदरत देखाउने अवसर र प्राप्त अधिकारमाथि किन हमला हुदैछ ? विद्यालयहरू बन्नुको बदला किन भत्किदैछन् ? देशको बजेटको ज्यादा ठूलो रकम किन फौजी विभागमा खर्च हुँदैछ ? जबकि शिक्षामा ज्यादै कम हिस्सा खर्च ठेकिएको छ। यी माथि उल्लिखित सारा कुरा विद्यार्थी एकतामा निर्भर गर्दछ। यसैले माथि भनिएको छ कि आज विद्यार्थी एकताको खांचो छ। यसै कारण सं. छा. सं. को उद्देश्य मुख्य नारा नै सम्मेलन सफल गराउनु छ।

आजको छात्र समस्या समाधान गर्न यो प्रस्तुत सम्मेलनले ऐतिहासिक महत्व-पूर्ण भूमिका अदा गर्ने छ भन्ने हाम्रो दृढ धारणा छ हामीलाई यसमा कुनै शंका छैन कि अन्तर्हृदयमा दबिएको हाम्रो भावनालाई जागरित र मुखरित पार्दै विद्यार्थी तागतमा नवीनता संचार हुनेछ।

शुभकामना
सं० छात्र संघको

नयाँ राजा पाउदा हामी ज्यादै खुशी छौं। भगवान् सँग प्रार्थना छ कि स्वर्गीय महाराजाधिराजको पूर्ण प्रजातान्त्रिक शासन व्यवस्था कायम गर्न पुनीत अभिलाषा-लाई कार्यान्वित गर्नुको साथै यस सघले दिएका सुझावहरू कार्यरूपमा परिणत गर्ने सव् क्षमता नयाँ राजामा अझबढी मात्रामा प्रदान गरून्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक छात्र संघमा मात्र सदस्य बन्न पाइने

सं. छा. सं. को केन्द्रीय समितिको बैठकले द्वैत सदस्यता प्रणाली (द्वैत मेम्बर सिप अर्थात् दुई छात्र संस्थामा सदस्य हुने प्रथा) लाई समाप्त गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गर्दै संघका तमाम सदस्यलाई आदेश दिएको छ कि सूचना प्राप्त भएको ७ दिन भित्रमा अन्यतम छात्र संघबाट त्यागपत्र दिउन् ।

यस सम्बन्धमा यो कुरा स्पष्ट बताइएको छ कि एकै व्यक्ति समान उद्देश्य एवं लक्ष भएको अरू छात्र संस्थामा बस्ता दुवै तिरका काममा केवल हचपच मात्र हुने होइन बल्कि दुई तिरको कर्तव्य र जिम्मेदारी पूरा गर्न समेत असम्भव हुन्छ र साथ अरू विद्यार्थी जो कि लगनशील छन्, ले उच्च पदमा प्रवेश गरी निजी जीवन विकास गर्ने अवकाश समेत पाउदैनन् ।

अगाडि भनिएको छ जबकि यथाशक्य छिटो एक महत्तम सम्मेलन गरी सबै छात्र संगठनहरूमा सामञ्जस्य स्थापित गरेर एक हुने निर्णयात्मक फैसला सामञ्जस्य समितिको छ भने यस अथक परिश्रमको आवश्यकताको अवसरमा अपेक्षाधिक शक्ति एकत्रीकरण गर्नु छ न कि विद्यनमा बलिष्ट शक्तिपुञ्जलाई खण्डित पार्नु । यै परिस्थिति र यिनै कारणले गर्दा यो आज सम्म प्रचलित चलनलाई खतम गर्न परेको हो ।

(यस भन्दा अघि सं. छा. सं. का सदस्य अरू छात्र संस्थामा सदस्य बन्न सक्तथे । — सम्पादक)

शोक

श्री ५ त्रिभुवनको निधनमा

प्रजातन्त्र-शासनका अभिलाषुक, राणातन्त्रका विरोधी, साहसी, वर्तमान राजतन्त्रका अनुपम राजा श्री ५ त्रिभुवनको आकस्मिक देहावसानबाट हामी गम्भीर-शोक-सागरमा निमग्न छौं ।

असह्य - वैधव्य - बड़वानल - संतप्त दुवै बड़ा महारानी र साथै सपरिवार श्री ५ महेन्द्र प्रति समवेदना प्रकट गर्दछौं । स्वर्गीय श्री ५ को आत्मालाई स्थायी शान्ति मिलोस भनी ईश्वर संग प्रार्थना गर्दछौं ।

—सं. छा. सं.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐतिहासिक-सम्मेलन

ने. स्टू. यू. काठमाण्डौं कमिटीको

ने. स्टू. यू. काठमाण्डौ कमिटि (भोटाहिटी) को समाचार अनुसार ज्ञात भएको छ कि उक्त कमिटीको सम्मेलन श्री ५ त्रिभुवनको स्वर्गारोहणको आशौचले गर्दा चैत्र १२ गते देखि शुरु न भै चैत्र २० गते देखि शुरु हुने भएको छ। यस संस्थाका तमाम सदस्यहरूलाई उक्त कमिटिले सूचित गरेको छ कि चैत्र १९ गते ठीक १२ बजे संघको अफिस (भोटाहिटी) मा भेला हुनु होला। यो सम्मेलन सफल पार्न काठमाडौंका विद्यार्थी तथा जनता संग उक्त कमिटीले आर्थिक, बौद्धिक र नैतिक सहयोगको अपील गरेको खबर समेत प्राप्त भएको छ।

सम्मेलन सफल पार्न विभिन्न अञ्चलको दौड़ाहा

सं. छा. सं. को आगामी सम्मेलन सफलतापूर्वक सुसम्पन्न गराउने उद्देश्यले यस संघका उत्साही तथा कर्मठ कार्यकर्त्ता मलेरिया, धूप आदि अनेकन बिघ्न-बाधा-समेतको पर्वाह न गरी नेपालको विभिन्न अञ्चलमा भ्रमण गर्दै हुनुहुन्छ।

पूर्व

१, २, ३, ४ नं० भोजपुर, चैनपुर, ताप्लेजुङ, धनकुटा, धरान र विराट्-नगरको लागि श्री टंकनाथ "पथिक" र श्री पूणचन्द्र पौडेल २९ गते फाल्गुनका दिन प्रस्थान गरीसक्नु भएको छ। चैत्र ४ गतेको खबर अनुसार दाप्चा तल्लो हटियामा उपशाखा १ र पूर्व २ नं० गाँउखर्कमा १ शाखाको गठन गरी घुमाउने चैनपुर पुगीसक्नु भएको छ।

मटिहानी, जनकपुर, कलैया, वीरगञ्ज र भीमफेदीको लागि भ्रमणार्थ २ जना कार्यकर्त्ता जाने निधो भैसकेकोले धमाधम तैयारी हुँदैछ।

पश्चिम

प. १, २, ३ नं. का तर्फ नयाँ शाखाको संगठन र विद्यमान शाखाको पर्यवेक्षण गर्न जानु भएका यस संघका प्रसिद्ध नेता श्री श्रीप्रसाद गौतमजी आफ्नु कामको शिलशिलामा पोखरामा नयाँ शाखा गठन गरी भ्रमणको कार्यक्रम समाप्त गरी फर्कीसक्नु भएको छ।

पाल्पा, स्याङ्जा, बुटवल, भैरहवा जिल्लामा जानु भएका केन्द्रीय समितिका कोषाध्यक्ष श्रीशोमाकान्त नेपाल उक्त जिल्लामा आफ्नो काममा व्यस्त हुनुहुन्छ भन्ने समाचार प्राप्त भएको छ।

बाग्लुङको निमित्त सं. छा. सं. का उत्साही सदस्य श्रीराधाकृष्ण पराशुली संठगन गर्न फागुन १८ गते नै रवाना भै सक्नु भएको छ। समाचार छ वहाँ वाग्लुङ हाई स्कूलमा काम गर्दै हुनुहुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्को अतिरिक्त पश्चिम १ नं. र पूर्व १ नं. का कुना काप्चा तर्फ दौड़ाहा जानुको साथै उपत्यका भित्र तमाम गाउ र शहरमा स्थित शिक्षण संस्थानहरूमा विभिन्न लगनशील कर्मठ कार्यकर्त्ता मण्डली सम्मेलनको प्रचार एवं संगठनको लागि भ्रमण गर्ने तरखरमा तल्लीन छ ।

सम्मेलन आयोजक समितिका सदस्यहरू

सं. छा. सं. सम्मेलन आयोजक समितिको विस्तृत खवर अङ्क ४ को विद्यार्थी समाचारबाट स्मरण गराई सकेका छौं अहिले हामी उक्त आयोजक समितिका सदस्यहरूको नामावली दिई रहेछौं :—

(१) श्री यज्ञप्रसाद थपलिया (अध्यक्ष)

प्रचार विभाग :—

(२) भैरव प्रसाद रिसाल, (३) रामचन्द्र नेपाली, (४) ईश्वरी प्रसाद देवकोटा, (५) रामप्रसाद गौतम ।

अर्थ विभाग :—

(६) श्रीराज न्यौपाने, (७) रेवतीरमण खनाल, (८) अम्बिका भक्त अधिकारी, (९) विजयनाथ अ०, (१०) पद्मशंकर अ०, (११) अच्युतराज रेग्मी, (१२) भुवनेश्वर गौतम ।

सांस्कृतिक विभाग :—

(१३) केशवराज "दीपक", (१४) रामकृष्ण पन्त, (१५) लीलानाथ सुवेदी ।

प्रबन्ध विभाग :—

(१६) वटुकृष्ण "भूषण", (१७) श्रीरङ्ग पाठक, (१८) स्थिर प्रसाद कोइराला, (१९) सुदर्शन आचार्य, (२०) विष्णुहरि अधिकारी, (२१) कृष्णचन्द्र न्यौपाने ।

●

सम्पादक तथा प्रकाशक—भरत राज जोशी 'विद्यार्थी समाचार कार्यालय', अखिल नेपाल विद्यार्थी फेडरेशन, मखनटोल, काठमाण्डू ।

मुद्रक :—"हिम हारती प्रेस" लगन दलाछी, काठमाण्डू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक मात्र "पाक्षिक" स्वतन्त्र

विद्यार्थी रंगमंच

अंक १, वर्ष १, २०१२, २, १५

बृटेनमा आम चुनाव

कंजरवेटिव दल भारी बहुमतले विजयी

काठमाण्डौ, ज्येष्ठ १५ गते वृटेनमा २६ मई देखि शुरू भएको आम चुनावमा कंजरवेटिभ दल भारी बहुमतले विजयी भयो र मजदूर दलले गत सालको चुनावमा पाएको स्थान पनि यसपालीको चुनावमा गुमायो।

करीब ६३० सीटमा कञ्जर वेटिभले ३४४ सीट प्राप्त गऱ्यो। —रायटर

× × ×

भारतीय सद्भावना मण्डल रूसमा

मास्को, १५ ज्येष्ठ, भारतीय सद्भावना मण्डल जो आजकल रूसमा भ्रमण गर्दैछ, ले हिजो मास्कोमा रूसका प्रमुख नेताहरू संग भेट गऱ्यो। पछि स. मला नेताले रूसी नेताहरू संग भएको भेटको चर्चा गर्दै भन्नु भयो कि रूसका नेताहरू भारतीय प्रधान मन्त्री नेहरूजीलाई ठूलो आदर गर्दछन् भन्ने हुनलाई विश्वमा शक्ती स्थापना गर्ने विश्वका सबभन्दा ठूला नेता मान्दछन्। —ने. रे.

× × ×

गोवामा सालाजारको नग्न नृत्य !

नयां दिल्ली, गोवाबाट ढीलो गरी आएको समाचारमा भनिएको छ कि गोवानी सरकारले भारतीय सत्याग्रह माथि ठूलो अत्याचार गरी रहेको छ। सत्याग्रह माथि गोली चलाउनु त सामूली कुरा भएको छ।

पूर्व २ नम्बरवाट हजारौं बाढ पीड़ित जनता काठमाडौंमा

ज्येष्ठ १२ गते, हाम्रो सम्वाददाताको खबर अनुसार याह भएको छ कि पूर्व २ नम्बरवाट घरबार विहीन भएर हजारौंका तादातमा जनताहरू धमाधम काठमाण्डौमा उत्रदैछन्।

समाचारमा अगाडी भनिएको छ कि जनताहरू यसरी काठमाण्डौंमा आउनुको कारण सरकार द्वारा वितरण गरेको अन्न न पाएर हो। उनीहरू आफ्नो दुःख श्री ५ लाई सुनाउन पनि आएका हुन्। तर श्री ५ बाट पनि कुनै किसिमको राम्रो आश्वासन न पाएर रित्तो पेट लिएर बनेपा तिर फर्के भन्ने समाचार छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाढ़ पीड़ितहरू सँग "विद्यार्थी रंगमंच" का सम्पादकले गर्नु भएको प्रश्नोत्तर निम्न प्रकारका छन् :

प्रश्न : के तपाजीहरूले सरकार द्वारा वितरण गरिएको अन्न पाउनु भएन ?

बाढ़ पीड़ित — हुन त सरकारले पूर्व २ नम्बर बाढ़ पीड़ितहरूलाई वितरण गर्ने भनेर चामल नून इत्यादि वितरण गर्न पठाएको हो तर हामी गरीबले पाएनौं ।

जस्को घरमा अनाज थुप्रीएको छ उनीहरूले अझ अरु पनि थुप्रयाउन पाएर जस्को घर समेत् खोलाले बघाएर लग्यो लाई एक गेडा अनाज पनि हात परेन यस्तो हुनाको कारण बताउँदैं उनीहरूले भनेकि सरकारी या कर्मचारीहरू गरीब जनता संग बोल्न पनि गाह्रो मान्दछन् र मुखियाहरूको लोलोपतोमा लागेर राम्रो संग त्यहाको अवस्थाको जाचँ नगरी जस्-जस्ले उनीहरूलाई मान, सत्कार पुऱ्याउन सके त्यस्ताले मात्र अन्न पाए ।

(सरकार संग हाम्रो अनुरोध छ कि तुरून्त फेरी त्यहाँ निष्पक्ष कर्मचारी पड़ाई राम्रो संग गरीब जनतालाई अन्न वितरण गरियोस् । —सम्पादक)

जन अधिकार सुरक्षा समिति द्वारा आषाढ़ १ गते चुनाव दिवस मनाउने अपील

काठमाण्डौ, ज्येष्ठ १२ गते थाहा पाइएको छ कि ज. अ. सु. स. ले आगामी आषाढ १ गते देशभरमा "चुनाव दिवस" मनाउने भएको छ र समितिले देशका सारा राजनीतिक र सामाजिक पार्टीहरूलाई पनि उक्त दिन धूमधाम सँग चुनाव दिवस मनाउने अपील गरेको छ ।

नेपालका प्रमुख राजनीतिक नेताहरूले श्री ५ को दर्शन गरे

काठमाण्डौं, ज्येष्ठ १३ गते प्राप्त समाचार अनुसार थाहा पाईएको छ कि नेपालका कहलिएका नेताहरूले धमाधम श्री ५ को दर्शन गर्न पाउ भन्ने उनीहरूको विन्ति पत्र अनुसार दर्शन गर्दैछन् । दर्शन कुराकानी पनि नेपालको वर्तमान राजनीतिक अवस्थालाई लिएर भयो भन्ने हाम्रो सम्वाददाताको भनाई छ ।

टि०—(यो त तपाईहरूलाई थाहा भएकै कुरा हो कि गत वैशाख २५ गते को बोलाहटमा हामीलाई दर्शन गर्न बोलाउने भनी यिनै नेताहरूले सम्मेलन बहिष्कार गरेका थिए । —सम्पादक)

सम्पादकको मत

ज्येष्ठ १५, २०१२

विद्यार्थी रंगमंच किन ?

छात्रावासबाट यो पत्रिका निष्कने भएको छ भन्ने खबरले यो किन ? कसको निम्ति निष्कने भन्ने प्रश्न धेरै साथी हरूले व्यक्त गर्नु भयो, वास्तवमा एकाएक पत्रिका निष्कदा यस किसिमको उत्सुकता हुनु ठीक पनि हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आज नेपालबाट धेरै पत्रिका एक पटक मात्र निष्केर बन्द भएका हामीले देखेका छौं। यसो हुनाको कारण नेपाली जनता अशिक्षित भएकोले हो। तर यो पत्रिका नेपालमा यस किसिमको पहिलो भनेमा अत्युक्ति हुँदैन र जहाँ सम्म हाम्रो खयाल छ जति दु:ख परि आए पनि यो पत्रिका नियमित रूपले निस्कने छ। यो विद्यार्थी को हो र यसको मुख्य उद्देश्य पहिले छात्रावासका विद्यार्थीमा एकता ल्याउनु, अनि नेपालका विद्यार्थीमा अनि साथै अन्तरराष्ट्रिय विद्यार्थीहरूमा समेत एकता ल्याउनु हो, यसको उद्देश्य पवित्र छ र यसले कसैलाई व्यक्तिगत आक्षेप कहिल्यै गर्ने पनि छैन।

यद्यपि यो अहिले पाक्षिक पत्रिकाको रूपमा छ, तर यदि साथीहरूको सहयोग भयो भने यो अरु कुनै रूपमा पनि निष्कन के असम्भव ?

शुभ कामना

नया पत्रिका "रंगमंच" निम्नको मा धमाधम शुभ कामनाहरू आइ राखेका छन्। जुन-जुन साथीहरूले शुभ कामना पठाउनु भएको छ, वहाँहरूलाई यस पत्रिका सम्पादकले धन्यवाद टक्र्याउनु भएको छ। —सं०

शुभ कामना

विद्यार्थी हितको दृष्टिकोणमा नवोदित यो 'विद्यार्थी रंगमंच' पत्रिका जनप्रियता हासिल गर्दै समुन्नतिको दिशा तिर लम्कदै जावस भन्ने हाम्रो हार्दिक कामना छ, साथै यस पत्रिकाका उत्साही सम्पादक साथीलाई पनि धन्यवाद न दिई रहन सक्तैनौं।

—पूर्णचन्द्र शर्मा शास्त्री
तथा
टंकनाथ "पथिक"
एवं
शोभाकान्त नेपाल र रेवतीरमण

"यो पत्रिका दिन प्रतिदिन फलदै फुलदै जावोस भन्ने हाम्रो शुभ कामना छ।"

भवदीय—
अध्यक्ष
विष्णुहरि
रानी पोखरी प्र. स पाठशाला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तै शुभकामना पठाउने हरूमा—

श्री कृष्णभद्र जी र लोलाराज विष्ट जी

पनि हुनु हुन्छ ।

छात्र कार्य समिति (सं० छा० वा०) को नयां चुनाव

छात्रावास, ज्येष्ठ ८ गते, आज विहान ८ बजे, छात्र कार्य समितिको नयाँ चुनाव भयो र निम्नलिखित साथीहरू निम्नलिखित पदमा निर्वाचित हुनु भएको छ ।

सभापति—केशव दीपक
प्र. म.—अम्बिका भक्त
खा.—पशुपति
शिक्षा—रोहिणी शास्त्री
स्वास्थ्य—वल्लभ

छात्रावासीय साथी
श्री भरतजी कवि सम्मेलनमा तृतीय

काठमाण्डौ, ज्येष्ठ १४ गते, आज सरस्वती सदनमा ने. यु. यु. (नयाँ सडक) को तत्वावधानमा भएको कवि सम्मेलनमा तृतीय पुरस्कार प्राप्त गर्नु भयो ।

(यसमा हामी ज्यादै खुशी छौं :) —सम्पादक

विज्ञापन
घडी विकाउ छ !

नयाँ वाटर प्रूफको डिजाइन बिजुली वाल, स्विजल्याण्डमा वनेको घडी विकाउमा छ, कसैलाई दरकार परेको छ भने तलको ठेगानामा आई भेट गर्नु होला ।

ठेगाना :
४४ नवम्बर को कोठा, कृष्ण गौतम छात्रावास

शिक्षा विभागको कालो करतूत

काठमाण्डौ, ज्येष्ठ १५ गते हामीलाई थाह भएको छ कि पद्म कन्या कलेजकी छात्रा पुष्पलता जो संघर्ष समिति जुन विदेशी प्रिन्सिपल खारेज गर्न र प्रो० हरूको भर्नालाई लिएर गठन भएको थियो, को पनि अध्यक्षा हुनुहुन्छ, लाई आज उक्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कलेज बाट सदाको निम्ति निष्कासित गरेको खबर छ। निष्काशन शिक्षा, विभागको आदेशानुसार भएको हो, अन्यत्र स्कूल, कलेजका छात्र-छात्राहरूलाई पनि निष्काशन गर्ने धम्कि शिक्षा विभागबाट धमाधम आउँदै छन्।

टिप्पणी—हामीले आजको यस अंकमा प. क. कलेज की छात्रा पुष्पलतालाई निष्काशित गरेको खबर छापेका छौं र साथै शि. वि. को चिट्ठी पनि। साथी हो, आज यो सरकार विद्यार्थीहरूमा फूट ल्याएर विद्यार्थी नेताहरूलाई गिरफ्तार गरी, आफ्ना मनमाना चलाउन कोशिश गरी रहेको छ। यदि यस्तो अवस्थामा पनि विद्यार्थीहरू चूप लागेर बसे भने उनीहरूको भविष्य कस्तो होला भन्न सकिन्न।

—सम्पादक

छात्र-परिचय पाना

यो स्तम्भमा प्रत्येक अंकमा छात्रावासका दुई जना छात्रहरूको परिचय नियमित रूपले पाउनु हुनेछ। यो स्तम्भ राख्नुको मतलब छात्रावासका विद्यार्थीहरूको आपस आपसमा परिचय गराउनु हो।

—सम्पादक

शोभा कान्त शर्मा

(शास्त्री, अन्तिम वर्ष)

शोभा कान्त जी छात्रावासका विद्यार्थीहरूमा एक प्रमुख स्थान राख्नु हुन्छ; वहा ज्यादै मिलन सार हुन हुन्छ। वहाँको सव भन्दा राम्रो गुण यो छ कि विना प्रमाण कसैलाई पनि आक्षेप लगाउनु हुन्न,

वहाँको जन्म सं. १९८९ मा सालमा पश्चिम पाल्पा माडीमा भएको हो ५ वर्षको उमेर देखिनै वहाँले अक्षरारम्भ गर्नु भएको हो। पढाईमा सानै देखिनै ज्यादै चलाख हुनु हुन्थ्यो। वहाँ २००४ सालमा काठमाण्डौं आई २००५ सालमानै प्रथम परीक्षा प्रथम श्रेणीमा पास गर्नु भयो। र मध्यमा सम्मका रा० पो० का जाँचमा पहिला नभएको कुनै वर्ष नै थिएन। १९५३ मा वहाले व्याकरणमा सम्पूर्ण मध्यमा द्वितीय श्रेणीमा उत्तीर्ण गर्नु भयो। र अहिले शास्त्रीमा पढदै हुन हुन्छ।

यस्को अलावा श्री कान्त जी ले हाम्रो छात्र संघमा २ वर्ष सम्म कोषाध्यक्षको काम पनि राम्रो संग चलाउनु भएको हो।

वहाँ विद्यार्थी आन्दोलनमा कहिलै पनि पछि हट्नु भएको छैन।

(आशा छ यस्तो योग्य साथीले आफ्ना देशका निमित्त पहाड़ गाउँमा गई स्थानीय जनतालाई अगाड़ी बढाउनु हुनेछ।)

—सम्पादक

हरि शरण शर्मा

(शास्त्री, अन्तिम वर्ष)

साथी हरिशरण जी पनि छात्रावासका प्रमुख विद्यार्थीहरूमा एक हुनु हुन्छ।

वहाँ ज्यादै लगनशील र असल स्वभाव (Good Character) भएको हुनु हुन्छ। वहाँले पनि सानै उमेर देखि पढन सुरु गर्नु भएको हो र २००७ सालमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काठमाण्डौं आई बडो लगनका साथ पढी १९५३ ई० मा साहित्यमा सम्पूर्ण मध्यमा प्रथम श्रेणीमा पास गर्नु भयो र अहिले दर्शन विषय लिएर शास्त्रीमा पढदै हुन हुन्छ।

संस्कृतको अलावा अंग्रेजी पनि साथ साथै पढदै हुन हुन्छ। वहाँ अहिले त्रिचन्द्र कलेजमा द्वितीय वर्ष आर्ट मा पढदै हुन हुन्छ।

हरिशरण जी को जन्म १९९१ साल मा प. ३ तनहुँ स्याम्घामा भएको हो।

हरिशरणजी बाट नेपालको निंति हामीले ठूलो आशा राखेका छौं। —स. द.

रात्री पाठशाला नक्सालमा नयाँ चुनाव

काठमाण्डौं, ज्येष्ठ २ गते, आज रा. पा. नक्सालमा पुरानो का. स. मञ्जरी नयाँ कार्य समितिको चुनाव भयो र छात्रावसीय साथी श्री मधुसूदन जी जे. सेक्रेटरी चुनिनु भयो भन्ने हाम्रो प्रतिनिधिलाई थाह भएको छ। साथै छा. वासीय लीला नाथजी का. स. मा चुनिनु भएको छ।

× × ×

सं० छा० संघको महासम्मेलन सम्पन्न

काठमाण्डौं, ज्येष्ठ १० गते, ढीलो गरी प्राप्त भएको समाचारबाट थाह भएको छ कि सं. छा. संघको प. ऐतिहासिक सम्मेलन गत वैशाख १८ गते सफलतापूर्वक सम्पन्न भयो, जुन वै १८ गते शुरू भएको थियो यस सम्मेलनले ४७ जनाको एक संसद र श्री अच्युत राज शास्त्रीलाई आफनो संघको सभापति चुन्यो साथै संसदको अध्यक्ष छात्रावासीय साथी मणिरामजी चुनिनु भयो।

× × ×

लेख्दा लेख्दै

आज ज्येष्ट १५ गते, दिउँसो करीब १॥ बजे तिर एक जना देव बहादुर भन्ने युवकले आफु मुद्दा हारेकोमा पाँचै जना न्यायाधीशलाई नराम्रो संग पिटेको खबर छ। र उसलाई तुरुन्तै गिरफ्तार पछि गरियो।

रानी पोखरी प्र. या. को प्रतिनिधिमण्डलले सं. छा. संघका उच्चाधिकारी हरूलाई भेट्यो

काठमाण्डौं १३ गते ज्येष्ट हामीलाई थाह भएको छ कि रा. यो. प्र. पा. को प्रतिनिधिले सं० छा० सं० का उच्चाधिकारी संग भेट गरी करीब दुइ, तीन घण्टा सम्म आफुले केन्द्रमा सोधी पठाएका प्रबन्धहरूको बारेमा छलफल गर्‍यो। वहाँहरू-को प्रश्नहरू र सुझावहरू नया सेनापतिजीको मनमानी कार्यवाही माथी हो भन्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिनिधि मण्डलका नेता श्री विष्णु हरिजीको भनाइ थियो। वहाँहरूको सुझाव हरूमा केन्द्रले उत्तर दिने निर्णय गरेको छ। भन्ने खबर पनि थाह पाइएको छ।

विकास भवन रा. पा. मा नयाँ चुनाव

काठमाण्डौं ढीलो गुठी हाम्रो सम्वाद दाताले पठाएको खबर अनुसार थाह पाइएको छ कि विकास भवन रात्री पाठशालामा पुरानो का. का. स. भंगगरी नयाँ कार्य समितिको चुनाव भयो, जस्मा छात्रावासीय साथी श्री टंकनाथ "पथिक" सभापति र श्री मणिभद्र शर्मा सेक्रेटरी चुनिनु भयो भन्ने समाचार प्राप्त भएको छ।

प्रश्नोत्तर-पाना

यस तम्भका प्रश्नोत्तरहरू क्षणिक आनन्तका लागि हुन् र कसैलाई अपमान गर्ने हाम्रो उद्देश्य पनि छैन।

—सम्पादक

प्रश्न १—सम्पादकजी, साथी कृष्णभद्रजीले पुस्तकालयका साम्यवादी किताब मात्र छन् भनेर किन भन्नु भएको होला, जबकि पुस्तकालयमा साम्यवादी विचार-धाराका भन्दा अरू विचारधाराका किताब धेरै छन्?

उ०—शायद छात्र संघको कामले वहाँले पुस्तकालयमा रहेका किताबहरूको नामावली सम्म पनि हेर्ने फुर्सत नपाएर होला कि!

प्रश्न २—सं० छात्र संघको अफिस हेनाकर औषधालय मानै राखेको मतलब क्या हो सम्पादकजी?

—लीला विष्ट

उ०—यो विशौं शताब्दी भएकोले हुन सक्छ कहिले गरमागरम बहश भएर मिटिंग मानै पिटामाटी चलोस, किनकि कार्यकारिणीमा धेरै किसिमका विचार धारा भएका सदस्य छन्। त्यसैले चोट पटक लागेमा तुरून्त औषधी गर्न पाईयोस भन्ने उद्देश्यले होला?

प्रश्न ३—श्री ५ को समुख नयां सभापति अच्युतजीले संसद (सं० छा०) ले ठुकुऱ्याएको प्रस्ताव किन दोहोऱ्याउनु भएको छ?

—रेवती रमण

उ०—तपाजी लाई त्यति पनि थाहछैन र विधानले वहाँलाई डिक्टेटर बनाएको?

प्रकाशक तथा सम्पादक रामचन्द्र शर्मा "नेपाली"
"विद्यार्थी रंगमञ्च" कार्यालय संस्कृत छात्रावास, कोठा नं० ३६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साप्ताहिक

छात्र-सन्देश

का. म. आ. नं. ५०

सूचना

हाम्रो सम्मेलन सम्बन्धी झोजले गर्दा संपादक मण्डलका सबै सदस्यहरू उतै कार्यव्यस्त हुनुपर्‍यो। अतः समयमा नै हामीले यो पत्र निकाल्न नसकेकोमा पाठक वर्ग सित हामी क्षमा प्रार्थना गर्दछौं।

वर्ष १ अङ्क २, ३, ४, ५ २०१२ साल जेष्ठ ८ गते
रोज ४ जून १९५५ मूल्य :।२० पैसा

संस्कृत-छात्र-संघको ऐतिहासिक प्रथम महासम्मेलन सफलतापूर्वक समाप्त

नयाँ विधान र विभिन्न महत्वपूर्ण प्रस्तावहरू पास भए

श्री अच्युतराज शास्त्री संघका सभापति निर्वाचित

यही वैशाख ११ गते देखि काठमाण्डौंमा शुरू भएको सं. छा. सं. को प्रथम महा सम्मेलन गत वैशाख १८ गते विहान समाप्त भएको समाचार छ। ११ गते उक्त महा सम्मेलनको उद्घाटन संस्कृत महा विद्यालयका भाइस प्रिंसिपल श्री पद्म प्रसाद द्वारा भयेको थियो। उक्त उद्घाटन समारोह संस्कृत महाविद्यालय भवनमा भएको थियो र काठमाडौंका धेरै गण्यमान्य व्यक्तिहरू र सामाजिक एवं राजनैतिक संस्थाका नेताहरू उक्त समारोहमा उपस्थित हुनु हुन्थ्यो। सम्मेलनमा उपस्थित हुन नसक्नु भएका महानुभावहरूले सम्मेलनको सफलताको कामना गर्दै शुभेच्छाहरू पनि पठाउनु भएको थियो। शुभेच्छा पठाउनेहरूमा श्री ५ मुमा ज्येठा तथा कान्छा बडा महारानी, श्री ५ माहिला तथा कान्छा अधिराज कुमार, नेपाली कांग्रेसका अध्यक्ष विश्वेश्वर प्रसाद, भूतपूर्व प्रधान मन्त्री मातृका प्रसाद, नेपाल कम्युनिष्ट पार्टीका जनरल सेक्रेटरी मनमोहन अधिकारी लगायत अरु धेरै व्यक्तिहरू हुन हुन्थ्यो। अखिल भारतीय विद्यार्थी फेडरेशन तर्फ बाट पनि एक विस्तृत शुभेच्छाको पत्र आएको थियो र उक्त सम्मेलनमा भाग लिन नसकेकोमा खेद प्रकट पनि गरिएको थियो एवं अखिल भारत नेपाली विद्यार्थी संघबाट पनि तार द्वारा शुभेच्छाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्देश यस सम्मेलनलाई पठाइएको थियो । उद्घाटन समारोहमा सभापतिको आसन प्रसिद्ध कवि श्री सिद्धिचरणजीले गर्नु भयो । उक्त समारोहमा विभिन्न वक्ताहरूले भाषण गर्नु भयो । जस्मा, नेपाल छात्र संघ, अखिल नेपाल विद्यार्थी फेडरेशन, नेपाल स्टूडेन्ट्स युनियन (नयाँ सडक), नेपाल स्टूडेण्ट्स युनियन (भोटाहिटी) अखिल नेपाल किसान संघ आदि धेरै संस्थाका प्रतिनिधिहरूले र नेपाल शिक्षा विभागका अ. डाइरेक्टर श्री शारदा प्रसाद उपाध्याय, संस्कृत शिक्षा विभागका डाईरेक्टर श्री नयन राज पाण्डे, संस्कृत महाविद्यालयका प्रिन्सिपल सोमनाथ तथा नेपाली कांग्रेसका नेता श्री गणेश मान सिंह आदिले भाग लिनु भएको थियो । उद्घाटन समारोह बेलुका ५।। बजे शुरू भएर बेलुका ७।। बजे समाप्त भयो । सभाको अन्तमा तत्कालीन सं. छा. सं. को सभापति श्री मदन शर्माले पनि भाषण दिनु भएको थियो । सभा समाप्त भएपछि पद्म कन्या कलेज मैदानमा बेलुका ४ बजे देखि परिस्थिति नामक नाटक शुरू भयो, जो विभिन्न सांस्कृतिक कार्यक्रमको अन्तर्गत सम्मेलन आयोजक समितिको सांस्कृतिक विभाग द्वारा गराइएको थियो ।

१२ गते विहान ८ बजे देख प्रतिनिधिहरूको मात्र सम्मेलन सुरु भयो । यस्मा अखिल नेपाल विद्यार्थी फेडरेशन र नेपाल छात्र संघ तर्फ बाट भाइचारो प्रतिनिधिहरू पनि उपस्थित हुनु हुन्थ्यो र वहाँहरूले पनि वहसमा भाग लिनु भएको थियो । सम्मेलन सञ्चालन गर्नको निमित्त केन्द्रीय समितिले ५ जनाको एक अध्यक्ष मण्डल बनाउने आफ्नो राय सम्मेलनमा पेश गर्‍यो र उक्त प्रस्ताव सर्व सम्मतिले पास भई अध्यक्ष मण्डलमा श्री मदन शर्मा, श्री यस प्रसाद थपलिया, श्री अच्युत राज शास्त्री, श्री गणेश प्रसाद गौतम र श्री देवराज जी चुनिनु भयो सम्मेलनमा सर्व प्रथम विधान माथि छल फल भयो । विधानको पाँचौ धारा माथि ५ दिन सम्म निकै गरमा गरम बहस भयो । बहसमा एक पक्षको राय अधिवेशनले संसद चुन्ने, संसदले कार्य समिति र कार्य समितिको सदस्यहरूले सभापति चुन्ने भन्ने थियो, अर्को पक्षको रायमा संसदले सभापति चुन्ने र सभापतिले संसदका सदस्यहरू बाट कार्य समितिले पेश गठन गर्ने भन्ने थियो । केन्द्रीय कार्य समितिले पेश गरेको विधान पनि यस्तै किसिमको थियो । ५ दिनको गरमा गरम बहस समाप्त भए पछि बहुमतले केन्द्रीय कार्य समितिले सम्मेलनमा पेश गरेको विधान मुताविक नै विधानको पाँचौं धारा पास भयो र यसपछि २ दिनबाद विधानको आठौं धारा पास गरिए । साथै अन्तमा एक अर्को नवौं धारा पनि विधानमा थपियो । विधान पास भएपछि संघका प्रधानमन्त्रीले कार्य समितिको तर्फबाट पेश गरेको रिपोर्ट माथि छलफल सुरू भयो । केही संशोधनका साथ उक्त रिपोर्ट पनि पास भयो । रिपोर्ट पछि संघको कार्यक्रम र नीति माथि छलफल भयो । त्यसमा राखिएको मागको अतिरिक्त अरू कार्यक्रम र नीतिको बारेमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पछि श्री अच्युतराज शास्त्री र श्रीभैरव शास्त्रीको बीचमा गुप्त मतदान द्वारा निर्वाचन सुरू भयो । परिणाममा १४ पं० २५ मतले श्री अच्युत शास्त्री संघ पति निर्वाचित हुनु भयो । यस पछि ध्वनिको साथ संसदका अध्यक्षले सभापतिको फूल माला अबीरले संसदमा गरियो । दुवैले आफ्नो सानो वक्तव्य संसदको बैठकमा दिनु भयो । भोली पल्ट कि ८ बजे नव निर्वाचित सभापतिको आयामा सम्मेलन सुरू भयो । नवनिर्वाचित सभापतिले सम्मेलनलाई सम्बोधन गर्दै प्र० एकता र देशमा प्रजातन्त्रको सिद्धान्त मजवूत पार्न सं० छा० सं० का कार्य सतर्क र सचेष्ट हुनु पर्दछ । हामीलाई ऐतिहासिक परम्परालाई सधैं कायम पर्दछ भन्नु भयो । त्यस पछि सम्मेलन सामाजिक समितिका अध्यक्ष श्री यज्ञप्रसाद जीले सम्मेलन सफल पार्न विभिन्न जिल्लाबाट आउनु भएका प्रतिनिधिहरूलाई धन्यवाद दिंदै आयोजक समितिको संक्षिप्त विवरण दिनु भयो । अन्त्यमा सभापतिको भाषण समाप्त भए पछि संस्कृत-छात्र-संघ जिन्दा-बाद, नव निर्वाचित सभापति जिन्दाबादको नाराले सम्मेलन भवन गुञ्जायमान गराउदै सम्मेलन समाप्त भयको घोषणा गरियो । यस सम्मेलनमा २८ शाखा र एक उपशाखाबाट ११५ प्रतिनिधिहरू उपस्थिति थिए । जसमा ४ छात्राहरू पनि थिए ।

शाही महलमा सम्मेलन

संस्कृत छात्रावासको २१० सीट पूरा हुनु पर्छ

—श्री अच्युतराज शास्त्री

(विशेष सम्वाददाता द्वारा)

काठमाण्डौं, वैशाख २५ गते । आज श्री ५ को दर्शन गर्न भनि नेपालका केही राजनीतिक पार्टी र विभिन्न सामाजिक संस्थाका प्रतिनिधिहरूले भाग लिएका थिए । यही जमघटलाई सम्बोधन गर्दै श्री ५ बाट प्रजातन्त्राको नाम विताका ४ वर्षको उल्लेख गर्नुको साथै भविष्यमा आफूले के गर्न चाहिबक्सन्छ र नेपाललाई कस्तो बनाइ बक्सन चाहन्छ उल्लेख गर बक्सियो र उक्त जमघटलाई संमेलनको घोषणा गरी ५७ मिनेट सबैलाई आ-आफ्नो वह पोख्ने अवसर प्रदान गरि बक्सियो ।

उक्त संमेलनमा बोल्दै संस्कृत छात्र संघका सभापति श्रीअच्युतराज शास्त्रीले भन्नु भयो "सम्मेलनलाई दर्शन गर्न भनेकोले श्री ५ को यस्तो उदार विचार पनि जनताले बुझ्न सकेन जस्को फल आज यत्रो सम्मेलनमा प्रजातन्त्राका लागि मर्ने र अनेकौं कुर्वानी गर्ने देशका शक्तिशाली राजनीतिक पार्टी यहाँ उपस्थित गियो । अतः यो सम्मेलनलाई अधूरो नै भन्नु भयो । यो सब श्री ५ कै इर्द-गिर्दमा बसेका मनोवृत्तिका व्यक्तिहरूको दिवालिया प्रतिफल हो ।"

वहाँले अगाडि भन्नु भयो "प्रजातन्त्रको लागि गद्दाको बाजी लगाउने राजा र जनताको इच्छा बुझेर काम गर्ने राजनीतिक पार्टीको बीचमा कटुता ल्याइ आफ्नो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसदले निर्णय दिने भन्ने प्रस्ताव सर्व सम्मतिले पास भयो। मागहरू पनि सबै पास भए। यसपछि विभिन्न राष्ट्रीय एवं अन्तर्राष्ट्रिय प्रस्तावहरू माथि छलफल सुरू भयो। सर्व प्रथम विद्यार्थी एकता र एक राष्ट्रीय विश्वविद्यालयको स्थापना सम्बन्धी प्रस्ताव करतल ध्वनिको साथ सर्व सम्मतिले पास भयो। त्यसपछि नेपालमा गोरखा भर्ती केन्द्र वन्द हुनु पर्दछ र नेपालबाट भर्ती गरेर लगेका नेपाली युवकलाई भारतबाट बाहिर लैजान दिने सुविधा भारतबाट बन्द गरिनु पर्दछ, नेपाल रहेको भारतीय मिलिटरी मिशन र भारतीय चेकपोष्ट भारत वापस जानु पर्दछ नेपालको पर राष्ट्र नीति कुनै गूटको पिछ लागू नभएर तटस्थ हुनु पर्दछ विश्वशान्ति हुनु पर्दछ र यसको लागि संसारका जनता एक हुनु अत्यावश्यक छ, चाउनेहरूको पञ्चशीलाको आधारमा नेपाल र भारतको सन्धि भएर असमान सन्धिहरू सब रद्द गरीनुपर्दछ, फर्मोसा चीनको हो र त्यहाँबाट अमेरिकी फौज हटेर त्यहाँको भाग्य निर्णय त्यही कै जनताले गर्नु पाउनु पर्दछ इत्यादि धेरै प्रस्तावहरू हर्ष एवं करतल ध्वनिको साथ निर्विरोध पास भए। यसपछि धरान दाङ, जनकपुरमा एक संस्कृतकलेजको स्थापना गर्ने नेपाल भरमा अरू ९ वटा संस्कृत प्रधान पाठशालाको स्थापना गर्ने र हरेक नेपालका जिल्लामा कमसे कम दुई संस्कृत-माध्यमिकमा विद्यालय स्थापना गर्ने माग पनि सर्व सम्मतिले पास गऱ्यो।

यस पछि विभिन्न जिल्लाहरूबाट आएका विभिन्न मागहरूको वारेमा बहस सुरू भयो। सम्मेलनले यो विषयलाई पनि संसदलाई निर्णय गर्ने अधिकार दियो। त्यस पछि संघको नयाँ विधान मुताविक यस पटकलाई संसदमा ४७ जना सदस्य राख्ने भन्ने निर्णय सम्मेलनले गरे पछि १७ जना सदस्यहरूको निति सम्मेलनमा दुई पटक चुनाव कार्य सम्पन्न भयो। जस्मा सर्व प्रथम धेरै मत प्राप्त गर्ने श्री अच्युतराज शास्त्री हुनु हुन्थ्यो र त्यस पछि क्रमशः श्री श्रीगङ्ग पाठक, श्री स्थिर प्रसाद कोइराला श्री मणिराम पोखरेल, श्री पद्मशंकर अधिकारी, श्री तेजकेशरी, श्री बसन्त कुमार, श्री विजयनाथ, श्री भवानी भट्टराई, श्री मदन शर्मा, श्री हेमराज, श्री रामचन्द्र पौडेल, श्री कृष्ण भद्र खनाल, श्री घटुककृष्ण भूषण, श्री पद्मराज, श्री भैरव शास्त्री र श्री शोभाकान्त नेपाल चुनिनु भयो। अरु बाँकी ३० जना सदस्य मध्ये प्रत्येक शाखाबाट एक एक जनाको हिसाबले छानिनु भयो। १७ गते दिउसो संसदको प्रथम बैठक सुरू भयो। उक्त बैठकमा सर्व प्रथम संसदका अध्यक्ष (Speaker) को निर्वाचन कार्य भयो जसमा बहुमतले श्री मणिराम पोखरेल निर्वाचित हुनु भयो। अध्यक्ष पछि उपाध्यक्षको पदमा बहुमतले श्री बसन्तकुमार चुनिनु भयो। अध्यक्ष र उपाध्यक्षको निर्वाचन समाप्त भए पछि संघका सभापतिको लागि चार जनाको नाम प्रस्तावित भयो जस्मा श्री अच्युतराज शास्त्री, श्री मदन शर्मा, श्री भैरव शास्त्री, भुवनेश्वर शर्मा, हुनु हुन्थ्यो। श्री मदन र श्री भैरव शास्त्रीले आफ्नो नाम फिर्ता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उल्लू सीधा गरी जनता र राजाको बीचको स्तुत्य सम्बन्धलाई टुक्र्याउने चेष्टा आज प्रतिक्रियावादी गर्दै छन् । प्रजातन्त्रमा राजनीतिक पार्टी अवहेलित कदापि हुनु हुँदैन । नत्र त्यो देशमा प्रजातन्त्र कहिल्यै पनि पनप्न सक्तैन ।" वहाँले फेरि भन्नु भयो "प्रजातन्त्रको लागि मर्न मिट्न तैयार हुने श्री ५ त्रिभुवन—जस्को स्वच्छ किर्ति आज संसारको अगाडि देदिप्यमान छ—लाई राणाका टट्टुदुवनी 'देशद्रोही' भनेर सहिछाप गर्ने मानिस नै आजका प्रमुख शाही सल्लाहकार र शासक छन् । अनि यिनीहरूले नेतृत्व गरेको देशमा प्रजातन्त्र अगाडि बढ्छ भनेर कसरी पत्याउने ? प्रत्यक्ष शासनले देश र वैधानिक राजतन्त्र नै खतरामा पर्दछ । अतः यो परिपाटीलाई तुरुन्त समाप्त गरी देशको बलियो र प्रजातान्त्रिक पार्टीलाई शासन-भार सुम्पिनु अत्यन्त जरूरी छ । किन कि प्रजातान्त्रिक सरकार बनाउने वैधानिक अधिकार राजनीतिक पार्टीले नै पाउनु पर्छ । वरू सरकारको संगठनमा न्यूनतम कार्यक्रमको आधार रहनु पर्दछ र त्यो-त्यो लागू अवश्य गर्ने छु भन्ने पार्टीलाई नै शासन भार सुम्पिनु पर्दछ नत्र राजीनामा दिनु पर्दछ भन्ने कडा शर्त हुनु पर्छ । जस्तो केही महीना अघि फ्रान्सका प्र० मन्त्री मान्डेस फ्रान्सले गरेका थिए । वहाँले अझ भन्नु भयो नेपाल एक स्वतन्त्र देश हो र यस्को आफ्नै शिक्षा नीति हुनु पर्दछ । यो तबै पूर्ण हुन सक्तछ जब देशमा एक आफ्नै विश्वविद्यालय हुन्छ । शिक्षा नै परतन्त्र छ भने हामी स्वतन्त्र छौं भन्नु फोस्रो धाक जस्तो मात्र देखिन्छ ।

वहाँले जोरदार शब्दमा अगाडी भन्नु भयो संस्कृत छात्रावास (काठमाण्डू) जहाँ केही वर्ष अगाडी सम्म २१० छात्रहरूले खाई पढ्थेमा आज केवल ७० जना मात्र छन् । दाताहरूको सद्भावनामा सरकारले दाई गरेको छ र दान त्यसै यत्र-तत्र भएको छ । यसमा श्री ५ को देखरेख बढी छात्रहरूको संख्या बढ्नु अत्यन्त आवश्यक छ । गत साल अष्टसूत्रीय भागलाई अगाडी राखी आफ्नो भविष्य समुज्ज्वल पार्न संस्कृतका छात्रहरूले परीक्षा हडताल गरे जस्को ऐतिहासिक सफलता बाट डराई तत्कालीन सरकारले सारा माग पूरा गरि दिने लिखित आश्वासन दियेको थियो परन्तु त्यो आज सम्म त्यसै छ । अतः यसमा पनि श्री ५ बाट सक्रिय कदम उठनु आवश्यक मात्र हुँन कर्तव्य पनि छ ।" यो सम्मेलनमा बोल्ने प्रमुख व्यक्तिहरू श्री भैरव प्रसाद शास्त्री । श्री श्रीरङ्ग पाठक, श्री बलराम, श्री लक्ष्मीप्रसाद देवकोटा, श्री बालकृष्ण 'सम' श्री वासुदेव रिमाल र रामेश्वर आदि हुनु हुन्छ । सम्मेलन २७ गते, ३० गते र ज्येष्ठ १ गते पनि भयो ।

श्री मणिराम शर्माको अनुभव पूर्वी पहाड तर्फ

संस्कृत छात्र संघको प्रचार संगठनको भ्रमणको शिलशिलामा पूर्वी पहाडतर्फ जानु भएका संस्कृत छात्र संघका भूतपूर्व प्रचार मन्त्री तथा वर्तमान सं० छा० सं०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसदका अध्यक्ष श्री मणिराम शर्मा‌ले आफ्नो पूर्वी पहाडको भ्रमणबाट भएको अनुभव छोटकरीमा यस प्रकार बयान गर्नु भएको छ ।

म संस्कृत-छात्र-संघको प्रचार एवं संगठन लागि शाखा निरीक्षण गर्न जादा पूर्व १, २, ३ नम्बरमा गत वर्षको बाढको प्रकोपले र अनावृष्टिले गर्दा जनता ज्यादै दुःखित पीडित एवं असहाय भएको देखें ।

आफ्नो घरबार परिवार त्यागेर पनि जीवन निर्वाह गर्न असमर्थ भएका व्यक्तिहरूको सम्पर्कमा ज्यादा मलाई अत्यन्त दुःख र हृदयमा तीव्र लाग्यो ।

४, ६ नं. तर्फ पनि कतै पैरो गएर र कतै प्रतिष्ठा बढेर मानिसहरूलाई एक गाउँबाट अर्को जादा पनि विदा वादि भएर जाने अवस्थामा रहेछ । ठाउँ-ठाउँका संकीर्ण एवं बुटा उत्पात्दै हिड्नु पर्ने वाटाहरूमा हिड्दा ज्यानको कुनै आशा रहदैनथ्यो । उत्तरी सीमाना मा रहेका चेक पोष्टबाट भएका अत्याचारको वेदना पोल्ने जनताहरू पनि प्रायशः भेटिन्थे ।

ठाउँ-ठाउँमा खुगुरीको नाव नृत्यले गर्दा काटिनु खुट्टा हात छुट्टिनु आदि दुर्घटनाका पनि घटना प्रत्यक्ष देखा पर्न जादा शरीर जोगाउन पनि त्यहाँ मुश्किल अवस्था पर्न जान्थ्यो । ग्रामीण जनताहरू कतै पाठशाला स्कूल भनेको क्या हो ? के गर्द छ ? भनी प्रश्न पनि गर्दथे ? ३ नं. मादी दिङ्गलो, ताप्लेजुङ् पूर्व ४ नं. मा गर्न आदि स्थानहरूमा जनताको शिक्षा प्रति श्रद्धा एवं सहयोग भएर पनि सरकार बाट त्यहाँ उचित प्रबन्ध भएको रहेनछ ।

बरावर सरकार संग शिक्षक तथा सहायता त्यस तर्फबाट माँग भइ रहदो रहेछ तर अहिले सम्म कुनै किसमको सुव्यवस्था गर्ने दिशा तर्फ सरकार त्यहाँ बढेको रहने छ । जनताको सहयोग बाट संस्कृत विद्यालयहरू त्यहाँ विशेषतः ताप्लेजुङ् मादी आदिमा चलेको देखेर म संस्कृत प्रेमी जनताहरूको कार्य देखि ज्यादै नै प्रभावित भएँ ।

श्री भुवनेश्वर शास्त्री र श्री रामचन्द्र शर्मा नेपालीको संयुक्त वक्तव्य

जब हामी दाङमा पुग्यौं हाईस्कूल, पाठशाला, महाविद्यालय, प्राईमरी स्कूलहरूमा हाम्रो स्वागत गर्न समूहका समूह छात्र छात्राहरू प्रतिक्षा गरिरहेका भेट्दथ्यौं । हर्ष विभोर भएका स्कूल पाठशालाको छात्रहरूले उल्लास उमङ्गका साथ हाम्रो जुन स्वागत सत्कार र सक्रिय स्तुत्य सहयोग गर्नु भयो त्यो हामीलाई गरेको होइन संस्कृत छात्र संघलाई गरेको हो र विद्यार्थी एकताको र सद्भावनाको प्रतीक हो ।

दाङका तमाम छात्रहरूमा एक यस्तो ज्वलन्त दृष्टान्त पायौं कि भाषा सम्बन्धी स्कूल पाठशालाको संकुचित परिधिलाई फोडेर विद्यार्थीले (पढने भाषाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माध्यम चाहे जे सुकै होस्) देशको सर्वाङ्गीण उन्नति गर्न अझ अरू पनि भाषा पढ्न पर्दछ । तर विद्यार्थी एकता विद्यार्थी समस्या एउटै हो भने परिपक्व सिद्धान्तले लैश भएर एकताको सूत्रमा दुवै भाषाका छात्रहरू यसरी सम्बन्धित छन् कि नङ र मासुको सम्बन्ध त्यति बलियो होओन । एक दिल छ, एक आवाज छ, एक समस्या छ । छात्र समस्या दुवै भाषा क्षेत्रका छात्रहरूबाट जुन स्तुत्य सक्रिय सहयोग पायौं । त्यसले हामीहरू ज्यादै प्रभावित छौं र यो सन्देश लिएर आएका छौं कि विद्यार्थी यसरी एकताको सूत्रमा बाँधिन पर्दोरहेछ ।

दाङका तमाम छात्रहरू ज्यादै जागरूक, चेतनशील, उत्साहित कर्मठ हुनहुन्छ र नेपालका तमाम छात्रको एक संस्था यथाशीघ्र कायम होस् भन्ने शुभेच्छा गर्नु हुन्छ ।

वहाँहरूले यो सल्लाह पनि हरबखत दिनु हुन्थ्यो कि विद्यार्थी संस्था आफ्नै पनको स्वतन्त्र हुनु पर्दछ र कुनै गुट र कुनै पार्टी पोलिशामा बग्नु हुँदैन ।

वहाँहरूले यो यो भन्नु भयो कि दाङका जनता ज्यादैन यो विशेष गरी संस्कृत शिक्षाका प्रेमी छन् । शिक्षाका निम्ति आफ्नो श्री सम्पति समर्पण गर्न तत्पर रहेछन् ।

दाङ्को राजनीतिक वातावरणको बारे वहाँ हरूले भन्नु भयो कि राजनीतिक वातावरण ज्यादै धमीलो र अन्धकार भएको हुनाले जनतालाई ज्यादै कष्ट छ । सरकारले यसबारेमा अविलम्ब कदम उठाओस् ।

सं० छा० सं० केन्द्रीय कार्यालयको सूचना

संस्कृत छात्र संघका नवनिर्वाचित सभापतिले निम्नलिखित व्यक्तिहरू बाट केन्द्रीय कार्य समितिको गठन गर्नु भएको छ ।

श्री अच्युताज शास्त्री	—	(सभापति)
श्रीरङ्ग पाठक	—	(उपसभापति)
श्री मदन शर्मा	—	(प्रधान मन्त्री)
श्री वटुकृष्ण 'भूषण'	—	(मन्त्री —कार्यालय निरीक्षक)
श्री हेमराज	—	(संगठन मन्त्री)
श्री रामचन्द्र पौडेल	—	(प्रचार मन्त्री)
श्री कृष्णभद्र खनाल	—	(अध्यक्ष–विद्यार्थी हित विभाग)
श्री केशव "दीपक"	—	(अध्यक्ष–सांस्कृतिक विभाग)
श्री देवराज	—	सदस्य
श्री ऋषिराम	—	सदस्य
श्री स्थिर प्रसाद	—	सदस्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपर्युक्त कार्य समितिका सदस्यहरूलाई नेपालको विभिन्न जिल्लाहरूको क्षेत्रीय निरीक्षण कार्यको अभिलाषा पनि जिल्लाहरूको विभाजन गरि सुम्पिएको छ।

श्री रङ्गपाठक र वटुकृष्ण भूषण (काठमाण्डू उपत्यका तथा पूर्व १ नं० पश्चिम १ नं०)

मदन शर्मा, कृष्ण भद्र खनाल, रामचन्द्र पौडेल पश्चिम २ नं०, ३ नं०, ४ नं० पाल्पा गुल्मी ६ जिल्ला पश्चिमी तराई भाग बुटवल, तौलिहवा।

श्री केशव दीपक, नेपालगञ्ज, दाङ्, देउखुरी, प्यूठान, सल्यान।

श्री ईश्वर प्रसाद, उदयपुर र सिन्धुली पूर्व २ नं०, ३ नं०।

श्री हेमराज, मोरङ पूर्व ४, ५, ६ नं० इलाम, धनकुटा तथा धरान।

श्री देवराज, श्री ऋषिराम, सप्तरी, महोत्तरी, बारा, पर्सा, सर्लाही र रौतहट।

दाङ्मा "संस्कृत छात्र संघ" का प्रतिनिधिलाई ठाउँ-ठाउँमा भव्य स्वागत

दाङमा ढिलोगरी आएको समाचार यो छ कि दाङ् सल्यान तर्फ सम्मेलनको लागी संगठन तथा प्रचार गर्न गएका संस्कृत छात्र संघका कार्यकर्त्ता श्री भुवनेश्वर शास्त्री र श्री रामचन्द्रजीलाई दाङ बिजौरी जनता महाविद्यालयमा र दाङ घोराही प. प. हाईस्कूलमा हजारौं छात्र-छात्राहरू द्वारा भव्य स्वागत गरियो।

अर्को समाचारमा यो पनि भनिएको छ कि हापुर दाङ बिजौरा प्राइमरी स्कूल मारहापुर निघुवार आदर्श प्राइमरी स्कूलमा पनि घूमधामसँग प्रतिनिधिहरूको स्वागत गरियो।

पूर्व ४ नम्बर दिलो संस्कृत-पाठशालाको पर्यवेक्षण को प्रधानाध्यापक—गणेशप्रसाद गौतम द्वारा

संस्कृत-छात्र-संघका प्रमुख कार्यकर्ता साथी श्रीगणेश प्रसाद गौतल दिला पाठशालाको परिस्थिति पर्यवेक्षण गरी आउनु भयो। वहाँले आफ्नो पवंवेक्षणको शिलशिलामा यो भन्नु भयो–दिला संस्कृत–पाठशालाका संस्थापक आन्ध्र षदानन्द हुन हुन्छ वहाँको जन्म १८९२ साल मार्ग सुदी पञ्चमी र इह लीला समाप्ति १९७३/२ मा भयेको हो। वहाँको अध्ययन बनारसमा र तपस्या मृगस्थली, जनकपुर, बद्री नारायण आदिमा भएको रहेछ। आफ्नो तपोबल द्वारा वहाँले ३२ साल चैत्र रामनवमीका दिन नेपाल राज्यमा सम्भवत: सर्व प्रथम संस्कृत पाठशालाको स्थापना गर्नु भएको हो र सो शिक्षा केन्द्र स्थायी बनाउनाको निमित्त खेत गुठी राख्नु भएको छ, जन्मा करीब ८०० मुरी धान उब्जा हुन्छ र आमदानी अन्दाजी ४०० मुरी छ। खर्चको फांट यस प्रकारको छ:—

पाठशालाका प्रधान अध्यापकको वार्षिक वेतन ५० मुरी। दोश्रा पं० को ४० गुठीको काम गर्ने र गुटीयारको ३१। सिपाहीको १०। नगर्चीको छ। महिनामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यार्थीको परीक्षा गर्ने को ६ गुठी जाँचकीको ३। अबलेको ४। अम्यागत ४१०। नित्य नैमित्तिक पूजाको २८। पूजाहोरीको ४०। नर्पदेश्वाको पूजाहारीको ५। र बाँकी योग्यता हेरी छात्रवर्गमा प्रतिमास ५ देखि १६ पाथी सम्म एक एक छात्रमा बाडिन्छ, वृत्तिको सीट ४० देखि ५०–'५५ सम्म धान हेरी निश्चित गरिदोरैछ यही रेहेछ प्राचीन स्थिति। विद्यार्थीहरूलाई पढ्नको निमित्त संस्कृतका प्राचीन पुस्तक (लघु मध्य, पुराण आदि) करीन ३२५ छन्।

छात्रावास पुरानो ढाचाको र ज्यादै जीर्ण छ र वर्षा कालमा हरहमेशा खतरा पर्ने आशंका उपर्युक्तस्थिति अनुसार रहन्छ। प्रायश: पाठशाला साल सम्म चलेकैरैछ। परन्तु त्यस पछि पाठशालाको सम्पत्ति प्रति स्वार्थी, शिक्षा द्रोही प्रतिक्रियावादी तत्वहरूको समावेश हुँदा दश साल मात एक गेडा सम्म धान छात्र वर्गमा वितरण भएनछ। गुठीश्‍ार र उनका गूटका समर्थक केही व्यक्ति मिली सीदा सादा छात्रहरू प्रति अमानुषिक यातना दिदै छात्रावासमा निर्मूल प्राय छात्र पार्दै आएका रहेछन् र आफै घाम घोक्रयाउँदै रेछन्' उनीहरूको वास्तविक उद्देश्य–गुठीको तजुँमापत्र धर्मपत्रिका शिलालेख आदि प्रामाणिक लेख दवाई गुठीका तमाम सम्पत्ति (जगह, जमीन आदि) निजी सम्पत्ति घपाउनुमा नै रैछ भन्ने कुरा ७ साल भन्दा यताको परिस्थितिले बुझिन्छ र १० साल को धान छात्रमा नबाडी उल्टै छात्र निर्मूलनको प्रयासले झन् दृढ हुन्छ।

वहाँले फेरी भन्नु भयो:—११ साल आषाढ १३ गते यथाशक्य परिस्थिति सुल्झाउने उद्देश्यले सो पाठशालामा प्रबेस के गरेथें, मेरा समक्ष चारैतिर या अमानुषिका निर्मम प्रहार चल्न थाले। जुन प्रहार मेरो कार्यको मात्र दावा गर्दैनथे। मेरो जीवनीको प्रति पनि लागू थिए। कर्णपरम्पराद्वाट ती सन्देश पाउन थाले—नेपाल फर्केर जालास्? तेरो च्याहान? ······। आखिर अदम्य प्रयत्न द्वारा छात्र संगठित भए। परिस्थितिमा केही परिवर्तन आयो, संस्कृत-छात्र-संघको गठत भयो। संस्कृत-छात्र-संग जागा छ, तेरो च्याहान?······ ····को सन्देशक १० सालको आफूले घोक्रयाएको लगभग ३६५ मुरी धानमा 'ङिच्च' को पाठ पढ्दैछन्।

हाल संयुक्त कमिटिको प्रयासले ११ सालको धान उपर मै छात्रवर्गमा वितरण हुँदैछ र छात्र संख्या करीब १९० छ।

गुठी राष्ट्रीय कारणको बारे अघि व्रेषडानण्दजीले स्वयं सरकारमा अनुरोध गर्दा दुनियाँको गुठी रा. क. हुनसक्दैन, ६ ६ मैह्लामा जाँच गर्दिनु भन्ने श्री ३ जुद्धबाट भएबमोजिम जाँचि हुदोरेछ तर करीब १० वर्ष देखियता फेरी आजसम्म भएको छैन। अत: फटाहा जालीहरूलाई भारी मौका परीरहेकोछ। सरकारबाट तुरन्त जाँच होस भन्ने शिक्षा प्रिय जनताको अपील छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फेरी २०१० । ४ मा सेमन्तराजजीले उच्च कक्षाको पाठशाला गरी गुठी रा. क. गरियोस् भन्ने भू. पू. प्र. म. मातृका प्रसाद समक्ष अनुरोध गरेकोमा आजसम्म सरकारको उपेक्षा नीति जारी नै छ ।

सो पाठशाला माध्यमिक (मिडिल) को रूपमा सरकारबाट स्वीकृति भै सकेको छ । अतः सो पाठशाला सुचारू रूपले संचालन नमित्त सं. शि. वि. को डाइरेक्टर आदिमा ५७ शय ५० रू मा दस्तखत भै सम्भवतः क्याबिनेट सम्म पुगिसकेकोमा आज कैयौं मैना भै सक्यो त्यसको केही सूचना सम्म दिला गुठी पाठशाला संचालक समितिले पाएको छैन । विद्यार्थीको भीड र आर्थिक सहायताको कठिनाइले अध्यापक कम मात्रामा छन् र भएका अध्यापकले पनि कैयन दिन देखि वेतन पाउन सकेका छैनन् ।

अन्तिममा वहाँले भन्नु भयो:—पूर्णतया सरकारको सुधारवादी दृष्टि पर्न न सकेकाले अवसरवादीहरूलाई ठूलो अवसर मिलो हाम्रो देशमा यस्ता शिक्षा संस्थाहरू कैयन विलीनासन्न छन् र कैयनको अस्तित्व नै खतम भै सकेको छ । प्रस्तुत विषयमा एक निदर्शनमात्र हो ।

लिग लिगमा संस्कृत छात्र-संघको शाखा

संस्कृत-छात्र-संघको केन्द्रीय कार्यालयमा प्राप्त सूचना अनुसार थाह पाइएको छ कि प २ नं. गोरखा लिगलिग पण्डित ग्राममा स्थानीय छात्रहरूको प्रयासबाट एक आमसभा भएको थियो । यो सभामा स्थानीय प्रतिष्ठित व्यक्तिहरू र वर परका पनि धेरै जसो व्यक्तिहरू भेला भएका थिए । सभाको सभापतित्व श्री पं. मधुविलासजीले गर्नु । भएको थियो । उक्त सभामा बोल्दै विभिन्न वक्ताहरूले भन्नु भयो देशमा प्रजातान्त्रिका प्रणाली विकसित पार्न शिक्षित समाजको नितान्त आवश्यकता छ । वहाँहरूले छात्रहरू प्रति संबोधन गर्दै भन्नु भयो कि वर्तमान अवस्थामा देशको अपूर्ण शिक्षा व्यवस्था, छात्रहरूको संगठनको आवश्यकता, जन जागृत र प्रजातन्त्रको सुरक्षाका लागी अगाडि बढ्नु आजका नेपाली छात्रहरूको अनिवार्य कर्तव्य छ ।

यो सभाको मुख्य उद्देश्य संस्कृत-छात्र-संघको उद्घाटन गर्नु थियो । जसमा ९ जनाको कार्यकारिणीको गठन भयो, र सभापति रामशरण र मन्त्री शंकरजी चुनिनु भयो ।

अन्त्यमा सभापतिले बोल्दै आजका यिनी बालक छात्रहरू नै पछि निर्मित हुने समाजका खम्बा हुन । अतः सबैले सहयोग गरी शिक्षातिर बढ्ना जोड दिनु पर्दछ भन्नु भयो । यत्तिकैमा सभा विसर्जन भयो ।

पुनश्च त्यस पाठशालाको सञ्चालन गर्न, २६ जनाको सञ्चालक समितिको गठन भएको पनि समाचार छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत छात्र संघको प्रतिनिधिको पूर्वी दौढाहा

गत वैशाख ११ गते देखि १८ गते सम्मभएको संस्कृत-छात्र-संघको महासम्मेलनको सिलसिलामा पूर्वतिरका भ्रमण गर्न जानु भएका श्री टङ्कनाथ 'पथिक' तथा पूर्ण चन्द्र शास्त्री आफ्ना भ्रमण खतम गरी काठमाण्डु फर्कि सक्नु भयो र वहाहरूले दौडाहामा गर्नु भएको कार्य विवरण यसप्रकार छ।

पूर्व १ नं. दाप्चामा श्रीकृष्ण विद्यालयको निरीक्षण र विद्यालय सम्बन्धी असुविधाका माँगहरूको सङ्कलन गरी दाप्चा तल्ला हाटयामा एक उपशाखाको गठन र एक जनसभा पनि भयो, जस्मा स्थानीय जनता र छात्र वर्ग द्वारा शिक्षा सम्बन्धी विभिन्न प्रश्न पनि साधियेका थिय। यस्मा मुख्य प्रवक्ता टङ्कनाथ 'पथिक' हुँदा हुनुहुन्थ्यो। वहाले छात्र समस्या, विभिन्न ढाटाकाका कूल समस्या र समयानुकूल अध्ययनको आवश्यकता दर्शाउदै शिक्षा रजेटमा विहारको नीतिको आलोचना गर्नु भयो।

पूर्व २ नं. दुम्जा शाखामा सम्मेलनको ५२ प्रतिनिधि आउने निर्णय र गहुँखर्कमा एक शाखाको गठन गरी खुकेटि नियालयमा छात्रवर्ग तथा स्थानीय गण्य मान्य व्यक्तिहरूको एक साधारण सभा भयो जस्मा श्री पूर्णचन्द्र शास्त्रीले संस्कृत छात्रसंघको आजसम्मको इतिहास र सम्मेलनको महत्व विस्तृत रूपमा दर्शाउनु भयो। विशेषतः यो २ नम्बर जिल्लाको वर्षीय भीषण बाढीले जनता अकाल-पीडित र ४ जनाको मृत्यु समेत भैसकेको समाचार छ।

३ नम्बर ओखल ढुंगाका विभिन्न गाउहरूमा सम्मेलनको प्रचार र त्यस्को महत्व देशको शैक्षिक अवस्था, छात्र समस्या आदिको साधारण जनता तथा छात्रवृन्दमा बोध गराउदै चैत्र १६ गते ४ नम्बर सिक्तेल गो गते शाखामा पुगी छात्र वर्ग तथा स्थानीय जनताको बीच एक सभा भयो जस्को अन्त्यमा ४ जनाको एक प्रतिनिधि मण्डलको निर्वाचन पनि भएको छ। थाह पाइएको छकि स्थानीय व्यक्ति तथा छात्र वर्गहरू द्वारा वहाहरूको फूल अबीर वृष्टिको साथै भव्य स्वागत पनि भयो। त्यस पछि भोजपुर टक्सारमा १ शाखाको गठन भयो जसबाट समेलनमा प्रतिनिधि मण्डल पनि आएको थियो।

पूर्व ४ नं. दिङ्लामा शाखामा हुनु पर्ने कर्तव्य पूरा भयेको कुरा पनि विवरणमा दिइयेको छ।

पूर्व ६ नं. चैनपुरको स्थानीय हाईस्कूल र पाठशालाको गतिविधि राम्रो अध्ययन गरी मादी घीर्तामा आदर्श पुस्तकालयको निरीक्षण गर्दै धनकुटाको लागि प्रस्यान भयो। त्यहाका विभिन्न हाई मिडिल स्कूलमा सम्मेलनको जोडदार प्रचार गरी धरान पिण्डेश्वरी महाविद्यालयमा छात्र वर्गको धमिलिइ रहेको वातावरणलाई यथा शक्त परिस्कृत गराई सम्मेलनमा भाग लिन प्रतिनिधि मण्डल पठाउने निर्णय गराइ विराटनगर, जोगवनी हुदै काठमाण्डूको लागी प्रस्यान भयो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्मेलन सफल गराउनको लागि विभिन्न इलाकामा उत्साह एवं शिक्षा प्रेमी जनताहरूमा यथाशक्य आर्थिक सहायताको अपील र उक्त सहायताको एकगीकरण गर्ने काम पनि केही मात्रामा सफल भएको छ ।

सौभाग्य विद्यालयको जीर्णोद्धार

यो सौभाग्य विद्यालय ८ सालमा स्थानीय नवयुवकहरूको उत्साहले खुलेको थियो । तर ४ बर्ष सम्म सुचारुरूपले चलि सकेपछि चन्दा दाताहरूले चन्दादिन बिलकुल बन्द गरि दिए । उत्ता सरकारले वर्षेनी दिन्छु भनि सकेको आर्थिक सहायता पनि आज संम एक पैसा दिएको छैन । त्यस स्कूल चालु गर्नेको लागि ४-५ हजारको आवश्यकता पर्दथ्यो । १ पैसा कतैबाट आएन अनि विद्यालय नै बन्द भयो ।

तर हाम्रा प्रतिनिधिको सत्प्रयासले गर्दा यहिले ठूला ठालुहरू सहायता गर्न मन्जुर भए । जस्ले गर्दा पुन: अधिक रूपमा विद्यालय चालु भयो ।

खाडीमा शाखा

पाल्पा ! केही दिन अघि पाल्पा माडी निदी पानीमा श्री शोभाकान्तजीको सत्प्रयास द्वारा संस्कृत छात्र संघको शाखाका उद्घाटन भयो । त्यहाँका गण्य मान्य व्यक्तिहरू पनि यस संघको अतीत कालीन इतिहासलाई हेरेर खुशी भएका छन् र यस संघलाई सक्दो सहयोग गर्ने बचन दिएका छन् । यस शाखाको सभापति श्री प्रेम चन्द्र पौडेल र मन्त्री श्री नरनाथ नेपाल हुनु हुन्छ ।

केन्द्रका प्रतिनिधि द्वारा एकता स्थापित

दाङ सल्यान तर्फ गएका संस्कृत छात्र संघका प्रतिनिधिको अध्यक्षतामा दाङ जनता महाविद्यालय (सं. छा. सं. दाङ् शाखा) का छात्र-छात्राहरूको परस्परमा आपसी मतभेद वैमनस्य पैदा भई २ दल (२ गुट) भएको रहेछ । त्यस गुटबन्दीले गर्दा त्यहाँको परिस्थिति ज्यादा धमिलो र गम्भीर भएको हामीले पायौ ।

यसको प्रभाव जनता तथा जनता महाविद्यालयमा समेत परेको थियो र सबमा क्षोभ बेचैनीको वातावरणले ढाकेको थियो । ३ दिनको छलफल पछि सं. छा. सं. का प्रतिनिधि श्री भुवनेश्वर शास्त्री द्वारा २ दलको पारस्परिक कटुता र मतभेद मिटाई सामञ्जस्य-मेलमिलाप र एकता स्थापित गरी एउटै संस्था बनाएको समाचार छ । र सारा दाङमा हर्षको लहर फैलेको छ ।

संस्कृत-छात्र-संघको ऐतिहासिक प्रथम महासम्मेलनमा पास भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्तावहरू

१) विद्यार्थी एकता :—

देशको भविष्य निर्माता हुनुको साथ-साथै आजको नेपालमा एक मात्र चेतनशील वर्ग भएको विद्यार्थी समाजमा एकताको ज्यादै नै आवश्यकता छ । नेपालका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यार्थी संस्थाहरूमा एकताको लागि प्रयत्न गर्ने सामञ्जस्य समितिको निर्णयलाई पनि यो संस्कृत छात्र संघको महासम्मेलनमा हार्दिक स्वागत गर्दछ र नेपालका तमाम विद्यार्थीसंस्था एवं समूहहरू एक सूत्रमा आबद्ध भएर पारस्परिक सद्भावना एवं हार्दिक सहयोगको साथ-साथै उनीहरूमा देश निर्माणको भावना पनि जागृत हुनु पर्दछ हुन। तापनि यस ऐतिहासिक संस्कृत-छात्र महासम्मेलन दृढ संकल्प गर्दछ र आम विद्यार्थी वर्गहरूमा अपील गर्दछ।

(२) विश्वविद्यालय :—

आजको युगमा पनि नेपाल जस्तो एक सम्पूर्ण देशभित्र एकमात्र पनि विश्वविद्यालय नभएकोमा यो संस्कृत-छात्र-संघको महासम्मेलन खेद प्रकट गर्दछ र सरकार संग अनुरोध गर्दछ कि अविलम्ब एक राष्ट्रीय विश्वविद्यालय नेपालमा खडा गरियोस्। यस राष्ट्रीय विश्वविद्यालय स्थापना गर्ने कार्यमा शिक्षित एवं पूर्ण सहयोग दिउन भनि यस सम्मेलन शीक्षितवर्गका प्रति पनि अनुरोध गर्दछ।

(३) गोर्खा भर्ती केन्द्र :—

भारत, नेपाल र ब्रिटिश सरकारको बीचमा समझौता भए अनुसार मलायामा नेपाली फौज गोर्खा गर्ने भर्तीकेन्द्र नेपालभित्र खुलेकोमा र उनीहरूलाई मलाया लैजाने सुविधा भारत सरकारले दिएकोमा यो संस्कृत छात्र संघको प्रथम महासम्मेलन घोर विरोध गर्दछ। यो भर्तीकेन्द्र अविलम्ब बन्दहोस् र आफ्नो राष्ट्रिय स्वतन्त्रताको लागि बलिदान गर्न तत्पर भएका मलायाका जनताको स्वतन्त्रता छिन्नको निम्ति बृटिश साम्राज्यवादको मदत गर्न नेपालका सपूत युवकहरूको उपयोग नगरियोस् भनी भारत एवं नेपाल सरकार संग यस महासम्मेलन अनुरोध गर्दछ।

(४) विश्व शान्ति :—

संस्कृत-छात्र-संघको यो प्रथम महा सम्मेलन विश्व शान्तिको अत्यन्त समर्थक छ। कुनै पनि शक्ति द्वारा सञ्चालित विश्व शान्तिमा आघात पर्ने चेष्टाहरूको यो उग्र विरोध गर्दछ र युद्ध पिपासुहरूको युद्ध लिप्सालाई समाप्त गर्न विश्वका तमाम जनताहरूको आवाज एक हुनु पर्दछ भन्ने यस महा सम्मेलनको राय छ।

(५) असमान सन्धि र पञ्च सिद्धान्त :—

संस्कृत-छात्र-संघको यो महा सम्मेलन भारतका प्रधान मन्त्री र चीनका प्रधान मन्त्रीको बीच भएको समझौता अनुसार संयुक्त तवरले घोषणा गरिएका पञ्च सिद्धान्तलाई हार्दिक समर्थन गर्दछ र विश्वमा सबै देशहरूको बीच यही कुरा लागू हुनु पर्दछ भन्ने पनि यो सम्मेलनको विचार छ। भारत र नेपालको बीचमा पनि यही पञ्च सिद्धान्तको आधारमा सन्धि हुनु पर्दछ र यी दुवै देशको बीरम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आज सम्म भएका व्यापारिक एवं कूटनीतिक असमान सन्धिहरू सब रद्द गरिनु पर्दछ भन्ने आफ्नो महत्वपूर्ण निर्णय नेपाल र भारत सरकारको अगाडि राख्दछ ।

(६) तटस्थ नीति :—

संस्कृत-छात्र-संघको यो महा सम्मेलन यो निश्चय गर्दछ कि नेपालको परराष्ट्र नीति कुनै गुटको पक्षपाती नभएर बिल्कुल तटस्थ हुनु पर्दछ। कुनै गुटवन्दीमा न फसेर विश्वका समस्त राष्ट्रहरूको बीच यसको मैत्रीपूर्ण व्यवहार हुनु पर्दछ ।

(७) भारतीय फौजी मिशन :—

४ वर्ष अगाडि नेपाली फौजलाई शिक्षा दिन भनी भारतबाट नेपालमा ल्याइएको भारतीय मिलिटरी मिशन अविलम्ब भारत फर्कोस भन्ने यस सं. छा. सं. को प्रथम महा सम्मेलन निर्णय गर्दछ र कुनै पनि स्वतन्त्र देश भित्र त्यहाँका जनताको इच्छा विरुद्ध धेरै काल सम्म विदेशी फौजी मिशन रहनु उचित छैन र यसबाट त्यस देशको राष्ट्रीयता एवं स्वतन्त्रतामा धक्का लाग्दछ भन्ने यस महा सम्मेलनको विचार छ ।

(८) फर्मोसा :—

संस्कृत-छात्र संघको यो महा सम्मेलन यो निर्णय गर्दछ कि फर्मोसामा राखिएको अमेरिकी फौज तुरन्त फर्केर जानु पर्दछ । फर्मोसा चीनको हो र त्यहाँको भविष्य निर्णय गर्ने अधिकार त्यहाँ कै जनताको हुनु पर्दछ ।

(९) चेक पोस्ट :—

युग-युग देखिको स्वतन्त्र प्रभुसत्ता सम्पन्न देश नेपालमा आज नेहरू सरकारले चेक पोस्टको नामबाट नेपालको उत्तरी सिमाना तमाम फौजी टुकड़ी राख्दछ । नेहरू सरकार एकातर्फ नेपाल सँग पञ्चशीलमा सम्बन्ध राख्ने अर्को तर चेक पोष्ट पठाउदछ । नेहरू सरकारको यो कार्यलाई त्यो महासम्मेलन घोर निन्दा गर्दछ र यो चेक पोस्टको व्यवस्था तुरन्त नेहरू सरकारले हटाओस् अन्यथा हामी बाट यो सह्य हुने छैन भन्ने सम्मेलन घोषणा गर्दछ ।

(१०) सं. रा. सं. मा नेपालको सदस्यता :—

सं. छा. सं. को यो महासम्मेलन यो निर्णय गर्दछ कि नेपालले यथाशीघ्र संयुक्त राष्ट्र संघमा सदस्यता प्राप्त गर्नु पर्दछ ।

(११) अनिवार्य संस्कृत शिक्षा :—

नेपालको शिक्षा प्रणाली राष्ट्रीय हुनु पर्दछ र त्यो नेपाल कै विश्वविद्यालय द्वारा सञ्चालित हुनु पर्दछ भन्ने यस सं. छा. सं. महा सम्मेलन निर्णय गर्दछ र संस्कृत भाषा नै हाम्रो संस्कृति एवं भाषाको मूल आधार भएकोले देशको समस्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिक्षा प्रणालीहरूमा यस भाषाको अनिवार्य अध्ययन गराइनु पर्दछ भन्ने नेपाल सरकार सँग यो सम्मेलन अनुरोध गर्दछ ।

(१२) अष्टसूत्रीय माग र २१० सीट :—

२१० साल कृष्णाष्टमीमा मांग गरी संघर्षवाद पूरा भएका संस्कृत-छात्र-संघका अष्टसूत्रीय माग शीघ्रातिशीघ्र कार्यरूपमा परिणत हुनु पर्दछ र काठमाण्डूको संस्कृत छात्रावासमा बिना जांच बुझ खर्च पुगेन भनी रिक्त गराइएका यिनीहरूको स्थान अविलम्ब पूर्ति भएर यो २१० सीटको त्यहाँ पूर्ति हुनु पर्दछ भयो । सं० छा० सं० महासम्मेलनको निर्णय छ । स्थानहरू पूर्ति नगरिएका खण्डमा यो आन्दोलन सं० छा० सं० केन्द्रीय कार्य समिति पनि शान्ति पूर्ण कदम उठाएमा पूर्ण गर्ने छ ।

संस्कृत छात्र संघको महा सम्मेलनलाई चन्दा दिइ सहयोग गर्ने विशिष्ट चन्दादाताहरूको नामावली

१.	श्री सुवर्ण शमशेर बालुवाटार	२००१
२.	श्री विश्वेश्वर प्रसाद	१३०१
३.	श्री जनरल मातृका प्रसाद	५११
४.	श्री रामनाथ अघोरी	१०११
५.	श्री राम शमशेर	५०१
६.	श्री अग्नि शमशेर	५०१
७.	ने. रा. गो. परिषद	५०१
८.	श्री नरप्रताप शमशेर थापा	३०१
९.	श्री बडा हाकिम दाङ	२०१
१०.	प. प. हाईस्कूल दाङ	१८१
११.	श्री पं० छविलाल देउखुरी	२०१
१२.	श्री सूर्य प्रसाद उपाध्याय	३०१
१३.	श्री गु. पु. जनकराज	२५१
१४.	श्री नयनराज पाण्डे	१५१
१५.	श्री आनन्द शमशेर	१५१
१६.	श्री बालचन्द्र शर्मा	१५१
१७.	श्री लोकेन्द्र विक्रम थापा	१३१
१८.	श्री गणेशमान सिंह	१०१
१९.	श्री सु. पुष्पलाल (पू. ३ नं०)	१०१
२०.	श्री अ. ने. वि. फे. हेम गङ्गा प्रा. स्कूल (पूर्व)	७·९०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२१. श्री लोकराज शर्मा दाङ् ५१
२२. श्री पं. लीलाराज शर्मा द्योखुरी ५१
२३. श्री पं० गुरू प्रसाद शर्मा द्योखुरी ५१
२४. श्री दाङ्हापुर आदर्श प्राइमरी स्कूल ५१
२५. श्री गोविन्द, लक्ष्मण बाल भण्डार दाङ् ५१
२६. श्री क. दाङ् रक्षा दल ५१
२७. श्री सु. दाङ् अमिनी ५१
२८. श्री पञ्चन, पाल्पा ५१
२९. श्री मतिकर्ण दीव्येश्वरी (पूर्व २ नं.) १०१
३०. श्री दानबहादुर श्रीवास्तव ५१
३१. श्रीमती सुशीला देवी ५१
३२. श्री अमरनाथ (पूर्व धनकुटा) ५१
३३. श्री पं. क नरपति शर्मा (,,) ५१
३४. श्री साहु नरपति लाल (पू. ४ नं.) ५१
३५. श्री साहु दास काजी (,,) ५१
३६. श्री यज्ञबहादुर (पू. ६ नं.) ५१
३७. श्री खड्ग नारायण (पू. ६ नं.) ५१
३८. श्री गजेन्द्र मणि (पू. ४ नं.) ५१
३९. श्री डा. तारानाथ (पू. ४ नं.) ५१
४०. श्री से. कुमारदास ५१
४१. श्री कवि माधव प्र. घिमीरे ५१
४२. श्री प्र. न्यायाधीश ह. प्र. प्रधान ५१

(क्रमशः)

सं० छा० सं० संसदको सदस्यहरू

श्री मणिराम पोखरेल (अध्यक्ष) [Speaker]
श्री बसन्त कुमार नेपाल (उपाध्यक्ष)
श्री अच्युतराज शास्त्री
श्री श्रीरङ्ग पाठक
श्री मदन शर्मा
श्री बटुक कृष्ण
श्री रामचन्द्र पौडेल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री कृष्ण भद्र खनाल
श्री स्थिर प्रसाद
श्री तेजः केशरी
श्री विजयनाथ
श्री भवानी भट्टराई
श्री पद्मराज
श्री पद्मशङ्कर
श्री भैरव प्रसाद शास्त्री
श्री हेमराज
श्री शोभाकान्त

संस्कृत कलेज, काठमाण्डू	श्री केशव 'सूरज'
रा. पो. प्र. सं. पाठशाला	श्री लीलानाथ
लुभू	श्री केदारनाथ
फपिङ	श्री दुर्गानाथ
पाल्पा	श्री कोमलनाथ
महिवल	श्री पूर्णचन्द्र शास्त्री
झिल्टुङ	बाँकी
लिगलिग	श्री ठाकुर प्रसाद
चीति	श्री कमलमूर्ति
भक्तपुर	बाँकी
नारा विद्यापीठ	श्री इन्दु देवी
तौलिहवा	बाँकी
आयुर्वेद छात्र संघ	श्री चन्द्रकान्त
गोगने	बाँकी
दुम्जा	,,
पोखरा	,,
खिदिम	,,
दाङ्	श्री केशव 'दीपक'
सल्यान	,, रविलाल
धरान	,, बलराम
पूर्व ताप्लेजुङ्	श्री नन्दीकेश्वर
पूर्व ३ नं. ओखलढुंगा	श्री ज्वाला प्रसाद
पूर्व २ नं. कठजोर	श्री नचराज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्व ४ नं. भोजपुर	श्री दिल्ली प्रसाद
पूर्व दिङ्ला	श्री गणेश प्रसाद गौतम
धनकुटा	श्री इन्द्र प्रसाद
कलैया	श्री दुर्गादत्त
मटिहानी	श्री ऋषिराम
मुसीकोट	श्री भुवनेश्वर
जनकपुर	श्री देवराज

सूचना

संस्कृत छात्र संघका उपसभापतिज्यूले ने. स्टु. यू. बाट राजीनामा दिनु भइ सकेको छ। किन भने गत महा सम्मेलनले द्वैत सदस्यता प्रणालीलाई खतम् गरि दिएकोले हो।

गुरूङ जाति शूद्र ह्वैन

गुरूङ कल्याण संघको केन्द्रीय कार्यालयबाट प्राप्त समाचार बाट थाहा पाइएको छ कि कलकत्ता हाइकोर्टले गुरूङ जातीलाई शूद्र भनी फयसला सुनायो। गुरूङ जाता—जो शास्त्रीय दृष्टिकोण बाट पनि वैश्य भनी हाम्रों सामाजिक काममा व्यवहृत छन्—लाई प्रजातन्त्र बाट पनि माथि विचार गर्न खोज्ने गणतन्त्रवादी सरकारको न्यायालयले त्यस्तो फयसला गर्नु प्रजातन्त्रको निमित्त ज्यादै अपयशको कुरा हो। एकाईसौं शताब्दीको शुरू आतमा पनि 'संस्कारात द्विज उच्यते' लाई अनुसरण नगरी उल्टो झन जाति पातिको अवैधानिक प्रचलनलाई मान्यता दिनु बिलकुल अन्याय मात्र ह्वैन समयको गतिलाई नचिन्नु पनि हो।

सम्मेलन द्वारा निर्वाचित सं-छात्र-संघको संसदले पास गरेका प्रस्तावहरू

(१) संस्कृत-छात्र-संघको संसदको महाधिवेशन श्री ५ महाराजाधिराज संग अनुरोध गर्दछ कि देशमा आम चुनाव नभए जनताको प्रतिनिधित्व गर्ने सरकार बन्न र जनताको प्रतिनिधित्व गर्ने सरकार सम्म सरकार र जनताको बीच सहयोग भावना पैदा हुन नसक्ने भएकोले। भित्रैमा नेपालमा आमचुनाव गराईयोस्।

यो प्रस्तावको अतिरिक्त संसदले शाखाहरूबाट आएका स्थानिय माग सित प्रबन्धित धेरै प्रस्तावहरू पास गरेको छ। धरानमा गत अष्टसूत्रीय मागको समर्थनको शिलशिलामा शान्ति पूर्ण संघर्ष हुँदा त्यहाँको स्थानीय सरकारले संस्कृत छात्र संघ लाई त्यहाँ अवैध गरेकोमा क्षोभप्रकट गर्दै तुरून्त त्यो अविवेक पूर्ण कार्य फिर्ता लिइयोस् भन्दै कार्य समितिले समेत यस कार्यमा प्राथमिकता दिने निर्णय गरेको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसदले सं० छा० सं० को कार्यक्रम र कार्यनीति पनि पनि गरेका छ। अरू सबै विस्तृत विवरण सं० छा० सं० का प्रकाशित हुने पुस्तिकामा प्राप्त भएको छ।

भूगोल पार्कमा आमसभा

वैशाख २२ गते।

आज दिउसो ४।। बजे संस्कृत छात्र संघको तर्फबाट भूगोल पार्कमा एक आम सभाभयो र श्री प्रभाकरजीले आफ्नो कविता सुनाउनु भयो र श्रीतेज केशरिजीले सभापतिको आसन ग्रहण गर्नु भयो। सर्व प्रथम सं. छा. सं. सम्मेलन आयोजक समितिका तर्फबाट श्री बटु कृष्णभूषणजीले संमेलन संबन्धी रिपोर्ट दिनु भयो। त्यस पछि अखिल नेपाल विद्यार्थी फेडरेशनका तर्फबाट श्री मथुराजीले विद्यार्थी एकता र विद्यार्थी वर्गका प्रति सरकारबाट भएको उपेक्षापूर्ण नीतिको बारेमा आफ्नो मंतव्य प्रकट गर्नु भयो। अनि सं. छा. सं. संसदको सदस्य श्री भुवनेश्वर शास्त्रीजीले आफ्नो भाषणमा भन्नु भयोकि संस्कृत-छात्र-संघ वेलायतको विधान जस्तो एक विकाश क्रमको सिलसिलाबाट खडा हुन भएको छ। यस्को कुनै विशिष्ट जन्म हुन गएको होइन। विद्यार्थी आन्दोलनको सिलसिलामा यस्ले आफ्नो ऐतिहासिक परम्परालाई कायम गरेर उज्ज्वल अस्तित्व कायम गर्दै आएको हो भन्दै २००४ साल देखिको सं. छा. सं.को ऐतिहासिक महत्व देखाउदै गत महा सम्मेलनको सफलताको पनि चर्चा गर्नु भयो। यस पछि संस्कृत-छात्र-संघका सभापति श्री अच्युत राज शास्त्रीले आफ्नो भाषण शुरूगर्दै भन्नु भयो—"हामीले आफ्नो संस्थाको ऐतिहासिक महासम्मेलन गर्ने पृष्ठभूमि गत १९५३ मा भएको पोल्याण्ड (वार्स) को अन्तर्राष्ट्रीय छात्र संघको तेस्रो कांग्रेसमा तयार पारेको थियों र देश व्यापक सम्मेलन गर्ने ध्येय हाम्रो अघि देखिको पनि थियो।

सं. छा. सं. ले विद्यार्थी एकताको लागी विद्यार्थी सामञ्जस्य समितिको निर्णय-लाई हृद संकल्पमा साथ पूरा गर्ने छ। सामञ्जस्य समितिले गत सेप्टेम्बरमा नै देश भएका विद्यार्थीको सम्मेलन गर्ने निश्चय गरेको थियो तर त्यो पूरा हुन सकेन। आज विद्यार्थी एकताको ज्यादैनै महत्व छ। बिना विद्यार्थी एकता नेपालको शिक्षा सम्बन्धि सुधार एवं विद्यार्थीले पाउनु पर्ने अधिकार सुलभ हुन सक्दैन। सभ्यताको नीति शिक्षा प्रति उदार न भएर कञ्जूस हुन गएको छ। देशमा राष्ट्रिय विश्व विद्यालयको अभावले गर्दा विद्यार्थी वर्गमा राष्ट्रिय चेतनाको साथै आफ्नो देश सुहाउदो सस्तो राम्रो शिक्षा प्राप्त गर्ने सुअवसर आएको छैन। सम्मेलनको चर्चा गर्दै वहाँले भन्नु भयो सं. छा. सं.को गत ११ देखि १८ सम्म भएको महा सम्मेलनले एक ऐतिहासिक महत्व राख्दछ। पूर्व मेची देखि पश्चिम महाकली सम्मको छात्रहरूले यस सम्मेलनमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाग लिएर देशमा छात्र संगठन एवं एकताको एक ठोसरूप दिएका छन्। यस सम्मेलनमा धेरै महत्वपूर्ण प्रस्तावहरूले राष्ट्रिय विषयमा पास गरेको छ र देशमा वर्षे दिन भित्रमा आम चुनाव हुनु पर्छ भनेर श्री ५ सँग अनुरोध पनि गरेको छ। अन्त्यमा वहाँले २५ गते देखि सुरु हुने राजदर्बारको जमघटको बारेमा पनि केही प्रकाश डालेर आफ्नो लामो भाषणलाई टुङ्ग्याउनु भयो। यसपछि पद्म कन्या कलेज छात्र संघर्ष समितिका तर्फबाट सुश्री पुष्पलता, नेपाल-छात्र-संघका तर्फबाट श्री रामेश्वर दास आदिले भाषण दिएपछि सभापतिज्यूले संस्कृतको महत्व र वर्तमान सम्मेलनको चर्चा गर्दै सबैलाई धन्यवाद प्रदान गरेर सभा विसर्जन गर्नु भयो।

यस आम सभामा सर्व प्रथम सं. छा. सं. को नीलो भुइँमा सेतो षटकोणको चिन्ह भएको सुरम्य पताका पनि लहराएको थियो।

★

सम्पादक मण्डल :—श्री मदन शर्मा, अच्युत राज नेपाली, भैरव शास्त्री।
प्रकाशक :—मदन शर्मा, संस्कृत छात्र संघ, काठमाण्डौं। सरस्वती प्रेस, नेपाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal